"सुन्दर र समृद्ध शारदा, खुसी र आत्मनिर्भर शारदावासी"

# प्रथम आवधिक नगर विकास योजना

## आ.व. २०८०/०८१-२०८४/०८५



शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलङ्गा, सल्यान
कर्णाली प्रदेश
नेपाल

# शुभकामना



शारदा नगरपालिकाको प्रथम आवधिक विकास योजना नेपालको संविधानले अंगीकार गरेका जनताका मौलिक हकहरूको संरक्षण  र शारदावासीको आर्थिक तथा सामाजिक विकास प्रतिको तिव्र आकांक्षालाई पुरा गर्न विभिन्न ऐन, नियम तथा निर्देशिकाले निर्धारण गरेका प्रकृया एवं औंल्याएका विषयवस्तुहरू समेटी आगामी ५ वर्षको लागि तयार पारिएको छ। यस योजनाको कार्यान्वयनबाट स्थानीय स्तरमा योजना तर्जुमा पद्दतीलाई संस्थागत गरि योजना तर्जुमामा देखिने दोहोरोपन हटाई सुशासन कायम भइ नगरपालिकाको समग्र विकासमा टेवा पुर्‍याउने अपेक्षा गरेको छु।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमबाट सुशासन, विकास र समृद्धि हासिल गरी स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने परिकल्पना गरेको छ। नेपालको संविधानले तीनै तहका सरकारहरूको एकल तथा साझा अधिकार सहित लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको परिकल्पना गरेको छ भने स्थानीय सरकारलाई स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थालाई संस्थागत गरी विकास र समृद्धिको परिकल्पना गरेको छ। लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफल कार्यान्वयन गर्न, नेपाल सरकारले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** को सोचलाई साकार पार्न, पन्ध्रौं योजनाले लिएको लक्ष्य प्राप्त गर्न, कर्णाली प्रदेश सरकारले लिएको **"समृद्ध कर्णाली, सुखारी कर्णालीबासी"** र यस शारदा नगरपालिकाले **"सुन्दर र समृद्ध शारदा, खुसी र आत्मनिर्भर शारदावासी"** को दीर्घकालीन सोच सहितको प्रथम पञ्च वर्षिय आवधिक योजना तयार गर्न पाउँदा खुसी लागेको छ। यस योजनाले विकास कार्यक्रमलाई दीर्घकालीन सोच र उद्देश्यबाट अभिप्रेरित गर्न, स्थानीय सम्भावनालाई आर्थिक तथा सामाजिक समृद्धिमा रुपान्तरण गर्न, सेवा सुविधालाई सर्वसुलभ, गुणस्तरीय र विश्वसनीय बनाउन, नगरपालिकालाई समृद्धिको बाटोमा डोर्‍याउन  र स्थानीय आवश्यकता र प्राथमिकता बीच सामञ्जस्यता कायम गर्न तथा नीति नियमहरूको दिशानिर्देश गर्न सहयोग हुने विश्वास लिएको छु। साथै नेपाल सरकारले प्रतिबद्धता गरेका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय दिगो विकास लक्ष्यका सूचकहरू, दिगो राष्ट्रिय लक्ष्य तथा प्रदेश स्तरीय लक्ष्य हासिल गर्न यस आवधिक योजनाले मार्गदर्शन गर्नेछ भन्ने आत्मविश्वास रहेको छ।

अन्त्यमा, यस पञ्च वर्षिय आवधिक योजना तयार गर्ने क्रममा सहयोग गर्नुहुने नगर उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू, नगर कार्यपालिकाका सदस्यहरू, शाखा तथा वडाका कर्मचारीहरू र सहजीकरण र दस्तावेज निर्माण गरी सहयोग गर्नुहुने ग्रामीण विकास एक्सप्रेस नेपाल, सल्यानप्रति हार्दिक आभार व्यक्त गर्दछु।

.................

प्रकाश भण्डारी

नगर प्रमुख

# शुभकामना



नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुसार जनताको सबैभन्दा नजिकको सरकारका रुपमा रहेको स्थानीय सरकारले महिला, बालबालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका (अपाङ्गता) व्यक्ति लगायत पिछडिएका तथा सिमान्तकृत वर्ग तथा समुदायलाई परिवर्तनका मुख्य संवाहक मानी लक्षित वर्गको सशक्तीकरण, लैङ्गिक मूलप्रवाहीकरण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणद्वारा सामाजिक न्यायमा आधारित समुन्नत परिवार तथा समाज स्थापनाको परिकल्पना साकार पार्न, जनताको सुख र समृद्धि प्राप्त गर्न, सुशासनको प्रत्याभूति दिलाउन, स्वच्छ र सुन्दर नगर बनाउने जनआकांक्षा पूरा गर्नलाई दिशानिर्देश गर्न आवधिक योजना तर्जुमा गरी सफल कार्यान्वयन गर्न मेरो अपरिहार्य भूमिका रहने छ। नगरवासीको आवश्यकतालाई पूरा गर्न हामी सबैको जिम्मेवारीका साथ लोकतान्त्रिक गणतन्त्रात्मक संघीय संरचना अनुसारको राज्यको पुनर्स्थापनापछि स्थानीय सरकारको रुपमा स्थापित यस शारदा नगरपालिकाले पहिलो प्रयासको रुपमा यस **प्रथम आवधिक विकास योजना (२०८०/०८१-२०८४/०८५)** तर्जुमा गरिएको छ।

**"सुन्दर र समृद्ध शारदा, खुसी र आत्मनिर्भर शारदावासी"** को दीर्घकालीन सोच सहित प्रथम पञ्च वर्षिय आवधिक योजना तयार हुँदा समग्र नगरपालिका परिवारको तर्फबाट खुसी व्यक्त गर्दछु। नगरपालिकाको आफ्नो क्षेत्रभित्रको आर्थिक, सामाजिक, भौतिक, वन, विपद तथा वातावरण र संस्थागत क्षमता विकास क्षेत्रका सबै विषयहरू समावेश गरी बहुपक्षीय क्षेत्रहरूको एकीकृत रुपमा विकास गर्नका लागि मार्गनिर्देशन गर्न यस आवधिक योजनाले मद्दत पुऱ्याउनेछ भन्नेमा म विश्वस्त छु।

यस ऐतिहासिक आवधिक योजना तयार गर्ने कार्यमा प्रत्यक्ष योगदान पुऱ्याउनु हुने नगरपालिकाका पदाधिकारीज्यूहरू, कर्मचारी वर्ग तथा सहजीकरण गर्ने र आवश्यक परामर्श प्रदान गर्ने विज्ञज्यूहरू, विभिन्न तहका छलफल कार्यमा सहभागी भई आवश्यक सहयोग गर्नुहुने क्रियाशील राजनैतिक दलका पदाधिकारीज्यूहरू, विषयगत शाखा प्रमुख एवं प्रतिनिधिहरू लगायत सम्पूर्ण सरोकारवालाहरू र आवधिक विकास योजना निर्माण गर्न सहजीकरण तथा प्राविधिक सहयोग गर्ने ग्रामीण विकास एक्सप्रेस नेपालप्रति नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु।

..............................

सुस्मिता सापकोटा सुनार

नगर उपप्रमुख

# शुभकामना



नेपालको संविधान २०७२ को कार्यान्वयन पश्चात् नेपाल एकात्मक राज्य प्रणालीबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा रुपान्तरण भई जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गरी विकास र समृद्धिको आकांक्षा पूरा गर्न स्थानीय  सरकार मार्फत समतामूलक समाजको निर्माण गर्ने परिकल्पना गरिएको छ। यसै अनुरुप संवैधानिक व्यवस्था वमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तीन तहको हुने र राज्य शक्तिको प्रयोग सबै तहले संविधान र कानून बमोजिम गर्ने संविधानमा व्यवस्था गरिएको छ। संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति, कार्यक्रम तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था संविधानको धारा ५९ ले गरेको छ। संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वय गरि तीन "स" मा आधारित सिद्धान्तको अंगीकार गरेको छ। यसले शासन सञ्चालन प्रक्रियालाई सु–संस्कृत, सहिष्णु र सुशासनमुखी बनाउनमा सहयोग गर्ने अपेक्षा गरिएको छ। नगरपालिकाको आवधिक योजना तयार गर्दा नेपाल सरकारका विद्यमान विभिन्न नीतिगत तथा कानूनी प्रावधानहरूको अधिकार प्रयोग गरी बनाइएको छ भने योजनालाई सहभागितामूलक, तथ्यपरक, सर्वस्वीकार्य र कार्यान्वयन योग्य बनाउनका लागि अधिकतम प्रयास गरिएको छ। यस शारदा नगरपालिकाले आफ्नो नगर क्षेत्रभित्रमा आगामी पाँच वर्षभित्र सञ्चालन गर्ने सम्पूर्ण योजनाहरू समावेश भएको नगरपालिकाको **पहिलो आवधिक योजना** (२०८०/०८१–२०८४/०८५) तयार गरी प्रकाशन गर्न पाउँदा हामीलाई खुसी लागेको छ। आवधिक योजना आफैमा कुनै कार्ययोजना नभएर निश्चित अवधिभित्र गर्न सकिने योजना तथा कार्यक्रमको समष्टीगत दस्तावेज हो। जहाँ प्रस्तावित कार्यक्रम सम्पन्न गर्न लाग्ने लागतको अनुमान र विकासका योजना कार्यान्वयनको रणनीतिक खाका समावेश भएको हुनाले यसलाई आधार बनाई आगामी योजनाहरू तयार गरिनुपर्दछ। कुनै पनि ठाउँको समग्र विकासका लागि सर्वप्रथम त्यस ठाउँको स्पष्ट दूरदृष्टि सहितको योजनाको जरुरी हुन्छ। यसर्थ यो आवधिक योजनाले आगामी दिनमा नगरपालिकाको वार्षिक योजना तर्जुमा, रणनीतिक योजना र क्षेत्रगत योजना तयार गर्ने कार्यमा मद्धत गर्नेछ भन्नेमा विश्वस्त छु।

आगामी समयमा वार्षिक नीति, कार्यक्रम र बजेट तयार गर्नका लागि यस आवधिक योजनालाई मूल आधार मानी कार्यान्वयन गर्नका लागि सदा झै यहाँहरू सबैको अमूल्य सल्लाह–सुझाव र रचनात्मक सहयोग प्राप्त भैरहनेछ भन्ने आशा समेत लिएका छौं। नगरपालिकाको प्रथम आवधिक योजनालाई अन्तिम रुप दिन प्रत्यक्ष वा परोक्ष सहयोग, सल्लाह र सुझाव दिनुहुने यस नगरपालिकाका नगर प्रमुखज्यू, नगर उपप्रमुखज्यू, नगर कार्यपालिकाका सदस्यज्यूहरू तथा सबै वडाध्यक्षज्यूहरू, विषयगत समितिका प्रमुख तथा सदस्यज्यूहरू, कर्मचारी वर्ग, विषयगत शाखाका प्रमुखज्यूहरू र वडा सचिवज्यूहरू र प्राविधिक सहयोग गर्ने ग्रामीण विकास एक्सप्रेस नेपाल तथा सम्वद्ध विषयविज्ञहरूप्रति विशेष आभार प्रकट गर्न चाहन्छु। यो ऐतिहासिक दस्तावेजले **"सुन्दर र समृद्ध शारदा, खुसी र आत्मनिर्भर शारदावासी"** निर्माणको लक्ष्यमा कोशेढुङ्गाको रुपमा कार्य गर्नेछ भन्ने अपेक्षा पनि लिएका छौं।

......................

**लिलाधर बवाल**

प्रमुख प्रशासकीय अधिकृत

# आवधिक योजनाको सारांश

| | |
|---|---|
| **नाम** | शारदा नगरपालिका |
| **वडा संख्या** | १५ |
| **स्थापना मितिः** | मितिः २०७१/०२/०२ |
| **जिल्ला** | सल्यान |
| **प्रदेश** | कर्णाली |
| **क्षेत्रफल** | १९८.३४ व.कि.मी. |
| **जनसंख्या** | ३४,६६३ (पुरुष : १६,३८८ र महिला : १८,२७५ जना) |
| **आवधिक योजनाको अवधि** | आर्थिक वर्ष २०८०।०८१ देखि आ.ब. २०८४।०८५ |
| **दीर्घकालीन सोच** | "सुन्दर र समृद्ध शारदा, खुसी र आत्मनिर्भर शारदावासी" |
| **लक्ष्य** | गुणस्तरीय र सर्वसुलभ शिक्षा र स्वास्थ्य, व्यवसायिक कृषि, पर्यटकीय क्षेत्रको विकास, सहज भौतिक पूर्वाधार तथा उद्योगको विकास, पारदर्शी शासन व्यवस्था, जनउत्तरदायी प्रशासनयन्त्र सहितको नमुनायोग्य शारदा नगरपालिका निर्माण गर्ने। |
| **उद्देश्य** | १. **आर्थिक विकास** : व्यवसायिक **कृषि, पशुपंक्षीपालन एवं पर्यटकीय क्षेत्रको** विकास मार्फत कृषक, महिला एवं युवाहरूलाई आत्मनिर्भर बनाइ रोजगारी, आय–आर्जन र जीविकोपार्जनका अवसरहरू प्रवर्द्धन गर्ने।<br>२. **सामाजिक विकास : गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरससफाइ, लक्षित वर्गको मुलप्रवाहीकरण**, स्थानीय भाषा, संस्कृतिको संरक्षण तथा सम्वर्द्धन, रोजगार र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरूलाई सर्वसुलभ, गुणस्तरीय र समावेशी बनाउँदै मौलिकतामा आधारित विभेदरहित शारदा नगरपालिका निर्माण गर्ने।<br>३. **पूर्वाधार विकास** : नगरपालिकामा **स्तरयुक्त पूर्वाधारहरूको निर्माण, सहज यातायात, व्यवस्थित तथा योजनावद्ध आवास निर्माण** तथा सूचना प्रविधिमा एक अब्बल र नमूनायोग्य डिजिटल शारदा नगरपालिका निर्माण गर्ने।<br>४. **वन, वातावरण तथा विपद् व्यवस्थापन** : प्राकृतिक स्रोत साधनहरूको संरक्षण तथा सम्बर्द्धन, जलाधार क्षेत्रको संरक्षण, **विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील समुदाय** निर्माण तथा आन्तरिक स्रोत साधन र क्षमताको पहिचान गर्दै सोको व्यवस्थित र प्रभावकारी परिचालनका माध्यमबाट आन्तरिक क्षमता सुदृढीकरण गर्ने।<br>५. **सुशासन तथा संस्थागत विकास** : सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउँदै **पारदर्शी शासन व्यवस्था, उत्तरदायी प्रशासनयन्त्र, सहभागितामूलक पद्धति** र निर्वाध रूपमा सूचनाको पहुँच प्रत्याभूति गर्न सक्ने प्रदेशकै अग्रणी स्थानीय तह बनाउने। |

<table>
<tr>
<td>मार्गदर्शक सिद्धान्त</td>
<td colspan="3">
• व्यावसायिक, उत्पादनमुखी र समुन्नत अर्थतन्त्र<br>
• पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति<br>
• गुणस्तरीय तथा सर्वसुलभ शिक्षा, स्वास्थ्य, वातावरणीय स्वच्छता तथा विपद व्यवस्थापन<br>
• समन्वय, सहकार्य र साझेदारी<br>
• प्रभावकारी अनुगमन, मूल्याङ्कन<br>
• सामाजिक न्याय, समावेशीकरण तथा समतामूलक विकास<br>
• मानव संशाधन व्यवस्थापन तथा जनमुखी सेवा प्रवाह<br>
• सुशासन तथा सदाचार प्रवर्द्धन<br>
• डिजिटल गुणस्तरीय सेवा प्रवाह
</td>
</tr>
<tr>
<td>प्रमुख प्राथमिकता</td>
<td colspan="3">
• कृषि तथा पशुपंक्षीपालन व्यवसायको आधुनिकीकरण, विशिष्टीकरण, विविधीकरण र बजारीकरण<br>
• पर्यटकीय स्थलहरूको पहिचान, प्रचार – प्रसार तथा आवश्यक पूर्वाधार निर्माण<br>
• सुरक्षित, व्यवस्थित, उत्पादनशील र दिगो पूर्वाधारको विकास<br>
• नवप्रवर्तन, सीप विकास, उद्यमशीलता विकास र रोजगारी प्रवर्द्धन<br>
• योजनावद्ध विकास तथा व्यवस्थित भू–उपयोग<br>
• मानव संशाधन व्यवस्थापन तथा जनमुखी सेवा प्रवाह<br>
• गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वच्छ खानेपानी तथा सरसफाइ सुबिधाको प्रवर्द्धन<br>
• वातावरणीय सन्तुलन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् उत्थानशिलता<br>
• समावेशीकरण तथा सामाजिक न्याय<br>
• सुशासन तथा जवाफदेहिता प्रवर्द्धन
</td>
</tr>
<tr>
<td rowspan="8">आवधिक योजनाको अनुमानित रकम</td>
<td>विषय क्षेत्र</td>
<td>अनुमानित श्रोत (रु हजारमा)</td>
<td>प्रतिशत</td>
</tr>
<tr><td>आर्थिक विकास</td><td>३७०८३५</td><td>५.८८</td></tr>
<tr><td>सामाजिक विकास</td><td>११४१९९५</td><td>१८.११</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>३१६२३१६</td><td>५०.१४</td></tr>
<tr><td>वातावरण तथा विपद् व्यवस्थापन</td><td>५२८९००</td><td>८.३९</td></tr>
<tr><td>सुशासन तथा संस्थागत विकास</td><td>३४६०</td><td>०.०५</td></tr>
<tr><td>नगरका गौरवका आयोजना तथा कार्यक्रमहरु</td><td>११०००००</td><td>१७.४४</td></tr>
<tr><td>जम्मा</td><td>६३०७५०६</td><td>१००</td></tr>
</table>

## संक्षिप्त नाम

| | | |
|---|---|---|
| कोभिड–१९ | : | नोबेल कोरोना भाइरस २०१९ (महामारी) |
| आ.व. | : | आर्थिक वर्ष |
| कि.मि. | : | किलोमिटर |
| गा.पा | : | गाउँपालिका |
| गै.स.स | : | गैरसरकारी संस्था |
| जि.स.स. | : | जिल्ला समन्वय समिती |
| लै.स.सा.स | : | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| व.कि.मि. | : | वर्ग किलोमिटर |
| न.पा. | : | नगरपालिका |
| प्र.अ. | : | प्रधानाध्यापक |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| रु. | : | रुपैयाँ |
| रा.यो.आ | : | राष्ट्रिय योजना आयोग |
| लि. | : | लिटर |
| हे. | : | हेक्टर |
| दिविल | : | दिगो विकास लक्ष्य |
| दिराल | : | दिगो राष्ट्रिय लक्ष्य |

# विषय सूची

संक्षिप्त नाम ........ ७

परिच्छेद १ : प्रारम्भिक ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ आवधिक योजना निर्माणको आधार ........ २

१.३ आवधिक योजनाको उद्देश्य ........ २

१.४ दिगो विकास लक्ष्यसँगको सम्बन्ध ........ ३

१.५ आवधिक योजना तर्जुमा प्रक्रिया ........ ५

परिच्छेद २ : नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा ........ ७

२.१ नगरपालिकाको परिचय ........ ७

२.२ कृषि तथा खाद्य सुरक्षा........ ८

२.३ सामाजिक विकासको अवस्था ........ ९

२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था........ १२

२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ........ १३

२.६ सुशासन तथा संस्थागत व्यवस्था ........ १४

परिच्छेद ३ : सोच तथा विकासको अवधारणा........ १६

३.१ पृष्ठभूमि........ १६

३.२ प्रमुख समस्या तथा चुनौती ........ १६

३.३ प्रमुख सम्भावना तथा अवसर ........ १९

३.४ निर्देशक सिद्वान्त........ १९

३.५ सोच, लक्ष्य तथा उद्देश्य........ २०

३.६ नगर समृद्धिका सहयोगी क्षेत्रहरू........ २१

३.७ परिमाणात्मक लक्ष्य........ २१

३.७ रणानीति तथा प्राथमिकता........ २३

३.८ लगानी, स्रोत अनुमान र बाँडफाँड ........ २३

३.९ आवधिक नगर विकास योजनाको अपेक्षित उपलब्धी ........ २५

परिच्छेद ४ : आर्थिक क्षेत्र .......... २६
४.१ कृषि तथा पशुपंक्षी विकास र खाद्य सुरक्षा .......... २६
४.२ उद्योग तथा वाणिज्य .......... ३३
४.३ पर्यटन .......... ३६
४.४ सहकारी तथा वित्तीय क्षेत्र .......... ४१
४.५ श्रम तथा रोजगार .......... ४५
परिच्छेद ५ : सामाजिक विकास क्षेत्र .......... ५०
५.१ स्वास्थ्य तथा पोषण .......... ५०
५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन .......... ६४
५.३ खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापन .......... ७०
५.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण .......... ७७
५.५ युवा तथा खेलकुद .......... ८२
५.६ संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रवर्द्धन .......... ८७
परिच्छेद ६ : भौतिक पूर्वाधार विकास .......... ९१
६.१ यातायात, सडक, पुल .......... ९१
६.२ सिँचाई .......... ९६
६.३ भवन तथा सहरी विकास .......... ९९
६.४ विद्युत तथा ऊर्जा .......... १०४
६.५ सूचना तथा सञ्चार प्रविधि पूर्वाधार .......... १०८
परिच्छेद ७ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र .......... ११२
७.१. बन तथा जैविक विविधता .......... ११३
७.२ जलाधार संरक्षण .......... ११८
७.३ विपद व्यवस्थापन .......... १२२
परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन क्षेत्र .......... १२७
८.१ सुशासन तथा ऐन कानून .......... १२७
८.२ वित्तीय सुशासन .......... १३२
८.३ संस्थागत विकास र सेवा प्रवाह .......... १३८

परिच्छेद ९ : आवधिक योजनाको वार्षिक कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन व्यवस्था........१८२
९.१ योजनाको कार्यान्वयन ....................................................................१८२
९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना ................................................१४३
९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट .......................................................१४३
९.४ स्रोत अनुमान तथा प्रक्षेपण .............................................................१४४
९.५ स्रोत परिचालन तथा सहकार्य............................................................ १४५
९.६ स्रोत परिचालनका रणनीति ..............................................................१४८
९.७ आवधिक योजना कार्यान्वयन ............................................................ १४९
९.८ अनुगमन तथा मूल्याङकन योजना..........................................................१५०
९.९ नगरपालिकाका गौरवका आयोजना तथा कार्यक्रम...............................................१५२
अनुसुची १ ............................................................................१५३
वडागत आयोजना तथा कार्यक्रमहरु .......................................................१५३
अनुसूची २ : नक्साहरू.....................................................................१८३
अनुसूची ३ : माइन्युट...................................................................... १८९

## परिच्छेद १: प्रारम्भिक

### १.१ पृष्ठभूमि

योजना वर्तमान अवस्थाबाट प्रक्षेपित स्रोत साधन परिचालन गर्ने गरि चाहेको अवस्थामा पुग्न तयार पारिएको दस्ताबेज हो। यस्तो योजना बनाउँदा परिदृष्टि (vision) अनुसार निर्धारण गरिएको लक्ष्य बमोजिमको उद्देश्य किटान गरि नतिजा प्राप्त गर्ने अपेक्षा राखिएको हुन्छ। विश्वमा सन् १९२८ बाट योजनाबद्ध आर्थिक विकासको थालनी भएको भए तापनि नेपालमा यस्तो योजनाको थालनी वि.सं. २०१३ सालबाट भएको हो । यस्तो योजना तर्जुमा प्रकृया सुरुमा Top-Down Approach मा आधारित थियो भने वर्तमान प्रजातान्त्रिक विश्वमा (मुख्यतया सन् सत्तरीको दशकपछि) Bottom Up Approach मा आधारित रहेको पाइन्छ। नेपालमा सन् १९६० देखि विकेन्द्रीकरणको सिद्धान्त अनुसार स्थानीय निकाय सञ्चालन भएको भए तापनि स्थानीय स्वायत्त शासन ऐन २०५५ र स्थानीय स्वायत्त शासन नियमावली २०५६ लागु भएपछि मात्र स्थानीय तहबाट Bottom-Up Approach का आधारमा योजना तर्जुमा गर्नुपर्ने कानूनी व्यवस्था गरिएको थियो।

लामो समयको प्रतीक्षापछि संविधान सभाले वि.सं. २०७२ सालमा नेपालको संविधान जारी भएपश्चात देश नयाँ राजनीतिक चरणमा प्रवेश गरेको छ। संघीयतालाई विकेन्द्रीकरणको उच्चतम स्वरूपको रूपमा लिने गरिन्छ। संविधान बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र अनुरूप विकासको लक्ष्य र प्राथमिकता निर्धारण गर्न सक्दछन्। स्थानीय जनताको आकांक्षा तथा प्राथमिकता प्रतिविम्बित हुने गरी स्थानीय तहमा सहभागिमूलक योजना तर्जुमाबाट विकासका लक्ष्य र उद्देश्य निर्धारण हुनुपर्दछ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्र रही आवधिक, वार्षिक, रणनीतिगत र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ। सहभागितामूलक रूपमा तयार पारिएको आवधिक योजना स्थानीय तहको विकास रणनीतिको महत्वपूर्ण आधार हुन सक्दछ। स्थानीय तहका सरकारले आफ्नो परिवेशअनुसार दिगो विकास लक्ष्यलाई अंगीकार गरी आवधिक योजनाको प्राथमिकतामा राखी कार्यान्वयनमा आइरहेका छन्।

वि.सं.२०७४ र २०७९ सालमा तीनै तहको चरणबद्ध निर्वाचन सम्पन भई तीनै तहका सरकारहरू सञ्चालनमा आएका छन्। संघीय शासन व्यवस्थाको सुरूवातपछि प्रदेश र स्थानीय सरकारहरूले पनि आवधिक योजना तर्जुमा गर्ने गरेका छन्। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ मा स्थानीय तहले स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक, विषय क्षेत्रगत, मध्यमकालिन, दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ।

यस शारदा नगरपालिकाको यो आवधिक योजना दस्तावेज ती ऐन, नियम तथा निर्देशिकाले निर्धारण गरेका प्रकृया एवं औँल्याएका विषयवस्तुहरू समेटी आगामी ५ वर्षको लागि तयार पारिएको छ। यो दस्तावेज तयारीका क्रममा उपलब्ध तथ्याङ्क र सूचनाहरूको विस्तृत विश्लेषण गर्नुका साथै नगरपालिकाको विकाससँग सरोकार राख्ने प्रतिनिधिहरू तथा नगरपालिकाका कर्मचारीहरू समेतको सहभागितामा विभिन्न चरणहरूमा संलग्नता रहेको थियो। ती चरणहरूबाट प्राप्त सुझावका आधारमा योजनाहरूलाई ऐन, नियम तथा निर्देशिकाले तोकेको ढाँचामा राखी यो दस्तावेज तयार पारिएको छ। यस योजनाको कार्यान्वयनबाट स्थानीय स्तरमा योजना तर्जुमा पद्दतीलाई संस्थागत गरि योजना तर्जुमामा देखिने दोहोरोपन हटि सुशासन कायम भइ नगरपालिकाको समग्र विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

## १.२ आवधिक योजना निर्माणको आधार

प्रथम नगर विकास योजना तर्जुमा गर्दा देहायका मुख्य आधारहरू लिइएको छ।

(क) नेपालको संविधान २०७२ (प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्यशक्तिको बाँडफाँड, अन्तरसम्बन्ध तथा अनुसूची ६, ७, ८ र ९) मा रहेका कार्य जिम्मेवारी लगायतका विषयहरू।

(ख) दिगो विकास लक्ष्य (२०७२-२०८७) र नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा जनाएका प्रतिबद्धता र सन्धि, सम्झौता र पन्ध्रौं योजनाका लक्ष्यहरू।

(ग) नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" को दूरदृष्टिका लक्ष्यहरू।

(घ) कर्णाली प्रदेश सरकारको "समृद्ध कर्णाली, सुखारी कर्णालीबासी" को दूरदृष्टिका लक्ष्यहरू।

(ङ) शारदा नगरपालिकाले यसअघि निर्माण गरी कार्यान्वयन गरेका विकास योजनाहरू सम्बन्धी दस्ताबेज र परामर्शदाताले तयार गरेको स्थितिपत्र।

(च) नगरपालिकाका विभिन्न आर्थिक वर्षहरूका नीति तथा कार्यक्रममा उल्लेख भएका विषयहरू।

(छ) नेपाल सरकार, प्रदेश र नगरपालिकाका विभिन्न घोषणा, नीति, आवधिक विकास योजना तथा कानून तथा विभिन्न राजनीतिक दलका घोषणा पत्रहरू।

(ज) विभिन्न चरणमा यस नगर विकास योजना तर्जुमा प्रक्रिया अवधिमा आयोजना गरिएका सहभागितामूलक योजना तर्जुमा प्रकृयाहरूबाट प्राप्त निचोड।

यस आवधिक नगर विकास योजना तर्जुमा अवधिमा र यस पूर्व विभिन्न समयमा भएका अध्ययन, सहभागितामूलक छलफल आदिका माध्यमबाट नगरको विकासलाई निर्देशित गर्न र उपलब्ध सिमित श्रोत साधनको अधिकतम उपयोग गरि गुणात्मक लाभ प्राप्त गर्न नगरका अग्रणी क्षेत्रहरूको पहिचान गरि दीर्घकालीन सोंच निर्धारण गरिएको छ।

## १.३ आवधिक योजनाको उद्देश्य

नगरपालिका क्षेत्रको समष्टीगत आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, बन वातावरण तथा विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित मार्गचित्र तयार गर्नु नै आवधिक योजना तयारीको प्रमुख उद्धेश्य हो । नगरपालिकाको आवधिक योजनाले निश्चित अवधिका लागि नगरपालिकालाई आफूले चाहेको गन्तव्यतर्फ डोऱ्याउने काम गर्दछ। नगरपालिकाको नेतृत्वबाट योजनाबद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक स्थानमा ल्याई नगरपालिकाको एकीकृत तथा समष्टीगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै आवधिक विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो। योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन्।

(क) नगरपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासका लागि साझेदार तथा सरोकारवालालाई एकथलोमा राखी विकासमा साझा उत्तरदायित्व सिर्जना गरिएको छ।

(ख) नगर विकास तथा स्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी नगरबासी तथा सरोकारवालाको चाहना अनुसार सहभागितामूलक छलफलका आधारमा नगर विकासको खाका तयार गरिएको छ ।

(ग) नगरपालिका विकासको दीर्घकालिन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गरिएको छ।

(घ) नगरपालिकाको विकास प्रयासलाई मार्गदर्शन गर्न तथा अपेक्षित नतिजा हासिल गर्नका लागि रणनीति, कार्यनीति र प्रमुख कार्यक्रमहरू तय गरिएको छ ।

(ङ) नगरपालिकाका विकास प्रयासहरूको प्रक्रिया तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका प्रस्तुत गरिएको छ।

## १.४ दिगो विकास लक्ष्यसँगको सम्बन्ध

नेपालको संविधान तथा कानूनहरूले स्थानीय तहमा प्रदान गरेको अधिकार र दिगो विकास लक्ष्यबीच बलियो सम्बन्ध रहेको पाइन्छ। स्थानीय स्तरमा महत्वपूर्ण सार्वजनिक सेवाहरूको प्रवाह र त्यसको निमित्त लगानी गर्ने कार्य स्थानीय तहको जिम्मेवारीमा पर्दछ। यी स्थानीय जिम्मेवारीहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ, कृषि, आधारभूत पूर्वाधार तथा सामाजिक समावेशीकरण एवम् संरक्षण प्रमुख रहेका छन्।

दिगो विकासका स्थानीयस्तरका लक्ष्यलाई स्थानीय तहको योजना तर्जुमाका विभिन्न विषयगत समिति अनुरुप समूहकृत गर्नुपर्ने हुन्छ। स्थानीय तहमा रहेका आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण संरक्षण एवम् संस्थागत विकास र सुशासन समितिहरूका क्रियाशीलताले दिगो विकास लक्ष्यको स्थानीयकरण गर्न योगदान पुऱ्याउँछ। नेपालको संविधान २०७२ ले स्थानीय तहलाई विकासका यी पाँचै क्षेत्रमा प्रष्ट अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ।

स्थानीय तह विकास र राजनीतिक एकाईका अलावा एक सशक्त आर्थिक विकासको एकाई समेत हो। संविधानले नगरपालिकालाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमनसम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ। यी विषय दिगो विकास लक्ष्य–१ (शून्य गरिबी), लक्ष्य–२ (भोकमरीको अन्त्य), लक्ष्य–८ (मर्यादित काम तथा आर्थिक बृद्धि) र लक्ष्य–१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन्।

सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चार वटा प्रमुख क्षेत्र पर्दछन्। यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन्। सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चार वटा लक्ष्य, लक्ष्य–३ (स्वस्थ जीवन), लक्ष्य–४ (गुणस्तरीय शिक्षा), लक्ष्य–५ (लैंगिक समानता) र लक्ष्य–६ (स्वच्छ खानेपानी तथा सरसफाइ) सम्बन्धीत छ।

नेपालको विकासमा भौतिक पूर्वाधार जस्तै स्थानीय सडक, यातायात, विद्युत, शहरी बिकास र बस्ती बिकास एक महत्वपूर्ण क्षेत्रको रूपमा रहेको छ। सो अनुसार पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य–९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा पर्दछन्।

दिगो विकासको चौथो आयाममा वातावरणीय दिगोपना पर्दछ। नेपालको सन्दर्भमा यसलाई वातावरण संरक्षण, जलवायु परिवर्तन, अनुकुलन र प्राकृतिक प्रकोप व्यवस्थापनको आयामको रूपमा हेरिनुपर्दछ। तथापि स्थानीय तहको वातावरणीय दिगोपना व्यवस्थापन सम्बन्धी खास भूमिका स्थानीय परिवेशमा भर पर्दछ। स्थानीय तहको कार्य क्षेत्रभित्र वातावरण संरक्षण तथा जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ, फोहरमैला व्यवस्थापन साथै बिपद व्यवस्थापन विषय रहेका छन्। यी कार्यक्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि स्थानीय तहले संघ र प्रदेशसँग सहकार्य र समन्वय गर्न जरुरी हुन्छ। वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य–१२ (दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य–१३ (जलवायु सम्बन्धी कार्य, लक्ष्य–१४ (समुद्रमुनिको जीवन) र लक्ष्य–१५ (जमिनमाथिको जीवन) जोडिएका छन्।

दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत विशेषः महत्व दिएको छ। दिगो विकास कार्यसूचीमा संस्थागत विकास तथा सुशासन सम्बन्धी विषयसमेत समावेश भएका छन् जुन विषय दिगो विकास लक्ष्य १६ (शान्ति, न्याय, र सबल संस्था) र लक्ष्य १७ (विश्वव्यापी साझेदारी) सँग प्रत्यक्ष जोडिएका विषय हुन्।

नेपालले सहकारी संघीयताको अवलम्बन गरेकाले दिगो विकास लक्ष्य हासिल गर्न सरकारका तीन वटै तहले आपसी सहकार्य र समन्वय गर्नु जरुरी छ। सामान्यतया संघ र प्रदेशको नीति निर्माण, मापदण्ड निर्धारण, वित्तीय हस्तान्तरणका साथै सापेक्ष रूपमा आर्थिक तथा पूर्वाधार विकासमा बढी भूमिका रहन्छ भने स्थानीय तह मूलतः स्थानीय विकास र स्थानीय सेवाका संवाहकको भूमिकामा केन्द्रित हुनुपर्दछ। शारदा नगरपालिकाले आफ्नो यस प्रथम नगर विकास योजनामा दिगो विकास लक्ष्य प्राप्त गर्न आफ्नो तर्फबाट गर्नुपर्ने समपूरक र परिपूरकको भूमिकालाई आत्मसात गर्दै सामाजिक तथा आर्थिक पक्षका सबै क्षेत्रमा दिगो विकास लक्ष्यको कार्यान्वयनलाई स्थानीयकरण गर्ने अभ्यासको थालनी गरेको छ।

*तालिका नं. १ : नगरपालिकाको अधिकार तथा दिगो विकास लक्ष्य बिचको सम्बन्ध*

| क्र.सं. | दिगो विकास लक्ष्यका आयाम | स्थानीय तहको संवैधानिक अधिकार तथा कार्यदिशा (अनुसूची -८) | अधिकारको साझा सूची (अनुसूची -९) | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २. सहकारी<br>१०.स्थानीय बजार व्यवस्थापन<br>११.ग्रामीण सडक, कृषि सडक, सिंचाई<br>१५.कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन,<br>१८.कृषि | १. सहकारी<br>४. कृषि<br>१०. गरिबी निवारण<br>१३. सुकुम्बासी व्यवस्थापन | लक्ष्य १ः गरिबीको अन्त्य<br>लक्ष्य २ः शून्य भोकमरी<br>लक्ष्य ८ः मर्यादित काम तथा आर्थिक बृद्धि<br>लक्ष्य १०ः असमानतामा कमी |
| २ | सामाजिक विकास | ८. आधारभूत र माध्यमिक शिक्षा<br>९. आधारभूत स्वास्थ्य, सरसफाइ (ढल निकास) व्यवस्था<br>१६.ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन<br>१७ बेरोजगारको तथ्याङ्क संकलन<br>१९.खानेपानी<br>२२.भाषा, संस्कृति र लितकलाको संरक्षण र विकास | २. शिक्षा<br>३. स्वास्थ्य<br>५. खानेपानी<br>१०. सामाजिक सुरक्षा | लक्ष्य ३ः राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन, लक्ष्य<br>४ः गुणस्तरीय शिक्षा, लक्ष्य<br>५ः लैङ्गिक समानता, लक्ष्य<br>६ः स्वच्छ खानेपानी तथा सरसफाइ |
| ३ | पूर्वाधार विकास | ७. स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू,<br>११. स्थानीय सडक,<br>१४. घर जग्गा धनीपूर्जा वितरण,<br>१९. साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, | ५. विद्युत, सिँचाइ<br>१५. सवारी साधन अनुमति | लक्ष्य ७ : धान्न सक्ने तथा स्वच्छ ऊर्जा,<br>लक्ष्य ९ : उद्योग, नवीन खोज तथा पूर्वाधार, लक्ष्य ११ : दिगो सहर तथा समुदाय, |

| | | | | |
|---|---|---|---|---|
| ४ | वातावरण व्यवस्थापन | ९. सरसफाइ (फोहरमैला व्यवस्थापन)<br>१०. वातावरण संरक्षण र जैविक विविधता<br>२०. विपद् व्यवस्थापन<br>२१. जलाधार, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | ७. वन, जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जलउपयोग, वातावरण, पर्यावरण तथाजैविक विविधता<br>८. खानी तथा खनिज<br>९.विपद् व्यवस्थापन | लक्ष्य १२ : दिगो उपभोग तथा उत्पादन<br>लक्ष्य १३ : जलवायु कार्य<br>लक्ष्य १५ : जमिनमाथिको जीवन |
| ५ | संस्थागत विकास तथा सुशासन | १. नगर प्रहरी<br>३. एफ.एम (रेडियो सञ्चालन<br>४. स्थानीय कर, सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना<br>५. स्थानीय सेवाको व्यवस्थापन<br>६. स्थानीय तथ्यांक र अभिलेख संकलन<br>१२.गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको<br>व्यवस्थापन<br>१३. स्थानीय अभिलेख व्यवस्थापन | २. पत्रपत्रिका<br>६. कर, दस्तुर, दण्ड जरिवाना, रोयल्टी, सेवा शुल्क<br>११. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह दर्ता र तथ्याङ्क<br>१२. पुरातत्व, प्राचीन स्मारक र संग्रहालय | लक्ष्य १६ : शान्ति, न्यायपूर्ण तथा सबल संस्था<br>लक्ष्य १७ : बहुसरोकार साझेदारी |

### १.५ आवधिक योजना तर्जुमा प्रक्रिया

निम्नानुसारका योजना निर्माणका चरण प्रक्रिया र विधिमा रही शारदा नगरपालिकाको आवधिक नगर विकास योजना निर्माण गरिएको छ :

*चित्र १ : स्थानीय तहको आवधिक विकास योजना तर्जुमाका चरणहरू*




### पहिलो चरण : आवधिक योजना तर्जुमा गर्ने सम्बन्धी निर्णय एवं पूर्व तयारी

पहिलो चरण अन्तर्गत शारदा नगर कार्यपालिकाबाट आवधिक नगर विकास योजना तर्जुमा गर्ने नीतिगत निर्णय भई विभिन्न चरणका वैठक र नगर वस्तुस्थिति विवरण तथा संस्थागत सूचना संकलन लगायतका पूर्व तयारी गरिएको थियो ।

### दोश्रो चरण : योजना तयारी कार्यशाला गोष्ठी

दोश्रो चरण अन्तर्गत नगरपालिकाको आयोजनामा आवधिक नगर विकास योजना तर्जुमा विधि, प्रक्रिया सम्बन्धी अभमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । यस कार्यक्रममा नगरकार्यपालिकाका पदाधिकारीहरू, विषयगत शाखा प्रमुख तथा प्रतिनिधि र अन्य गैससका प्रतिनिधिहरूको सहभागिता थियो । नगरपालिका प्रमुखको संयोजकत्वमा निर्देशक समिति, प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा प्राविधिक समिति र कार्यपालिकाका सदस्यहरूको संयोजकत्वमा गठन हुने विषय क्षेत्रगत समितिहरूलाई विषय क्षेत्रगत जिम्मेवारीहरूका बारेमा समेत जानकारी गराइएको थियो ।

### तेश्रो चरण : आधार रेखा सूचना तथा तथ्यांक विश्लेषण

आवधिक नगर विकास योजना तर्जुमा कार्यमा आवश्यक आधार तथ्यांक सूचनाका लागि नगरपालिकाबाट तयार गरिएको नगरको स्थिति, वस्तुथिति विवरण (पार्श्वचित्र) मा उपलब्ध भौगोलिक, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकाससँग सम्बन्धीत विवरणहरू तथा अन्य प्रकाशित, अप्रकाशित सूचनालाई आधार मानी तथ्यांक तथा सूचना संकलन, विश्लेषण एवं सहभागितामूलक छलफल गरिएको थियो ।

### चौथो चरण : वडास्तरीय श्रोत नक्शांकन तथा लक्षित समूह परामर्श

आवधिक योजना तर्जुमा अन्तर्गत शारदा नगरपालिका भित्रका १५ वटै वडाहरूमा वडास्तरीय भेलाको आयोजना गरी वडा भित्रका समस्या, चुनौती र सम्भावनाहरूका बारेमा वृहत छलफल गरिएको थियो । सो परामर्श तथा छलफलमा कार्यक्रममा वडा समितिका पदाधिकारी, वडाका विषयगत शाखाका कर्मचारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, स्थानीय वुद्धिजिवी र लक्षित वर्गका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

### पाँचौं चरण : विषयगत छलफल र निर्देशक समितिको बैठक (विषय क्षेत्रगत रणनीति र कार्यक्रम विकास)

वडास्तरीय छलफल पछि विषय क्षेत्रगत संभावना र अवसर तथा समस्या चुनौतिहरूको विश्लेषणको आधारमा विषय क्षेत्रगत उद्देश्य तर्जुमा, बिषय क्षेत्रगत लक्ष्य परिमाण, सूचक निर्धारण गरी त्यस्ता लक्ष्य सूचक हासिल गर्न अवलम्बन गरिनु पर्ने रणनीतिहरू, विषय क्षेत्रगत प्रमुख कार्यक्रम, अनुमानित लागत, कार्यान्वयन कार्ययोजना र अनुगमन मूल्याङ्कनको खाका तयारीका लागि विभिन्न चरणमा विषयगत छलफल गरिएको थियो । निर्देशक समितिको बैठकमा विषयगत समिति चरणसम्मको कार्यप्रगतिको समीक्षा गरी आवश्यक राय सुझाव संकलन गरिएको थियो ।

### छैठौं चरण : आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी

नगरपालिकाको आयोजनामा विषय विज्ञहरूसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी सञ्चालन भएको थियो । उक्त कार्यक्रममा नगर कार्यपालिकाका पदाधिकारी तथा विषयगत समितिहरूका संयोजक, नगर विकासका सरोकारवालाको सहभागिता र विषय विज्ञहरूको सहजीकरणमा सम्पन्न भएको थियो । यस क्रममा विषयगत छलफल र निर्देशक समितिको बैठक बसी तयार भएको प्रारम्भिक मस्यौदा प्रतिवेदनमाथि छलफल गरिएको थियो । सवै विषयगत योजनाको छुट्टाछुट्टै प्रस्तुति गरी पृष्ठपोषण समेत लिइएको थियो ।

### सातौं चरण : दस्तावेज अभिलेखीकरण

आवधिक योजना कार्यशाला गोष्ठी तथा वडास्तरीय तथा लक्षित समूह छलफलबाट आएका तथ्यांक, योजना तथा कार्यक्रमलाई विषय विज्ञहरूसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८" दिग्दर्शनको परिच्छेद २ को दफा २.६.९ मा रहेको आवधिक योजनाको दस्तावेजको मस्यौदा तयारी ढाँचाको अनुसूची- ६ बमोजिमको स्तरीय ढाँचामा विषयगत रुपमा लिपिवद्ध गरी दस्तावेज तयार गरिएको छ। योजना दस्तावेजमा मुख्य ९ परिच्छेद रहेका छन् ।

### आठौं चरण : योजना प्रमाणीकरण

नगर कार्यपालिका समक्ष प्रस्तुतीकरणको आयोजना गरियो र प्राप्त पृष्ठपोषणका आधारमा योजनाको अन्तिम मस्यौदा दस्तावेज तयार गरी नगर कार्यपालिका समक्ष पेश गरियो ।

## परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

### २.१ नगरपालिकाको परिचय

#### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

नेपाल सरकारको मिति २०७१ बैशाख २५ गतेको निर्णयबाट सल्यान जिल्लाको तत्कालिन ७ गा.वि.स खलङ्गा, मार्के, हिवल्चा, कजेरी, सेजवाल टाकुरा, स्यानीखाल र डाँडागाउँलाई मिलाएर घोषणा भई २०७१/०२/०२ गतेबाट औपचारिक रुपमा स्थापित तथा सञ्चालनमा आएको हो। यस नगरपालिकाको नामाकरण यस नगरपालिका भइ बग्ने शारदा नदीबाट गरिएको हो। शारदा नदी शारदा नगरपालिकाको मात्र नभइ सल्यान जिल्लाको पनि प्रमुख नदीको रुपमा मानिन्छ। यस नदीलाई आर्थिक तथा पर्यटकीय हिसाबले महत्वपूर्ण मानिन्छ।

शारदा नगरपालिका विश्व मानचित्रमा ८२०२'४०" देखि ८२०१६'३६" पूर्वी देशान्तरसम्म र २८०१८'५१" देखि २८०२७'४४" उत्तरी आक्षांशसम्म फैलिएर शारदा नदीको काखमा प्राकृतिक मनोरम संरचनासहित पहाडी क्षेत्रमा अवस्थित छ। यो नगरपालिका समुद्री सतहबाट ९६० मिटर उँचाईदेखि २४०० मिटरसम्मको उँचाईमा अवस्थित छ। सल्यान जिल्लामा अवस्थित १९८.३४ व.कि.मी. क्षेत्रफलमा फैलिएको यस शारदा नगरपालिकाको उत्तरमा सिद्धकुमाख गाउँपालिका पश्चिमतर्फ बनगाड कुपिन्डे नगरपालिका, दक्षिणमा छत्रेश्वरी, त्रिवेणी र कालिमाटी गाउँपालिका र पूर्वमा छत्रेश्वरी गाउँपालिका र बागचौर नगरपालिका रहेका छन्। पहाडी क्षेत्रमा पर्ने नगरपालिकाको २७.७५ प्रतिशत भागमा खेतियोग्य उर्वर जमिनले ओगटेको भए पनि अधिकांश क्षेत्र पहाडी भागले ओगटेको छ। जंगल र जलाधार क्षेत्रको कमि नभएको यस नगरपालिकामा साना तथा ठूला खोला तथा नदीहरू रहेका छन्। यस नगरपालिकाको प्रमुख जलाधार भनेको शारदा नदी हो।

#### २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा र पर्यटन विकास

सल्यान जिल्लाको केन्द्रमा अवस्थित शारदा नगरपालिका प्राकृतिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण छ। नेपालकै मुख्य धार्मिक स्थलको रुपमा प्रसिद्ध खैराबाङ भगवतीले यस नगरपालिकामा बासस्थान लिनु गौरवको कुरा हो। शारदा नदी र बनजंगलले घेरिएको यस नगरपालिका प्राकृतिक स्रोतमा आत्मनिर्भर रहेको छ। विभिन्न किसिमका रुखहरू, जंगली जनावरहरू, जडिबुटी, चुनढुंगा लगायत महत्वपूर्ण स्रोतहरूले भरिपूर्ण यस नगरपालिका आन्तरिक आयस्रोतमा आत्मनिर्भर हुन सक्दछ।

शारदा नगरपालिका अन्तर्गत विभिन्न धार्मिक स्थलहरू, मठमन्दिर रहेका छन्। जुन यस प्रकार छन् : राधाकृष्ण मन्दिर, भद्रकाली मन्दिर, शिव गुफा मन्दिर, सरस्वती मन्दिर, शिव पार्वती मन्दिर, जानकी मन्दिर, कालिका थान मन्दिर, खैराबाङ्क भुवनेश्वरी मन्दिर, ट्वाकट्वाके चमेरो गुफा, कालिका मन्दिर ढारखानी, भगवती मन्दिर ढारखानी र प्राकृतिक सिद्धगुफा। यी सम्पदाहरूको संरक्षण र प्रवर्धन गर्न सकेमा पर्यटन क्षेत्रको विकास गर्न सकिन्छ।

#### २.१.३ जनसाङ्ख्यिक अवस्था

राष्ट्रिय जनगणना, २०७८ अनुसार शारदा नगरपालिकाको जनसंख्या ३४,६६३ रहेको छ जसमध्ये पुरुष ४७.३ प्रतिशत (१६,३८८ जना) र महिला ५२.७ प्रतिशत (१८,२७५ जना) रहेका छन्। सोही अनुसार लैंगिक अनुपात ९क्भह च्बतष्০ अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ८९.६७ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) १७५ जना प्रति वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको कुल जनसंख्यामा १५ देखि ५९ वर्ष उमेर समूहका २१,५३९ जना, १४ वर्ष वा सो भन्दा कम उमेरका १०,०२० जना र ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका ३,१०४ जना रहेका छन्। राष्ट्रिय जनगणना, २०७८ अनुसार शारदा नगरपालिकामा ८,८९८ घरपरिवार रहेका छन्। यस नगरपालिकामा पूर्ण अपाङ्ग ६४ जना र अपाङ्ग २२६ जना रहेका छन। जसमध्ये १६७ जना पुरुष र १२३ महिला रहेका छन्। २०७८ सालको जनगणना अनुसार यस नगरपालिकामा प्रति परिवार औषत ३.९० जना रहेको देखिन्छ।

शारदा नगरपालिकाको वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं १ रहेको छ, जसमा जम्मा जनसंख्या ५,९३० (पुरुषको २७६१ जना र महिलाको ३१६९ जना) रहेको छ। त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडा नं. ३ रहेको छ, जसको जनसंख्या १२८४ (पुरुष ६३८ जना र महिलाको ६४६ जना) रहेको छ। जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ भने तालिकालाई तल स्तम्भ चित्रमा देखाइएको छ।

*चित्र २ : वडागत जनसंख्याको तलनात्मक विश्लेषण*



## २.२ कृषि तथा खाद्य सुरक्षा

शारदा नगरपालिकाको अर्थतन्त्रको प्रमुख आधार भनेको कृषिसँगै वन, साना तथा घरेलु उद्योग, पशुपालन, व्यापार, नोकरी, होटल, रेस्टुरेन्ट तथा सेवा जस्ता लगायतका क्षेत्र हुन्। उपयुक्त हावापानी, कृषिको लागि उपयुक्त उर्वर माटो भएको मध्यपहाडी क्षेत्र तथा प्रशस्त मात्रामा पाइने घाँसले घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। कृषि एवं वनमा आधारित उद्यम विकासको सम्भावना पनि यस नगरपालिकामा रहेको छ। त्यसैगरी नगरपालिकाको ठुलो क्षेत्र ओगटेको बनजंगल तथा जैविक विविधताले नगर विकासको ठुलो सम्भावना बोकेका छन। यस नगरपालिकाको मुख्य आर्थिक आधार बैदेशिक रोजगार रहेको देखिन्छ जुन दीर्घकालिन विकासका हिसाबले सुखद पक्ष होइन।

सल्यान जिल्लामा रहेका कृषकहरूको जीवनस्तर उकास्नका लागि जिल्ला स्तरीय प्रमुख निकाय वि.सं.२०३२ सालमा कृषि शाखा नामले स्थापना भई कृषि प्रसार सम्बन्धी कार्य गर्दै आएकोमा नेपालमा संघीयताको कार्यान्वयनसँगै पछिल्लो कर्णाली प्रदेश सरकारको मिति २०७६/०५/०६ को निर्णय अनुसार कृषि विकास कार्यालय सल्यानको नाममा कृषि प्रविधिहरूको प्रचार – प्रसार गर्ने र नेपाल सरकार र कर्णाली प्रदेश सरकारको कृषि नीतिलाई कार्यान्वयन गर्ने काम गर्दै आइरहेको छ। यद्यपि नगरपालिका मातहत पनि कृषि तथा पशुपंक्षी विकास शाखा रहेका छन्, जुन शाखाले नगरभित्रका कृषि प्रसारका गतिविधीलाई आवश्यक मात्रामा सहयोग पुऱ्याउदै आएका छन्। यस आवधिक विकास योजनाले नगरपालिकाको विद्यमान स्थितिमा आधारित रहेर सोच, लक्ष्य, उद्देश्य, कार्यनीति तथा रणनीतिको माध्यमबाट दिगो विकास लक्ष्यका १७ वटा सूचकहरू मध्ये आर्थिक क्षेत्रका प्रमुख लक्ष्य क्षेत्रहरू क्रमशः गरिबी, शून्य भोकमरी, मानव विकास, दिगो औद्योगीकरण प्रवर्द्धन, उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने, समावेशी तथा दिगो आर्थिकवृद्धि र उत्पादनशील रोजगारी प्रवर्द्धनको वातावरण सृजना गर्ने गरी योजना तयार गरिएको छ।

### २.२.१ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

उद्योग क्षेत्र रोजगारी र विकासको प्रमुख आधार हो। उद्योग एवं अन्य व्यवसायहरू सञ्चालन गरेर आर्थिक गतिविधि मार्फत शारदा को समृद्दि हासिल गर्न सकिन्छ। जीविकोपार्जनमा सुधार ल्याउनको लागि सामान्यतया आर्थिक, सामाजिक, साँस्कृतिक र प्राविधिक क्षेत्रहरू मध्ये कुनै एक वा धेरै क्षेत्रसँग सम्बन्धीत व्यवसायहरू गर्न आवश्यक हुन्छ। उद्योगमा सवलीकरणले बसाइसराइ र वैदेशिक रोजगारमा जाने संख्या कम गर्न मुख्य भूमिका खेल्दछ। यस नगरपालिकामा सञ्चालित विभिन्न साना तथा घरेलु उद्योगद्वारा आय आर्जन वृद्दि गर्न मद्दत पुऱ्याउँछ। नगरपालिकाको अवस्था र परिवेश अनुसार स्थानीय युवा लक्षित व्यापार, लघु उद्यम, घरेलु तथा साना उद्योगका कार्यक्रमहरू सञ्चालन गरी युवा जनशक्तिको विकास र प्रवर्धनद्वारा वेरोजगारीलाई शून्य बनाउन सकिन्छ।

नगर पार्श्वचित्र अनुसार नगरपालिका क्षेत्रभित्र साना ठुला गरी २१ वटा उद्योगहरू ३६९ वटा विभिन्न किसिमका व्यापारहरू सञ्चालनमा रहेका छन्। जम्मा ३९० उद्योग तथा व्यवसाय सञ्चालनमा भए तापनि ३१६ उद्योग व्यवसायहरू दर्ता भएर सञ्चालन भइराखेका छन्। शारदा नगरपालिकामा सञ्चालित उद्योगमा ब्लक, काष्ठ, आरन, फर्निचर, राइस मिल, भुजा उद्योग, साना तथा घरेलु एवं कृषिजन्य उद्योग त्यसैगरी व्यवसायमा होटल व्यवसाय, लुगा व्यवसाय, फेन्सी व्यवसाय, किराना व्यवसाय र अन्य व्यापार आदि लगायतका पर्दछन्। ठुला उद्योगहरू सञ्चालनमा आउन नसके पनि नगरपालिकामा उपलब्ध स्थानीय स्रोत र साधनको उपयोग गरी सञ्चालित साना तथा घरेलु एवं कृषिजन्य उद्योगहरूले नगरपालिकाको आर्थिक विकासमा टेवा पुऱ्याउँदै आएको छ।

### २.२.२ रोजगारी र वित्तीय सेवा

यस नगरपालिकामा मुख्य पेशाको रुपमा कृषि अर्थात खेतीपाती रहेको छ, जसमा झण्डै ३३ प्रतिशत जनसंख्या आश्रित छन् भने ९ प्रतिशत जनसंख्या व्यापार व्यवसायमा संलग्न रहेको देखिन्छ। त्यस्तै बैदेशिक रोजगारमा (भारत बाहेकका मुलुकमा) जाने जनसंख्या झण्डै ७ प्रतिशत रहेको छ भने मजदुरी गर्ने झण्डै २ प्रतिशत मात्र रहेका छन् र कुनै काम नगर्ने ३.१२ प्रतिशत रहेका छन्। नगरपालिकामा क बर्गमा रहेका बैकहरू निम्न रहेका छन : जसमा, कुमारी बैंक, नेपाल बैंक लिमिटेड, एन.आई.सी. एसिया बैंक, हिमालयन बैंक लिमिटेड, नबिल बैंक लिमिटेड, मेगा बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक, लक्ष्मी बैंक आदि छन्।

*तालिका नं. २: पेशाको आधारमा जनसंख्याको विवरण*

| क्र.स. | पेशा तथा रोजगारीको क्षेत्र | मान प्रतिशतमा | जनसंख्या |
|---|---|---|---|
| १ | विद्यार्थी | ३३.०४ | ११९४४ |
| २ | जागिर | ७.१९ | २४२६ |
| ३ | व्यापार व्यवसाय | ९.५० | ३२०४ |
| ४ | अवकाश प्राप्त | ०.२७ | ९२ |
| ५ | मजदुरी | १.९० | ६४१ |
| ६ | बैदेशिक रोजगार | ६.७२ | २२६५ |
| ७ | कुनै पनि काम नगर्ने | ३.१२ | १०५३ |
| ८ | अन्य | ५.७० | १९२२ |

स्रोत : नगर प्रोफाईल

### २.२.३ सहकारी

नेपालको संविधानमा सहकारी, निजी र सार्वजनिक क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको तीनवटा खम्बाको रुपमा मानिएको छ। नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँ रहेका सहकारी संस्था तथा वित्तीय संस्थाहरूले खेल्ने भूमिका महत्वपूर्ण हुन्छ। यस नगरपालिकामा विभिन्न कार्य प्रकृतिका (कृषि, वचत तथा ऋण, सञ्चार, वहुउद्देश्यीय, तरकारी आदि) सहकारी संस्थाहरू दर्ता भई कार्य गरिरहेका छन्। जसअन्तर्गत बचत तथा ऋण सहकारी ९ वटा, खाद्यान्न बिउ उत्पादन २ वटा, कृषि उत्पादन सहकारी १ वटा रहेका छन्।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

यस नगरपालिकामा जिल्ला अस्पतालले समग्र जिल्लालाई नै केन्द्रित गरी स्वास्थ्य सेवा प्रदान गरिरहेको छ भने आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्न ७ वटा स्वास्थ्य चौकी, ७ आधारभुत स्वास्थ्य केन्द्र, २ वटा शहरी स्वास्थ्य केन्द्र, २७

वटा गाँउघर क्लिनिक, ३७ खोप क्लिनिक, ६३ जना महिला स्वास्थ्य स्वयमसेविका कार्यरत छन्। नगरपालिका अन्तर्गत पाँच वटै परिवार नियोजनका साधन प्रदान गर्ने संस्था ३ वटा तथा ४ वटा स्वास्थ्य संस्थामा सूचीकृत बर्थिङ सेन्टरको रुपमा प्रसुती सेवा उपलब्ध छ।

आ.व.२०७८।७९ मा DHIS-2 मा प्रविष्ट गरिएको तथ्याङ्क अनुसार यस नगरपालिकाको कुल जनसंख्याको १०६.६ प्रतिशत जनसंख्याले बहिरंग सेवा लिएका र सो मध्ये ६० प्रतिशत महिलाहरूले सेवा लिएको देखिन्छ। यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा कार्यरत रही ६० जना स्वास्थ्यकर्मीद्वारा आधारभुत स्वास्थ्य सेवा प्रदान गरिँदै आएको छ। स्वास्थ्य मन्त्रालय व्यवस्थापन महाशाखाबाट दिइएको आ.व. ०७८।७९ को अनुमानित जनसंख्यालाई आधार मानेर हेर्दा स्वास्थ्यकर्मी र जनसंख्याको अनुपात ९९० जना जनसंख्यालाई १ जना प्यारामेडिक्स तथा १२१० जना जनसंख्यालाई १ जना नर्स हुनआउँछ। यस नगरपालिकामा कार्यरत जम्मा ६० जना स्वास्थ्यकर्मीहरू मध्ये नगरपालिकाबाट हाल १३ जना अ.न.मी., ११ जना पारामेडिक्स र १५ जना कार्यालय सहयोगीहरू करारमा भर्ना गरी स्वास्थ्य सेवा दिइरहेको छ।

यस नगरपालिकामा बालविवाह, किशोरावस्थामा विवाह गर्ने तथा कम उमेरमा गर्भवती हुने संख्या उच्च रहेको छ। जसको परिणाम स्वरुप कम तौलको शिशु जन्मने, समय भन्दा अगाडि जन्मने, कुपोषण तथा मृत्युदर बढ्ने लगायत आमाहरूमा अन्य प्रजनन स्वास्थ्य सम्बन्धी समस्याहरू रहेका छन्। बिगत केहि वर्षदेखि स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउनेको संख्यामा बृद्धि भए तापनि गुणस्तर युक्त प्रसुती सेवाको अझै अभाव रहेको छ भने पूर्वाधारको कमी, सामाजिक साँस्कृतिक मूल्य मान्यताहरू आदि कारणले गर्दा स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने महिलाको संख्यामा बृद्धि हुन सकेको छैन।

### २.३.२ शैक्षिक विकास

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ। यसलाई मानव विकासको प्रमुख सूचकको रूपमा लिइन्छ। समग्रमा हेर्दा शिक्षाप्रति जनचासो, राज्य र गैरराज्य पक्षको लगानीको समष्टीगत परिणामस्वरुप समग्र देशको साक्षरता दरमा आवधिक वृद्धि भइरहेको छ। शारदा नगरपालिकाको तथ्याङ्कबाट पनि यसको आभास पाउन सकिन्छ। यसका साथै देशबाट निरक्षरता उन्मुलन गर्न विद्यालय भर्ना अभियान जस्ता राज्य निर्देशित अभियान पनि प्रभावकारी हुने अपेक्षा गरिएको छ। यसै सिलसिलामा शारदा नगरपालिकाको शैक्षिक स्थिति देखाउन खोजिएको छ। विकासको प्रमुख आधारशिला शिक्षा हो। शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशील जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको सर्वोपरि भूमिका रहन्छ। गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई एक सशक्त माध्यमको आवधिक योजनाहरूले निरन्तर रुपमा अबलम्बन गर्दै आएको छ। नेपालको संविधान २०७२ को भाग ३, धारा ३१ शिक्षा सम्बन्धी हकमा देहायबमोजिमको व्यवस्था गरिएको छ।

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।

(३) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

शारदा नगरपालिकाभित्र ५८ वटा सामुदायिक र ११ वटा संस्थागत गरि जम्मा ६९ वटा विद्यालयहरू छन्। जसमध्ये १० वटा सामुदायिक माध्यामिक विद्यालयहरूमध्ये ८ वटा विद्यालय १२ कक्षा सम्म र ५ वटा संस्थागत माध्यामिक विद्यालयहरू मध्ये १ वटा विद्यालय कक्षा १२ सम्म सञ्चालित छ। यस नगरपालिकामा एउटा नमूना विद्यालय त्रिभुवन जनता मा.वि. लुहापिङ सञ्चालनमा छ। नमुना विद्यालयमा कक्षा ९ देखि १२ मा प्राविधिक धारको कक्षा समेत सञ्चालनमा छ। शारदा नगरपालिका भित्र ४ वटा सामुदायिक अध्ययन केन्द्र र एउटा खुल्ला विद्यालय (कक्षा १०) सञ्चालनमा छ। कर्णाली प्रदेश सरकारको सहयोग र शारदा नगरपालिका समेतको लगानीमा बहु प्राविधिक शिक्षालय सञ्चालनमा छ। क्ष्मःक्ष्क प्रतिवेदन, २०७८ अनुसार शिक्षक विद्यार्थी अनुपात बालविकासमा १:१८, प्राथमिक तहमा १:२२, निम्न माध्यामिक तहमा १:४०, माध्यमिक तहमा (९ देखि १०) १:२९, र माध्यामिक तह (११ देखि १२) मा १:६८ रहेको छ।

### २.३.३ खानेपानी तथा सरसफाइ

राष्ट्रिय जनगणना, २०७८ अनुसार शारदा नगरपालिकाको खानेपानीको प्रमुख स्रोतको रुपमा धारा/पाइप भएको पाइएको छ। नगरमा घरपरिसर भित्र खानेपानीको लागि धारा पाइप प्रयोग गर्ने घरधुरी ४२७३ (४८ प्रतिशत), घरपरिसर बाहिर धारा पाइप प्रयोग गर्ने ३१४९ (३५.४ प्रतिशत) पानी प्रयोग गरेको पाइयो। मूल धाराको पानी प्रयोग गर्ने ९७६ (११ प्रतिशत) रहेको छ भने अन्यमा खुला इनार र ढाकिएको इनार प्रयोग गर्ने पाइएको छ।

खानेपानी तथा सरसफाइ विभागले तयार पारेको प्रतिवेदन अनुसार सल्यान जिल्लाभरी साना ठूला गरी जम्मा ५९८ खानेपानीका आयोजनाहरू सञ्चालनमा रहेका छन्, जसमध्ये १२५ वटा आयोजनाहरू शारदा नगरपालिका भित्र सञ्चालनमा रहेका छन्। नगरपालिकामा झण्डै ७४ प्रतिशत घरधुरीका मानिसहरू मात्र पानीलाई शुद्ध पारेर प्रयोग गर्दा रहेछन् भने झण्डै २३ प्रतिशत जनतालाई पानी शुद्ध पारेर खानुपर्छ भनेर जानकारी समेत नभएको पाइएको छ।

राष्ट्रिय जनगणना २०७८, अनुसार शारदा नगरपालिकामा शौचालय नभएका परिवार अनुपात १.४ प्रतिशत रहेको छ। शारदा नगरपालिकामा लगभग प्रायजसो घरले शौचालय प्रयोग गर्ने देखिएको छ।

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

जनगणना २०७८ को नतिजा अनुसार यस शारदा नगरपालिकामा ७० वर्ष उमेर नाघेका १११५ जना बृद्धबृद्धाहरू रहेका छन्। शारीरिक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था कमजोर रहेको छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाई दिइने भनिएको बृद्धभत्ता समेत सबैले समयमा पाउन सकेका छैनन्। नगरपालिकामा जिल्ला प्रहरी कार्यालय, साथै जिल्लामा शान्ति सुरक्षासँग सम्बन्धीत निकायहरूमा नेपाली सेना, सशस्त्र प्रहरी बल तथा नेपाल प्रहरीका विभिन्न ईकाइहरू रहेका छन्। नगरपालिकामा भएका आपराधिक तथा सामाजिक नियम बाहिरका कार्य चोरी, डकैती लगायतका अन्य कार्यहरू यी सुरक्षा निकाय मार्फत समाधान हुने गरेको पाइन्छ।

महिला सहभागिता, सशक्तीकरण तथा विभिन्न कार्यक्रमहरू पछिल्लो समयमा हुँदै आए पनि समान सहभागिता र लैङ्गिक समता भने कायम हुन सकेको देखिँदैन। जसको फलस्वरुप महिलाहरू आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिक रुपमा अझै पनि तुलनात्मक रुपमा पछाडि परेको देखिन्छ। शारदा नगरपालिकालाई बालमैत्री नगरको रुपमा विकसित गर्नका लागि सबै वडाहरूमा वडा बालक्लब गठन गरी बालमैत्री स्थानीय शासन पूर्ण रुपमा लागु गर्ने उद्देश्यले बालबालिका लक्षित कार्यक्रममा तोकिएको १० प्रतिशत बजेट बढाएर १५ प्रतिशत पुर्‍याउने लक्ष्य राखिएको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार शारदा नगरपालिकामा अपाङ्गता भएको जनसंख्या ३.१ प्रतिशत रहेको छ। त्यसको विवरणलाई तल स्तम्भ चार्टमा प्रस्तुत गरिएको छ :



### २.३.५ युवा, खेलकुद तथा कला

नगरपालिकामा हाल खेलकुदको लागि सबै वडामा साना ठुला गरी खेल मैदान रहेका छन्। तर तिनलाई व्यवस्थित गरी सञ्चालनमा ल्याउन सकिएको छैन। यस शारदा नगरपालिकामा विभिन्न जाती, धर्म, सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन्। सबै जातजाती र सम्प्रदायका आ–आफ्नै खाले धर्म, संस्कृति र चालचलनहरू छन्। नगरपालिकामा परम्परागत संस्कृतिमा आधारित असारे गीत, तीज गीत, भ्याउरे भाका र दोहोरी गीत आदि यस नगरपालिकामा सर्वाधिक लोकप्रिय छन्। बैशाखी पूर्णिमा, बुद्ध पूर्णिमा, असार १५ मा दही चिउरा खाने, साउने संक्रान्ति, नागपञ्चमी, ऋषितर्पणी पूर्णिमा, बडादशैं, तिहार (देउसी), माघे संक्रान्ति, फागु पूर्णिमा (होली), रामनवमी, ठूलो एकादशी, नेवार समुदायको मौलिक पर्वहरू आदि विशेष महत्वका साथ जनमानसले मनाउने मुख्य पर्वहरू हुन्। यस नगरपालिकामा विशेष पर्यटकीय स्थलहरू नभए पनि नगरको सुन्दर हरियाली एवं प्राकृतिक मनोरम दृश्य तथा केही मठमन्दिर तथा गुम्बाहरू साथै विभिन्न जातजातीहरूको संस्कृति पर्यटक आकर्षणका कारकहरू हुन्।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

शारदा नगरपालिका जलवायुको आधारमा बसोबासको लागि उपयुक्त मानिएको छ। स्थानीय सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी शहरीकृत बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशित रुपले मूल्यवृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना समयमा नै निर्माण गर्नु आवश्यक छ।

नगरपालिका क्षेत्रहरूको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवतजावत गर्न मोटरबाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित बस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ। यसरी जग्गा विकास कार्यक्रम सञ्चालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरूलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ।

### २.४.२ सडक, पुल तथा यातायात

शारदा नगरपालिका क्षेत्रभित्र रहेका गाडी चल्ने सडकहरूको कुल लम्बाई ३४१.६ कि.मि. रहेको छ, जसमा ४१ कि.मि. मात्र कालोपत्रे रहेको छ भने ०.०६ कि.मि. ढलान, २६ कि.मि. ग्राभेल र २३५ कि.मि धुलेसडक रहेका छन्।

त्यसैगरी सम्पूर्ण सडकहरूलाई क, ख, ग र घ गरी ४ वटा वर्गहरूमा वर्गीकरण गरिएको छ। जसअनुसार "क" वर्गमा १ वटा, "ख" वर्गमा ७ वटा, "ग" वर्गमा २० वटा र अन्य सम्पूर्ण सडकहरू "घ" वर्गमा राखिएको छ। "क", "ख", "ग" र "घ" वर्गमा पर्ने सडकहरूको चौडाइ क्रमशः २५ मि., २० मि., १५ मि र १० मिटर राखिएको छ। यसरी नगरपालिकामा हाल प्रयोगमा रहेका सडकहरू जतिसुकै चौडाईको भए पनि नगर यातायात गुरुयोजनाले निर्धारण गरेको चौडाइ अनुसार मात्र भविष्यमा हुने सडक मर्मत तथा स्तरोन्नति हुने देखिन्छ।

सडकको घनत्वको विश्लेषण गर्दा कि.मि प्रति वर्ग कि.मि र कि.मि. प्रति १००० जनसंख्याको आधारमा गरिएको छ। कि.मि. प्रति वर्ग कि.मि को आधारमा सबभन्दा बढि सडक घनत्व वडा नं. ८ मा र सबभन्दा कम घनत्व वडा नं ९ मा रहेको छ। त्यसैगरी कि.मि.प्रति १००० जनसंख्याको अधारमा सबभन्दा बढि घनत्व वडा नं १० मा रहेको छ भने सबभन्दा कम घनत्व वडा नं. ७ मा रहेको छ। सार्वजनिक सवारी साधनको पहुँचको हिसाबले सबभन्दा सुगम वडा नं. २ रहेको छ, जसमा सबभन्दा नजिकको बस बिसौनी पुग्न सरदर ८ मिनेट लाग्छ भने सबभन्दा टाढा वडा नं. ८ रहेको छ।

### २.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा

पछिल्लो घरधुरी सर्वेक्षण अनुसार नगरपालिकाका ५ वटा वडाहरूमा पूर्ण रुपमा विद्युतको पहुँच रहेको छ भने ५ वटा वडाहरूमा आंशिक रुपमा र बाँकी ५ वटा वडाहरूमा विद्युत पुगेको अवस्था देखिदैंन। सल्यान जिल्लामा हालसम्म कुनै पनि ठूला किसिमका विद्युत आयोजनाहरू सञ्चालनमा रहेका छैनन् भने शारदा नगरपालिका भित्र माइक्रो हाइड्रो समेत सञ्चालनमा छैन। नगर क्षेत्रको विद्युतीकरणको अवस्थालाई यसरी दर्शाइएको छ :

नगरपालिकामा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या ७६७४ (८६.२ प्रतिशत) रहेको छ। त्यस्तै नगरपालिकाका कुल घरधुरीको ५१ (०.६ प्रतिशत) ले मट्टितेल, १०६३ (११.९ प्रतिशत) ले, सोलार र अन्य १०९ (१.२ प्रतिशत) घरधुरीले प्रयोग गरेको देखिन्छ।

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

सूचना प्रविधिको युगमा मोबाईल सेवा सवै भन्दा प्रभावकारी सञ्चार प्रणालीको रुपमा विकास भएको छ। ८३.२ प्रतिशत अर्थात ७४०३ जनाले साधारण मोबाईल प्रयोग गर्दछन् भने, स्मार्ट मोबाईल फोन प्रयोग गर्ने ७३.४ प्रतिशत अर्थात ६५२९ जना रहेका छन्। ५० प्रतिशत व्यक्तिले मोबाईल बैंकिङ सेवा प्रयोग गरिरहेका छन् र यो तिव्र रुपमा बढ्दो क्रममा रहेको छ। नगरपालिका भित्र रहेका सबै सरकारी कार्यालयहरूमा इन्टरनेट सुविधा पहुँच पुगेको छ। शारदा नगरपालिका भित्र इन्टरनेट सुविधा भएको परिवारको अनुपात ४१.६ प्रतिशत रहेको छ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

यस शारदा नगरपालिकाको कुल क्षेत्रफल १९८.३४ वर्ग कि.मि. मध्ये ५८.१४ प्रतिशत वन क्षेत्रको रुपमा रहिआएको छ। जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ। शारदा नगरपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा सल्ला प्रजाति, सिमल, चाँप, टुनी, अर्जुन, रातो शिरीस, भिमल, गिठा, लालिगुराँस, अमला, सुगन्धकोकिला, बर, सुगन्धवाल, टिमुर, चिराइतो, कुरिलो आदि छन्। यसै गरी घिस्रने जन्तुहरूमा सर्प, पानी सर्प, गोहोरो, सुन गोहोरो, कछुवा, भ्यागुता पाइन्छन्। चराचुरुङ्गीहरूमा कालो तित्रा, सुगा, कण्ठे, कालो गिद्ध, लामो ठुँडे गिद्ध, मौरीचरी, हाँस, चिल, ढुकुर, कोइली, हुट्टीट्याउँ, सानो जलेवा, सानो बकुला, कालो भुँडीफोर, चिभे, तोपचरा, कोकले, जुरेली/बुलबुल, गाजले चरी, धोबीचरा, श्यामा, रानीचरी, छिरबिरे माटोकोरे, कालिज, निलकण्ठ, बट्टाई, कुथ्रुके, ठूलोचमेरो, भँगेरी, हापसिलो, बाज, लाटोकोसेरो, बकुला, मलेवा आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पाइन्छन्।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

नगरपालिका समुन्द्री सतहबाट ९०० मिटरको उचाईदेखि शुरु भएर २४०० मिटरसम्म गएर अन्त्य भएको छ। यो नगरपालिकामा प्रशस्त मात्रामा वन तथा जलाधार क्षेत्र हुनुको साथै वन क्षेत्रभित्र जैविक विविधता पनि प्रशस्त रहेको छ। यस नगरपालिका भित्र शारदा नदी लगायत विभिन्न खोलानाला र घाँसे मैदानहरू समेत रहेका छन्। यस नगरपालिकाको विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने शारदा नदीको अभिन्न सम्बन्ध रहेको छ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

विश्वभर भैरहेको तापक्रमको बृद्धिसँगै नेपालमा पनि बढ्दो तापक्रमको अनुभूति गरिएको बर्तमान अवस्थामा स्थानिय स्तरमा जलवायु अनुकुलन गतिविधीलाई प्राथमिकता दिनु अपरिहार्य देखिन्छ । उष्ण र उपउष्ण किसिमको हावापानी पाइने यस नगरपालिकामा जलवायु परिवर्तनको प्रभाव न्युनीकरणका लागि ठोस कदम चाल्न पर्ने र यसका लागि हरियाली तथा सरसफाई प्रवर्द्धनात्मक क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ।

वातावरण मैत्री ऊर्जाको प्रयोग एवं बन क्षेत्रको संरक्षण तथा संवर्द्धनलाई नगरपालिकाले प्राथमिकता दिएको छ। जलवायु परिवर्तनको असरलाई न्युनीकरण गर्नका लागि प्रत्यक्ष रुपमा प्राथमिकता दिई जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने, जलवायु परिवर्तनका प्रभाव न्युनीकरणका उपायहरू अवलम्वन गर्ने, वैकल्पिक ऊर्जाको उपयोगलाई बढाउने जस्ता कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ साथै सुधारिएको चुल्हो तथा विद्युत्तीय चुल्होको प्रयोगलाई प्रोत्साहन दिनुपर्ने, CLEAN SHARADA, GREEN SHARADA को नारालाई अभियानको रुपमा अगाडि बढाउने, परम्परागत पानी तथा ढुंगेधाराको संरक्षण जस्ता कार्यहरू सञ्चालन गर्नुपर्ने देखिन्छ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

विपद् भन्नाले चट्याङ, असिना, भूकम्प, आगलागी, बाढी पहिरो, अनावृष्टि, अतिवृष्टि, अनिकाल, महामारी, युद्ध, भोकमरी, आदिबाट सिर्जित समाजको अस्तव्यस्त अवस्थालाई बुझिन्छ। शारदा नगरपालिका भौगोलिक विविधता भएको नगरपालिका हो र यहाँ विभिन्न प्रकृति तथा मानव सिर्जित प्रकोपको जोखिममा रहेको छ। यी अप्रत्यासित विपत्तिहरूको व्यवस्थापनको लागि पूर्वतयारी गर्नुपर्ने आवश्यकता रहन्छ। प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने तथा जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्ने जस्ता कार्यहरू गर्न आवश्यक हुन्छन्। विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा उत्थानशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पुरानै अवस्थामा पुनर्स्थापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न आवश्यक रहेको छ।

चट्याङ तथा अतिवृष्टिबाट सिर्जना हुने बाढी, पहिरो यहाँका प्रकृति प्रदत्त समस्याहरू हुन्। यसको अवैज्ञानिक र असावधानीपूर्ण सडक निर्माण कार्यबाट उत्पन्न भूक्षय तथा पहिरोबाट खेतीवारी, सिंचाई कुलो पुरिने तथा भौतिक पूर्वाधारमा समेत क्षति पुग्ने समस्या रहेका छन्। विपद पूर्वको तयारी तथा सतर्कता सम्बन्धी चेतनाको कमी, शहरी क्षेत्रमा खुला स्थलको कमी, विपद जोखिम न्यूनीकरण सम्बन्धी अध्ययनले कम महत्व पाउनु यस क्षेत्रका प्रमुख समस्या हुन्। बेला बेला भ्यागुते खोलाको बाढीले श्रीनगर बजारमा क्षति पुऱ्याउने गरेको छ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

शारदा नगरपालिकाले आफूलाई आवश्यक कानून निर्माण तथा कानूनलाई परिमार्जन गर्दै आइरहेको छ। पालिकाले हालसम्म ऐन १४, कार्यविधि ६, नियमवाली २ र निर्देशिका तथा मापदण्ड ७ गरी कूल २९ वटा ऐन कानूनहरू कार्यान्वयनमा ल्याएको छ।

### २.६.२ सङ्गठनात्मक विकास

शारदा नगरपालिका सल्यान जिल्लाको सदरमुकाम पनि भएको हुनाले यो समग्र जिल्लाकै प्रशासनिक केन्द्रको रुपमा रहेको छ। शारदा नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरू सक्रिय छन्। नगरसभामा १०७ जना जनप्रतिनिधिहरू छन्। यस अन्तर्गत विभिन्न समिति तथा उपसमिति गठन गरी आपसी समन्वयका साथ स्थानीय तहको सरकारको अभ्यास भएको छ। नगर कार्यपालिका अन्तर्गत विभिन्न शाखा उपशाखा, एवम् वडा कार्यालयहरू गरी कूल ६९ जना कर्मचारीहरू कार्यरत छन् । सङ्गठनात्मक संरचना भित्र प्रशासन, सामाजिक विकास, आर्थिक प्रशासन, पूर्वाधार विकास, कृषि, पशुसेवा, शिक्षा, स्वास्थ्य, सूचना प्रविधि, राजस्व, आन्तरिक लेखा, जिन्सी लगायतका शाखा तथा उपशाखाहरू र नगर प्रहरी क्रियाशील रहेका छन्।

नगरपालिका क्षेत्रभित्र सामुदायिक संस्था, गैरसरकारी संस्था, बालक्लव, सहकारी संस्था, बन उपभोक्ता, कृषक समूह, नागरिक मञ्च, आमा समूह, टोल सुधार समितिहरू क्रियाशील छन्। स्वास्थ्य चौकी, प्रहरी चौकी, कृषि, पशुसेवा केन्द्र, हुलाक लगायतका सरकारी निकायहरू पनि पालिका क्षेत्रभित्र कार्यरत छन्।

विधायन समिति, लेखा समिति, सुशासन समिति लगायत समितिहरू गठन गरी जिम्मेवारीहरू बाँडफाड भएका छन्। सुशासन प्रवर्द्नका लागि खासगरी सामाजिक जिम्मेवारीका औजारहरूको अभ्यास हुँदै आएको छ। सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी एवम् जवाफदेही बनाउने क्रममा अनलाइन, मोवाइल एप्सहरू प्रयोगमा छन्।

### २.६.३ श्रोत परिचालन

आम्दानीका आन्तरिक श्रोतहरूमा स्थानीय कर (मालपोत, घरजग्गा कर, वहाल कर, व्यवसाय कर), सवारी कर, सेवा शुल्क, स्थानीय विकास शुल्क, दस्तुर, फोहोरमैला व्यवस्थापन शुल्क, नक्शा पास दस्तुर, नाता प्रमाणित, विक्री कर, दण्ड जरिवाना, भाडा/वहाल, सिफारिस, चालु सम्पत्ति विक्री आदि रहेका छन्। वाह्य श्रोतमा नेपाल सरकारबाट प्राप्त हुने अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान, अन्य नगर अनुदान आदि रहेका छन्।

### २.६.४ योजना व्यवस्थापन

वडास्तरवाट आएका योजनालाई विषयगत समितिले प्राथमिकीकरण गर्ने र नगरपालिकको नीति तथा कार्यक्रम बमोजिम वार्षिक योजना नगरसभावाट स्वीकृत गरी कार्यान्वयन आइरहेका छन्।

# परिच्छेद ३: सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

दीर्घकालीन सोचलाई नगरपालिकाको एउटा मार्गदर्शन र रणनीति बाहेक आदर्श अवस्थाको रूपमा समेत लिन सकिन्छ। दीर्घकालीन सोचले नगरपालिका पुग्न चाहेको र प्राप्त गर्न खोजेको एउटा आदर्श अवस्थालाई जनाउँछ। वि.सं. २१०० सम्ममा समृद्ध नेपाल सुखी नेपाली बनाउने राष्ट्रिय संकल्प र समृद्ध कर्णाली सुखारी कर्णालीवासीको प्रादेशिक लक्ष्यमा योगदान पुऱ्याउने गरी शारदा नगरपालिकाको दीर्घकालीन सोच तय गरिएको छ। स्थानीय अवसर र सम्भावना तथा विशेषताको आधारमा शारदा नगरपालिकाको दीर्घकालीन सोच तयार पारिएको हो।

## ३.२ प्रमुख समस्या तथा चुनौती

समस्या भनेको वर्तमान अवस्था र चाहेको अवस्था बीचको खाडल÷दूरी हो भने चुनौती त्यस खाडल पुर्न आइपर्ने कठिनाइहरू हुन्, जसलाई समाधान गर्न सकिन्छ। शारदा नगरपालिकाको समस्या र चुनौतीहरूलाई संक्षेपमा निम्न बुँदाहरूमा उल्लेख गरिएको छ :

### (क) आर्थिक विकास

| समस्या | चुनौती |
|---|---|
| कोभिड १९ का कारण आर्थिक तथा सामाजिक क्षेत्रमा नकारात्मक प्रभाव, | कोभिड १९ का कारण प्रभावित व्यक्ति/समुदायलाई जीविकोपार्जनका अवसर प्रदान गर्ने र आर्थिक क्षेत्रलाई चलायमान बनाउने। |
| मनसुनमा आधारित, निर्वाहमुखी र परम्परागत खेती प्रणाली, न्यून उत्पादन र उत्पादकत्व। | कृषिको यान्त्रिकीकरण र व्यवसायीकरण गरी उच्च उत्पादकत्व र उत्पादन हासिल गर्ने। |
| भूमि व्यवस्थापनको सहि योजना हुन नसक्नु, कृषिजन्य उत्पादनका आधारभूत सामग्रीको सहज र पर्याप्त आपूर्ति नहुनु, कृषि ऋणको सहज उपलब्धता नहुनु, कृषकले उत्पादनको उपयुक्त बजार तथा मूल्य पाउन नसक्नु, | कृषिमा प्राङ्गारिक ब्राण्डका साथै विविधीकरण र व्यवसायीकरण मार्फत् आत्मनिर्भर भई थप लाभ लिने अवस्था सिर्जना गर्नु, वैज्ञानिक भूमि व्यवस्थापन र प्रयोगको वातावरण सिर्जना गर्नु, दक्ष सीपयुक्त जनशक्ति उत्पादन र स्वरोजगारबाट आम जनताको क्रयशक्ति सुधार गर्नु, कृषि व्यवसायलाई जलवायु अनुकूलित गराउनु। कृषिमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि नहुनु, कृषि पेशा बजारमुखी र व्यवसायिक रूपमा स्थापित नहुनु |
| युवा वर्गलाई व्यवसायिक रुपमा कृषि तथा पंक्षीपालन व्यवसायमा संलग्न गराउन नसक्नु | गुणस्तरीय पशुजन्य उत्पादन एवम् उपभोगप्रति जनचेतना वृद्धि गर्नु र स्वदेशमै काम गर्न प्रोत्साहित गर्नु |
| औद्योगिक विकासका प्रशस्त सम्भावनाहरू हुँदा पनि परिणाममुखी कामहरू हुन नसक्नु | उद्योग स्थापना गर्नका लागि आवश्यक सीप, प्रविधि तथा आर्थिक अभाव। |
| वैदेशिक रोजगारमा जाने युवाहरूको सख्या दिनानुदिन वृद्धि हुँदै जानु | युवाहरूलाई उद्यम विकास तथा रोजगारीका अवसरहरू प्रदान गर्ने |
| कृषि र पशुजन्य उत्पादित बस्तुहरूले उचित बजार नपाउनु। | व्यवसायिक उत्पादन र वस्तुहरूको बजारीकरण |
| सिंचाइको पर्याप्त सुविधा नहुनु। | बजेट व्यवस्थापन तथा तहगत सरकारहरू बीच समन्वय, सहकार्य तथा साझेदारिता नहुनु। |

| | |
|---|---|
| बाली संरक्षण र भण्डारणको उचित व्यवस्था हुन नसक्नु, | |
| लक्षित वर्गको आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा अपेक्षाकृत सहभागिता हुन नसक्नु | सशक्तीकरण र संलग्नता वृद्धि |
| बैङ्क तथा वित्तीय संस्थाको कमजोर लगानी क्षमता र उत्पादन क्षेत्रमा न्यून लगानी । | नेपाल सरकारको नीतिगत प्रावधान |
| सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन | संख्यात्मक तरिकाले बढिरहेका सहकारीहरूलाई नियमन गर्दै सहकारीको गुणस्तरीय वृद्धि र विकासमा योगदान पुऱ्याउन सक्नु |
| पर्यटकीय स्थलहरूको पहिचान, पचार–प्रसार तथा आवश्यक पूर्वाधार निर्माणका काम हुन नसक्नु | पर्यटन क्षेत्रमा विकासको लागि दिगो योजना बनाउने |

### (ख) सामाजिक विकास

| समस्या | चुनौती |
|---|---|
| विद्यालयहरूमा विद्यार्थी संख्या दिनानुदिन घट्दै गैरहनु र आभिभावकहरूमा नीजि शिक्षण संस्थाहरू प्रतिको आकर्षण बढ्नु । | शिक्षालाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउने |
| मौलिक भाषा, कला, संस्कृतिको संरक्षण हुन नसक्नु | भाषा, कला, संस्कृतिको संरक्षण सम्बन्धी दिगो योजना तथा संस्थागत संरचना |
| प्राविधिक र जीवन उपयोगी शिक्षाको व्यवस्था हुन नसक्नु, परम्परागत शिक्षण सिकाई | प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड |
| स्वास्थ्य संस्थाहरूमा औषधी, आवश्यक प्रयोगशाला, गुणस्तरीय स्वास्थ्य सेवा तथा अपाङ्गमैत्री सुविधाको अभाव | गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने |
| स्थानीय विकासमा युवाहरूको संलग्नता कम हुनु | उच्च शिक्षा प्राप्त युवा विदेश पलायन हुने प्रवृति रोक्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्ने |
| संरचनाहरू अपाङ्गमैत्री, अशक्त तथा बालमैत्री नहुँदा सेवाको सहज पहुँचमा कठिनाई | पूर्वाधार निर्माणलाई अपाङ्गमैत्री, अशक्त तथा बालमैत्री बनाउने |
| वातावरणीय प्रभाव, जलवायु परिवर्तन, अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु र स्रोत प्रदूषित हुँदै जानु | योजना विहिन बस्ती विकास तथा अव्यवस्थित पूर्वाधार निर्माण |
| एक घर– एक खानेपानी योजना कार्यान्वयन हुन नसक्नु | तहगत सरकारहरू बीचको तादाम्यता नहुनु र बजेट अभाव |
| महिलालाई विकासका सबै चरणहरूमा अर्थपूर्ण सहभागिता गराउन नसक्नु तथा महिला सशक्तीकरणका लागि गरिएका संस्थागत तथा कार्यक्रमगत प्रयासहरू अपर्याप्त हुनु, | परम्परावादी सोच तथा एकीकृत र खण्डीकृत तथ्याङ्कको अभाव |
| लैङ्गिक हिंसाको अन्त्यका लागि आर्थिक सशक्तीकरण र जनचेतनाको पाटो प्रभावकारी नहुनु, | नतिजामा आधारित अनुगमन र मूल्या\कन गर्ने |

### (ग) पूर्वाधारको विकास

| समस्या | चुनौती |
|---|---|
| अव्यवस्थित सडक निर्माण तथा सडक यातायातको सहज पहुँच हुन नसक्नु तथा पूर्वाधार विकासमा संरचनाहरूको गुणस्तरियता नहुँदा दिगो नहुनु। | छरिएर रहेका बस्तीहरूमा सडक स्तरोन्नति विस्तार गर्नु, पूर्वाधार संरचनाको गगुणस्तरियता कायम गर्नु। |
| बस्ती तथा सार्वजनिक निर्माणलाई व्यवस्थित गर्न नसक्नु । भूमि तथा भूमिस्रोतको दिगो सदुपयोग गर्न परिमार्जित भू–उपयोग नीति, २०७२ अनुरूप भवन तथा बस्ती विकास हुन नसक्नु | बस्ती तथा सार्वजनिक निर्माणको मापदण्ड लागु गर्ने तथा भवनसंहिता लागु गर्ने। |
| सूचना प्रविधिको सहज पहुँच हुन नसक्नु तथा प्रविधिको गलत प्रयोग बढ्दै जानु | सूचना प्रविधिको विकासबाट आउनसक्ने विकृति र विसङ्गति नियन्त्रणका निम्ति पर्याप्त उपायहरू गर्नु |

### (घ) वन, वातावरण तथा विपद् व्यवस्थापन

| समस्या | चुनौती |
|---|---|
| वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था गरी समुदायलाई वन तथा वातावरण संरक्षण तथा प्रवर्द्धन सम्बन्धी सहि तरिकाले सचेतीकरण गर्न नसक्नु | कृषि तथा अन्य व्यवसाय सञ्चालनको क्रममा हुने अधिक रसायनको प्रयोग |
| सरकारी र सार्वजनिक जग्गाको वास्तविक लगत तयार हुन नसक्दा उचित संरक्षण र व्यवस्थापन हुन नसक्नु | भूमि प्रशासनलाई मानव संशाधन समयानुकूल र प्रविधियुक्त बनाई स्तरीय सेवा प्रवाह र कार्यसम्पादन गर्ने |
| विपद्का सबै कारणहरूको असर तथा प्रभावको वैज्ञानिक अनुसन्धान गरी क्षेत्रगत विकास योजना लागु हुन नसक्नु | विपद् प्रतिरोधी गुणस्तरीय पूर्वाधार सहित विपद् उत्थानशील सहर तथा बस्ती विकास गर्ने, सबै प्रकारका विपद्को सामना गर्न आधुनिक प्रविधियुक्त संरचना र दक्ष जनशक्तिको विकास गर्ने |

### (ङ) सुशासन तथा संस्थागत विकास

| समस्या | चुनौती |
|---|---|
| सार्वजनिक सेवा प्रवाह प्रभावकारी हुन नसक्नु | जनताका घरदैलोमा सार्वजनिक सेवाप्रवाहको सुनिश्चितता प्रदान गर्नु, अन्तर सरकारी निकाय समन्वय गर्नु र आवश्यक साधन स्रोतको व्यवस्था गर्नु, जनसहभागिता, पारदर्शिता तथा जवाफदेहिता बढाउनु, समग्र सार्वजनिक प्रशासनमा नैतिकता अभिवृद्धि गरी उत्प्रेरणा बढाउनु, सरकारी सेवाको प्रवाहलाई सहज र प्रभावकारी बनाउनु, सार्वजनिक सेवामा रहेका राष्ट्रसेवकहरूमा राष्ट्रप्रति समर्पण र जनताप्रतिको सेवाभावको भावना जगाउनु |
| आन्तरिक स्रोतको परिचालन तथा व्यवस्थापन पर्याप्त मात्रामा हुन नसक्नु, | अध्ययन–अनुसन्धान गर्ने |
| सार्वजनिक सेवालाई सरल, पारदर्शी, जवाफदेही, गुणस्तरीय, परिणाममुखी र नागरिकमैत्री हुन नसक्नु | सार्वजनिक सेवा प्रवाह संस्थागत बनाउने |

## ३.३ प्रमुख सम्भावना तथा अवसर

अवसर भनेको चाहेको प्रतिफल प्राप्त गर्न सकिने स्थिति हो।

(क) नगरपालिका भित्रका सामाजिक, साँस्कृतिक तथा भौगोलिक विशिष्टताका आधारमा नीति तथा योजना निर्माण गरी कार्यान्वयन गर्ने।

(ख) राजनैतिक परिवर्तन र संघीयताको सन्दर्भमा स्थानीय स्तरबाटै स्रोत परिचालन र अनुगमन गर्ने।

(ग) नगरपालिकामा उपलव्ध स्रोत साधनलाई स्थानीय जनताको आवश्यकता र चाहना अनुसार स्थानीय जनताको सहभागितामा परिचालन गर्न पाउने कानूनी व्यवस्था रहेको।

(घ) बदलिँदो परिस्थितिमा नयाँ, उच्च उत्साह, आकांक्षा र विकासप्रति नगरपालिकामा आम सहमतिको वातावरण बन्ने सम्भावना रहेको।

(ङ) विगतमा निर्माण तथा विकास गरिएका विभिन्न भौतिक तथा सामाजिक पूर्वाधारको उपयोग गरी विकास कार्यहरू सञ्चालन गर्ने वातावरण रहेको।

(च) सेवाग्राहीहरूमा आएको चेतनाको विकासले आफ्नो हक अधिकार र सेवा सुविधाप्रति सचेत रही सुशासनप्रति चासो देखाएको।

(छ) उर्वर माटो भएकोले विद्यमान खोलानाला, भूमिगत श्रोतको समुचित उपयोग गरी सिँचाई सुविधा विस्तार गर्ने सम्भावना रहेकोले धान खेती लगायत तरकारी तथा फलफूल खेती गरी आय आर्जन गर्न सकिने प्रशस्त सम्भावना रहेको छ।

(ज) कृषि क्षेत्रको विकासमा विविधता ल्याई बजारीकरण गर्न सकेमा रोजगारीका अवसर बढाउने सम्भावना रहेको छ।

(झ) परम्परागत सीप र प्रविधि, परम्परागत अमूर्त कला प्रोत्साहन गरी घरेलु उद्योगको विकास र प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ।

(ञ) पार्क, मनोरञ्जन स्थलको निर्माण गरी वातावरणीय पर्यटन विस्तार गर्न सकिने सम्भावना छ।

(ट) सूचना प्रविधिको क्षेत्रमा उपलव्ध अत्याधुनिक सुविधा र प्रविधि उपयोग गरी सूचना, तथ्याङ्क संकलन, व्यवस्थित अनुसन्धान तथा विश्लेषण गर्न सकिने संस्थागत व्यवस्था मिलाउन सकिने सम्भावना छ।

## ३.४ निर्देशक सिद्धान्त

शारदा नगरपालिकाको नगर विकास योजना तर्जुमा गर्दा देहायका मार्गनिर्देशक सिद्धान्त तय गरिएका छन्:

(क) नेपालको संविधानको भाग १ धारा ४ मा "नेपालको अर्थतन्त्र समाजवाद उन्मुख हुनेछ" भन्ने उल्लेख भए अनुसार पिछडिएका, उपेक्षित तथा सिमान्तकृत समुदायको सामाजिक विकास तथा आर्थिक उत्थानका लागि नगर विकास योजनाको ध्येय समाजवाद उन्मुख स्थानीय अर्थतन्त्रको निर्माण गर्नु हुनेछ।

(ख) उत्पादनमुखी, आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गरिने छ।

(ग) नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त सम्बन्धी धारा ५१ (घ) (१) अनुसार तीन खम्बे अर्थनीति अनुसरण गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहभागितामा नगरको स्थानीय अर्थतन्त्र सुदृढ गरिने छ।

(घ) संविधानको भाग ४ धारा ५१ (घ) (२) मा उल्लेख भए अनुसार अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गर्दै नगरको समृद्धि हासिल गरिनेछ।

(ङ) संविधानको भाग ४ धारा ५१ (घ) (३) अनुसार सहकारी क्षेत्रको प्रवर्द्धन गर्दै यसलाई नगरको उच्च सम्भावना रहेको आर्थिक विकासका क्षेत्रमा परिचालन गरिनेछ।

(च) रणनीतिक शहरी पूर्वाधारका योजनाहरूमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीचको सहकार्य अगाडि बढाइनेछ।

(छ) स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, विद्युत, सञ्चार र यातायात जस्ता सेवाहरूमा सबै व्यक्तिको सहज पहुँच पुऱ्याउन नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदार, निजीक्षेत्र र समुदायसँग सहकार्य गरिनेछ।

(ज) आर्थिक-सामाजिक तथा भौगोलिक रूपले पछाडि परेका दलित, जनजाति, मुस्लिम, सिमान्तकृत वर्ग, एकल महिला, फरक क्षमता भएका व्यक्ति (अपाङ्ग) र पिछडिएका वर्गको सेवामा पहुँच बृद्रि गर्न अवरोध पुऱ्याउने कारक तत्वहरू पत्ता लगाई सोको सम्वोधन गर्ने गरी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ।

(झ) स्थानीय श्रोत, सीप तथा साधनको अधिकतम परिचालन गरी प्राकृतिक श्रोतको दिगो उपयोग गरी अन्तर र्राष्ट्रिय प्रतिबद्धता अनुसार दिगो विकास लक्ष्य तथा समावेशी विकासका उद्देश्य प्राप्त गर्नेतर्फ नगर विकास योजनाका नीति तथा कार्यक्रमहरू परिलक्षित गरिनेछ।

(ञ) साँस्कृतिक तथा भौगोलिक विविधताको पृष्ठभूमि रहेको शारदा नगरपालिकामा आधुनिक कृषि र पर्यटन विकास मार्फत "समृद्ध नेपाल, सुखी नेपाली" को लक्ष्यलाई यथार्थमा बदल्न योगदान दिन सक्ने नव परिवर्तनकारी कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

### ३.५.१ सोच

दीर्घकालीन सोचलाई नगरपालिकाको एउटा मार्गदर्शन र रणनीति बाहेक आदर्श अवस्थाको रूपमा समेत लिन सकिन्छ । दीर्घकालीन सोचले नगरपालिका पुग्न चाहेको र प्राप्त गर्न खोजेको एउटा आदर्श अवस्थालाई जनाउँछ । वि.सं. २१०० सम्ममा समृद्ध नेपाल सुखी नेपाली बनाउने राष्ट्रिय संकल्प र समृद्ध कर्णाली सुखारी कर्णालीवासीको प्रादेशिक लक्ष्यमा योगदान पुऱ्याउने गरी **"सुन्दर र समृद्ध शारदा, खुसी र आत्मनिर्भर शारदाबासी"** शारदा नगरपालिकाको दीर्घकालीन सोच तय गरिएको छ। स्थानीय अवसर र सम्भावना तथा विशेषताको आधारमा शारदा नगरपालिकाको दीर्घकालीन सोच तयार पारिएको हो।

**"सुन्दर र समृद्ध शारदा, खुसी र आत्मनिर्भर शारदाबासी" शब्दावलीको अर्थ**

**सुन्दर** : नगरपालिकामा हरियाली प्रबर्द्धन भएको हुनुपर्दछ। समुचित फोहोरमैला व्यवस्थापन भएको हुनुपर्दछ। वातावरण मैत्री नगरपालिका निर्माण भएको हुनुपर्दछ। खोलानाला सफा, स्वच्छ र संरक्षण भएको हुनुपर्दछ।

**समृद्ध** : समृद्धि भनेको सामााजिक, आर्थिक तथा भौतिक रूपले सम्पन्न भएको स्थिति हो। नगरपालिकालाई सामाजिक, आर्थिक, पूर्वाधार आदि दृष्टिले समुन्नत नगरका रूपमा विकास गर्नुपर्ने विषयलाई योजनाले समेटेको हुनुपर्दछ। समृद्ध शब्दले कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार क्षेत्र पूर्ण रूपले विकसित भएपछि मात्रै नगरपालिका समृद्ध हुन्छ भन्ने हो। यिनै क्षेत्रहरूमा नगरका नीति तथा कार्यक्रमहरू केन्द्रित हुनुपर्ने देखिन्छ। यस आवधिक योजनाको मुख्य लक्ष्य जनताको खुसी र समृद्धि हासिल गर्ने र नागरिकलाई आत्मनिर्भर बनाउने दिशातर्फ केन्द्रित हुनुपर्दछ भने आगामी २०-२५ वर्षसम्म पनि यिनै क्षेत्रहरू विकासका अग्रणी क्षेत्रका रूपमा रहने छन् र समृद्धिको यात्रा निरन्तर चलिरहनेछ।

**खुसी** : यस शारदा नगरपालिकाले सुखी नेपालीको लागि सभ्य, सु-संस्कृत तथा मर्यादित जीवनयापन, समतामूलक न्यायप्रणाली, स्वस्थ्य र सन्तुलित आहार, पारदर्शी र जनउत्तरदायी शासन व्यवस्था, समुन्नत लोकतन्त्र, सामाजिक एकता र सम्मानजनक जीवनयापन जस्ता सूचकहरू तय गर्नु पर्नेछ।

**आत्मनिर्भर**: आवधिक योजनामा नगरलाई आत्मनिर्भर बनाउन कृषि र पशुपंक्षी पालनमा बढि जोड दिएको छ। मासुजन्य वस्तुमा आत्मनिर्भर, दुग्धजन्य वस्तुमा आत्मनिर्भर, तरकारी तथा फलफूलमा आत्मनिर्भर, मसलाजन्य वस्तुमा आत्मनिर्भर, स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना भएको हुनुपर्दछ तथा खाद्य वस्तुमा आत्मनिर्भर हुन कार्य गर्नु पर्ने छ, आन्तरिक राजस्व संकलनमा बृद्धि भएको हुनुपर्दछ, आयातलाई प्रतिस्थापन तथा न्युनीकरण गर्दै लगेको हुनुपर्दछ। स्थानीय स्तरमा आवश्यक दक्ष जनशक्तिको उपलब्धता भएको हुनुपर्दछ।

### ३.५.२ लक्ष्यः

आर्थिक, भौतिक, सामाजिक र साँस्कृतिक क्षेत्रको उच्च विकास सहित वातावरण मैत्री, समावेशी न्यायपूर्ण तथा सुशासनयुक्त सभ्य समाज भएको समृद्ध नगरपालिका हुनेछ।

### ३.५.३ उद्देश्यः

(क) व्यवसायिक कृषि, पशुपंक्षीपालन एवम् पर्यटकीय क्षेत्रको विकास मार्फत कृषक, महिला एवम् युवाहरूलाई आत्मनिर्भर बनाइ रोजगारी, आय-आर्जन र जीविकोपार्जनका अवसरहरू प्रवर्द्धन गर्ने। (आर्थिक विकास)

(ख) गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरससफाइ, लक्षित वर्गको मुलप्रवाहीकरण, स्थानीय भाषा, संस्कृतिको संरक्षण तथा सम्वर्द्धन, रोजगार र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरूलाई सर्वसुलभ, गुणस्तरीय र समावेशी बनाउँदै मौलिकतामा आधारित विभेदरहित शारदा नगरपालिका निर्माण गर्ने। (सामाजिक विकास)

(ग) नगरपालिका भित्र गुणस्तरीय पूर्वाधारहरूको निर्माण, सहज यातायात, व्यवस्थित तथा योजनावद्ध आवास निर्माण तथा सूचना प्रविधिमा एक अब्बल र नमूनायोग्य डिजिटल नगरपालिका निर्माण गर्ने। (पूर्वाधार विकास)

(घ) प्राकृतिक स्रोत साधनहरूको संरक्षण तथा सम्बर्द्धन, जलाधार क्षेत्रको संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील समुदाय निर्माण तथा आन्तरिक स्रोत साधन र क्षमताको पहिचान गर्दै सोको व्यवस्थित र प्रभावकारी परिचालनका माध्यमबाट आन्तरिक क्षमता सुदृढ गर्ने। (वन, वातावरण तथा विपद् व्यवस्थापन)

(ङ) सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउँदै पारदर्शी शासन व्यवस्था, उत्तरदायी प्रशासन संयन्त्र, सहभागितामूलक पद्धति र निर्वाध रूपमा सूचनाको पहुँच प्रत्याभूति गर्न सक्ने प्रदेशकै अग्रणी स्थानीय तह बनाउने। (सुशासन तथा संस्थागत विकास)

## ३.६ नगर समृद्धिका सहयोगी क्षेत्रहरु

शारदा नगर समृद्धिका मुख्य सहयोगी क्षेत्रहरू देहाय बमोजिम रहेका छन् : -

(क) जनसांख्यिक लाभ

(ख) कृषि तथा पशुपंक्षी व्यवसायको आधुनिकीकरण, विशिष्टीकरण, विविधीकरण र बजारीकरण

(ग) धार्मिक पर्यटकीय स्थलहरूको प्रचार प्रसार तथा आवश्यक पूर्वाधार निर्माण

(घ) सुरक्षित, व्यवस्थित, उत्पादनशील र दिगो पूर्वाधारको विकास

(ङ) नवप्रवर्तन, सीप विकास, उद्यमशीलता विकास र रोजगारी प्रवर्द्धन

(च) योजनावद्ध विकास तथा व्यवस्थित भू-उपयोग

(छ) मानव संशाधन व्यवस्थापन तथा जनमुखी सेवा प्रवाह

(ज) गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, स्वच्छ खानेपानी तथा सरसफाइ सुविधाको प्रवर्द्धन

(झ) वातावरणीय सन्तुलन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् उत्थानशिलता

(ञ) समावेशीकरण तथा सामाजिक न्याय प्रवर्द्धन

(ट) सुशासन तथा जवाफदेहिता प्रवर्द्धन

## ३.७ परिमाणात्मक लक्ष्य

आवधिक योजनाको अपेक्षित परिमाणको उपलब्धी तालिकामा प्रस्तुत गरिएको छ :

*तालिका नं. ३ : आवधिक योजनाको परिमाणात्मक लक्ष्य*

| क्र.सं. | परिमाणात्मक लक्ष्यहरू र सूचकहरू | एकाई | आ.व. २०७५/७६ यथार्थ | | आ.व. २०७८।७९ | शारदा न.पा आवधिक योजनाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | कर्णाली प्रदेश | शारदा न.पा | आ. व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व २०८४/८५ |
| क | **समृद्धिका सूचक** | | | | | | | | | |
| १ | वार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ६.८ | ५.७ | | ६ | ६.३ | ६.६ | ६.९ | ७.२ |
| २ | प्रतिव्यक्ति आय | अमेरिकी डलरमा | १०४७ | ६०६ | १२०० | १२५० | १३०० | १३५० | १४०० | १४५० |
| ख | **अर्थतन्त्रमा क्षेत्रगत योगदान** | | | | | | | | | |
| ३ | मानव विकास सूचकाङ्क | सूचाङ्क | ०.५७९ | ०.४२७ | ०.५८८ | ०.५८९ | ०.५९० | ०.५९८ | ०.६११ | ०.६२३ |
| ४ | आधारभुत खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | | ८६.२ | ८५ | ८७ | ९० | ९५ | ९८ | ९८ |
| ५ | सडक यातायातले जोडिएको वडाको संख्या | | | | | १५ | १५ | १५ | १५ | १५ |
| ६ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ८८ | ६७.५ | ८६.२ | ९० | ९३ | ९५ | ९७ | ९९ |
| ७ | बर्षभरी सिँचाई हुने खेती गरिएको जमिन | प्रतिशत | | | ११ | १४ | १६ | १८ | २० | २२ |
| ८ | इन्टरनेट प्रयोगकर्ता | प्रतिशत | ६५.९ | ४० | ४१.६ | ४५ | ५० | ५५ | ६० | ६५ |
| ९ | शारदा नगरपालिकाको कालोपत्रे सडक | कि.मी. | | १०३ | ४१ | ४४ | ४८ | ५२ | ५६ | ६० |
| १० | ३० मिनेटको दूरीमा यातायातको पहुँच भएको परिवार | प्रतिशत | ८२ | | १४ | २० | ३० | ४० | ५० | ६० |
| ११ | अपेक्षित आयु (जन्म हुँदाको ) (बर्ष ) | | | ६७ | ७० | ७१ | ७२ | ७३ | ७४ | ७५ |
| १२ | ३० मिनेट सम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | | २३.६ | २८ | २९ | ३० | ३१ | ३२ | ३३ |
| १३ | स्वास्थ्य विमामा आवद्ध जनसंख्या | प्रतिशत | | ६.५ | ६८ | ७० | ७२ | ७४ | ७६ | ७८ |
| १४ | साक्षरता दर | प्रतिशत | | ६६ | ८२ | ८५ | ८९ | ९३ | ९४ | ९५ |
| १५ | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ५८ | ८२ | ९६.४ | ९७ | ९८ | ९८.५ | ९८.९९ | ९९ |
| १६ | माध्यमिक तह (९-१२) मा कुल भर्नादर | प्रतिशत | ४६ | ५९.४ | ७१.९० | ७२ | ७४ | ७६ | ७८ | ८० |
| १७ | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | | ९३.२ | ७०.६ | ७५ | ७८ | ८१ | ८५ | ९० |
| १८ | वेरोजगार दर | प्रतिशत | | ९.७ | ७.३ | ६.८ | ४.५ | ३ | २.५ | २ |
| १९ | जन्मदा २५०० ग्राम भन्दा कम तौलका बालबालिका | प्रतिशत | | | १२ | १०.५ | ९ | ७.५ | ६ | ४.५ |

## ३.७ रणानीति तथा प्राथमिकता

शारदा नगरपालिकाले अङ्गीकार गरेको दीर्घकालीन सोच, आवधिक नगर विकास योजनाले निर्धारण गरेको लक्ष्य र वृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका रणनीति अवलम्बन गरिने छ।

(क) कृषिको व्यवसायीकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी एवम् आय आर्जनका अवसरहरू सृजना गरी स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउदै निरपेक्ष गरिवी न्यूनीकरण गर्ने।

(ख) शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत सामाजिक सेवा सुविधामा नागरिकको पहुँच अभिवृद्धि गरी सामाजिक समावेशीकरण, सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्ने।

(ग) यातायात, विद्युत, सिंचाइ लगायतका पूर्वाधार विकास एवम् निर्मित पूर्वाधारहरूको दिगो उपयोगका लागि नियमित मर्मत सम्भार एवम् स्तरोन्नति गर्ने

(घ) प्राकृतिक सम्पदाको दिगो उपयोग एवम् वातावरणको संरक्षण सहित विपद संवेदनशीलता विकास गर्दै विपद जोखिम न्यूनीकरण गर्ने।

(ङ) सार्वजनिक सम्पत्तिहरूको दिगो संरक्षण र व्यवस्थापन गरि सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री र प्रभावकारी बनाउने।

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँड

१. शारदा नगरपालिकाको आवधिक योजना तर्जुमा कार्यशालाले आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन तथा सुशासन तथा संस्थागत विकास अन्तर्गत परिकल्पना गरेका आयोजनाहरूको कार्यान्वयन गर्नका लागि **कुल बजेट रु ६ अर्ब ३० करोड ७५ लाख ६ हजार** आवश्यक पर्ने देखिन्छ।

२. नगरपालिकालाई आगामी ५ आ.व.मा आन्तरिक तथा बाहृय श्रोतबाट प्राप्त हुनसक्ने अनुमानित कुल आय रु ३ अर्व ८७ करोड ८५ लाख हुनसक्ने देखिन्छ।

३. आ.व. २०८०।८१ देखि आ.व. २०८४।८५ सम्ममा प्राप्त हुने कुल बजेट मध्ये ३२.४ प्रतिशत रकम अर्थात १ अरव ४५ करोड ६२ लाख ९२ हजार रुपियाँ कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा खर्च हुने प्रक्षेपण गरिएको छ।

४. बाँकि बजेट रु २ अर्ब ६२ करोड २२ लाख ८ हजार तोकिएको विषय क्षेत्रमा खर्च हुने भएकोले योजना तर्जुमा गोष्ठीले तय गरेको नगरपालिकाका प्रमुख प्राथमिक क्षेत्रहरूलाई प्रमुख प्राथमिकताका आधारमा खर्च हुने प्रक्षेपण गरिएको छ।

५. अनुमानित कुल आय रु ३ अर्व ८७ करोड ८५ लाख मध्ये ६० प्रतिशतले रु २ अर्व ३२ करोड ७१ लाख चालु र १ करोड ५५ लाख १४ हजार पुँजिगत खर्च हुने अनुमान गरिएको छ।

क) **संघ तथा प्रदेश सरकार** : नगरपालिकाले संघ र प्रदेश सरकारको प्राथमिकता क्षेत्र अन्तर्गत पर्ने आयोजनाहरूका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरी आवश्यक पर्ने अपुग वित्तीय स्रोत जुटाउन पर्छ। पूर्वाधार क्षेत्र अन्तर्गतका सडक पक्की पुल र आकासे पुल निर्माणका आयोजनाहरूको लागि आवश्यक पर्ने लगानी संघ र प्रदेश सरकारसँग नगरपालिकाले सहकार्यको आधार तयार पार्नेछ।

ख) **नगरपालिका तथा अन्तरपालिका** : नगरपालिकाको प्राथमिकतामा पर्ने तथा सिमाना जोडिएका स्थानीय तहहरूसँगको साझा चासोका आयोजनाहरूका लागि नगरपालिकाले अन्तरपालिका आयोजनाको प्रारुप तयार पारी वित्तीय स्रोत व्यवस्थापनको रणनीति बनाउनेछ ।

ग) **नीजि क्षेत्रसँगको सहकार्य** : नीजि क्षेत्रलाई आकर्षण गर्न सकिने मुनाफा जन्य आयोजनाहरूको प्रारुप तयार पारी नगरपालिकाले नीजि क्षेत्रको स्रोतलाई परिचालन गर्ने वातावरण तयार पार्ने छ। ठुला ठुला आयोजना निर्माणको लागि नीजिक्षेत्रसँग सहकार्य गरी आवश्यक लगानी जुटाउन आवश्यक देखिन्छ।

घ) **सहकारी तथा जनसहभागिता : नीजि क्षेत्रबाट सञ्चालन गरिने साना साना उद्योग तथा व्यवसाय सञ्चालनको लागि** वित्तीय स्रोत जुटाउन सहकारी तथा जनसहभागितासँग सहकार्य गर्ने मोडालिटी तय गर्नेछ।

*तालिका नं. ३ : आवधिक योजनाको परिमाणात्मक लक्ष्य*

| सि. नं. | स्रोत | आ.व. २०७९।०८० को अनुमानित बजेट | आ.व. २०८०।०८१ को बजेट प्रक्षेपण | आ.व. २०८१।०८२ को बजेट प्रक्षेपण | आ.व. २०८२।०८३ को बजेट प्रक्षेपण | आ.व. २०८३।०८४ को बजेट प्रक्षेपण | आ.व. २०८४।०८५ को बजेट प्रक्षेपण | ५ आ.व.को जम्मा प्रक्षेपित रकम |
|---|---|---|---|---|---|---|---|---|
| क | **संघीय सरकार** | ४५७७४० | ४५२७०० | ४८४३८९ | ५१८२९६ | ५५४५७७ | ५९३३९७।३५ | २६०३३६० |
| १ | समानीकरण अनुदान | १३१३०० | ११५००० | ०५० | १३१६६४ | १४०८८० | १५०७४९।५४ | ६६१३३५ |
| २ | सशर्त अनुदान चालु | २९७९९० | ३०१६०० | ३२२७१२ | ३४५३०२ | ३६९४७३ | ३९५३३६।०८ | १७३४४२३ |
| ३ | सशर्त अनुदान पुंजीगत | २८४५० | १९१०० | २०४३७ | २१८६७।६ | २३३९८।३ | २५०३६।२० | १०९८३९ |
| ४ | समपूरक अनुदान | | ८००० | ८५६० | ९१५९।२ | ९८००।३४ | १०४८६।३७ | ४६००५।९ |
| ५ | विशेष अनुदान | | ९००० | ९६३० | १०३०४।१ | ११०२५।४ | ११७९७।१६ | ५१७५६।७ |
| ख | **प्रदेश सरकार** | २६९६९ | २७०४८ | २८९४१।४ | ३०९६७।३ | ३३१३५ | ३५४५४।४१ | १५५५४६ |
| १ | समानीकरण अनुदान | १३३३९ | १३३४८ | १४२८२।४ | १५२८२।१ | १६३५१।९ | १७४९६।५१ | ७६७६०।९ |
| २ | सशर्त अनुदान चालु | १३६३० | १३७०० | १४६५९ | १५६८५।१ | १६७८३।१ | १७९५७।९१ | ७८७८५।१ |
| ग | **राजस्व बाँडफाँड** | ११५८१४ | ११३५३४।१ | १२१४८१ | १२९९८५ | १३९०८४ | १४८८२०।०१ | ६५२९०५ |
| १ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ११३२४७ | ११०९६७ | ११८७३५ | १२७०४६ | १३५९३९ | १४५४५५।१० | ६३८१४२ |
| २ | बाँडफाँड भई प्राप्त हुने सवारी साधन कर | २५६७१ | २५६७।०७ | २७४६।७६ | २९३९।०४ | ३१४४।७७ | ३३६४।९१ | १४७६२।५ |
| घ | **आन्तरिक श्रोत – आन्तरिक श्रोत –** | १७९५७ | १९७५३ | २११३५।७ | २२६१५।२ | २४१९८।३ | २५८९२।१५ | ११३५९४ |
| ङ | **बैंक मौज्दात –** | ६७५९७ | ६१४०० | ३३५९८ | ३५९४९।९ | ३८४६६।४ | ४११५८।९९ | २१०५७३ |
| | **जम्मा** | ६८६०७७ | ६७४४३५ | ७२१६४६ | ७७२१६१ | ८२६२१२ | ८८४०४६.८० | ३८७८५०० |

## ३.९ आवधिक नगर विकास योजनाको अपेक्षित उपलब्धी

१. शारदा नगरपालिका भित्र आयआर्जनमूलक, उत्पादनमुखी, आत्मनिर्भरको जग निर्माण भएको हुनेछ।

२. नवीकरणीय ऊर्जाको विकास भइ औद्यागिक क्षेत्रको विस्तार, विद्युतीय सवारी साधनको प्रयोग भएको हुनेछ।

३. नयाँ रोजगारीको सिर्जना, गरिवी निवारण, र अर्थतन्त्रको विस्तार गर्नमा स्थानीय उत्पादक र पर्यटन व्यवसायी बिच सघन सहकार्य भएको हुनेछ।

४. शारदा नगरपालिका भित्र कृषि क्षेत्रमा उन्नत विउविजनको प्रयोग, यान्त्रीकरण, जलवायु अनुकूलन कृषि प्रणालीको विकास, र अनुसन्धान मार्फत उच्च उत्पादन र उत्पादकत्व हासिल भएको हुनेछ।

५. साना घरेलु तथा मझौला उद्योग, कृषि प्रशोधन उद्योगहरूको स्थापना र विस्तार भई आयात प्रतिस्थापन र नगरपालिकाको गार्हस्थ उत्पादनमा उद्योगक्षेत्रको अंश उल्लेख्य रहेको अवस्था हुनेछ।

६. नगरपालिका क्षेत्र भित्र पूर्वाधारका नयाँ संरचनाको निर्माण तथा पुराना संरचनाको मर्मत सम्भार निर्धारित समय र लागतमा सम्पन्न भइ वस्तुहरूको उत्पादन र ढुवानी लागत घटेको हुने र आर्थिक क्षेत्रमा नगरपालिकाको प्रतिस्पर्धी क्षमता वृद्धि भएको हुनेछ।

७. बजारमा उच्च माग भएका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको विस्तार भई शिक्षा र उत्पादन बिचको सम्बन्ध विस्तार भएको हुने र शिक्षा क्षेत्रको सुधारले गुणस्तरीय शिक्षाको खोजीमा बाहिर बसाईसराइ हुने क्रममा कमी आएको हुनेछ।

८. स्वास्थ्य क्षेत्रको व्यवस्थापन प्रणालीमा सुधार भई आधारभूत र विशिष्टीकृत सेवाहरू प्रभावकारी रूपमा तोकिएका स्वास्थ्य संस्थामा उपलब्ध हुने अवस्था सृजना भएको हुनेछ।

९. सुशासन प्रवर्द्धनका कारणले शारदा नगरपालिकामा १५ वटै वडाहरू आफ्नो काममा पारदर्शी, र सेवाग्राहीका आवश्यकताप्रति संवेदनशील र उत्तरदायी भएका हुनेछन्। साथै नगरपालिकाले दिने सवै सेवाहरू जनतालाई उपलब्ध भएको हुनेछ।

१०. वन र वातावरणको संरक्षण भएको हुनेछ। साथै वनको प्रयोग नगरवासीको अर्थोपार्जनसँग समेत जोडिएको हुनेछ।

११. जलवायु परिवर्तनको जोखिम वहन गर्न सक्ने क्षमताको विकास भई सेवा प्रवाह गर्ने सार्वजनिक सस्थाहरूको व्यवस्थापन सुधारले एकल महिला, दलित, अपाङ्ग, जेष्ठ नागरिक, बालबालिका, आदिको सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था मजवुत भएको हुनेछ।

१२. शारदा नगरपालिकाको राजस्व प्रणाली सुदृढ भई सहभागितामूलक योजना प्रणाली विकास हुन गई सूचना प्रणालीमा समेत सामुहिक सुधार भएको हुनेछ।

## परिच्छेद ४: आर्थिक क्षेत्र

### ४.१ कृषि तथा पशुपंक्षी विकास र खाद्य सुरक्षा

#### ४.१.१ पृष्ठभूमि

नेपाल एक विकासोन्मुख कृषिप्रधान मुलुक हो। यहाँका बहुसंख्यक जनताको जीविकोपार्जनको मुख्य आधार कृषि तथा पशुपालन रहेको छ। कर्णाली प्रदेशको कुल जनसंख्याको दुई तिहाइ भन्दा बढि जनसंख्या कृषिमा आश्रित छ। कृषि तथा बन उपक्षेत्रले प्रदेशको कुल ग्राईस्थ उत्पादनमा करिब एक तिहाई योगदान दिएको छ। शारदा नगरपालिकाका बहुसंख्यक जनताको मुख्य आधार पनि कृषि रहेको छ। नेपाल सरकारले "सुखी नेपाली, समृद्ध नेपाल" राष्ट्रिय लक्ष्य निर्धारण गरे अनुरुप आफ्नो नीति तथा कार्यक्रम र विभिन्न दस्तावेजहरूमा नागरिकहरूको समृद्धिको चाहना पूरा गर्ने सङ्कल्प गरिरहेका परिप्रेक्ष्यमा कर्णाली प्रदेश सरकारले "समृद्ध कर्णाली, सुखारी कर्णालीबासी" दीर्घकालिन सोच राखेको छ।

शारदा नगरपालिकाको अर्थतन्त्रको प्रमुख आधार भनेको कृषिसँगै वन, साना तथा घरेलु उद्योग, पशुपालन, व्यापार, नोकरी, होटल, रेष्टुरेन्ट तथा सेवा जस्ता लगायतका क्षेत्र हुन्। उपयुक्त हावापानी, कृषिको लागि उपयुक्त उर्वर माटो भएको मध्यपहाडी क्षेत्र तथा प्रशस्त मात्रामा पाइने घाँसले घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। कृषि एवं वनमा आधारित उद्यम विकासको सम्भावना पनि यस नगरपालिकामा रहेको छ। त्यसैगरी नगरपालिकाको ठुलो क्षेत्र ओगटेको बनजंगल तथा जैविक विविधताले नगर विकासको ठुलो सम्भावना बोकेका छन्। यस नगरपालिकाको मुख्य आर्थिक आधार बैदेशिक रोजगार रहेको देखिन्छ, जुन दीर्घकालिन विकासका हिसाबले सुखद पक्ष होइन।

सल्यान जिल्लामा रहेका कृषकहरूको जीवनस्तर उकास्नका लागि जिल्ला स्तरीय प्रमुख निकाय वि.सं. २०३२ सालमा कृषि शाखा नामले स्थापना भई कृषि प्रसार सम्बन्धी कार्य गर्दै आएकोमा नेपालमा संघीयताको कार्यान्वयनसँगै पछिल्लो कर्णाली प्रदेश सरकारको मिति २०७६/०५/०६ को निर्णय अनुसार कृषि विकास कार्यालय सल्यानको नाममा कृषि प्रविधिहरूको प्रचार – प्रसार गर्ने र नेपाल सरकार र कर्णाली प्रदेश सरकारको कृषि नीतिलाई कार्यान्वयन गर्ने काम गर्दै आइरहेको छ। यस आवधिक विकास योजनाले नगरपालिकाको विद्यमान स्थितिमा आधारित रहेर सोच, लक्ष्य, उद्देश्य, कार्यनीति तथा रणनीतिको माध्यमबाट दिगो विकास लक्ष्यका १७ वटा सूचकहरू मध्ये आर्थिक क्षेत्रका प्रमुख लक्ष्य क्षेत्रहरू क्रमश गरिबी, शून्य भोकमरी, मानव विकास, दिगो औद्योगीकरण प्रवर्द्धन, उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने, समावेशी तथा दिगो आर्थिकवृद्धि र उत्पादनशील रोजगारी प्रवर्द्धनका वातावरण सृजना गर्ने गरी योजना तयार गरिएको छ।

#### ४.१.२ समस्या तथा चुनौती

हिउँदमा सिचाईंको अभाव हुनु, कृषि उत्पादनको बजारीकरणको अभाव, वातावरण अनुकल उन्नत बिउ बिजन सहजरुपमा उपलव्ध नहुनु, कृषिको हकमा सरकारले दिने सेवा, सुविधा र अनुदानमा कृषकको पहुँच र सहजीकरणमा कमी, किटनाशक औषधी तथा मलमा सहज पहुँच र प्रयोग विधिमा कृषकहरूमा आवश्यक ज्ञानको कमी, कृषिजन्य खाद्यान्न उत्पादनमा रोग र किराहरूको आक्रमण, बिउबिजन तथा मल उपलब्धता न्युन रहेको, कृषि व्यवसायीकरणको सर्वसाधारणमा कम चेतना रहेको र कृषिजन्य खाद्यान्न उत्पादन उपजमा नै सिमित रहनु, कृषि वैज्ञानिक, विशेषज्ञ र प्राविधिकको अभाव, यस नगरपालिकाको कृषिमा साना र मझौला किसानहरूको बाहुल्यता रहेको छ। समग्रमा कृषि र पशुपंक्षीपालन निर्वाहमुखी रहनु र यसमा संलग्न कृषकहरूको उत्पादकत्व न्यून रहनु यस क्षेत्रका मूलभूत समस्याहरू हुन्। सिचाईको अभाव, पशुपालनलाई पनि सोचे अनुरुप व्यावसायीकरण गर्न नसकेको, चिस्यान केन्द्र तथा संकलन केन्द्रको अभाव कृषि क्षेत्रका मुख्य समस्या हुन्।

कृषि क्षेत्रको आधुनिकीकरणका लागि आवश्यक दक्ष तथा विज्ञ मानव संशाधनको अभाव, उत्पादित वस्तुको बजारीकरण सहज नहुनु, कृषि तथा पशुपन्छीमा देखिने रोग तथा किराको पहिचान, परीक्षण र रोगको उपचार सहजीकरण नहुनु, कृषि क्षेत्रमा पुँजीगत संपत्ति र लगानीकर्ताको कमी, जडिबुटी क्षेत्रको संरक्षण, संवर्धन र विकासका लागि आवश्यक दक्ष मानव संशाधन र जनचेतनाको अभाव, कृषि बिउबिजनको गुणस्तर जाँच, श्रोत बिउ प्रमाणीकरण र क्षमता अभिबृद्धिमा चुनौती रहेको छ।

### ४.१.३ संभावना तथा अवसर

स्थापित तथा सञ्चालनमा रहेका कृषि प्राविधिक शिक्षालयलाई स्तरउन्नति तथा कृषि विद्यार्थीलाई परिचालन गर्ने, पकेट क्षेत्रमा सम्बन्धीत कृषिविज्ञ परिचालन र प्रविधिको उपलब्धता गर्ने, सिड बैंक, चिस्यान केन्द्र, गोदाम घर, संकलन केन्द्र उपलब्धता सुनिश्चित गर्ने, कृषि तथा जडिबुटी प्रशोधन केन्द्र, नर्सरी र तालिम केन्द्र स्थापना गर्ने, कृषकलाई प्राङ्गारिक मल र अन्य कृषि प्राविधिक सम्बन्धी तालिम प्रदान गर्ने, खाद्यान्न बाली, तरकारी फलफूल र जडिबुटीको क्षेत्रफल विस्तार तथा उत्पादन र उत्पादकत्व बृद्धि, माटोको उर्वरा शक्ति पहिचान, माटोको जाँच र व्यवस्थापन प्रविधिको विकास, पशुपालन व्यवसायलाई व्यवस्थित गरी मासु र दुध उत्पादनमा आत्मनिर्भर र व्यावसायीकरण गर्न सकिने आदि अवसर रहेका छन्।

**४.१.४ सोचः** "कृषिक्षेत्रको समुन्नत विकास, आत्मनिर्भर शारदाको बलियो आधार"

**४.१.५ लक्ष्यः** कृषि उत्पादकत्व, खाद्य सुरक्षा, प्रविधिमैत्री कृषि मार्फत युवा रोजगारमा वृद्धि र गरिवी न्युनीकरण गर्ने।

### ४.१.६ उद्देश्य

१. कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्दै आर्थिक समृद्धि हासिल गर्नु।

२. कृषि तथा पशुपालनमा रोजगारी र आम्दानीको अवसर वृद्धि गर्नु।

३ व्यावसायिक पशुपंछीपालन तथा प्रविधिमैत्री कृषिमा जोड दिंदै विशिष्टीकृत क्षेत्रको रुपमा विकास गर्नु।

### ४.१.७ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| **उदेश्य १ : कृषि उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्दै आर्थिक समृद्धि हासिल गर्नु** | |
| १.१. उत्पादनमा वृद्धि गरी कृषि तथा पशुपालनलाई रोजगारी सृजनाको प्रमुख आधारको रुपमा विकास गर्ने। | १.१.१ कृषि व्यवसायलाई व्यवस्थित बनाउन करारखेती, सामुहिक खेती र चक्ला खेतीको अवधारणा विकासको लागि आवश्यक कार्यक्रम तथा नीति तर्जुमा गरिनेछ। |
| | १.१.२ वडा नं. ८ र ९ लाई अन्नबाली बिउ उत्पादन, १४ र १५ लाई अदुवा र बेसार उत्पादन, सुन्तला र तरकारी बिउको लागि ६ र ७, मुलाको बिउको लागि वडा नं. २ लाई पकेट क्षेत्रको रुपमा विकास गरिनेछ। |
| | १.१.३ आवधिक रुपमा माटो परीक्षण, रोग परीक्षण, तथा शिविर सञ्चालन तथा बाली अनुसन्धानलाई व्यापक बनाउन नीति अवलम्वन गरिनेछ। |
| | १.१.४ कृषि उपज संकलन केन्द्र तथा हाटबजार सञ्चालन गरिनेछ। |
| | १.१.५ बढ्दो बैदेशिक रोजगारीलाई न्युनीकरण गर्दै नगरपालिका भित्रै युवालाई कृषि व्यवसायमा आकर्षित गरिनेछ। |
| | १.१.६ पालिकामा मीनि माटो ल्याब स्थापना गरी माटो परीक्षणलाई व्यापक बनाइनेछ। |

| | |
|---|---|
| १.२ कृषि तथा पशुपालन क्षेत्रको उत्पादकत्व वृद्धि गर्न शिक्षा, अनुसन्धान, तालिम र प्रचार पद्धतिलाई प्रभावकारी बनाउने। | १.२.१ कृषि तथा भेटनरी शिक्षा पढेकालाई पढ्दै सिक्दै कार्यक्रम सञ्चालन गरिनेछ। |
| | १.२.२ कृषि, जडिबुटी नर्सरी लगायत तालिम केन्द्र स्थापना गरिनेछ। |
| | १.२.३ कृषक पहिचान तथा वर्गीकरण गरी अनुदान तथा अन्य सेवा प्रदान गरिनेछ। |
| १.३ कृषि उत्पादनको सुरक्षा, उद्योग प्रवर्द्धन र वस्तुहरूको संकलन भण्डारण तथा व्यापारिक केन्द्रको विकास गर्ने। | १.३.१ दुग्धजन्य उत्पादन संकलन केन्द्र स्थापना गरिनेछ। |
| | १.३.२ कृषि उत्पादन, संकलन र चिस्यान केन्द्र तथा बाख्रा प्रजनन् केन्द्र स्थापना गरिनेछ। |
| | १.३.३ छनोट भएका उच्च मूल्यका कृषि बस्तुको उत्पादन, प्रशोधन, भण्डारण विविधीकरण तथा बजारीकरणमा प्रोत्साहन दिइनेछ। |
| | १.३.४ कृषि तथा पशु बीमा कार्यक्रम सञ्चालन गरिनेछ। |
| १.४ तुलनात्मक लाभ एव उच्च मुल्य बाली तथा वस्तुको बजारीकरण गरी आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धन गर्ने। | १.४.१ एक वडा एक नमूना कृषि कार्यक्रम नीति अबलम्बन गरिने। |
| | १.४.२ सम्भावित कृषि बस्तु, पशुजन्य उत्पादनहरूको पहिचान एवं उत्पादनवृद्धि गरी उक्त उत्पादनको ब्रान्ड प्रवर्द्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गरिने। |
| | १.४.३ खेती वातावरण अनुकुल स्मार्ट प्रविधियुक्त कृषि सडक निर्माण गरिने। |
| **उदेश्य २: कृषि तथा पशुपालनमा रोजगारी र आम्दानीको अवसर वृद्धि गर्नु।** | |
| २.१ वातावरण मैत्री प्रविधि, वित्तीय सहयोग, बजारीकरण अन्य पूर्वाधारको विकास गरी कृषि तथा पशुपंक्षी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने। | २.१.१ माटो सुहाउँदो एवम् सम्भावना तथा उत्पादकत्वका आधारमा कृषिभूमि वर्गीकरण र वातावरणमैत्री कृषि प्रविधिको अबलम्बन गरिनेछ। |
| | २.१.२ पशुपन्छी विशेष उत्पादन क्षेत्र निर्धारण गरी उन्नत नश्ल, पशु आहारा, पशु सेवा, पशु स्वास्थ्य, सुलभ ऋृण, बीमा सहितको प्राविधिक सेवा प्रदान गरिनेछ। |
| | २.१.३ प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रको पहिचान र प्राङ्गारिक वस्तुको ब्रान्ड प्रवर्द्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गरिनेछ। |
| | २.१.४ कृषि विशेष उत्पादन क्षेत्र तोकी त्यस्ता क्षेत्रमा आवश्यक पूर्वाधारको विकास र विज्ञ सहित आधुनिक तवरको कृषिमा जोड दिइनेछ। |
| **उदेश्य ३ : व्यायवसायिक पशुपंछीपालन तथा प्रविधिमैत्री कृषिमा जोड दिंदै विशिष्टीकृत क्षेत्रको रुपमा विकास गर्नु ।** | |
| ३.१ स्थानीय हावापानी सुहाउँदो नश्ल पहिचान गरी पशुपंछी तथा मत्स्य पालन गर्ने। | ३.१.१ एक घर एक व्यवसायिक उत्पादन गरिनेछ। |
| | ३.१.२ नश्ल सुधारका लागि डिजिटल कृत्रिम गर्भाधारणको व्यवस्थापन गरिनेछ। |
| | ३.१.३ भूगोल अनुसार नगरभित्र पकेट तथा ब्लक कार्यक्रम सञ्चालन गरिनेछ। |
| ३.२ पशुपंछी पालनमा प्रोत्साहित गरी आत्मनिर्भर र व्यावसायिक क्षमता विकास गर्ने । | ३.२.१ वार्षिक रुपमा पशु दिवस मनाउने र उत्कृष्ट कृषकवर्ग छनौट गरी, सहुलियत ऋृण तथा अनुदान उपलब्ध गराइनेछ। |
| | ३.२.२ समय समयमा हरेक वडामा पशु शिविर सञ्चालन गरी परजीवी विरुद्ध खोप र औषधी नि:शुल्क उपलब्ध गरिनेछ। |
| | ३.२.३ एक वडा एक घाँसेबाली स्रोतकेन्द्र स्थापना गरिनेछ। |

| | |
|---|---|
| ३.३ प्रविधिमैत्री कृषि हबको रुपमा विकास गर्ने। | ३.३.१ एक घर एक कृषि स्मार्ट मोबाईल उपलब्ध गराइनेछ। |
| | ३.३.२ कृषकसँग विज्ञ कार्यक्रम अनलाईन मार्फत सञ्चालन गरिनेछ। |
| | ३.३.३. कृषकलाई आवश्यक पर्ने सबै सूचना अनलाईन मार्फत सञ्चालन गरिने व्यवस्था गरिनेछ। |

### ४.१.८ कार्यक्रम तथा आयोजना

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | गै.स.स. तथा अन्य क्षेत्र | |
| १ | कृषि व्यवसायलाई व्यवस्थित बनाउन करार खेती, सामुहिक खेती र चक्ला खेतीको अवधारणा विकासको लागि आवश्यक कार्यक्रम तथा नीति तर्जुमा | | ✓ | ✓ | | | नपा |
| २ | खाद्यान्न, तरकारी, बिउ, सुन्तला उत्पादन, अदुवा बेसार उत्पादन पकेट क्षेत्र कार्यक्रम | | ✓ | ✓ | | | " |
| ३ | आवधिक रुपमा माटो परीक्षण, रोग परीक्षण, कृषिविज्ञ, शिविर परिचालन तथा सञ्चालन | ✓ | ✓ | ✓ | | | " |
| ४ | कृषि उपज संकलनकेन्द्र स्थापना तथा हाटबजार सञ्चालन | | | ✓ | ✓ | | " |
| ५ | बैदेशिक रोजगारीलाई न्युनीकरण गर्दे, युवालाई कृषि पेशामा आकर्षित गर्ने कार्यक्रम सञ्चालन | | ✓ | ✓ | ✓ | | " |
| ६ | पालिका स्तरमा मीनि माटो परीक्षण ल्याब स्थापना गरी माटो परीक्षणलाई व्यापक बनाउने। | | ✓ | ✓ | ✓ | | " |
| ७ | कृषि तथा भेट्नरी शिक्षा पढेकालाई पढ्दै सिक्दै कार्यक्रम सञ्चालन गरिनेछ। | | ✓ | ✓ | | | " |
| ८ | कृषि, जडिबुटी नर्सरी लगायतको तालिम केन्द्र स्थापना। | | | ✓ | ✓ | | " |
| ९ | कृषक पहिचान तथा वर्गीकरण गरी अनुदान तथा अन्य सेवा प्रदान | | ✓ | ✓ | | | " |
| १० | दुग्धजन्य उत्पादन संकलन केन्द्र स्थापना | | | ✓ | ✓ | | " |
| ११ | कृषि उत्पादन, संकलन र चिस्यान केन्द्र तथा बाख्रा प्रजनन् केन्द्रको स्थापना | | ✓ | ✓ | ✓ | | " |
| १२ | छनोट भएका उच्च मूल्यका कृषि बस्तुको उत्पादन, प्रशोधन, भण्डारण विविधीकरण तथा बजारीकरणमा प्रोत्साहन | ✓ | ✓ | ✓ | ✓ | ✓ | " |
| १३ | कृषि तथा पशुबीमा कार्यक्रम | | ✓ | ✓ | ✓ | ✓ | " |
| १४ | एक वडा एक नमूना कृषि कार्यक्रम सञ्चालन | | ✓ | ✓ | ✓ | ✓ | " |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | सम्भावित कृषि बस्तु, पशुजन्य उत्पादनहरूको पहिचान एवम् उत्पादन वृद्धि गरी उक्त उत्पादनको ब्रान्ड प्रवर्द्धन | | ✓ | ✓ | | | " |
| १६ | खेती वातावरण अनुकुल कृषि सडक निर्माण | ✓ | ✓ | ✓ | | | " |
| १७ | माटो सुहाउँदो एवम् सम्भावना तथा उत्पादकत्वका आधारमा कृषि भूमि वर्गीकरण र वातावरणमैत्री कृषि प्रविधि | ✓ | ✓ | ✓ | | | " |
| १८ | पशुपन्छी विशेष उत्पादन क्षेत्र निर्धारण | ✓ | ✓ | ✓ | | | " |
| १९ | प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रको पहिचान एवम् उत्पादित प्राङ्गारिक वस्तुको ब्रान्ड प्रवर्द्धन | | ✓ | ✓ | | | " |
| २० | कृषि विशेष उत्पादन क्षेत्र तोकी त्यस्ता क्षेत्रमा आवश्यक पूर्वाधारको विकास सहित आधुनिक तवरको कृषिमा जोड | ✓ | ✓ | ✓ | | ✓ | " |
| २१ | एक घर एक व्यवसायिक उत्पादन | | | ✓ | | | " |
| २२ | नश्ल सुधारका लागि कृत्रिम गर्भाधारणको व्यवस्थापन | | ✓ | ✓ | | | " |
| २३ | भूगोल अनुसार नगर नगरमा पकेट तथा ब्लक सञ्चालन | | | ✓ | | | " |
| २४ | वार्षिक रुपमा पशु दिवस मनाउने र उत्कृष्ट कृषकवर्ग छनौट गरी, सहुलियत ऋण तथा अनुदान उपलब्ध | | | ✓ | | | " |
| २५ | समय समयमा हरेक वडामा पशु शिविर सञ्चालन गरी परजीवी विरुद्ध खोप र औषधी निःशुल्क उपलब्ध | | | ✓ | | | " |
| २६ | एक वडा एक घाँसेबाली स्रोत केन्द्र स्थापना | | | ✓ | | | " |
| २७ | विज्ञसँग कृषक अनलाईन कार्यक्रम सञ्चालन | | | ✓ | | | |
| २८ | कृषि सूचनाको डिजिटाइजेशन | | | ✓ | | | " |

### ४.१.९ अपेक्षित उपलब्धि तथा नतिजा खाका

१. आधुनिक, व्यवसायिक कृषि, खाद्य सुरक्षा तथा युवा रोजगारद्वारा आर्थिक वृद्धि र विकास भई नगरपालिका निर्यातमुखी भएको हुनेछ।

२. कृषि उत्पादनमा आत्मनिर्भर वृद्रि भई आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धन र आर्थिक समृद्धि हासिल भएको हुने।

३. कृषि तथा पशुपालनमा आधारित उधोग प्रवर्द्धन र कृषि पर्यटनको अवधारणा विकास गरी रोजगारी र आम्दानी वृद्धि भएको हुने।

४. सामुहिक पशुपंछीपालनमा वृद्धि भई व्यवसायिक र प्रविधि मैत्री कृषि भएको हुनेछ।

## नतिजा खाका

### तालिका नं. ५: कृषि तथा पशुपन्छि विकास क्षेत्रको नतिजा खाका

| नतिजा स्तर | नतिजा | सूचक | ईकाई | आधारवर्षआ.व २०७९/८० | उपलब्धि (चाहेको अवस्था) | | | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईका आधारहरू | पूर्वानुमान Assum-ptions |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व २०८०/८१ | आ.व. २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | | | |
| प्रभाव | आधुनिक, व्यवसायिक कृषि, खाद्य सुरक्षा तथा लाभप्रद युवा रोजगारद्वारा आर्थिक वृद्धि र विकास भई नगरपालिका निर्यातमुखी भएको हुने | व्यवसायिक कृषि संलग्न घरधुरीमा बृद्धि | प्रतिशत | ५ | ८ | ११ | १४ | १७ | २० | २० | न. पा. | |
| | | नगदेवालीको उत्पादकत्वमा बृद्धि | मे. ट. | ३ | ३.२ | ३.३ | ३.४ | ३.५ | ४ | ४ | न.पा. | |
| | | कृषिजन्य उद्योगको बृद्धि | संख्या | २५ | २७ | २९ | ३१ | ३३ | ३५ | ३५ | न.पा. | |
| असर १ | कृषि उत्पादनमा आत्मनिर्भर वृद्रि भई आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धन र आर्थिक समृद्धि हासिल भएको हुने | खाद्यान्न उत्पादन | मे. ट. | २१०० | २११० | २११५ | २१२० | २१२५ | २१३० | २१३० | न.पा. | |
| | | नगदेवालीको उत्पादन | मे. ट. | २००० | २००५ | २०१० | २०१५ | २०२० | २०२५ | २०२५ | न.पा. | |
| प्रतिफल १.१ | कृषि तथा पशुपालन नीति निर्माण भएको हुने | कृषक मैत्री नीति, निर्देशिका, कार्यविधि | संख्या | १ | १ | | | | | १ | न.पा. | |
| प्रतिफल १.२ | तरकारी, खाद्यान्न,पशुपालन तथा फलफूल पकेट क्षेत्र कार्यक्रम सञ्चालन भएको हुने | पकेट क्षेत्र | संख्या | ५ | ६ | ७ | ८ | ९ | १० | १० | न.पा. | |
| प्रतिफल १.३ | कृषि तथा जडिबुटी उत्पादन संकलन केन्द्र सञ्चालन भएको हुन | संकलन केन्द्र | संख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | न.पा. | |
| प्रतिफल १.४ | कृषि तथा जडिबुटी प्रशोधन केन्द्र, तथा चिस्यान केन्द्र स्थापना भएको हुने | प्रशोधन केन्द तथा चिस्यान केन्द्र | संख्या | | १ | | | | | १ | न.पा. | |
| प्रतिफल १.८ | भेटनरी प्रयोगशाला सेवा र विशेषज्ञ सेवा उपलब्धता सहितको प्रबिधिक शिक्षालय स्थापना भएको हुने | कृषि (भेट्नरी) प्रबिधिक शिक्षालय | संख्या | ० | | | १ | | | १ | न.पा. | |
| प्रतिफल १.९ | स्थानीय तहमा मीनि माटो ल्याब स्थापना भई माटो परीक्षण व्यापक भएको हुने | माटो परीक्षण ल्याब | संख्या | ० | | १ | | | | १ | न.पा. | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.१० | करार खेती, सामुहिक खेती र चक्ला खेतीको अवधारणा विकासका | व्यवसायिक कृषि अवधारणा | संख्या | | निरन्तर | | | | | १ | ६ | |
| असर २ | कृषि तथा पशुपालनमा आधारित उद्योग प्रवर्द्धन र कृषि पर्यटनको अवधारणा | रोजगारी र आम्दानी वृद्धि | प्रतिशत | ० | ५ | १० | १५ | २० | २५ | २५ | न.पा. | |
| प्रतिफल २.१ | माटो परीक्षण, रोग परिक्षण, तथा शिविर सञ्चालन भएको हुन | माटो, रोग परीक्षण शिविर | संख्या | १० | निरन्तर | | | | | ४५ | न.पा. | |
| प्रतिफल २.२ | उपयुक्त र दिगो सिंचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच सहज भएको हुने | दिगो सिंचाइ र पूर्वाधारको पहुँच | प्रतिशत | ११ | १५ | १९ | २३ | २७ | ३० | ३०. | न.पा. | |
| प्रतिफल २.३ | कृषि बीमा कार्यक्रम सञ्चालन भएको हुने | कृषि बीमा कार्यक्रम | संख्या | | | | निरन्तर | | | २ | न.पा. | |
| प्रतिफल २.४ | सम्भावना तथा उत्पादकत्वका आधारमा कृषि भूमि वर्गीकरण भएको हुने | उच्च कृषि उत्पादकत्व भएको जमिन | हेक्टर | | १ | १ | १ | १ | न.पा. | न.पा. | न.पा. | |
| प्रतिफल २.५ | नश्ल सुधार तथा उपचार केन्द्र स्थापना भएको हुने | नश्ल सुधार तथा उपचार केन्द्र | संख्या | | १ | | १ | | | २ | न.पा. | |
| असर ३ | समुहिक पशुपंछीपालनमा विकास भई व्यवसायिक र प्रविधि मैत्री भएको हुने | एक घर एक व्यवसायिक उत्पादन | प्रतिशत | | २० | २० | २० | २० | २० | १०० | न.पा. | |
| प्रतिफल ३.१ | भूगोल अनुसार नगर नगरमा पकेट तथा ब्लक सञ्चालन भएको हुने | पशुपंछी पकेट तथा ब्लक | संख्या | ५ | ३ | ३ | ३ | ३ | ३ | १५ | न.पा. | |
| प्रतिफल ३.२ | पशु शिविर सञ्चालन भई परजीवि विरुद्ध खोप र औषधी निःशुल्क उपलब्ध भएको हुन | पशु शिविर | संख्या | २ | निरन्तर | | | | | न.पा. | न.पा. | |
| प्रतिफल ३.३ | वार्षिक रुपमा पशु दिवस कार्यक्रम सञ्चालन भई कृषकवर्गलाई पुरस्कृत गरिएको हुने | पशु दिवस कार्यक्रम | संख्या | १ | निरन्तर | | | | | न.पा. | न.पा. | |

### ४.१.१० अनुमान तथा जोखिम पक्ष

कृषि तथ्याङ्क प्रणाली व्यवस्थित गर्न, कृषि क्षेत्रमा बढी भन्दा बढी जनसंख्यालाई रोजगारी प्रदान गरी पुँजी निर्माणमा लगाउने वातावरण निर्माण गर्न, धेरै वडामा माग भए अनुरुप कृषि उपज बेचबिखन केन्द्र, चिस्यान केन्द्र, संकलन केन्द स्थापना, सञ्चालन र व्यवस्थित गर्न जोखिमपूर्ण छ। साथै कृषि उत्पादन क्षेत्र (पकेट, ब्लक) विकास र नयाँ प्रविधिमा आधारित सिंचाईको विस्तार गर्न पनि निकै समय तथा खर्च लाग्ने देखिन्छ। यद्यपि प्रविधि, मल, गुणस्तरीय बीउको सुलभ आपूर्ति, भरपर्दो सिँचाइ प्रणाली, भूमिको उपयोग र एकीकृत व्यवस्थापन गर्न सकिएमा अपेक्षित नतिजा प्राप्त गर्न सकिने अनुमान गर्न सकिन्छ।

पशुपंक्षी तथा मत्स्यपालनको दिगो र प्रविधियुक्त तरिकाले व्यवस्थापन गर्न, वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणको रकम पशुपंक्षीपालन क्षेत्रको पुँजी निर्माणमा लगाउने वातावरण बनाउन जोखिमपूर्ण छ। यद्यपि पशुपंक्षीको स्वास्थ्य परीक्षणको लागि भेटनेरी क्लिनिक निर्माण, कृत्रिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार तथा पशु बीमा कार्यक्रम निरन्तर भएमा अपेक्षित नतिजा प्राप्त गर्न सकिने अनुमान गर्न सकिन्छ।

## ४.२ उद्योग तथा वाणिज्य

### ४.२.१ पृष्ठभूमि

उद्योग क्षेत्र रोजगारी र विकासको प्रमुख आधार हो। उद्योग एवं अन्य यवसायहरू सञ्चालन गरेर आर्थिक गतिविधी मार्फत शारदा नगरपालिकाको समृद्धि हासिल गर्न सकिन्छ । जीविकोपार्जनमा सुधार ल्याउनको लागि सामान्यतया आर्थिक, सामाजिक, साँस्कृतिक र प्राविधिक क्षेत्रहरू मध्ये कुनै एक वा धेरै क्षेत्रसँग सम्बन्धीत व्यावसायहरू गर्न आवश्यक हुन्छ। उद्योगमा सवलीकरणले बसाईसराई र वैदेशिक रोजगारमा जाने संख्या कम गर्न मुख्य भूमिका खेल्दछ। यस नगरपालिकामा संचालित विभिन्न साना तथा घरेलु उद्योगद्वारा आयआर्जन वृद्दि गर्न मद्दत पुऱ्याउँछ। नगरपालिकाको अवस्था र परिवेश अनुसार स्थानीय  युवा लक्षित व्यापार, लघु उद्यम, घरेलु तथा साना उद्योगका कार्यक्रमहरू सञ्चालन गरी युवा जनशक्तिको विकास र प्रवर्धनद्वारा बेरोजगारीलाई शून्य बनाउन सकिन्छ।

नगरपालिका क्षेत्रभित्र साना ठुला गरी २१ वटा उद्योगहरू, ३६९ वटा विभिन्न किसिमका व्यापारहरू सञ्चालनमा रहेका छन् । जम्मा ३९० उद्योग तथा व्यवसाय सञ्चालनमा भए तापनि ३१६ उद्योग व्यवसायहरू दर्ता भएर सञ्चालन भइराखेका छन् । शारदा नगरपालिकामा सञ्चालित उद्योगमा ब्लक, काष्ठ, आरन, फर्निचर, राइस मिल, भुजा उद्योग, साना तथा घरेलु एवं कृषिजन्य उद्योग, त्यसैगरी व्यवसायमा होटल व्यवसाय, लुगा व्यवसाय, फेन्सी व्यवसाय, किराना व्यवसाय र अन्य व्यापार आदि लगायतका पर्दछन् । ठुला उद्योगहरू सञ्चालनमा आउन नसके पनि नगरपालिकामा उपलव्ध स्थानीय स्रोत र साधनको उपयोग गरी सञ्चालित साना तथा घरेलु एवं कृषिजन्य उद्योगहरूले नगरपालिकाको आर्थिक विकासमा टेवा पुऱ्याउँदै आएको छ।

### ४.२.२ समस्या तथा चुनौती

नगरपालिका भित्र यातायात सहज नहुनु, परम्परागत शैलीमा खाद्यान्न बाली उत्पादन हुनु, Supply Chain दिगो नहुनु, औद्योगिक पूर्वाधार क्षेत्रमा दक्ष प्राविधिक जनशक्ति अपर्याप्त हुनु, अपेक्षित रुपमा उद्योग क्षेत्रमा पुँजीगत लगानी, निर्माण र खर्च हुन नसक्नु, स्थानीय कच्चा पदार्थमा आधारित उद्योग तथा कलकारखानाको विकास नहुनु, घरेलु तथा मझौला उद्योग, किराना व्यवसाय र अन्य व्यापार व्यवसाय सञ्चालनका लागि सीपमूलक तालिम कार्यक्रमहरू सञ्चालन नहुनु, उद्योग ग्रामको स्थापना गर्न आर्थिक अभाव हुनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

उद्योग स्थापना र सञ्चालन भन्दा आयात व्यापारमा आकर्षण बढि हुनु, प्रतिस्पर्धी क्षमता र औद्योगिक पूर्वाधारको कमी, बजार व्यवस्थापनमा कमी, सर्वसाधारणको खर्च गर्ने क्षमता कमजोर रहेको, वन र खनिज पैदावारको प्रशोधन गरी विभिन्न उद्योगहरू सञ्चालन र प्रवर्द्धन गर्न, नगरलाई आत्मनिर्भर बनाउन विभिन्न वस्तुको उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

### ४.२.३ संभावना तथा अवसर

राप्ती लोकमार्गको धेरै क्षेत्र सल्यान जिल्लाले ओगटेको छ। त्यहि लोकमार्गमा सबै भन्दा ठुलो व्यापारिक केन्द्रको रुपमा शारदा नगरपालिकाको श्रीनगर बजार विकसित भईरहेको छ। यस क्षेत्रमा होटल व्यवसाय, किराना व्यवसाय, किराना व्यवसाय, विभिन्न उद्योग कलखारकाना प्रबर्द्धन गर्ने अवसर रहेको छ। त्यसैगरी यस नगरपालिकामा प्रशस्त मात्रामा उत्पादित जडिबुटी टिम्मुर, सिल्फु, नगदे बालीमा अदुवा तथा बेसार तथा तरकारी र फलफूल जस्तै, सुन्तला, कागती, आँप आदिमा आधारित उद्योगहरूको प्रचूर सम्भावना रहेको हुँदा, औद्योगीकरणको प्रक्रियामा लैजान सकिन्छ। स्थानीय  कच्चा पर्दाथमा आधारित दैनिक उपभोग्य वस्तु उत्पादन गर्दै राजमार्गको समुचित प्रयोग गर्न सकिन्छ। लघु तथा घरेलु उद्योग तथा व्यावसायिक विकास र प्रवर्द्धन, वित्तीय क्षेत्रको पहुँच वृद्धि गरी उद्योग, बजार तथा व्यवसायमा पुँजी कार्यक्षेत्र बिस्तार गर्न सकिने, व्यापारलाई लगानीसँग आबद्ध गराउन सकिने, निर्यातयोग्य वस्तुको उत्पादन र विविधीकरण तथा औद्योगिक पूर्वाधारको विकास, लगानीकर्ताको संरक्षण तथा संर्बधन र स्वस्थ प्रतिस्पर्धी वातावरण सिर्जना गर्ने, व्यवसाय उन्मुख सीप विकास तालिम कार्यक्रमहरू सञ्चालन गर्ने, आदि यस क्षेत्रका प्रमुख अवसरहरू हुन्।

**४.२.४ सोच** : "उद्योगको विकास, नगर अर्थतन्त्रको दिगो आधार "

**४.२.५ लक्ष्य** : स्थानीय को शिप, श्रम, पूँजी र स्रोत परिचालनद्वारा औद्योगिक क्षेत्रमा रोजगारीको अवसर सृजना गर्ने।

### ४.२.६ उद्देश्य

१. आन्तरिक उत्पादनमा बृद्धि गरी आयात प्रतिस्थापनमा सहयोग पुऱ्याउने।

२. उद्योग क्षेत्रमा युवा वर्गहरूको आकर्षण बृद्धि गरी स्वरोजगारीका अवसरहरू सिर्जना गर्नु।

### ४.२.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ आन्तरिक उत्पादनमा बृद्धि गरी आयात प्रतिस्थापनमा सहयोग पुऱ्याउने।** | |
| १.१ प्रतिष्पर्धी क्षमता भएका निर्यात जन्य वस्तु उत्पादन गर्ने उद्योगहरूको स्थापनामा प्रोत्साहन गर्ने। | १.१.१ पर्यटन प्रवर्द्धन गर्ने उद्योगहरूको स्थापनामा जोड दिइनेछ। |
| | १.१.२ तुलनात्मक लाभका उद्योगहरू संभाव्यता अध्ययन गरी कार्यान्वयनमा जोड दिइनेछ। |
| | १.१.३ सञ्चालनमा रहेका विभिन्न उत्पादनमुलक उद्योगहरूको क्षमता विकासमा जोड दिइनेछ। |
| | १.१.४ हस्तकला ग्राम स्थापना गरी परम्परागत सिप तथा प्रविधिमा आधारित उद्योगहरूको संरक्षण र विकास गरिनेछ। |
| १.२ घरेलु उद्योगको संरक्षण र प्रवर्द्धन गर्ने | १.२.१ सार्वजनिक क्षेत्रमा प्रयोग हुने सामग्रीहरू मध्ये उपलब्ध भएसम्म स्थानीय उत्पादन प्रयोग गरिनेछ। |
| **उद्देश्य २ उद्योग क्षेत्रमा युवा वर्गहरूको आकर्षण बृद्धि गरी स्वरोजगारीका अवसरहरू सिर्जना गर्नु।** | |
| २.१ पूर्वाधारसहित सुविधासम्पन्न औद्योगिक ग्राम स्थापना गर्ने । | २.१.१ औद्योगिक तथ्यांकलाई अध्यावधिक गरी डिजिटलाइजेशसन गरिनेछ। |
| | २.१.२ निजी क्षेत्रसँगको सहकार्यमा सार्वजनिक निजी साझेदारीको अवधारणा प्रवर्द्धन गरिनेछ। |
| २.२ स्थानीय  स्रोतमा आधारित लघु घरेलु तथा साना उद्योगको प्रवर्द्धन गर्ने | २.२.१ एक वडा एक औद्योगिक उत्पादन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। |

| | |
|---|---|
| | २.२.२ प्रदेश सरकारसँगको सहकार्यमा घरेलु तथा साना उद्योगहरूको क्षमता अभिबृद्धि गरिनेछ। |
| | २.२.३ रुग्ण उद्योगहरूको पहिचान तथा सञ्चालनको व्यवस्था गरिनेछ। |

### ४.२.८ कार्यक्रम तथा आयोजना

| क्र. सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय तह | नीजि क्षेत्र | गै.स.स. तथा अन्य क्षेत्र | |
| १ | "खुकुरी फ्रम द शारदा" ब्रान्डीङ गर्नको लागि खुकुरी उद्योग प्रवर्द्धन गरिनेछ। | | ✓ | ✓ | ✓ | | न.पा. |
| २ | साना तथा घरेलु उद्योग सञ्चालनको लागि आवश्यक परामर्श तथा सिप विकास तालिम र अनुदानको व्यवस्था गरी बजारीकरणमा समन्वय | | | ✓ | ✓ | | न.पा. |
| ३ | वित्तीय क्षेत्रको पहुँच वृद्धि गरी उद्योग, बजार तथा व्यवसायमा पुँजी कार्यक्षेत्र बिस्तार | | | ✓ | | | न.पा. |
| ४ | उत्पादित वस्तुहरूको गुणस्तरीयता सुनिश्चित गर्न संस्थागत संयन्त्रको विकास | | ✓ | ✓ | | | न.पा. |
| ५ | स्थानीय उत्पादन गर्ने घेरेलु उद्योग संरक्षण र प्रवर्द्धन | | ✓ | ✓ | | | न.पा. |
| ६ | औद्योगिक तथ्यांकको डिजिटलाइजेशन | | | ✓ | ✓ | | न.पा. |
| ७ | नीजि साझेदारी अवधारणा प्रवर्द्धन नीति अवलम्बन। | | | ✓ | ✓ | | न.पा. |
| ८ | दुग्धजन्य उद्योग स्थापना | | | ✓ | ✓ | | न.पा. |
| ९ | दुग्धजन्य उद्योग स्थापना | | | ✓ | ✓ | | न.पा. |
| १० | घरेलु तथा साना उद्योगहरूको प्रतिष्पर्धात्मक क्षमता अभिबृद्धि तालिम सञ्चालन | | | ✓ | ✓ | | न.पा. |
| ११ | रुग्ण उद्योग सञ्चालन नीति अवलम्वन | | | ✓ | ✓ | | न.पा. |

### ४.२.९ अपेक्षित उपलब्धि तथा नतिजा खाका

*तालिका नं. ६: उद्योग तथा वाणिज्य क्षेत्रको नतिजा खाका*

| नतिजा स्तर | नतिजा | सूचक | ईकाई | आधार वर्ष आ.व. २०७९/८० | उपलब्धि (चाहेको अवस्था) | | | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान Assumptions |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | | | |
| प्रभाव | घरेलु तथा साना उद्योगको विकास र विस्तार भई नगरवासीको आय तथा रोजगारीमा बृद्धि हुने। | २५ लाखसम्मका उद्योग | संख्या | | १ | १ | १ | १ | | ४ | न.पा. | |
| | | २५ लाखदेखि ५० लाखसम्मका | संख्या | | १ | १ | १ | | | ३ | न.पा. | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर १** | उद्योगहरू स्थापना र सञ्चालन हुने वातावरण निर्माण भएको हुने | रोजगारी | प्रतिशत | | १० | १० | १० | १० | १० | ५० | न.पा. | |
| **प्रतिफल १.१** | सेवा प्रवाह गर्ने खालको औद्योगिक नीति तथा नियम तर्जुमा | नीति | संख्या | | १ | १ | २ | २ | ३ | ३ | न.पा. | |
| **प्रतिफल १.२** | औद्योगिक ग्राम स्थापना भएको हुने | औद्योगिक ग्राम | संख्या | | १ | | १ | १ | १ | २ | न.पा. | |
| **प्रतिफल १.३** | औद्योगिक क्षेत्रलाई नीजि बौद्धिक सहकार्य (Public Private Partnership) विकास भएको हुने | नीजि बौद्धिक सहकार्य | संख्या | | १ | १ | १ | १ | १ | १ | न.पा. | |

### ४.२.१० जोखिम पक्ष तथा अनुमान

औद्योगिक विकासका लागि आवश्यक पूर्वाधारको निर्माण कार्यमा सम्वन्धित निकाय बीच प्रभावकारी समन्वय अभाव, उद्योग व्यवस्थापन तथा श्रमिक वीच सौहादपूर्ण सम्वन्ध अभाव हुने जोखिम रहेको छ। औद्योगिक क्षेत्र, उद्योग र सो आसपास बसोवास गर्न समाज बीचको द्वन्द्व कायम रहिरहनु, औद्योगिक प्रदूषण नियन्त्रण नहुनु जस्ता कार्यहरू समाधान नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ। साथै साना तथा घरेलु उद्योग सञ्चालन, व्यवस्थापन तथा वजारीकरणमा समन्वय कायम राख्न नसक्नु, प्रविधि अनुसन्धान र हस्तान्तरणमा सार्वजनिक तथा नीजी क्षेत्रको सहकार्य गर्न नसकेमा जोखिम रहन्छ।

## ४.३ पर्यटन

### ४.३.१ पृष्ठभूमि

ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ। विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ। यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ।

शारदा नगरपालिका हरियाली पहाड, मनोरम दृश्य, कलकल सुसाउदै बग्ने शारदा नदीको किनारमा रहेको छ। यस नरपालिकामा बिशेष पर्यटकीयस्थल रुपमा धार्मिकस्थल खैरावाङ मन्दिर रहेको छ, जसमा स्थानीय पर्यटक आउने गरेका छन्। अझै पनि धेरै धार्मिक एवं प्राकृतिक स्थलहरूलाई प्रवर्द्धन गर्न सकेको छैनन्। तथापि हाल आएर केही धार्मिक तथा पर्यटकीय स्थलहरूको विकास प्रारम्भ हुन थालेका छन्। ५ नं. वडामा रहेको हिमदृश्य पार्क, वडा नं. १४ मा रहेका माल्नेटा डाँडा अहिलेका सर्वाधिक आन्तरिक पर्यटक पुग्ने ठाउँहरू हुन्। खैरावाङ मन्दिरलाई प्यागोडा शैलीमा पुनःनिर्माणले भोलिका दिनमा पर्यटन बढ्ने सम्भावना पनि देखिन्छ। शारदा नगरपालिकामा आवासिय होटलहरू कम हुनु र भएका पनि सुविधायुक्त नहुनुले पनि पर्यटकहरू बढ्न सकिरहेका छैनन्। धार्मिक तथा प्राकृतिक हिसाबले पर्यटनको उच्च सम्भावना भने रहेको छ।

### ४.३.२ समस्या तथा चुनौती

पर्यटनका लागि आवश्यक भौतिक पूर्वाधार सहज नभएको, पर्यटकीय गन्तव्यको पहिचान, पर्यटकीय क्षेत्रमा वस्तु र सेवाको विविधीकरण हुन नसक्नु, संरक्षण र विकास हुन नसक्नु, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, संबर्द्धन र प्रबर्द्धन प्रभावकारी ढङ्गले हुन नसक्नु, पर्यटन सेवा सुविधामा गुणस्तर न्युन रहेको, होटलको समस्या रहेको, होमस्टेको स्थापना हुन नसक्नु, भ्यू प्वाईन्टको सम्भावना हुँदा पनि प्रचार प्रसार, व्यवस्थापन तथा निर्माणको कमि हुनु, पिकनिक क्षेत्रहरू स्थापना नगर्नु यस क्षेत्रका समस्याहरू हुन्।

पर्यटकीय विकासको लागि यातायात र सञ्चार चुनौति रहेको, उ्यन सेवा तथा अन्य अत्याधुनिक सुबिधाको पहुँच नपुग्नु, पर्यटकीय होटल तथा होम-स्टे कार्यक्रम सञ्चालन नभएको। स्थानीय कला र संस्कृतिलाई समेटेर पर्यटन ब्यवसायलाई व्यवसायीकरण गर्न नसक्नु आदि यसका क्षेत्रका चुनौतीहरू हुन्।

### ४.३.३ संभावना तथा अवसर

कृषि पर्यटन (Agro Tourism) को अवधारणा विकास गर्ने, वडा नं. १४ मा रहेको माल्याडाँडा वर्षेनि अदुवा मेला सञ्चालन गरी आन्तरिक तथा बाह्य पर्यटक बृद्धि गर्न सकिने। राप्ती लोकमार्ग भएर हिँड्ने आन्तरिक पर्यटकलाई शारदाको जैविक विविधता अवलोकन गर्न सकिने गरी बनाउने। शारदा नदीको किनारमा वाटर पार्कको निर्माण गर्ने, शारदा नगरपालिकाका सबै वडा छुने गरी चक्रपथ निर्माण गर्ने। हिमदृश्य पार्क निर्माण, सिद्धबाबा पार्क निर्माण, खामे लेकसम्म पैदल मार्ग निर्माण, साहसिक पर्यटनको लागि घोघतिडाँडामा बन्जी जम्प स्थापना गर्ने। माल्नेटा, खैरावाङ जस्ता ठाउँमा होमस्टे सञ्चालन गर्ने। मौलिक सोरठी तथा लाखे नाचको प्रवर्द्धन गर्न, सम्भाव्यता अध्ययन, अनुसन्धान र अन्वेषण कार्य गर्ने, भाषा, कला, संस्कृति र सङ्गीतको संरक्षण र प्रवर्द्धन गरी, शारदालाई सुरक्षित, गुणस्तर र पर्यटनमैत्री बनाउने, अदुवा तथा खुकुरी मेला सञ्चालन गर्ने।

**४.३.४ सोचः**"नगरको समृद्धिको आधार : दिगो पर्यटकीय पूर्वाधार"

**४.३.५ लक्ष्यः** दिगो पर्यटन विकासबाट उत्पादन र रोजगारी सृजना गरी नगरको अर्थतन्त्र सुदृढ गर्ने।

### ४.३.६ उद्देश्य

१. पर्यटन क्षेत्र र स्थानीय कृषि उत्पादन बीच सघन सम्पर्क स्थापना गर्नु।

२. पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रवर्द्धन गर्नु।

३. पर्यटन मार्फत नगरवासीको आय र रोजगारीमा बृद्धि गर्नु।

### ४.३.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ पर्यटन क्षेत्र र स्थानीय कृषि उत्पादनबीच सघन सम्पर्क स्थापना गर्नु।** | |
| १.१ पर्यटन व्यवसायी र स्थानीय उत्पादकसँगको सहकार्यलाई प्रोत्साहन गर्ने। | १.१.१ पर्यटन व्यवसायीलाई आफ्नो होटल तथा रेष्टुरेन्टहरूमा प्रयोग हुने खाद्य सामग्री आफै उत्पादन गर्ने तथा स्थानीय उत्पादकसँग खरिद सम्झौता गरी प्राप्त गर्ने व्यवस्था मिलाउन वातावरण निर्माण गरिनेछ। |
| | १.१.२ पर्यटन व्यवसायी र स्थानीय कृषक बिच सम्बन्ध विस्तार गर्नका लागि आवश्यक नीतिगत सहजीकरण गरिनेछ। |

| उद्देश्य २. पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रवर्द्धन गर्नु । | |
|---|---|
| २.१ पर्यटन विकास र प्रवर्द्धन लागि नीति निर्माण र संस्थागत विकास गर्ने । | २.१.१ पर्यटनमैत्री नीति निर्माण गरिनेछ। |
| | २.१.२ पर्यटनको विकास र प्रवर्द्धनका लागि नगरस्तरमा संस्थागत संरचनाको विकास गरिनेछ। |
| २.२ स्थानीय , राष्ट्रिय, गैरआवासीय नेपाली लगानीकर्ताका लागि लगानीमैत्री वातावरण सिर्जना गर्ने । | २.२.१ पर्यटनमा लगानी गर्ने लगानीकर्तालाई केहि वर्ष व्यवसायमा करमा निश्चित प्रतिशत कर छुट दिने नीतिगत व्यवस्था गरिनेछ। |
| | २.२.२ बैक तथा वित्तीय संस्थालाई कुल ऋण प्रवाहमा १० प्रतिशत पर्यटन क्षेत्रमा प्रवाह गर्नुपर्ने नीतिगत व्यवस्था गर्नुपर्ने । |
| उद्देश्य ३. पर्यटन मार्फत नगरवासीको आय र रोजगारीमा बृद्धि गर्नु । | |
| शहरी र ग्रामीण क्षेत्रमा पर्यटनको विविधीकरण गर्ने । | ३.१.१ ग्रामीण क्षेत्रमा आवश्यक्ताका आधारमा होमस्टे स्थापना गर्न पहल गर्ने । |
| | ३.१.२ शहरी क्षेत्रमा रहेका होटलको गुणस्तर बृद्धि गर्दै नियमित गुणस्तर चेक गर्ने प्रणालिको विकास गर्ने । |
| | ३.१.३ पर्यटन व्यवसायमा रोजगारी सृजना गर्न नीजि क्षेत्रसँग सहकार्य गरी पर्यटन व्यवसाय अभिबृद्धि गर्नमा जोड दिइनेछ। |

### ४.३.८ कार्यक्रम तथा आयोजना

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय निकाय | नीजि स्रोत | सरकारी र अन्य तह | गै.स.स. तथा अन्य क्षेत्र | |
| १ | पर्यटन व्यवसायी र स्थानीय उत्पादक बीच सहकार्य बृद्धि गर्न सञ्जाल निर्माण । | | | ✓ | ✓ | | | न.पा. |
| २ | स्थानीय उत्पादन प्रयोगमा बृद्धि गर्न कृषि फर्म र होटल बिच करार सम्झौताका लागि सम्भाव्यता अध्ययन | | | ✓ | | | | न.पा. |
| ३ | पर्यटन प्रवर्धन सम्बन्धी नीति निर्माण र कार्यान्वयन | | ✓ | ✓ | | | | न.पा. |
| ४ | पर्यटनको प्रवर्द्धन तथा विकासको लागि नगरस्तरीय बोर्ड तथा समिति गठन। | | | ✓ | | | | न.पा. |
| ५ | पर्यटन प्रवर्द्धनमा लगानी बढाउन बैंक तथा वित्तीय क्षेत्रसँग सहकार्य गर्ने नीति तर्जुमा। | | | ✓ | ✓ | | | न.पा. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | पर्यटनमा संलग्न व्यवसायीहरूलाई प्रोत्साहित गर्न कर नीति तर्जुमा गर्ने । | | | ✓ | | | | न.पा. |
| ७ | पर्यटकीय पूर्वाधार निर्माण गर्दा स्थानीय संस्कृति र मौलिकता प्रवर्द्धन गर्ने । | | | ✓ | | | | न.पा. |
| ८ | पर्यटन सूचना केन्द्र स्थापना तथा सञ्चालन गर्ने | | | ✓ | | | | न.पा. |
| ९ | होमस्टे स्थापना तथा सञ्चालन | | | ✓ | ✓ | | | न.पा. |
| १० | ग्रामीण र शहरी पर्यटन सञ्जालीकरण | | | ✓ | ✓ | | | न.पा. |
| ११ | शहरी क्षेत्रका होटलको गुणस्तर बृद्धिको लागि क्षमता अभिबृद्धि तालिम सञ्चालन | | | ✓ | ✓ | | | न.पा. |

## ४.३.९ अपेक्षित उपलब्धि तथा नतिजा खाका

*तालिका नं. ७ पर्यटन क्षेत्रको नतिजा खाका*

| नतिजा स्तर | नतिजा | सूचक | ईकाई | आधार वर्ष आ.व २०७९/८० | उपलब्धि (चाहेको अवस्था) आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान Assumptions |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | पर्यटन क्षेत्रको दिगो विकासबाट नगरवासीहरूको आर्थिक अवस्था सुधार भएको हुने। | आन्तरिक पर्यटक आगमन | संख्या | | ३०० | २००० | ३००० | ४००० | ५००० | १५००० | नपा | |
| | | बाह्य पर्यटन आगमन | संख्या | | ५०० | १००० | १५०० | २००० | २५०० | ७५०० | £ | |
| **असर १** | नगरपालिकाको अर्थमा पर्यटन क्षेत्रको भूमिका सुदृढ भएको हुने। | होटल तथा रेष्टुरेन्ट स्थानीय उत्पादनको हिस्सा | प्रतिशत | | २५ | ३० | ३५ | ४० | ४५ | ४५ | £ | |
| **प्रतिफल १.१** | पर्यटन व्यवसायी र स्थानीय उत्पादक बिच सघन सहकार्यको लागि नगरपालिकाद्बारा सहजीकरण भएको हुने | स्थानीय उत्पादन सञ्जालीकरण निर्माण | संख्या | | १ | | | | | | £ | |
| **प्रतिफल १.२** | पर्यटन व्यवसायी र स्थानीय उत्पादक बिच सम्बन्ध विस्तार गर्न आवश्यक नीति तर्जुमा भएको हुने। | पर्यटन व्यवसायमा स्थानीय उत्पादन सम्बन्धी नीति निर्माण | संख्या | | १ | | १ | | | २ | £ | |
| **प्रतिफल १.३** | होमस्टेहरू विकास भएको हुने | होमस्टे | संख्या | | १ | १ | १ | | | ३ | £ | |
| प्रतिफल १.४ | प्राकृतिक, धार्मिक तथा साँस्कृतिक पर्यटकीय गन्तव्यहरूको, दिगो उपज, संरक्षण र संवर्द्धन भएको हुने | संस्कृति र मौलिकता प्रवर्द्धन | प्रतिशत | | १ | १ | १ | | | ३ | | |
| प्रतिफल १.५ | प्याराग्लाइडिङ्ग जस्ता साहसिक पर्यटन विकास भएको हुने | साहसिक पर्यटन विकास | संख्या | | | १ | | | | १ | | |
| प्रतिफल १.६ | पर्यटक गन्तव्यमा पुग्ने सडक निर्माण र स्तरोन्नति भएको हुने | सडक | संख्या | | २ | २ | २ | २ | २ | १० | | |
| प्रतिफल १.७ | मगर कला संग्रहालय निर्माण भएको हुने | मगर कला संग्रहालय | संख्या | | | १ | | | | १ | | |
| प्रतिफल १.८ | हरेक वडा एक पर्यटकीय गन्तव्य तथा उपजको अवधारणा अनुसार श्रम तथा रोजगारको अभिवृद्धि भएको हुने | एक वडा एक पर्यटकीय गन्तव्य | संख्या | | ३ | ३ | ३ | ३ | ३ | १५ | | |

#### ४.३.१० अनुमान तथा जोखिम पक्ष

विभिन्न पर्यटनको सम्भावना बोकेको शारदा नगरपालिकामा एकीकृत पर्यटकीय गुरुयोजना तयार भएको हुने अनुमान गरिएको छ जसमा, पर्यटन, जल पर्यटन, कृषि पर्यटन, धार्मिक पर्यटन, साँस्कृतिक पर्यटन र साहसिक पर्यटन सबै समेटिएको हुनेछ । पर्यटन क्षेत्रको उत्थान गर्न तथा पर्यटन क्षेत्रका कार्यक्रमको प्राथमिकीकरण गर्न उपरोक्त अनुसारको कार्यक्रम कार्यान्वयनका लागि उपयुक्त वातावरणको निर्माण हुनेछ एवम् आवश्यक वित्तीय तथा मानवीय श्रोत र विकासमैत्री वातावरण कायम रहनेछ भने अनुमान गरिएको छ । उक्त स्थिति नरहेमा वा कायम हुन नसकेमा तथा सबै वडाहरू र सरोकारवाला निकायहरूको समन्वयात्मक प्रयास हुन नसकेमा यस क्षेत्रको लक्षित उद्देश्य हासिल नहुने जोखिम रहन्छ।

### ४.४ सहकारी तथा वित्तीय क्षेत्र

#### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानमा सहकारी, नीजि र सार्वजनिक क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको तीनवटा खम्बाको रुपमा मानिएको छ । नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँ रहेका सहकारी संस्था तथा वित्तीय संस्थाहरूले खेल्ने भूमिका महत्वपूर्ण हुन्छ । यस नगरपालिकामा विभिन्न कार्य प्रकृतिका (कृषि, वचत तथा ऋण, सञ्चार, वहुउद्देश्यीय, तरकारी आदि) सहकारी संस्थाहरू दर्ता भई कार्य गरिरहेका छन् । सहकारी सञ्चालन गरेर आर्थिक गतिविधि मार्फत शारदा नगरपालिकाको समृद्धि हासिल गर्न सकिन्छ। यहाँ सञ्चालित विभिन्न सहकारी संस्था मार्फत पूँजी संकलन गरी जनताको दैनिक खाँचो टार्नको साथै साना तथा घरेलु उद्योग सञ्चालन गरी आयआर्जन गर्न सकिन्छ। देशको अर्थतन्त्रलाई चलायमान बनाउन र लगानीलाई मुनाफासँग आवद्र गर्न वित्तीय परिचालन अत्यावश्यक रहेको छ। वित्तीय परिचालनको माध्यमबाट नीजि क्षेत्रको योगदानलाई आर्थिक समृद्रिमा रुपान्तरण गर्न सकिन्छ।

वित्तीय परिचालन भित्र सरकारी तथा विकास बैंक, लघुवित्त संस्था, वचत तथा ऋण सहकारीहरू पर्दछन्। शारदा नगरपालिकामा हालसम्म कुल बैंक तथा वित्तीय संस्थाको संख्या हेर्दा एउटा "क" वर्गका १० वटा बैंक रहेका छन्, भने वित्त तथा बीमा क्षेत्रमा १२ वटा संस्थाहरू रहेका छन् जसले आर्थिक कारोवारमा स्थानीय लाई सहजीकरण गर्दै आएका छन। कृषि तथा अन्य सहकारी तथा लघुवित्तहरूले दैनिक बचत र औसतमा ३ लाखसम्म स्थानीय लाई ऋण प्रवाह गर्दै आएको पाइन्छ। यस नगरपालिका जिल्लाको सदरमुकाममा पर्ने भएकाले यहाँ उल्लेख्य मात्रामा बैंक तथा वित्तीय संस्थाहरू रहेका छन् ,जसको समुचित फाइदा यस पालिकाका नागरिकले लिन सक्ने देखिन्छ।

#### ४.४.१ समस्या तथा चुनौती

यस नगरपालिकामा सहकारी संस्थाहरूको समुचित विकासका लागि सहकारीको मूल्य तथा मान्यता बारे अनभिज्ञता, बैंक तथा वित्तीय संस्थामा विपन्न तथा पिछडिएका वर्गका घरपरिवारको पहुँच कमी हुनु, स्थानीय स्तरमा रहेका वित्तीय संस्था तथा सहकारीको कार्य बचत र ऋण प्रवाह (३-५ लाखसम्म) मात्र सिमित हुनु, ऋणको उपयोग व्यवसायिक कार्यमा कम हुनु, चर्को ब्याजदरमा ऋण प्रवाह हुनु, लाभान्वित समूहहरू दोहोरिनु र कारोवार समेत कम हुनु, सहकारीहरू उद्धेश्यमा तोकिए अनुसार सञ्चालनमा नरहेको आदि यसका समस्याहरू हुन्।

सहकारी संस्थालाई सहकारी नीति अनुरुप सञ्चालन गरी व्यवस्थित गर्न नसक्नु, सहकारी संस्थाहरूको यथार्थ विवरण नहुनु, सहकारी सम्बन्धी ज्ञानको अभाव रहेको, सहकारीको क्षमता विकासमा ध्यान नपुग्नु, स्थानीयवासीको आयस्रोतमा कमीको कारण बचतमा समस्या भएको, लगानीको लागि मुद्राको अभाव आदि यसका क्षेत्रका चुनौतीहरू हुन्।

#### ४.४.३ संभावना तथा अवसर

बैंकिङ्ग कारोवारमा अभ्यस्त गराउन एक घर एक बैंक खाता लागू गर्ने, वित्तीय सुविधामा देखिएको दोहोरोपना हटाउने, व्यवसायिक सीप तालिम सञ्चालन गर्ने, सहकारी ऐनको प्रभावकारी कार्यान्वयन गराउने र सहकारीको विनियमको पूर्ण पालना गराउने, वित्तीय संस्थाहरूको प्रभावकारी सुपरीवेक्षण गर्ने, सहकारीहरूको एकीकरण कार्यमा सहजीकरण

गर्ने, सहकारी सम्बन्धी शिक्षा, तालिम र सूचनाको व्यवस्था गर्ने, वित्तीय संस्थाहरूको प्रभावकारी सुपरीवेक्षण गर्ने, सहकारीहरूको एकीकरण कार्यमा सहजीकरण गर्ने जस्ता अवसरहरू छन्।

### ४.४.४ सोच

"वित्तीय क्षेत्रको विकास मार्फत नगरवासीको समृद्धिमा टेवा पुग्ने"

### ४.४.५ लक्ष्य

वित्तीय संस्थाहरूसँग रहेको पूँजी, प्रविधि, ज्ञानको अधिकतम परिचालन गर्ने।

### ४.४.६ उद्देश्य

१. वित्तीय सुविधामा नगरवासीहरूको पहुँच सुनिश्चित गर्नु।

२. सहकारी संस्थाहरूसँग भएको पूँजी उत्पादनशील क्षेत्रमा लगानी गर्नु।

३. सहकारी क्षेत्रको प्रभावकारी नियमन र क्षमता विकास गर्नु।

### ४.४.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ वित्तीय सुविधामा नगरवासीहरूको पहुँच सुनिश्चित गर्नु।** | |
| १.१ वित्तीय संस्थाहरूलाई लक्षित वर्ग र सुमदायको हितमा परिचालन गर्ने। | १.१.१ विपन्न र पछाडि परेका वा पारिएका वर्ग, क्षेत्र र समुदायको लागि सहुलियत ऋणको व्यवस्था मिलाउने।<br>१.१.२ वित्तीय सहकारीको कम्तिमा ४० प्रतिशत र उत्पादन सहकारीको ६० प्रतिशत पूँजी कृषि तथा उत्पादनको क्षेत्रमा लगानी गर्ने नीति कार्यान्वयन गरिनेछ। |
| **उद्देश्य २ सहकारी संस्थाहरूसँग भएको पूँजी उत्पादनशील क्षेत्रमा लगानी गर्नु।** | |
| २.१ लगानीका सम्भावनाका क्षेत्रहरू पहिचान गर्ने। | २.१.१ आयआर्जन र रोजगारीका सम्भावनाहरू सम्बन्धी संभाव्यता अध्ययन गरिनेछ।<br>२.१.२ संभाव्यता अध्ययनको आधारमा सहकारी संस्थाहरूसँग समन्वय तथा सहकार्य गरी स्थानीय श्रम, सीप, पुँजी, प्रविधिमा आधारित उत्पादनको बजार सुनिश्चित गरिनेछ। |
| २.२ उत्पादनशील क्षेत्रमा लगानी बृद्धि गर्ने | २.२.१ सहकारीको पुँजीलाई कृषि क्षेत्रमा लगानी गरिनेछ। |
| **उद्देश्य ३ सहकारीको माध्यमबाट कृषि क्षेत्रको व्यावसायीकरणमा सहयोग पुगेको हुने।** | |
| ३.१ आवश्यक नीतिगत एवं कानूनी व्यवस्था र संस्थागत संरचनाको व्यवस्था गर्ने | ३.१.१ सहकारी सम्बन्धी नगरस्तरीय नीति, कानून, तथा मापदण्ड तर्जुमा र कार्यान्वयन गरिनेछ।<br>३.१.२ नगरपालिकामा रहेको सहकारी शाखाको क्षमता अभिबृद्धि गरिनेछ।<br>३.१.३ कार्य सम्पादन मापन मापदण्डको आधारमा सहकारीहरूको वार्षिक रुपमा मूल्याङ्कन गरिनेछ।<br>३.१.४. सहकारी संस्थाहरूको क्षमता विकास गरिनेछ। |

### ४.४.८ कार्यक्रम तथा आयोजना

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय निकाय | नीजि स्रोत | गै.स.स. तथा अन्य क्षेत्र | |
| १ | विपन्न, पिछडिएका र बञ्चितीकरणमा परेका वर्ग, क्षेत्र र समुदायको वित्तीय पहुँच सुधार कायक्रम | | ✓ | ✓ | | | न.पा. |
| २ | सहकारी संस्थाको पुँजी उत्पादनशील क्षेत्रमा लगानी बृद्धि सम्बन्धी कार्यक्रम | | | ✓ | | ✓ | न.पा. |
| ३ | सहकारीको क्षमता विकास, संस्थागत विकास, प्रविधि हस्तान्तरण तथा पूर्वाधार व्यवस्थापन | | | ✓ | | ✓ | न.पा. |
| ४ | सहकारी संस्थाको लगानी सम्बन्धी सम्भाव्यता अध्ययन | | | ✓ | | ✓ | न.पा. |
| ५ | स्थानीय श्रम, सिप, पुँजी, प्रविधिको सुनिश्चितता सम्बन्धी कार्यक्रम | | | ✓ | | ✓ | न.पा. |
| ६ | सहकारी सम्बन्धी नगरस्तरीय नीति एवं कानूनको तयारी | | | ✓ | | ✓ | न.पा. |
| ७ | सहकारीको कार्य सम्पादन सम्बन्धी मापदण्ड तयारी | | | ✓ | | | न.पा. |
| ८ | सहकारी संस्थालाई पुरस्कृत कार्यक्रम | | | ✓ | | | न.पा. |
| ९ | एक सहकारी एक उत्पादनको अवधारणाको प्रवर्द्धनको लागि अध्ययन तथा अनुसन्धान। | | | ✓ | | | न.पा. |

### ४.४.९ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका नं. ८ सहकारी तथा वित्तीय क्षेत्रको नतिजा खाका**

| नतिजा स्तर | नतिजा | सूचक | ईकाई | आधार वर्ष आ.व २०७९/८० | उपलब्धि (चाहेको अवस्था) | | | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईका आधारहरू | पूर्वानुमान Assumptions |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व.२०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | | | |
| प्रभाव | वित्तीय संस्थाहरूसँग रहेको पूँजी, प्रविधि, ज्ञानको अधिकतम परिचालन भएको हुने। | उत्पादन क्षेत्रमा सहकारीको लगानी वृद्धि | प्रतिशत | | १ | २ | ३ | ४ | ५ | ५ | नपा | |
| | | उत्पादन क्षेत्रमा काम गर्ने सहकारीहरू | वटा | | १ | २ | ३ | ४ | ५ | ५ | नपा | |
| असर १ | नगरवासीहरूको औपचारिक वित्तीय सुविधामा पहुँच सुनिश्चित हुने। | नगरपालिकामा दर्ता भएका संस्था | प्रतिशत | | १ | २ | ३ | ४ | ५ | ५ | नपा | |
| | | सहकारीहरूको अनुगमन | पटक | | २ | ४ | ६ | ८ | १० | १० | नपा | |
| | | एक सहकारी एक उत्पादन अवधारणा अनुसारका सहकारीहरू | | | १ | | २ | | ३ | ३ | नपा | |
| प्रतिफल १.१ | सहकारी सम्बन्धी स्थानीय नीति, कानून तथा मापदण्डको तर्जुमा भएको हुने | निर्माण भएका सहकारी सम्बन्धी नगरस्तरीय नीति एवं कानूनहरू | संख्या | | १ | | | | | १ | नपा | |
| प्रतिफल १.२ | सहकारी प्रशिक्षण, नियमन तथा सूचना प्रणालीको स्थापना भई कार्यान्वयन भएको हुने | प्रशिक्षण तथा सूचना केन्द्रका लागि सहकारी निर्देशनालय | संख्या | १ | १ | | २ | | | २ | नपा | |
| असर २ | सहकारीको स्रोत पहिचान भई उत्पादनको क्षेत्रमा लगानी भएको हुने | सहकारी शिक्षा र तालिम | संख्या | | १ | २ | | ३ | | ३ | नपा | |
| | | सहकारी चेतना विस्तार गर्ने सूचनामूलक कार्यक्रम तथा सूचना प्रवाह | संख्या | | १ | २ | २ | २ | २ | ३ | नपा | |
| प्रतिफल २.१ | सहकारी खेती, उद्योग, सेवा र व्यवसायको विकास तथा प्रवर्द्धनका लागि भौतिक पूर्वाधारको विकास भएको हुने | भौतिक पूर्वाधार निर्माणमा वित्तीय सहयोग प्राप्त उत्पादनमूलक सहकारी संस्थाको संख्या | संख्या | | | | १ | | | १ | नपा | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल २.२ | सहकारीको माध्यमबाट कृषि क्षेत्रको व्यावसायीकरणमा सहयोग पुगेको हुने | उत्पादन, संकलन, प्रशोधन तथा बजारीकरण गर्ने सहकारी | संख्या | | | १ | | | २ | २ | नपा | |
| प्रतिफल २.३ | एक सहकारी एक उत्पादनको नीति कार्यान्वयन भएको हुन | विशेष प्रोत्साहन पाएका उत्पादनमूलक सहकारी संस्थाहरू | | | | १ | | २ | ३ | ३ | न.पा | |

### ४.४.१० अनुमान तथा जोखिम पक्ष

वैंक, वित्तीय संस्था तथा सहकारीलाई कृषि, पशुपालन, उद्योग, स्वास्थ्य, शिक्षा, पर्यटन, बीमा, वातावरण संरक्षण, आवास जस्ता क्षेत्रमा नागरिक, कृषक तथा उद्यमीको सहभागिता, सावर्जनिक संस्थानको सुधारका कार्यमा कार्यान्वयन गराउन कठिन छ। उक्त कायर्हरू नभएमा अपेक्षित उपलिब्ध जस्तै कृषि तथा उद्योग क्षेत्रको विकासमा वित्तीय क्षेत्रको पहुँच हासिल नहुने, सहकारी संस्थाको उत्पादन, प्रशोधन, बजारीकरणको कार्यमा लगानीकर्ताको सम्बन्ध नबढ्ने जोखिम रहन्छ।

## ४.५ श्रम तथा रोजगार

### ४.५.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ को धारा ३३ अनुसार प्रत्येक नागरिकलाई रोजगारीको हक हुने कुरा सुनिश्चित गरेको छ। त्यसैगरी प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने र श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको समेत हक हुने कुरा सुनिश्चित गरेको छ। नगरपालिकाको पार्श्वचित्र अनुसार कूल परिवार संख्या मध्ये ३२.५६ प्रतिशत खेतिपातीमा संलग्न रहेका, ९.५० प्रतिशत व्यापार, ७.१९ प्रतिशत नोकरी, २ प्रतिशत दैनिक ज्यालादारी र ६.७२ प्रतिशत परिवार संख्या वैदेशिक रोजगारीमा संलग्न रहेका छन्। स्वदेशमा सीमित रोजगारी अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रुचि लगायतका कारणले नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ। जसले अल्पकालीन रुपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मद्दत पुग्नुका साथै प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण योगदान गरिरहेको छ

### ४.५.२ समस्या तथा चुनौती

आन्तरिक तथा वाह्य रोजगारीको अवस्था झल्कने अद्यावधिक डाटावेश आधार तथ्याङ्क नहुनु, प्रतिष्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्न नसक्नु, स्वरोजार सम्बन्धी स्पष्ट नीतिगत व्यवस्था नहुनु, बैदेशिक रोगजारीमा जानेहरूका लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन नसक्नु, विप्रेपणबाट आएको रकमलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न नसक्नु, समाजमा श्रमको सम्मान नहुनु, बैदेशिक रोजगार सुरक्षित र भरपर्दो नहुनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

समाजमा श्रमको उच्च सम्मान गर्ने परम्पराको थालनी गर्नु, उत्पादनशील क्षेत्रको पहिचान र स्वरोजगारको अवसर प्रदान गर्नु, वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनु, श्रमलाई सीप, प्रविधि, उत्पादन र बजारसँग जोड्नु, अन्तर्राष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिको विकास गरी वैदेशिक रोजगारमा पठाउनु, वैदेशिक रोजगारको क्षेत्रमा ठगी लगायतका घटनाहरू रोक्नु पारिवारिक तथा सामाजिक पुनः एकीकरणका सवालहरू संबोधन गर्नु जस्ता यस क्षेत्रका चुनौतीहरू हुन्।

### ४.५.३ संभावना तथा अवसर

श्रम हक सम्बन्धी संवैधानिक व्यवस्था हुनु, श्रममैत्री ऐन कानूनहरू निर्माण हुनु, स्वरोजगार र वैदेशिक रोजगारको प्रवर्द्धनका लागि प्रदेश सरकार र संघीय सरकारले प्राथमिकतामा राख्नु, विभिन्न संघ संस्थाहरू श्रम तथा रोजगारीका क्षेत्रमा काम गर्नु, सुरक्षित वैदेशिक रोजगारी प्रवर्द्धनका क्षेत्रमा गैरसरकारी संस्थाहरू क्रियाशील हुनु आदि यस क्षेत्रका अवसरहरू हुन्।

**४.५.४ सोच :** "दक्ष जनशक्तिको विकास मार्फत रोजगारी सिर्जना"

**४.५.५ लक्ष्य:** श्रमशक्तिको प्रवर्द्धन गरी उत्पादनशील क्षेत्रमा थप रोजगारी सिर्जना गर्ने

### ४.५.६ उद्देश्य:

१. नगरपालिका भित्र रहेका बेरोजगार तथा अर्धबेरोजगारहरूलाई रोजगारीको अवसर सिर्जना गर्नु।

२. बैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउनु।

### ४.५.७ रणनिती तथा कार्यक्रमहरु

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: नगरपालिका भित्र रहेका बेरोजगार तथा अर्धबेरोजारहरूलाई रोजगारीको अवसर सिर्जना गर्नु।** | |
| १.१ रोजगारी सिर्जनामा जोड दिने। | १.१.१ रोजगारदाताहरूको पहिचान गरी श्रमिक र रोजगारदाता बीच श्रम सम्बन्ध स्थापना गरिनेछ।<br>१.१.२ बेरोजगार र अर्ध बेरोजगार सम्बन्धी तथ्याङ्क तयार गरिनेछ।<br>१.१.३ श्रम र ज्याला बीचको सन्तुलन कायम गरिनेछ।<br>१.१.४ रोजगार सूचना केन्द्र (स्वदेश तथा वैदेशिक रोजगार सम्बन्धी) व्यवस्थापन तथा सञ्चालन गरिनेछ। |
| १.२ श्रमिकको दक्षता वृद्धि गरी प्रतिस्पर्धी बनाउने। | १.२.१ घरेलु तथा साना उद्योगसँगको सहकार्यमा बेरोजगारहरूलाई उनीहरूको क्षमता र इच्छा अनुसारको सीप विकास तालिम दिई दक्ष बनाइनेछ।<br>१.२.२ श्रमिकहरूको कार्यदक्षता वृद्धि गर्न नियमित रुपमा पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ। |
| **उद्देश्य २ : वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउनु।** | |
| २.१ वैदेशिक रोजगारीलाई श्रमिकको हित अनुकूल सुरक्षित र व्यवस्थित बनाउने | २.१.१ वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धीमूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्बन्धी व्यापक सूचना प्रवाह, सीप तालिम प्रदान तथा आवश्यक कानूनी सहायता प्रदानका लागि सम्बन्धीत सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गरिनेछ।<br>२.१.२ वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, अनुभव र पूँजीलाई उत्पादनमा लगानी प्रोत्साहन गरिनेछ।<br>२.१.३ मनोसामाजिक परामर्श सेवालाई पालिकाको स्वास्थ्य शाखा अन्तर्गत आन्तरिकीकरण गर्दै सो सम्बन्धी सेवालाई दिगो रुपमा प्रवाह गरिनेछ। |

### ४.५.८ कार्यक्रम तथा आयोजना

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय निकाय | नीजि स्रोत | गै.स.स. तथा अन्य क्षेत्र | |
| १ | श्रम रोजगार सम्बन्धी आवश्यक, ऐन, कानून, कार्यविधि, र मापदण्ड निर्माण तथा संशोधन | | | ✓ | | | न.पा |
| २ | बेरोजगार र अर्धबेरोजगार सम्बन्धी प्रोफाइल तयारी | | | ✓ | | | न.पा |
| ३ | श्रमिक र रोजगारदाता बिच अन्तर्क्रिया कार्यक्रम | | | ✓ | | | न.पा |
| ४ | रोजगार सूचना तथा केन्द्र स्थापना तथा सञ्चालन | | | ✓ | | | न.पा |
| ५ | तालिम आवश्यकता पहिचान सम्बन्धी सर्वेक्षण | | | ✓ | | | न.पा |
| ६ | श्रमिकहरूको कार्यक्षमता अभिबृद्धि गर्न नियमित रुपमा पुनर्ताजगी तालिम | | | ✓ | | | न.पा |
| ७ | जानकारीमुलक होडिङ बोर्डको स्थापना | | | ✓ | | | न.पा |
| ८ | वैदेशिक रोजगारमा संलग्नलाई उद्यम विकास तालिम सञ्चालन | | | ✓ | | | न.पा |
| ९ | वैदेशिक रोजगारमा संलग्न र तिनका परिवारलाई मनोसामाजिक परामर्श। | | | ✓ | | | न.पा |

### ४.५.९ अपेक्षित उपलब्धि तथा नतिजा खाका

१. श्रमिक र रोजगारदाता बीच समन्वय,

२. माझी, कुमाल, घर्ती, भुजेल, दलित लगायत विपन्न परिवारका सदस्यहरूको व्यवसायिक दक्षता अभिवृद्धि,

३. महिला तथा युवाहरूलाई उद्यम सञ्चालन गर्न प्रोत्साहन।

*तालिका नं. ९: श्रम तथा रोजगार क्षेत्रको नतिजा खाका*

| नतिजा स्तर | नतिजा | सूचक | ईकाई | आधार वर्ष आ.व २०७९/८० | उपलब्धि (चाहेको अवस्था) | | | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान Assumptions |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | | | |
| प्रभाव | श्रमशक्तिको प्रवर्द्धन भई उत्पादनशील क्षेत्रमा थप रोजगारी सिर्जना भएको हुने। | बेरोजगारी दर | प्रतिशत | | ५ | १० | १५ | २० | २५ | २५ | न.पा | |
| | | अर्ध बेरोजगारी दर | प्रतिशत | | १० | १५ | २० | २५ | ३० | ३० | न.पा | |
| असर १ | नगरपालिका भित्र रहेका बेरोजगार तथा अर्ध बेरोजगारहरूको लागि रोजगारीको अवसर सिर्जना भएको हुने। | सार्वजनिक तथा नीजि क्षेत्रमा रोजगारी सिर्जना | संख्या | | २ | ३ | ४ | ५ | ६ | ६ | न.पा | |
| | | रोजगारी जनसंख्याको अनुपात | अनुपात | | ५ | १० | १५ | २० | २५ | २५ | न.पा | |
| प्रतिफल १.१ | श्रमिक र रोजगारदाता वीचको श्रम सम्बन्ध स्थापना भई रोजगारीका नयाँ अवसरहरू सिर्जना भएको हुने। | श्रम र रोजगार सम्बन्धी आवश्यक ऐन, कानून, कार्यविधि र मापदण्ड | संख्या | | १ | | | | | १ | न.पा | |
| | | श्रमिक र रोजगारदाता बीच अन्तर्क्रिया कार्यक्रम भएका वडा। | संख्या | | ३ | ६ | ९ | १२ | १५ | १५ | न.पा | |
| प्रतिफल १.२ | रोजगार सूचना केन्द्रको स्थापना भई श्रम बजारको माग अनुसार श्रमशक्तिको आपूर्ति भएको हुने | बेरोजगार र अर्धबेरोजगार सम्बन्धी तथ्याङ्क संकलन गरी प्रोफाइल तयार | संख्या | १३ | १ | | १ | | | २ | न.पा | " |
| | | रोजगार सम्बन्धी आवश्यक सूचनाहरू तयारी र सम्प्रेषण | | | | | | | | | न.पा | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर २** | सहकारीको स्रोत पहिचान भई उत्पादनको क्षेत्रमा लगानी भएको हुने | सहकारी शिक्षा र तालिम | संख्या | | १ | १ | १ | | | ३ | न.पा | ६ |
| | | सहकारी चेतना विस्तार गर्ने सूचनामूलक कार्यक्रम तथा सूचना प्रवाह | संख्या | | | १ | | २ | | २ | न.पा | |
| **प्रतिफल २.१** | सहकारी खेती, उद्योग, सेवा र व्यवसायको विकास तथा प्रवर्द्धनका लागि भौतिक पूर्वाधारको विकास भएको हुने | भौतिक पूर्वाधार निर्माणमा वित्तीय सहयोग प्राप्त उत्पादनमूलक सहकारी संस्थाको संख्या | संख्या | | | १ | | २ | | २ | न.पा | |
| **प्रतिफल २.२** | सहकारीको माध्यमबाट कृषि क्षेत्रको व्यावसायीकरणमा सहयोग पुगेको हुने | उत्पादन, संकलन, प्रशोधन तथा बजारीकरण गर्ने सहकारी | सख्या | | | | १ | २ | | २ | न.पा | |
| **प्रतिफल २.३** | एक सहकारी एक उत्पादनको नीति कार्यान्वयन भएको हुने | विशेष प्रोत्साहन पाएका उत्पादनमूलक सहकारी संस्थाहरू | संख्या | | | १ | | | २ | २ | न.पा | |
| **असर ३** | वैदेशिक रोजगारी सुरक्षित र व्यवस्थित भएको हुने। | वैदेशिक रोजगारीमा जानेहरू | प्रतिशत | | ५ | १० | १५ | २० | २५ | २५ | न.पा | |

### ४.५.१० अनुमान तथा जोखिम पक्ष

बेरोजगारी व्यवस्थापनमा जटिलता देखिनु मुख्य चुनौतीको रुपमा देखिन्छ। श्रम बजारको माग र जनशक्ति विकासका कार्यक्रम बीच तादात्म्यता तथा स्वस्थ श्रम सम्बन्धको विकास, सुरिक्षत तथा भरपर्दो रोजगारी, औपचारिक माध्यमबाट विप्रेषणको प्राप्ति र यसको सही सदुपयोगको सुनिश्चितता हुन सकेमा अपेक्षित प्रतिफल हासिल हुनेछन्। कृषि, उद्योग, पर्यटन तथा पूवाधारका क्षेत्रमा पनि उत्पादनमूलक रोजगारी सिर्जना र वृद्धि गर्दै स्थानीय तहमा नै युवा जनशक्तिको लागि रोजगारीका अवसरहरू उपलब्ध हुनेछन् भन्ने अनुमान गरिएको छ।

## परिच्छेद ५: सामाजिक विकास क्षेत्र

नागरिकहरूको सम्मानजनक जीवनयापनका लागि सामाजिक क्षेत्रको विकास अनिवार्य छ । शारदानगर भित्र विभिन्न जातजाती, धर्मसँस्कृति तथा परम्परा अपनाउने समुदाय बीचको पारस्परिक सहयोग र सहिष्णुता नै एउटा सुन्दर पक्ष हो। जातजातीको हिसाबले यस नगरपालिकामा क्षेत्री, सन्यासी, दशनामी, कामी, मगर, सार्की, नेवार, पहाडी ब्राह्मण, ठकुरी, दमाइ/ढोली, आदिवासी जनजाति अन्य र दलित गरी १२ भन्दा बढी किसिमका जातजातिको बसोबास रहेको छ। सामाजिक रूपमा पिछडिएको वर्ग/समुदायको सामाजिक अवस्थालाई सुधार ल्याई सम्मानजनक ढंगले बाँच्न पाउने अवस्था सिर्जना गर्नु पर्नेछ । सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधार तयार गर्न संघ सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले विशेष जिम्मेवारी बहन गर्नु पर्दछ। वर्तमान संविधानले शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सवालहरूलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । सामाजिक विकासको क्षेत्रमा स्थानीय सरकारका कार्यक्षेत्रहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई तथा सामाजिक विकासका अन्य पक्षहरू रहेका छन् । सामाजिक विकासको प्रगतिले दिगो विकासको चार वटा लक्ष्य, जस अन्तर्गत लक्ष्य-३ (स्वस्थ र समुन्नत समाज), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ पानी तथा सरसफाई) सँग सम्बन्धीत छ।

सामाजिक विकास अन्तरगत शिक्षा तथा सीप विकास, स्वास्थ्य तथा पोषण, खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापन, लैङ्गिक समानता तथा महिला सशक्तीकरण, भाषा, साहित्य, संस्कृति र सम्पदा, युवा तथा खेलकुद आदि क्षेत्र पर्दछन्। जसबाट गुणस्तरीय शिक्षा र स्वास्थ्य, दक्ष, सक्षम, सिर्जनशिल, प्रतिस्पर्धी तथा उत्पादक जनशक्ति, सुसंस्कृत एवं समतामूलक समाज निर्माणका लागि सामाजिक विकास योजना तर्जुमा गरिएको छ।

### ५.१ स्वास्थ्य तथा पोषण

#### ५.१.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले नागरिकको मौलिकहकको रुपमा आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्य सेवा र उपचारको सम्बन्धमा जानकारी पाउने ब्यवस्था गरेको अवस्थामा नगरपालिका अन्तर्गतका सबै नागरिकलाई स्वास्थ्य सेवामा पहुँच पुर्‍याउने र आधारभूत स्वास्थ्य सेवाको सुनिश्चित गर्नु स्थानीय सरकारको दायित्व रहेको छ । संघीय संरचना अनुसार स्वास्थ्य सेवा व्यवस्थापनको लागि हाल भएको मानव संशाधन, सिप र दक्षताको उच्चतम उपयोग गरी स्वास्थ्य सेवा जस्तो संवेदनशील क्षेत्रमा बिगतमा हासिल भएका उपलब्धिहरूलाई संस्थागत गर्दै स्वास्थ्य सेवालाई थप जवाफदेही र मर्यादित बनाई सहज र सर्बसुलभ पहुँचको व्यवस्थापन गर्नु आवश्यक छ। स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकहरूको रूपमा लिइन्छ । नगरपालिका भित्र गरिब, दूरदराजका नागरिकहरू अझै पनि आधारभूत स्वास्थ्य सेवाको पहुँचबाट बञ्चित रहेको अवस्था छ। त्यसैगरी गुणस्तरीय स्वास्थ्य सेवा मार्फत मानव विकास सूचाङ्कमा सुधार ल्याई नगरपालिकाको समग्र विकासको लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्न आवश्यक देखिएको छ।

नगरपालिका भित्र मातृ तथा नवजात शिशु स्वास्थ्यमा उल्लेख्य सुधार गरी मृत्यु दरलाई वाञ्छित तहसम्म घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप रोकथाम तथा नियन्त्रण गर्नु र कुनै पनि बेला हुन सक्ने स्वास्थ्य सम्बन्धी विपदको पूर्वतयारी तथा व्यवस्थापन गर्नु, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका व्यक्ति, एकलमहिला, खास गरी गरिब, सिमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँच योग्य बनाउनु नगरपालिकाको दायित्व भित्र पर्दछ।

### ५.१.२ समस्या तथा चुनौती

**समस्याहरू :**

१. भौगोलिक बिकटता र समतामूलक हिसाबले स्वास्थ्य संस्थाहरूको अपेक्षित रुपमा सवैलाई पायक पर्ने व्यवस्था हुन नसकेकोले सवै तह, वर्ग र क्षेत्रका समुदायको आधारभूत स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन कठिनाइ।

२. अझै पनि महिलाहरू घरैमा सुत्केरी हुने, किशोरावस्थामै बिवाह गर्ने र बच्चा जन्माउने गरेकाले मातृ तथा नवजात शिशु र पाँच वर्ष मुनिका बालबालिकाको मृत्यू दरमा कमी आउन नसकेको।

३. ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका ब्यक्तिहरूको स्वास्थ्य उपचार, किशोर किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रबर्द्धनका लागि आवश्यक स्वास्थ्य सेवाको व्यवस्थापन कमजोर रहेको।

४. औषधी तथा औषधीजन्य सामग्रीहरूको नियमित आपूर्ति व्यवस्थापन, उचित भण्डारण र कोल्ड चेनको प्रभावकारी व्यवस्थापनको अभावका कारणले आपूर्ति तथा वितरणमा सहज पहुँच हुन नसकेको।

५. नसर्ने खालका रोगहरू जस्तैः क्यान्सर, मुटु, मृगौला, मधुमेह र मानसिक रोगहरूको रोकथाम र नियन्त्रण गर्नमा कठिनाइ।

६. केही स्वास्थ्य संस्थाहरूको भौतिक अवस्था कमजोर भएको, समयानुकुल सुधार गर्न नसकिएकोले गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध हुन नसकेको।

७. गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा कमि र भौगालिक विकटता एवं छरिएर रहेको बस्तीहरूको कारण सेवा प्राप्त गर्न जान कठीन भएको कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृ स्वास्थ्यजस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुन नसकेको।

८. स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग सहितको स्वास्थ्य सेवा कार्यान्वयनको सम्वन्धमा नियमित र प्रभावकारी अनुगमनको कमि।

९. नगरपालिका भित्र स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको सहभागिता व्यवस्थित गर्न नसकिएको।

१०. स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिहरूलाई आफ्नो भूमिका र जिम्मेवारी प्रतिक्रियाशील गराई स्वास्थ्य संस्था स्तरबाट नै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गर्ने संयन्त्रको विकास गर्न नसकिएको।

११. नगरपालिका अन्तर्गत चिकित्सकीय एवं विशेषज्ञ सेवा प्रदान गर्नका लागि संस्थागत विकास हुन नसकेको।

१२. स्वास्थ्य सूचकहरूमा उल्लेख्य प्रगति हासिल हुन नसकेको तथा सूचकहरूमा दिइएको लक्ष वास्तविक जनसंख्या भन्दा अधिक रहेको देखिएको।

**चुनौतीहरू :**

१. नीजिक्षेत्रलाई स्वास्थ्य क्षेत्रमा लगानी गर्न अभिप्रेरित गर्दै सार्वजनिक नीजि साझेदारीमा सर्वसुलभ स्वास्थ्य सेवाको बिस्तार र स्तरोन्नति गर्नु।

२. दूरदराज एवं आर्थिक रुपले बिपन्न नागरिकहरूमा सर्वसुलभ औषधी उपचार र स्वास्थ्य सेवाको सुनिश्चित गर्नु।

३. शारदा नगरपालिका भित्र राज्यले अङ्गीकार गरेको आधारभूत एबम् आकस्मिक स्वास्थ्य सेवाको पहुँचलाइ प्रत्येक नागरिकको घरदैलोमा पुऱ्याउनु।

४. स्वास्थ्य क्षेत्रमा व्यक्तिगत रुपमा हुने खर्चलाई कम गर्नका लागि नागरिकहरूमा व्यवहार परिवर्तन गर्न र प्रबर्द्धनात्मक एबं प्रतिकारात्मक उपचार सेवाको उपयोगितामा सुधार गर्नु।

६. बिद्यमान स्वास्थ्य संस्थाहरू र प्रत्येक वडामा रहेका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूको सेवाग्राही मैत्री पूर्वाधार बिकास गरी गुणस्तरीय सेवा प्रवाहको पद्धतीको पूर्ण रुपमा स्थापना गर्नु ।

७. परम्परागत रुपमा अपनाइँदै आएका रुढीवादी विश्वास, मूल्य र मान्यताहरूलाई फड्को मार्दै स्वस्थ सामाजिक अभ्यासमा पूर्ण रुपले रुपान्तरण ल्याउनु ।

८. आयुर्बेद तथा वैकल्पिक चिकित्सा पद्धतीको अनुसन्धान, उत्पादन र प्रयोगमा ल्याउनु ।

### ५.१.३ संभावना तथा अवसर

१. नगरपालिका सेवाको समानुपातिक वितरण, पहुँच र उपभोग बढाउन स्वास्थ्य क्षेत्रमा निजी तथा गैह्रसरकारी क्षेत्रसँगको साझेदारीलाई सदुपयोग गर्ने ।

२. नगरपालिका भित्रका सामाजिक, साँस्कृतिक तथा भौगोलिक विशिष्टताका आधारमा नीति तथा योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

३. राजनैतिक परिवर्तन र संघीयताको सन्दर्भमा स्थानीय स्तरबाटै स्रोत परिचालन र अनुगमन गर्ने ।

४. स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको पहुँचमा बृद्धि, एकीकृत सूचना प्रणालीलाई सुदृढीकरण गर्ने ।

५. जिल्ला अस्पतालबाट विशेषज्ञ सेवा सर्वसुलभ तरिकाले प्राप्त गर्न सकिने अवस्था रहेको ।

### ५.१.४ लक्ष्य

गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रणालीको स्थापना गरी स्वास्थ्य सेवामा समावेशीता र समतामूलक पहुँचको सुनिश्चितता गर्ने ।

### ५.१.५ उद्देश्य

(क) नगरपालिका मातहतका सबै स्वास्थ्य संस्थाहरूबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने ।

(ख) नगरपालिकाका नागरिकलाई संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने ।

(ग) स्वस्थ जीवनशैली, सरसफाइ, व्यवहार परिवर्तन र प्रभावकारी स्वास्थ्य सेवा मार्फत नगरवासीको स्वास्थ्य प्रवर्द्धन गर्ने ।

(घ) स्वास्थ्य क्षेत्रको आवश्यकता पहिचान, योजना तर्जुमा, व्यवस्थापन र अनुगमनमा जनसहभागिता सुनिश्चित गर्ने ।

(ङ) स्वास्थ्य सेवा प्रवाहमा सरकारी, नीजि, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्द्धन गर्ने ।

## ५.१.६ रणनीति तथा कार्यनीति

*स्वास्थ्य तथा पोषणको रणनीति तथा कार्यनीतिहरू*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: नगरपालिकाका मातहतका सबै स्वास्थ्य संस्थाहरूबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने ।** | |
| १.१ सुरक्षितमातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, विद्यालय स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरिनेछ। | १.१.१ नवजातशिशु तथा बालरोगको एकीकृत व्यवस्थापनलाई थप सुदृढ गर्दै यसको प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>१.१.२ आधारभूत तथा आकस्मिक प्रसूती सेवालाई सुदृढ गर्दै गर्भवती, सुत्केरी तथा नवजात शिशुको जटिलतायुक्त स्वास्थ्य अवस्थाको व्यवस्थापनको लागि आकस्मिक प्रेषण प्रणालीलाई थप व्यवस्थित गरिने छ।<br>१.१.३ नगरपालिका भित्रका सुत्केरी आमाहरूलाई प्रसुती पछिको तेश्रो भेटमा प्रदान गरिने स्वास्थ्य सेवा नर्सिङ कर्मचारी मार्फत घरमै गई प्रदान गरिनेछ। समयमै गर्भवती तथा सुत्केरी आमाहरूलाई सूचना तथा जानकारी दिन संस्थागत मोवाईल सेट तथा आवश्यकता अनुसार रिचार्जको लागि व्यवस्थापन गरिने छ।<br>१.१.४ बिभिन्न वर्ग, जाती धर्म तथा क्षेत्रमा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्था विश्लेषण गरी आवश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागू गरिनेछ।<br>१.१.५ सुरक्षित गर्भपतन सेवालाई थप व्यवस्थित गर्दै गुणस्तरीय र प्रभावकारी बनाइने छ । लिंग पहिचानको आधारमा गरिने गर्भपतनलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ।<br>१.१.६ गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरूमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरिनेछ।<br>१.१.७ नगरपालिकाका भित्रका सबै स्वास्थ्य संस्थालाई किशोर किशोरी मैत्री बनाई सेवा प्रदान गर्न सक्षम बनाइने छ। साथै किशोर किशोरीहरूको सहभागितामा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.१.८ विद्यालयस्तरमा विद्यालय स्वास्थ्य तथा नर्सिङ कार्यक्रम मार्फत स्वास्थ्य प्रवर्द्धन, नियमित स्वास्थ्य परीक्षण, सामान्य उपचार एवं मनोसामाजिक परामर्श लगायत कार्यक्रमहरूलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ। |

| | |
|---|---|
| १.२ नगरपालिका बासीहरूमा स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको प्रतिकारात्मक, प्रबर्द्धनात्मक, निदानात्मक, सामान्य उपचार एबम् चिकित्सकीय सेवाको विस्तार र स्तरोन्नति गरिने छ। | १.२.१ नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने सेवा र पूर्वाधारको स्तरोन्नति गर्दै लगिनेछ। सवै स्वास्थ्य संस्थामा न्युनतम सेवा मापदण्डको कार्यक्रमलाई व्यवस्थित गरिनेछ।<br>१.२.२ हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरी प्रसुती केन्द्र, आधारभूत स्वास्थ्य सेवा केन्द्र, आवश्यकता अनुसार शहरी स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिक तथा घुम्ती सेवामार्फत टोल बस्ती हुँदै घरदैलोसम्म स्वास्थ्य सेवा प्रवाह गरिनेछ।<br>१.२.३ नाक, कान, घाँटी, दन्त, मानसिक र आँखा चिकित्सालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाइनेछ।<br>१.२.४ संघीय र कर्णाली प्रदेश सरकारसँग समन्वय गरी नगरपालिकामा रहेको जिल्ला अस्पताल सुदृढीकरण गरिनेछ।<br>१.२.५ विशेषज्ञ शिविरहरू मार्फत स्वास्थ्य संस्थाहरू र भौगोलिक रुपमा बिकट स्थानहरूमा स्क्रिनिङ सेवाहरू (Uterine Prolapses, Obstetrics Fistula, RFT, VIA,Diabetes, HTN, PAP smear) सेटलाइट सेवा, गर्भवतीहरूको लागि ग्रामीण अल्ट्रासोनोग्राफी कार्यक्रमहरू लागु गरिनेछ।<br>१.२.६ स्वास्थ्य संस्थाहरूमा स्वच्छ खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्था सहित) र इन्टरनेट सेवाको व्यवस्था गरिनेछ।<br>१.२.७ प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार क्रमागत रुपमा व्यवस्था गरिनेछ।<br>१.२.८ प्रभावकारी स्वास्थ्य सेवा प्रबर्द्धनका लागि नमुना स्वास्थ्य संस्था र नमुनाटोल अभियानशुरु गरी क्रमागत रुपमा बिस्तार गरिनेछ।<br>१.२.९ प्रसुती गृह सञ्चालनका लागि मानव श्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ र प्रसुती केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात शिशु कर्नरको सुबिधा उपलब्ध गराइनेछ।<br>१.२.१०.नगरभित्र सामुदायिक एवं विद्यालय नर्सिङ कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी रुपमा लागु गरिने छ। |
| १.३ गुणस्तरीय, सर्वसुलभ औषधि उपकरणमा सर्वसाधारणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ। | १.३.१. सबै स्वास्थ्य संस्थाहरूमा गुणस्तरीय औषधी वितरण हुने व्यवस्था मिलाइनेछ।<br>१.३.१ औषधीको गुणस्तर र मूल्य नियन्त्रण गर्नका लागि मूल्य तोक्नुका साथै नियमित अनुगमन तथा नियमन गरिनेछ।<br>१.३.२ कानून बमोजिम नीजि औषधि पसल, निदान केन्द्र र अस्पताल निर्माण एवं सञ्चालन गर्न नीजि सरकारी साझेदारी क्षेत्रलाई समेत प्रोत्साहन गरिने छ।<br>१.३.३ नीजि क्षेत्रलाई औषधि व्यवसायको निगरानी तथा अनुगमन गर्ने, औषधिहरूको न्यायोचित मूल्य निर्धारण गर्नका लागि नगरपालिका स्तरीय स्वास्थ्य समिति मार्फत गरिनेछ। |

| उद्देश्य २ : नगरपालिकाका नागरिकलाई संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने । | |
|---|---|
| २.१ नगरपालिका बासीलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनेछ। | २.१.१ नगरपालिका भित्रका प्रत्येक वडाहरूमा स्थापित स्वास्थ्य संस्थाहरू बाट न्युनतम मापदण्ड सहितको निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरू प्रभावकारी रुपमा उपलब्ध गराइनेछ।<br>२.२.२ भूगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यकता अनुसार स्वास्थ्य संस्थाहरू स्थापना, विस्तार, स्तरोन्नति तथा एकीकृत गरिनेछ।<br>२.३.३ भौगोलिक रुपले दुर्गममा रहेका नागरिकको स्वास्थ्य सेवामा पहुँच बढाउन गाउँघर क्लिनिकलाई थप व्यवस्थित र विस्तार गरिने छ।<br>२.४.४ वडागत घरधुरी, जनसंख्या र सेवाको सूचक स्थितिको यकिन तथ्याङ्क राखिनेछ। |
| २.२ औषधी, औषधीजन्य सामग्री, उपकरणहरूको खरिद, आपूर्ति र वितरण एवं प्रयोगलाई सुदृढ गरिने छ। | २.२.१ औषधि र चिकित्साजन्य सामग्रीहरूको व्यवस्थित आपूर्ति र भण्डारणको लागि नगरपालिकामा मेडिकल स्टोरको व्यवस्था गरिने छ।<br>२.२.२ प्रत्येक वर्ष तथ्यमा आधारित औषधी खरिद योजना प्रक्रिया अबलम्बन गरिनेछ।<br>२.२.३ प्रत्येक स्वास्थ्य संस्थामा औषधि भण्डारणको लागि व्यवस्थित भण्डार कक्षको सुनिश्चितता गरिनेछ।<br>२.२.४ प्रत्येक स्वास्थ्य संस्थामा र पालिका स्तरमा औषधि तथा सामग्रीको आकस्मिक मागबिन्दु र स्वीकृत मौज्दात परिमाणलाई सन्तुलनमा राख्ने व्यवस्था अनिबार्य गरिनेछ।<br>२.२.५ कुनै पनि सहयोगी दातृ निकायबाट स्वास्थ्य संस्थाको लागि हुने औषधि तथा सामग्रीको सहयोगलाई नगरपालिकाको एकद्वार प्रणालीमार्फत व्यवस्थित गरिनेछ।<br>२.२.६ औषधी तथा सामग्रीको दाखिला गर्ने, म्याद गुज्रेका औषधी तथा सामग्रीलाई नस्ट गर्ने र आवश्यक औषधीमाग गर्ने प्रक्रियालाई स्वास्थ्य संस्था स्तरमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति मार्फत अनिवार्य रुपले लागु गरिनेछ।<br>२.२.७ सबै स्वास्थ्य संस्थामा उपलब्ध औजार, उपकरण र औषधि तथा अन्य सामग्रीहरूको अध्यावधिक गरी प्रभावकारी सप्लाई चेन व्यवस्थापनको लागि बिद्युतीय आपूर्ति व्यवस्थापन प्रणाली (eLMIS) बाट गरिनेछ।<br>२.२.८ स्वास्थ्य संस्थामा अत्यावश्यक औषधी तथा सामग्रीको नियमित उपलब्धताको सुनिश्चित गर्न स्वास्थ्य संस्थामा आकस्मिक औषधि तथा उपकरण खरिदको लागि अनिबार्य रुपमा बजेट विनियोजन गरी लागु गरिनेछ।<br>२.२.९ प्रतिकारात्मक संभार, खरिद उपरान्त संभार आदि सिद्धान्तलाई व्यवहारिक रुपमा लागु गरिनेछ। उपकरणहरूको मर्मत तथा सम्भारका लागि सम्बन्धीत निकायसँग समन्वय गरिनेछ। |

| | |
|---|---|
| २.३ नगरपालिका भित्र स्वास्थ्य क्षेत्रको जनशक्तिलाई व्यवस्थित र प्रभावकारी रुपमा अघि बढाइनेछ। | २.३.१ राष्ट्रिय मापदण्ड अनुसार हुने गरी स्वास्थ्य जनशक्ति व्यवस्थापन गर्दै लगिनेछ।<br>२.३.२ विशेषज्ञ तथा मध्यम स्तरको स्वास्थ्य जनशक्ति उत्पादनका लागि संघीय, प्रदेश सरकार एवं सम्बन्धीत शिक्षालयसँग समन्वय र सहकार्य गरिनेछ।<br>२.३.३ जवाफदेहीपूर्ण एवं प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न दक्ष जनशक्तिको आवश्यकता पहिचान, उत्पादन, परिचालन गर्न तथा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीको दिगो सेवा प्रवाह गर्ने चाहना बुद्धीका लागि उत्प्रेरणाजन्य क्रियाकलाप लागु गरिनेछ। संघ तथा प्रदेश सरकारद्वारा स्वास्थ्यकर्मीलाई तोकिएको प्रोत्साहन भत्ता तथा अन्य सुविधा सुनिश्चित गरिनेछ।<br>२.३.४ नगरपालिका भित्र कार्यरत स्वास्थ्यकर्मीको समुचित व्यवस्थापनको लागि वृत्ति विकास प्रणालीद्वारा व्यवस्थित गरिनेछ। सेवाग्राहीको भार तथा जनसंख्या विश्लेषणको आधारमा पालिका भित्र कार्यरत स्वास्थ्यकर्मीहरूलाई आवश्यकताको आधारमा सरुवा तथा काजमा राखेर स्वास्थ्य संस्थाहरूबाट समानुपातिक रुपमा सेवाको व्यवस्थापन गरिने छ।<br>२.३.५ स्वास्थ्यकर्मीको सेवाको निरन्तरताको लागि सेवा करार, पुल दरबन्दी जस्ता उपायहरूको अवलम्बन र यसका लागि आवश्यक समन्वय गरिने छ।<br>२.३.६ स्वास्थ्य जनशक्ति व्यवस्थापनका लागि निश्चित मापदण्ड बनाएर जेहेन्दार, विपन्न, दलित र पछाडि पारिएका परिवारका सदस्यहरूलाई अध्ययनको लागि छात्रबृत्ति व्यवस्था गरिनेछ।<br>२.३.७ पालिका अन्तर्गत कार्यरत कर्मचारीहरूको निर्दिष्ट कार्यविवरण तयार गरिनेछ र कार्य विवरणको आधारमा कर्मचारीहरूको कार्य मूल्याङ्कन गर्ने, मूल्याङ्कनको आधारमा सम्मान गर्ने प्रणाली लागु गरिने छ।<br>२.३.८ लैंगिक समानता र सामाजिक समावेशीकरणको सिद्धान्तमा आधारित मानव संशाधन योजना एबं कार्यविधि तयार गरिने छ र यसकै आधारमा कर्मचारीको नियुक्ति र पदस्थापना गरिने पद्धति लागु गरिने छ। |
| २.४ सबै स्वास्थ्य संस्थाहरूमा आकस्मिक सेवा सञ्चालनमा ल्याई नगरबासीहरूको आकस्मिक स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने। | २.४.१ नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरूमा आकस्मिक सेवा कक्षको स्थापना गरिने छ।<br>२.४.२ नगरपालिका अन्तर्गतका कुनै पनि नागरिक वा व्यक्तिको आकस्मिक स्वास्थ्य उपचारको लागि कार्यविधि तयार गरी कोष निर्माण एवं सञ्चालनमा ल्याइनेछ।<br>२.४.३ मातृ नवशिशु र गर्भवती महिलाहरूको आकस्मिक अवस्थाको व्यवस्थापनको लागि प्रत्येक स्वास्थ्य संस्थामा "मातृ तथा नवजात शिशु आकस्मिक कोष" स्थापना तथा थप व्यवस्थित गर्दै लगिने छ।<br>२.४.४ तोकिएका स्वास्थ्य संस्था तथा प्रसुती केन्द्रहरूबाट २४ घण्टा आकस्मिक सेवा प्रवाह हुनेछ।<br>२.४.५ नगरपालिका भित्र सरकारी, नीजि, सामुदायिक रुपमा सञ्चालन नहुने एम्बुलेन्स एवं शववाहन सेवालाई निर्देशिका एवं मापदण्ड तयार गरी व्यवस्थित तरिकाले सञ्चालन गर्ने व्यवस्था मिलाइने छ। यसको उपलब्धता बढाउनुका साथै शुल्कमा नियमन गरिनेछ। |

| | |
|---|---|
| **उद्देश्य ३ : स्वास्थ्य क्षेत्रको आवश्यकता पहिचान, योजना तर्जुमा, व्यवस्थापन र अनुगमनमा जनसहभागिता सुनिश्चित गर्ने ।** | |
| ३.१ स्वास्थ्य सूचना प्रणाली र स्वास्थ्य अनुसन्धानलाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई नगरपालिकाको योजना, नीति, रणनीति विकास गर्न प्रभावकारी उपयोग गरिनेछ। | ३.१.१ नगरपालिका भित्र स्वास्थ्य सम्बन्धी सूचना व्यवस्थित गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी, सहयोगी निकाय र अनुसन्धानकर्तालाई प्रोत्साहित गर्न उत्कृष्ट अनुसन्धानकर्ता, स्वास्थ्यकर्मी एवं संस्थालाई वार्षिक रुपमा सम्मान गरिनेछ।<br>३.१.२ नगरपालिकामा स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानबाट आएका निष्कर्ष तथा राष्ट्रिय एबम् प्रादेशिक प्रतिबद्धतालाई योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ।<br>३.१.३ नगरपालिकाको एकीकृत स्वास्थ्य सूचनाप्रणालीमा सूचनाको शुद्धता, समयबद्धता र पूर्णतामा निगरानी गरी गुणस्तरीय बनाइनेछ।<br>३.१.४ नगरपालिकाको स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरूबाट नै Online Reporting (DHIS2 / eLMIS) लाई बिस्तार तथा नियमित गरिनेछ।<br>६.५ तथ्यांक वा तथ्यमा आधारित रही यो स्वास्थ्य नीति आवश्यकता अनुसार परिमार्जन वा संशेधन समेत गर्दै लगिने छ। |
| **उद्देश्य ४ : स्वस्थ जीवनशैली, सरसफाई, व्यवहार परिवर्तन र प्रभावकारी स्वास्थ्य सेवा मार्फत नगरवासीको स्वास्थ्य प्रवर्द्धन गर्ने ।** | |
| ४.१ नगरपालिकाबासीलाई जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको रोकथाम, नियन्त्रण र उपचारका लागि विभिन्न कार्यक्रम लागु गरिनेछ। | ४.१.१ सूर्तिजन्य, मादकपदार्थ र अन्य स्वास्थ्यलाई हानी गर्ने बस्तुहरूको उत्पादन, विक्रिवितरण र उपभोगलाई निरुत्साहित, नियन्त्रण तथा नियमन गर्न आवश्यक कानून बनाई लागु गरिनेछ।<br>४.१.२ सूर्तिजन्य, मादकपदार्थ जस्ता हानीकारक वस्तुहरूको किनवेच र उपभोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ। सामाजिक विकृति र कुलतमा लागेका व्यक्तिहरूलाई सुधार गर्न जीवन उपयोगी तालिम तथा मनोपरामर्श सेवा लगायतका कार्यक्रमहरू लागु गरिने छ।<br>४.१.३ नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिकतामा नर्सिङ स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने व्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा विशेषज्ञ मानसिक स्वास्थ्य सेवा, योग शिविर र मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिनेछ।<br>४.१.४ उच्च रक्तचाप, मधुमेह, मृगौला रोग, मुटुरोग, अर्बुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरूको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकीकृत अभियान सञ्चालन गरिने छ। साथै नसर्ने रोग सम्बन्धी Essential Package of Non Communicable Diseases सबै स्वास्थ्य संस्थामा बिस्तार गर्दै लगिनेछ।<br>४.१.५ स्वस्थ जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रवर्द्धनका कृयाकलापहरू सञ्चालन गरिनेछ।<br>४.१.६ खोपबाट बचाउन सकिने रोगहरूको उन्मूलन, निवारण र नियन्त्रणका लागि निगरानी कार्य गरिनेछ र पूर्ण खोपयुक्त नगरपालिका कायम गरिनेछ। |
| | ४.१.७ स्वस्थ जीवनयापनको लागि नगरस्तरिय योग शिविर तथा फिजिओथेरापी सेवा सञ्चालन गरिनेछ। |

| | |
|---|---|
| ४.२ नगरपालिकाबासीको स्वास्थ्य बीमा सुनिश्चित गर्ने र लक्षित बर्ग जस्तै ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, विपन्न, किशोर किशोरी, सिमान्तकृत, विभेदमा परेका, जनयुद्ध तथा जन आन्दोलनका घाइते, शहीद तथा वेपत्ता परिवार, एकल महिलाको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ। | ४.२.१ नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरूबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरू बालमैत्री, किशोर किशोरी मैत्री, ज्येष्ठ नागरिक मैत्री, अपाङ्ग मैत्रीका साथै सिमान्तकृत, विभेदमा परेका, एकल महिलाको विशेष पहुँचमा हुने छन्।<br>४.२.२ कम उमेरमा विवाह गर्ने र कम उमेरमै गर्भवती हुने कारणले महिलाको स्वास्थ्यमा प्रतिकुल असर पर्ने हुनाले सचेतना अभिबृद्धि गरिने छ।<br>४.२.३ अपाङ्गहरूको लागि आवश्यकता अनुसारको सहयोगी उपचार व्यवस्था, सहयोगी सामग्री व्यवस्था गरिने छ।<br>४.२.४ लैंगिक हिंसामा परेका, वेवारिसे, ज्येष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भई सडकमै रहेका असहाय व्यक्तिहरूलाई अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहको लागि सार्वजनिक निजी साझेदारी र सहकार्यमा पुनर्स्थापना केन्द्र स्थापना एवं सञ्चालनमा जोड दिइनेछ।<br>४.२.५ अपाङ्ग, अति गरीव, असहाय, वेपता तथा शहीदका परिवार , जनयुद्ध र जनआन्दोलनका घाइतेलाई सहुलियत कोषको व्यवस्था गरी स्वास्थ्य बीमाको सुनिश्चित गरिने छ।<br>४.२.६ राष्ट्रिय बीमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न विशेष अभियान सञ्चालन गरिने छ।<br>४.२.७ नेपाल सरकारको विपन्न नागरिक औषधि उपचार निर्देशिका अनुरुप सबै नागरिकलाई निःशुल्क औषधि उपचार सुनिश्चित गरिने छ।<br>४.२.८ नगरपालिका क्षेत्र भित्रका ६० वर्ष माथिका ज्येष्ठ नागरिकहरूलाई आधारभूत तथा निःशुल्क स्वास्थ्य सेवा आवधिक रुपमा घरैमा गई प्रदान गर्ने व्यवस्था गरिनेछ। |
| ४.३ खाद्य विविधीकरण र स्थानीय स्तरमा उपलब्ध खाद्य वस्तुहरूमा जोड दिदै पोषण व्यवहार परिवर्तन गर्ने तथा पत्रु खानालाई निरुत्साहित गर्ने सम्बन्धी कार्यक्रमहरू नियमित रुपमा सञ्चालन गरिनेछ। | ४.३.१ खाद्य विविधीकरणमा जोड दिदैं पोषण व्यवहार सुधार तथा पत्रु खानालाई निरुत्साहित गर्ने सम्बन्धी सामाजिक व्यवहार परिवर्तनका कार्यक्रमहरू लागु गरिने छ।<br>४.३.२ पोषण संवेदनशील कृषि अभ्यास मार्फत अर्गानिक तथा पोषणयुक्त खाद्य वस्तु तथा स्थानीय जडिबुटीको उत्पादन प्रवर्द्धन गर्न, हरितगृह तथा प्रत्येक परिवारमा सुधारिएको करेशाबारी निर्माण गर्न र खानामा विविधीकरण गरी सुरक्षित तरिकाले उपभोग गर्न प्रोत्साहित गरिनेछ।<br>४.३.३ पोषणयुक्त बालपौष्टिक आहार, दिवा खाजा लगायतका अन्य खाद्यपदार्थ उत्पादनका लागि पोत्साहन गरिनेछ र सोको गुणस्तर सुनिश्चित गर्ने प्रावधान बनाइनेछ।<br>४.३.४ स्थानीय स्तरमै पौष्टिक खाद्यपदार्थको उत्पादन, प्रशोधन तथा बजारीकरणका लागि प्रोत्साहन र सहुलियतजन्य कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ। |

| | |
|---|---|
| | ४.३.५ बहुक्षेत्रीय पोषण योजना कार्यक्रम, शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धीत कार्यक्रम विस्तार, परिष्कृत एवं प्रभावकारी बनाइनेछ। स्वास्थ्य संस्थाहरूसँगको सहकार्यमा पोषण पुनर्स्थापना केन्द्रहरू आवश्यकता अनुसार स्थापना र विस्तार गर्दै लगिनेछ।<br>४.३.६ स्थानीय बजारमा खाद्यपदार्थमा मिसावट र अखाद्यपदार्थको उपयोग नियन्त्रण गरिने छ। स्वस्थ मासु तथा दुध उत्पादन बिक्रि बितरणको लागि नियमन गरिने छ। कुनै पनि तयारी खानेकुराहरूमा अनिबार्य लेवलिङको व्यवस्था गरिने छ।<br>४.३.७ दुई वर्ष मुनिका बालबालिकाको नियमित बृद्धि अनुगमन गरिनेछ । किशोर किशोरी, गर्भवती र २ वर्षमुनिका बच्चा र आमाहरूको पोषणको स्थितिमा सुधार ल्याइनेछ।<br>४.३.८ महिला तथा बालबालिकाको पोषण अवस्था सुधारको लागि घरमानै पोषिलो खाना तयारी गर्ने सिपको विकास र प्रयोग गर्ने पद्धतीको विकास गर्दै लगिने छ।<br>४.३.९ नगरका सवै वडाहरूलाई क्रमिक रुपमा पूर्ण पोषणयुक्त वनाउदै पूर्ण पोषणयुक्त नगर घोषणा गरिने छ। |
| **उद्देश्य ५ : स्वास्थ्य सेवाप्रवाहमा सरकारी,नीजि, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्धन गर्ने ।** | |
| ५.१ सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ। | ५.१.१ नीजि क्षेत्रका स्वास्थ्य सेवा प्रदायक संस्था (एलोपेथिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य वैकल्पिक सेवा)बाट दिइने, निदानात्मक, उपचारात्मक, प्रयोगशाला सेवा, थेरापी सेवाहरूको लागि मापदण्ड, निर्देशिका बनाई सोही अनुसार दर्ता गर्ने, सञ्चालन अनुमति दिने तथा नियमन गर्ने व्यवस्था मिलाइने छ।<br>५.१.२ एक जना जनस्वास्थ्य अधिकृत वा निरीक्षकको व्यवस्था गरी वातावरणीय सरसफाई, सूर्तिजन्य तथा मदिरा नियन्त्रण, खाद्य स्वच्छता, औषधीको समुचित प्रयोग र समुचित उपचारको नियमन गर्ने व्यवस्था गरिने छ।<br>५.१.३ नगरपालिका भित्र सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रबीचको सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन तथा नियमन गरिनेछ।<br>५.१.४ नगरपालिका भरिमा सम्पूर्ण स्वास्थ्य संस्थाहरूको नियमन, नियमित अनुगमन, मूल्याङ्कन गर्न पालिका स्तरीय अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन निर्देशिका बनाइ सोही अनुसार लागु गरिनेछ।<br>५.१.५ नीजि तथा गैरसरकारी एवम वाह्य विकास साझेदारबाट सञ्चालन हुने कार्यक्रमलाई नगरपालिकाको वार्षिक कार्यक्रममा समावेश गरिनेछ।<br>५.१.६ प्राज्ञिक, पेशागत तथा व्यवसायिक संघ संस्थाहरूमा सञ्चालन सम्बन्धी बनेका प्रादेशिक तथा राष्ट्रिय नियम र मापदण्ड अनुसार दर्ता, नवीकरण, सञ्चालन, अनुगमन र नियमन गरिनेछ।<br>५.१.७ सबै तहका स्वास्थ्य संस्थाहरूको न्युनतम सेवा मापदण्ड तयार गरी लागु गरिनेछ।<br>५.१.८ नगरपालिका भरिमा सम्पूर्ण स्वास्थ्य संस्थाहरूको नियमन, नियमित अनुगमन, मूल्याङ्कन गर्न एकपालिका स्तरीय निर्देशिका बनाई सोही अनुसार लागू गरिनेछ। |

| | |
|---|---|
| ५.२ स्वास्थ्य क्षेत्रमा नीतिगत, संगठनात्मक तथा व्यवस्थापकीय संरचनामा सुधार ल्याई स्वास्थ्य सुशासन कायम गरिने छ। | ५.२.१ स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने स्वास्थ्य सेवालाई जनमुखी सेवाको रुपमा सुनिश्चित गर्न र आवश्यक अनुगमन र सहयोगी सुपेरिवेक्षणका लागि नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन तथा गुणस्तर सुनिश्चितता अनुगमन समिति गठन गरिने छ।<br>५.२.२ सबै स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सञ्चालन कार्यविधि तयार गरी एक समाबेशी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको गठन/पुनर्गठन गरिने छ।<br>५.२.३ प्रत्येक स्वास्थ्य संस्थामा गुणस्तर सुधार उपसमिति गठन गरिने छ।<br>५.२.४ प्रत्येक चौमासिकमा पालिका स्तरिय बैठक र प्रत्येक महिनामा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र स्वास्थ्य संस्था स्तरीय गुणस्तर सुधार समितिको बैठकलाई नियमित गरी सेवा प्रबाह र उपयोगितामा भएका समस्या समाधान तथा व्यवस्थापन गर्न पहल गरिने छ।<br>५.२.५ गाउँघर क्लिनिक र खोप क्लिनिकहरूलाई थप व्यवस्थापन गर्न सम्बन्धीत समुदायकै सहभागितामा क्लिनिक व्यवस्थापन समितिहरू गठन वा पुनर्गठन गरिने छ।<br>५.२.६ नगरपालिका स्तर र स्वास्थ्य संस्था स्तरमा रहने समितिहरू मार्फत आएका उपयुक्त कार्ययोजनाहरूलाई पालिकाको वार्षिक कार्ययोजनामा संलग्न गरिने छ।<br>५.२.७ संघीय सरकार, प्रदेश सरकार एबं दातृनिकाय वा व्यक्तिबाट प्राप्त सहयोग, वार्षिक बजेट तथा कार्यक्रमहरूको तथ्यपरक वितरणमा पालिका स्तरिय स्वास्थ्य सुशासन एवं गुणस्तर सुनिश्चितता तथा अनुगमन समितिको सिफारिसलाई अनिबार्य गरिने छ।<br>५.२.८ स्वास्थ्य आमा समुहका बैठकहरूलाई नियमित गराउने र स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार गर्ने कार्यलाई सुधार एबं व्यवस्थित गर्दै लगिने छ र स्वास्थ्य सुशासन कायम गर्नको लागि सामाजिक लेखा परीक्षण, सार्वजनिक सुनुवाई, नागरिक बडापत्र र विज्ञहरू सहितका जिम्मेवार समितिहरूको व्यव्स्था गरिनेछ। स्वास्थ्य सम्बन्धी गुनासो सुनुवाईको लागि पनि आवश्यक संयन्त्रको प्रयोग गरिने छ।<br>५.२.९ नगरपालिका एव् मातहतका सबै स्वास्थ्य संस्थाहरूमा बिद्युतीय हाजिर प्रणाली लागु गरिनेछ। |

### ५.१.७ कार्यक्रम तथा आयोजना

१. स्वास्थ्य संस्थाहरूको संस्थागत क्षमता, पूर्वाधार र पोर्टेबल उपकरणहरू (एक्सरे, भिडियो एक्सरे, प्रयोगशाला आदि) विस्तार

२. जिल्ला अस्पताल आधुनिक प्रविधि तथा दक्ष चिकित्सक सहित विशेषज्ञ सेवा प्रदान गर्ने

३. निश्चित वडाको केन्द्रमा रहने गरी १५ शैयाको अस्पताल निर्माण

४. स्वास्थ्य सेवाहरूलाई ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्गमैत्री बनाउने

५. स्वास्थ्य संस्थामा मापदण्ड अनुसार दक्ष कर्मचारीको दरबन्दी व्यवस्था
६. विशेषज्ञ घुम्ती स्वास्थ्य सेवा तथा शिविर कार्यक्रमको सञ्चालन
७. खोप केन्द्र र गाउँघर क्लिनिकलाई व्यवस्थित बनाउने
८. अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरूबाट सिर्जना हुने फोहोरको उचित व्यवस्थापन
९. स्थानीय रुपमा उपलब्ध पौष्टिक खाना तथा पोषणलाई प्रवर्द्धन
१०. स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्रि
११. किशोरावस्थामा गर्भ र त्यस्ता आमाबाट हुने जन्मदर घटाउने र बालविवाह न्यूनीकरण गर्ने कार्यक्रम सञ्चालन
१२. औषधिको आपूर्तिमा सुनिश्चितता, निरन्तरता, गुणस्तरीयता प्रदान
१३. मापदण्ड अनुसारको भवन नभएका संस्थाहरूमा प्राथमिकताका आधारमा भवन निर्माण गर्दै जाने, पुराना संरचनाहरूको मर्मत सम्भार, फर्निचर उपकरणहरू तथा औषधी खरिद गर्न बजेटको व्यवस्था गर्ने।
१४. सबै वडाका स्वास्थ्य संस्थाहरूमा कम्तिमा एउटा दक्ष प्रसुतीकर्मीको उपलब्धता सुनिश्चित गर्ने।
१५. स्वास्थ्य र पोषणका लागि करेसाबारी प्रबर्द्धन गर्न जोखिममा रहेका समुदाय र बस्तीहरू पहिचान गरी कृषि समूह र आमा समूहमा अभिमुखीकरण गर्ने।
१६. परिवार नियोजनका ५ वटै अस्थायी सेवा सबै संस्थाबाट उपलब्ध गराउने अवस्था सुनिश्चित गर्ने।
१७. जन्म, मृत्यु, बसाईसराइ तथा वैदेशिक रोजगारी सम्बन्धी सूचनाहरूको नियमित विश्लेषण गरी स्वास्थ्य कार्यक्रमहरूको योजना तथा कार्यान्वयन गर्ने
१८. सरुवारोग, महामारी, प्राकृतिक प्रकोप तथा बिपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य एवं पुनःस्थापनाको एकीकृत रुपमा व्यवस्थापन गर्ने।

### ५.१.८ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आधारभूत स्वास्थ्यसेवा नगरवासीहरूको लागि सर्वसुलभ रूपमा उपलब्ध हुनेछ। बाल मृत्युदर, शिशु मृत्युदर र कुपोषणको अवस्थामा सुधार हुनेछ। समयमै रोगको निदान र रोकथामको अवसर मिल्नेछ। महिला, अपाङ्ग र अल्पसङ्ख्यक समुदायको स्वास्थ्य सेवा र सुविधाको पहुँचमा बृद्धि हुनेछ। तालिम प्राप्त स्वास्थ्यकर्मीबाट स्वास्थ्य सेवा उपलब्ध हुनेछ। संक्रामक र नसर्ने रोगहरू बिरूद्ध जनचेतना बृद्धि गर्न सहयोग पुग्नेछ। परिवार नियोजनका साधनको प्रयोगबाट अनिच्छित गर्भ रोकिने र जन्मान्तर कायम गर्न सहज हुनेछ। प्रतिकात्मक स्वास्थ्य सेवाको विस्तारबाट खर्चिलो र जोखिमयुक्त उपचारात्मक सेवाको खर्चमा कटौती हुनेछ। स्वास्थ्य प्रवर्द्धनका उपायहरूबाट स्थानीय नागरिकहरूको स्वास्थ्यस्तर राम्रो भई औसत आयुमा बृद्धि हुनेछ।

## नतिजा खाका

*तालिका नं. १० : स्वास्थ्य तथा पोषणको नतिजा खाका*

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष आ.व २०७८/७९ | उपलब्धि (चाहेको अवस्था) | | | | | पुष्ट्याइँका आधारहरू | पूर्वानुमान Assumptions |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | | |
| प्रभाव | गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रणालीको स्थापना गरी स्वास्थ्य सेवामा समावेशीता र समतामूलक पहुँचको सुनिश्चितता हुने। | बिरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी /प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल जाने जनसंख्या | प्रतिशत | ६५ | ६६ | ६८ | ७० | ७२ | ७४ | नपा | |
| | | ३० मिनेट भित्र अस्पतालको पहुँचमा भएको जनसंख्या | प्रतिशत | ६० | ६३ | ६६ | ७० | ७४ | ७८ | नपा | |
| असर १ | स्वास्थ्य सुविधालाई गुणस्तरीय, प्रभावकारी तथा कम खर्चिलो बनाई गुणस्तरीय सुविधायुक्त स्वास्थ्य संस्थाहरूको निर्माण भएको हुने। | बि.सि.जि कभरेज | प्रतिशत | ९६ | ९७ | ९८ | ९९ | १०० | १०० | नपा | |
| | | डि.पि.टि.–हेप बि– हिब ३ कभरेज | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | ९९ | १०० | नपा | |
| | | दादुरा रूबेला १ (९–११ महिना) कभरेज | प्रतिशत | ९६.१ | ९६.५ | ९७ | ९७.५ | ९८ | ९८.५ | नपा | |
| | | जे.इ कभरेज | प्रतिशत | १०८.८ | १०८.८ | १०८.८ | १०८.८ | १०८.८ | १०८.८ | नपा | |
| | | टि.डी २ र टि. डी. २ + कभरेज | प्रतिशत | ९९.४ | ९९.४ | ९९.४ | ९९.४ | ९९.४ | ९९.४ | नपा | |
| | | कम जन्म तौल भएका नवजात शिशुको | प्रतिशत | १२ | १० | ८ | ५ | ३ | २ | नपा | |
| | | गर्भवती अवस्थामा १८० दिन आइरन चक्की प्राप्त गरेका गर्भवती महिलाहरूको | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ८५ | नपा | |
| | | सुत्केरी अवस्थामा भिटामिन ए प्राप्त गरेका महिलाहरूको | प्रतिशत | ८० | ८५ | ९० | ९२ | ९४ | ९६ | नपा | |
| | | नाभी मलम लगाएका नवजात शिशुको | प्रतिशत | ९० | ९१ | ९३ | ९५ | ९७ | ९९ | नपा | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नयाँ झाडापखालाका बिरामीको दर (प्रति हजार पाँच वर्ष मुनिका बालबालिकाहरूमा) | दर | १०० | ८० | ७० | ५० | ३० | २० | नपा | |
| | | ५वर्ष मुनिका झाडापखालाका बिरामी मध्ये जिंक र पुनर्जलीय झोलबाट उपचार गरेको | प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९७ | ९९ | नपा | |
| | | प्रोटोकल अनुसार ४ पटक गर्भवती जाँच गराउने महिलाहरूको | प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९७ | ९९ | नपा | |
| | | दक्ष प्रसुतीकर्मीद्वारा प्रसुति गराएको | प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९७ | ९९ | नपा | |
| | | परिवार नियोजन सेवाका नयाँ सेवाग्राही दर (विवाहित प्रजनन उमेरका महिलाहरू मध्ये) | प्रतिशत | ४० | ४२ | ४४ | ४५ | ४६ | ४७ | नपा | |

### ५.१.९ अनुमान तथा जोखिम पक्ष

नगरस्तरबाट प्रत्येक बर्षको लागि तय गरिने बजेट तथा कार्यक्रमको आयब्ययको पूर्वानुमान नै सुदृढ र व्यवस्थित हुन सकेन भने नीति कार्यान्वयनमा असर पर्न सक्ने देखिन्छ। संघ, प्रदेश र अन्य दातृनिकायबाट प्राप्त बजेट तथा कार्यक्रमहरूलाई यस स्वास्थ्य नीतिसँग एकीकृत गर्न सकिएन भने पनि यो नीति कार्यान्वयनमा प्रतिकुल प्रभाव पर्न सक्छ। नगरपालिका भित्र स्थापना गरिने संगठनात्मक संरचनाहरू प्रभावकारी रुपमा परिचालन हुन नसकेमा पनि यो नीति कार्यान्वयनमा बाधा पर्न सक्छ। यसका लागि नगर स्तरबाट अबलम्बन गरिने बार्षिक बजेट तथा कार्यक्रमहरू र दातृनिकायका कार्यक्रमहरूलाई शारदा नगरपालिकाको नीतिसँग एकीकृत गर्दै बजेट बिनियोजन र कार्यान्वयन माध्यम दिन आवश्यक छ। त्यसै गरी संघीय सरकार र प्रादेशिक सरकारबाट समेत यो नीति कार्यावन्यनमा आवश्यक आर्थिक, भौतिक र प्राविधिक सहयोग र समन्वय गर्नुपर्ने देखिन्छ।

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ५.२.१ पृष्ठभूमि

शिक्षा हरेक व्यक्तिको मर्यादित एवम् परिष्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार हो। नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। आधारभूत शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ। नेपालको संविधानले स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी दिएको छ। नगरबासीलाई उत्पादनशील जीवन बिताउन आवश्यक पर्ने जीवनोपयोगी सीपको विकास र सिकाइको अवसर प्रदान गर्दै सक्षम र समावेशी जनशक्तिको विकासद्वारा मुलुकको आर्थिक तथा सामाजिक विकासमा सहयोग पुऱ्याउनु पर्दछ। यो योजना बालबालिकालाई गुणस्तरीय र समावेशी शिक्षण सिकाइको वातावरणमा सहभागी हुने अवसरको सुनिश्चितता प्रदान गरी दिगो विकासका लक्ष्यहरू हासिल गर्ने महत्वपूर्ण माध्यम बन्ने अपेक्षा गरिएको छ।

### ५.२.२ समस्या तथा चुनौती

शैक्षिक क्षेत्रमा आधारभूत, माध्यमिक, उच्च शिक्षा र प्राविधिक शिक्षामा अग्रणी स्थानमा रहेको यस शारदा नगरपालिकामा विविध समस्या र चुनौतिहरू पनि रहेका छन्। अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक अनुपात मिलेको छैन र विद्यालयहरू समायोजन गराउनुपर्ने अवस्था सृजना भएको छ। विद्यालयमा छात्रामैत्री शौचालयको व्यवस्था, सेनिटरी प्याडको व्यवस्था र बाल तथा अपाङ्गमैत्री पूर्वाधारको व्यवस्था सबै विद्यालयहरूमा हुन सकेको छैन। शिक्षाको गुणस्तर बढाउनका लागि अभिभावकलाई शिक्षाको विशेष अभिमुखीकरण गर्नुपर्ने अवस्था छ। सबै विद्यालयहरू भौतिक पूर्वाधारबाट सबल अवस्थामा छैनन्। प्रयोगशालाको लागि अलग्गै भवन छैन। स्थानीय पाठ्यक्रमको निर्माण गरी लागू गरिएको छैन। कतिपय विद्यालयमा विद्यार्थी संख्याको तुलनामा विषयगत शिक्षक तथा शिक्षक दरवन्दी कमी भएकाले शिक्षण सिकाइमा प्रतिकुल असर परेको छ। शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, कम्प्युटर शिक्षक र सूचना प्रविधिको उपयोग र अतिरिक्त क्रियाकलाप नियमित रूपमा हुन सकेको छैन।

शारदा नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका घोषणा गर्न सकिएको छैन। विद्यालयहरूमा भौतिक पूर्वाधार अझै पनि कमि देखिन्छ। प्राविधिक अध्ययनका लागि नेपालजंज र काठमाडौं जाने क्रम अझै पनि छ। सरकारी विद्यालयमा विद्यार्थीहरूको संख्या घटदै गएको छ। आधारभूत विद्यालय जाने उमेर समूहका सबै बालबालिकाहरू अझै विद्यालयमा भर्ना भएका छैनन्। भर्ना भएका मध्ये सबै विद्यार्थीको अध्ययनमा निरन्तर नहुनु, विविध कारणहरूले गर्दा माध्यमिक शिक्षा पूर्ण रूपमा निःशुल्क हुन नसक्नु, शिक्षित बेरोजगारहरूको संख्या बढ्दै जानु, शिक्षामा पर्याप्त लगानी नहुनु, पछाडि परेको समुदायको प्रविधिमा आधारित शिक्षा तथा प्राविधिक शिक्षामा पहुँच नहुनुले शिक्षाको विकासमा चुनौतिहरू विद्यमान रहेका छन्।

### ५.२.३ संभावना तथा अवसर

माध्यमिक शिक्षासम्म स्थानीय तहकै जिम्मेवारीमा पर्नु, विद्यालय शिक्षा निशुल्क हुनु, गुणस्तरीय शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरूको स्थापना हुनु, नगर क्षेत्रमा डिप्लोमासम्मको प्राविधिक विषयमा अध्यापन हुनु, विद्यालयको संख्या उलेख्य हुनु, अभिभावकहरू आफ्ना सन्तानको शिक्षाप्रति संवेदनशील हुनु, जनप्रतिनिधिहरू शिक्षाप्रति जागरूक हुनु, संघीय तथा प्रादेशिक सरकार शिक्षाप्रति सहयोगी हुनु, नीजि क्षेत्रको उल्लेख्य सहभागिता हुनु, क्षेत्रिय विश्वविद्यालय स्थापनाको प्रयास हुनुले शारदा नगरपालिकालाई पर्यटन, कृषि तथा पशुपालनको आधुनिक विकासमा योगदान हुने गरी शैक्षिक हवको रूपमा विकास गर्न सकिने देखिन्छ।

**५.२.४ लक्ष्यः** बालमैत्री, प्रविधियुक्त र गुणस्तरीय शिक्षाको माध्यमबाट समुन्नत शारदा नगर बनाउने।

### ५.२.५ उद्देश्य

१. विद्यालयमा बालमैत्री सिकाइ वातावरण सिर्जना गरी गुणस्तरीय शिक्षामा सबै वर्ग एवम् समुदायको समतामुलक पहुँच स्थापित गर्नु।

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु।

३. उच्च शिक्षा (प्राविधिक लगायत) अध्ययन अध्यापन शैक्षिक संस्थाको विकास गर्नु।

### ५.२.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ विद्यालयमा बालमैत्री सिकाइ वातावरण सिर्जना गरी गुणस्तरीय शिक्षामा सबै वर्ग एवं समुदायको समतामुलक पहुँच स्थापित गर्नु।** | |
| १.१ गुणस्तरीय, जीवनउपयोगी तथा प्रभावकारी शिक्षामा बालबालिकाको पहुँच विस्तार गर्ने। | १.१.१ स्थानीय तहको समन्वयमा विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ। |
| | १.१.२ प्रारम्भिक कक्षामा मातृभाषा शिक्षण, स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको विकास गरिनेछ। |
| | १.१.३ गुणस्तरीय दिवाखाजाको व्यवस्थापन गरिनेछ। |
| १.२ दिगो र समावेशी पूर्वाधारको निर्माण गर्ने। | १.२.१ सामुदायिक विद्यालयमा अपाङ्ग, बाल तथा लैङ्गिक मैत्री पूर्वाधार निर्माण गरिनेछ। |
| | १.२.२ सबै विद्यालयमा स्तरीय खेलमैदान तथा बालउद्यान/बगैंचा निर्माण र घेराबार गरिनेछ। |
| | १.२.३ शैक्षिक संस्थाहरूको पूर्वाधार स्तरोन्नति गरी थप कक्षाकोठा, शौचालय, प्रयोगशाला तथा पुस्तकालयहरूको व्यवस्था गरिनेछ। |
| | १.२.४ मापदण्ड एवम् नक्साङ्कनका आधारमा विद्यालय समायोजन र तह कायम गरिनेछ। |
| **उद्देश्य २. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु।** | |
| २.१ सबै विद्यार्थीलाई कम्तीमा आधार भूत तहको प्राविधिक तथा व्यावसायिक सीप प्रदान गर्न विद्यालय शिक्षाको पाठ्यक्रममा समावेश गर्ने। | २.१.१ माध्यमिक विद्यालयमा कृषि, जडीबुटी र पेशा व्यवसाय जस्ता विषय समावेश गर्ने गरी स्थानीय पाठ्यक्रम तर्जुमा गर्न वैधानिक संयन्त्र निर्माण गरिनेछ। |

| | |
|---|---|
| | २.१.२ व्यवसायिक सम्भाव्यतामा आधारित प्राविधिक विद्यालयको स्थापना र सञ्चालन गरिनेछ। |
| | २.१.३ विद्यालय तहका शिक्षकहरूको क्षमता तथा पेशागत विकासका लागि आवश्यकता प्रक्षेपण गरी विषयगत शिक्षकको माग र आपूर्तिबीच सन्तुलन कायम गर्न शैक्षिक विकास योजना लागू गरिनेछ। |
| | २.१.४ शैक्षिक क्षेत्रलाई व्यवस्थित तथा थप गुणस्तरीय बनाउन शिक्षकलाई आवश्यक तालिम प्रदान गरिनेछ। |
| | २.१.५ शिक्षामा सहजता ल्याउन डिजिटल पाठ्यसामग्री विकास गरी प्रयोगमा ल्याइनेछ। |
| **उद्देश्य ३. उच्च शिक्षा (प्राविधिक लगायत विषयमा) अध्ययन अध्यापन शैक्षिक संस्थाको विकास गर्नु ।** | |
| ३.१ शैक्षिक संस्थाको विकास मार्फत जनशक्ति विकास तथा शैक्षिक साथै पर्यटन क्षेत्र विकास गर्ने। | ३.१.१ नगरपालिका क्षेत्रमा पारामेडिकल र सामुदायिक कृषि कलेज स्थापना र सञ्चालनका लागि आवश्यक पूर्वाधार विकासमा जोड दिइनेछ। |

### ५.२.७ कार्यक्रम तथा आयोजना

१. शैक्षिक संस्थाहरूको पूर्वाधार स्तरोन्नति गरी थप कक्षाकोठा, शौचालय, प्रयोगशाला तथा पुस्तकालयहरूको व्यवस्थापन गर्ने।

२. शिक्षक तथा जनशक्ति व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम

३. विद्यालयको व्यवस्थापन सुधार कार्यक्रम

४. खेलकुद तथा अतिरिक्त क्रियाकलाप कार्यक्रम

५. पुरस्कार, छात्रवृत्ति तथा प्रोत्साहन

६. स्थानीय पाठ्यक्रम व्यवस्थापन

७. मापदण्डका आधारमा विद्यालय गाभ्ने, तह घटाउने र नक्साङ्कन कार्य गर्ने।

८. आवाशीय विद्यालय स्थापना र सञ्चालन

९. शिक्षामा गुणस्तर वृद्धिका लागि प्रविधि प्रयोग

१०. व्यवसायिक सम्भाव्यतामा आधारित प्राविधिक विद्यालयको स्थापना र सञ्चालन गर्ने।

### ५.२.८ अपेक्षित उपलब्धि तथा नतिजा खाका

पूर्ण साक्षर नगरपालिका घोषणा भएको हुने, व्यावसायिक शिक्षाको माध्यमबाट आत्मनिर्भर तथा सीपयुक्त जनशक्ति उत्पादन भएको हुने, शिक्षाको मापदण्ड अनुसार सबै नगरबासीमा आधारभूत शिक्षाको अनिवार्य र निशुल्क पहुँच पुगेको हुने, मानव संशाधन, पूर्वाधार तथा प्रविधिको विकासबाट आधारभूत तहदेखि माध्यमिक तहसम्मको शिक्षाको गुणस्तर सुधार भएको हुने, आधारभूत र माध्यमिक तहमा खुद भर्नादर तथा सिकाई उपलब्धीमा वृद्धि भएको हुने, विद्यालय छाड्ने विद्यार्थीको दर न्यून भएको हुने, विपन्न वर्ग तथा दलित विद्यार्थीलाई उच्च शिक्षा (इञ्जिनियरिङ, पर्यटन, मेडिकल, कृषि, वन, आदिमा) अध्ययनका लागि छात्रवृत्ति उपलब्ध भई नगरमा प्राविधिक जनशक्तिको आपूर्ति सहज भएको हुने, प्रत्येक वडामा कम्तीमा एक प्राविधिक र व्यावसायिक विद्यालय सञ्चालनमा आएको हुने लगायतका अपेक्षित उपलब्धि प्राप्त हुनेछन्।

## नतिजा खाका

*तालिका नं.११ : शिक्षा तथा सीप विकासको नतिजा खाका*

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष आ.व २०७९/८० | उपलब्धि (चाहेको अवस्था) | | | | | पुष्ट्याइँका आधारहरू | पूर्वानुमान Assumptions |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | | |
| प्रभाव | विद्यालय शिक्षामा सवै समुदायको समान पहुँचका साथै दक्ष र क्षमतावान विद्यार्थी उत्पादन भएको हुने | दक्ष र व्यवसायिक विद्यार्थी उत्पादन गर्ने विद्यालय | संख्या | २ | २ | २ | २ | २ | २ | | |
| असर १ | शिक्षण संस्थाहरूलाई उत्पादनमुखी, व्यवसायिक र प्रतिष्पर्धात्मक जनशक्ति उत्पादन गर्न क्षमता वृद्धिको लागि भौतिक एवं अन्य पूर्वाधारको विकास भएको हुने | संरचनात्मक सुधार भएका विद्यालय | प्रतिशत | ० | ३ | ४ | ५ | ६ | ७ | | |
| | | विद्यालय वाहिर रहेका (५-१५ वर्ष) बालबालिका | प्रतिशत | २.२ | २ | १.८ | १.६ | १.४ | १.२ | | |
| | | आधारभूत तह १ देखि ८ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ७०.६ | ७२ | ७४ | ७६ | ७८ | ८० | | |
| | | माध्यमिक तह ९ देखि १२ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ४५ | ४७ | ४९ | ५१ | ५३ | ५५ | | |
| | | कक्षा ८ सिकाई उपलब्धि दर | प्रतिशत | ६०.२३ | ६१ | ६२ | ६३ | ६४ | ६५ | | |
| | | साक्षरता दर १५ बर्ष देखि माथि | प्रतिशत | ९६.४ | ९७ | ९८ | ९८ | ९९ | ९९ | | |
| | | बालमैत्री सिकाइ विधि अवलम्बन गर्ने विद्यालय | प्रतिशत | ८५ | ९० | ९५ | १०० | १०० | १०० | | |
| | | पक्की शौचालय भएका विद्यालय | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९५ | १०० | | |
| | | अपाङ्ग मैत्री शौचालय भएका विद्यालय | प्रतिशत | १४ | १६ | १८ | २० | २२ | २४ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अपाङ्ग मैत्री भौतिक संरचना भएका विद्यालय | प्रतिशत | १४ | १६ | १८ | २० | २२ | २४ | | |
| | | शुद्धीकरण सहितको खानेपानी भएका विद्यालय | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९५ | १०० | | |
| | | शिक्षक विद्यार्थी अनुपात आधारभूत | संख्या | २६:१ | २६:१ | २६:१ | २६:१ | २६:१ | २६:१ | | |
| | | शिक्षक विद्यार्थी अनुपात माध्यामिक | संख्या | ६८:१ | ६५ | ६० | ५५ | ५० | ५० | | |
| | | महिला शिक्षक | संख्या | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | | |
| | | व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका | प्रतिशत | २ | ५ | १० | १५ | २० | २५ | | |
| प्रतिफल १.१ | स्थानीय तहको समन्वयमा विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न उपयुक्त कार्यक्रम सञ्चालन भएको हुने | कार्यक्रम | संख्या | | निरन्तर | | | | | | |
| प्रतिफल १.२ | प्रारम्भिक कक्षामा मातृभाषा शिक्षण, स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको विकास भएको हुने | पाठ्यक्रम र पाठ्यपुस्तक विकास | संख्या | १ | १ | १ | १ | १ | १ | | |
| प्रतिफल १.३ | गुणस्तरीय दिवा खाजाको व्यवस्थापन भएको हुने | दिवा खाजा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| प्रतिफल १.४ | सामुदायिक विद्यालयमा अपाङ्ग, बाल तथा लैङ्गिक मैत्री पूर्वाधार निर्माण भएको हुने | अपाङ्ग, बाल तथा लैङ्गिक मैत्री पूर्वाधार | प्रतिशत | ५ | ७ | ८ | ९ | १० | ११ | | |
| प्रतिफल १.५ | सबै विद्यालयमा स्तरीय खेलमैदान तथा बालउद्यान/बगैंचा निर्माण र घेराबार भएको हुने | खेलमैदान तथा बालउद्यान/बगैंचा | संख्या | ५ | ६ | ७ | ९ | ११ | १४ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.६ | व्यवसायिक सम्भाव्यतामा आधारित प्राविधिक विद्यालयको स्थापना र सञ्चालन भएको हुने | प्राविधिक विद्यालयको स्थापना | संख्या | २ | २ | २ | २ | २ | ३ | | |
| प्रतिफल १.७ | शैक्षिक क्षेत्रलाई व्यवस्थित तथा थप गुणस्तरीय बनाउन शिक्षकलाई आवश्यक तालिमको व्यवस्था भएको हुने | तालिम | संख्या | २० | २२ | २४ | २६ | २८ | ३० | | |
| प्रतिफल १.८ | शिक्षामा सहजता ल्याउन डिजिटल पाठ्यसामग्री विकास भएको हुने | डिजिटल पाठ्यसामग्री | प्रतिशत | ० | ० | ० | ० | १ | १ | | |
| प्रतिफल १.९ | नगरपालिका क्षेत्रमा पारामेडिकल र सामुदायिक कृषि कलेज स्थापनाका लागि संघीय सरकारसँग समन्वय भई निर्माण शुरु हुने। | कृषि कलेज स्थापना | प्रतिशत | ० | ० | ० | | १ | १ | | |

### ५.२.९ अनुमान तथा जोखिम पक्ष

व्यवस्थित र भरपर्दो शैक्षिक तथ्याङ्क व्यवस्थापन एवम् प्रतिवेदन प्रणालीको विकास र प्रयोग, आवश्यक दक्ष जनशक्तिको उचित व्यवस्थापन, दातृनिकायबाट प्राप्त हुने श्रोतको पर्याप्तता, जनशक्तिको क्षमता विकास र परिचालन, नवीनतम प्रविधिहरूको उपयोग, शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रसँग सम्बद्ध पेसाकर्मीहरूको रचनात्मक सहयोग र सहकार्य एवं सबै तहका सरकार बीचको समन्वय, सहकार्य र साझेदारीको वातावरण विकास जस्ता पक्षमा समयमै ध्यान पुऱ्याउन सकेमा लक्ष्य पूरा हुने देखिन्छ।

## ५.३ खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापन

### ५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाई सेवाले मानव जीवनमा बहुआयामिक प्रभाव पार्दछ। त्यसैले यस सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको छ (नेपालको संविधान, धारा ३५, उपधारा ४ ।) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ।

राष्ट्रियस्तरमा हालसम्म ८८ प्रतिशत जनसंख्यालाई आधारभूत स्तरको र २० प्रतिशत जनसंख्यालाई सुधारिएको (उच्च तथा मध्यम स्तर) खानेपानी सेवामा पहुँच पुगिसकेको अवस्था छ। जनअपेक्षा अनुसार खानेपानी सेवालाई सुर क्षित, भरपर्दो र दिगो बनाउन अझै सकिएको अवस्था छैन। सरसफाईतर्फ हालका वर्षहरूमा उल्लेख्य प्रगति भई ९८ प्रतिशत घरधुरीले आधारभूत स्तरको सरसफाई सेवा उपभोग गरेको अवस्था छ। यसबाट बाल मृत्युदर कम गर्न तथा सरदर आयु वृद्धि गर्न सहयोग पुगेको, नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भई उत्पादनशील समयमा वृद्धि भएको तथा सामाजिक रहनसहन र बालबालिकाको विद्यालय उपस्थितिको दरमा समेत अनुकूल सुधार गर्न योगदान पुगेको देखिन्छ। फोहरमैला व्यवस्थापनमा पनि पछिल्ला प्रयास र उपलब्धि उल्लेखनीय छन्।

#### फोहरमैला व्यवस्थापन

नगरपालिकामा रहेका घरहरूबाट निस्कने ठोस फोहोरमैला संकलन गाडीहरूले गर्दछन्। नगरपालिकाले संकलन गर्ने फोहोर नगरपालिकाको शहरी क्षेत्रहरूमा मात्र सीमित छ। फोहोरमैला घरैमा जैविक भए मल बनाउने, प्लास्टिक र अजैविक भए जलाउने गरी घरैमा व्यवस्थापन गरिने गरेको छ। आउट लेटबाट निस्केको र अन्य पातपतिंगरबाट प्राङ्गारिक मल बनाउने गरिएको छ। त्यसै गरी नकुहिने फोहरको हकमा पुन प्रयोगमा आउनेलाई छुट्याइ बिक्रि वितरणको व्यवस्था मिलाइएको छ भने पुन प्रयोगमा आउन नसक्ने अन्य फोहर व्यवस्थापन त्यहिँ खाल्डो परेको जमिनमा पुर्ने गरिएको छ।

### ५.३.२ समस्या तथा चुनौती

फोहरमैला व्यवस्थापनका लागि सरसफाई केन्द्र सेनेटरी ल्याण्ड फिल्ड साइटको स्थायी व्यवस्थापन हुन सकिरहेको छैन। प्लाष्टिकजन्य फोहर दिनानुदिन बढ्दै गएको र यसको नियन्त्रणको लागि वैकल्पिक व्यवस्था दिन नसक्नाले नगरपालिकाको सरसफाईमा समस्या देखिएको छ। श्रोतमा फोहरको उचित वर्गीकरण (कुहिने फोहर, नकुहिने फोहर, धातु सिसाजन्य फोहर र अस्पतालजन्य) गर्न नसक्नु र यसको कडाईका साथ कार्यान्वयनका लागि नगरपालिकामा जनप्रतिनिधि सहितको संरचना वन्न नसक्नु पनि फोहरमैला व्यवस्थापन प्रभावकारी हुन नसक्नुका कारणहरू हुन् र सार्वजनिक शौचालयहरूको अभाव रहेको छ भने कतिपय घरधुरीमा खानेपानीको व्यवस्था छैन। पूर्ण सरसफाईमा अझै पनि कमिकमजोरी छन्। विद्यालयहरूमा सेनिटरी प्याडको विर्सजन एवं किशोरीमैत्री शौचालय लगायतका समस्याहरू यथावत छन्।

नगरपालिकामा अझै पनि खानेपानीको कमी रहेको छ। खानेपानीको गुणस्तर राम्रो नरहेको अवस्था छ। खानेपानीको सुविधा नपुगेका र मात्रा कम भएका ठाउँहरूलाई गरेर सानासाना खानेपानीका आयोजना बनाउन देखिन्छ। नगर ढल सञ्जाल तथा ढल प्रशोधन केन्द्रको निर्माण तथा सञ्चालन चुनौतीका रूपमा देखिएको छ।

### ५.३.३ संभावना तथा अवसर

नगर क्षेत्रमा रहेका खानेपानीको थप स्रोतहरूको पहिचान तथा उपयोग गरी खानेपानीको बढ्दो मागको परिपूर्ति गर्न दीर्घकालिन आयोजनाहरू सम्पन्न गर्न सकिने देखिन्छ। आधारभूत खानेपानी तथा सरसफाइ क्षेत्रमा निजी तथा अन्तर्राष्ट्रिय क्षेत्रको लगानी साझेदारीमा काम गर्न सकिन्छ। शहरी क्षेत्रबाट निस्किने फोहरमैलाको दिगो व्यवस्थापनमा निजी क्षेत्रको समेत सहभागिता बढाउन सकिने अवस्था छ।

**५.३.४ लक्ष्यः** हरेक घरमा स्वच्छ खानेपानी उपलब्ध गराउने तथा नगर स्वच्छ तथा सफा राख्ने।

### ५.३.५ उद्देश्य

१. सबै नागरिकलाई सफा, स्वच्छ र सुरक्षित खानेपानी र सरसफाई सेवा पुऱ्याउनु।

२. फोहोरमैला व्यवस्थापनको दिगो उपायको खोजी गरी वैज्ञानिक व्यवस्थापनमा जोड दिने।

### ५.३.६ रणनीति तथा कार्यनीति

खानेपानी, सरसफाई तथा फोहरमैला ब्यवस्थापनको रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः सबै नागरिकलाई सफा, स्वच्छ र सुरक्षित खानेपानीको र सरसफाईको सेवा पुऱ्याउनु** | |
| १.१ आधारभूत खानेपानी तथा सरसफाई सेवाबाट बञ्चित रहेका समुदायलाई खानेपानी तथा सरसफाई सेवा पुऱ्याउने। | १.१.१ आधारभूत खानेपानी तथा सरसफाई सेवाबाट वञ्चित घरपरिवारको पहिचान र नक्साङ्कन गरिनेछ।<br>१.१.२ सबै घरपरिवारमा व्यवस्थित शौचालय, स्वच्छ खानेपानी र व्यक्तिगत सरसफाईको अभ्यासलाई प्रभावकारी गराइनेछ।<br>१.१.३ खानेपानी उपभोक्ता समिति, खानेपानी तथा सरसफाई समूहहरूको संस्थागत क्षमता विकास गरिनेछ।<br>१.१.४ नगरपालिकाभित्र समुदाय, स्वास्थ्य संस्था तथा सबै बिद्यालयहरूमा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ।<br>१.१.५ समुदायमा बितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण गरिने छ।<br>१.१.६ नगर भित्र प्लाष्टिकजन्य तथा पोलिथिन ब्यागको प्रयोगलाई न्युनीकरण र नियन्त्रण गर्न कपडाको झोला उत्पादन र प्रयोगका लागि नगरवासीलाई प्रोत्साहित गर्दै प्लाष्टिकरहित नगर निर्माणको अभियानलाई अगाडि बढाउदै लगिनेछ। |
| **उद्देश्य २ः फोहोरमैला व्यवस्थापनको दिगो उपायको खोजी गरी वैज्ञानिक व्यवस्थापनमा जोड दिने।** | |
| २.१ नगर भित्रको जैविक तथा अजैविक फोहरमैलाको समुचित व्यवस्थापन गर्ने। | २.१.१ नगर भित्रको फोहरमैला व्यवस्थापनका लागि आवश्यक पूर्वाधार तयार गरिनेछ।<br>२.१.२ भान्साघरबाट निस्कने फोहरलाई घरभित्र व्यवस्थापन गर्न टोल विकास संस्था, निजी साझेदारी अवधारणा अनुसार कार्यक्रम सञ्चालन गरिनेछ। |

| | |
|---|---|
| | २.१.३ सार्वजनिक स्थान, सडक, बाटो, पेटी, बसपार्क जस्ता स्थलहरूमा प्लास्टिकजन्य फोहर फाल्ने र सडकपेटी र सार्वजनिक स्थलहरूमा फोहर गर्ने कार्यलाई कडाइका साथ नियन्त्रण गर्न यस्ता कार्य गर्नेलाई कानून अनुसार दण्डित गरिने छ।<br>२.१.४ हरेक घरधुरीमा डस्टबीन तथा कम्पोष्टबीन उपलब्ध गराई कुहिने र नकुहिने फोहरको वर्गीकरण गरिनेछ।<br>२.१.५ फोहरको व्यवस्थापन सार्वजनिक, नीजि तथा साझेदारी अवधारणा अनुसार गरिनेछ। |
| २.२ नगरभित्र उत्पादन हुने फोहोर एबं संक्रमणजन्य बस्तुहरूको उचित बिसर्जन र व्यवस्थापन गर्दै व्यक्तिगत, सामाजिक एबं संस्थागत सरसफाईको अवस्थामा सुधार ल्याइने छ। | २.२.१ नगरपालिकाभित्र सरसफाई सम्बन्धी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी घरेलु तथा संस्थागत चर्पी निर्माण, मानव मलमुत्रको स्थलगत सञ्चय गर्ने सेप्टिक ट्याङ्क र त्यस्तो संयन्त्रबाट निस्काशन हुने स्थलगत भूमिगत सोचन हुने संयन्त्र बनाउन अनिबार्य गरिने छ।<br>२.२.२ आर्थिक रुपमा बिपन्न वर्गहरूलाई निजी चर्पी, सेप्टिक ट्याङ्क वा त्यस्तै अन्य संयन्त्र बनाउनको लागि पालिकास्तरबाट सहुलियतको व्यवस्था गरिने छ।<br>२.२.३ नगरपालिकालाई खुल्ला दिशा पिसाब मुक्त पालिका कायम गर्दै लगिने छ र सार्वजनिक या खुल्ला स्थानमा दिशा पिशाब गर्न रोक लगाइने छ।<br>२.२.४ नगरपालिका क्षेत्रभित्र मानिसहरूको आवागमनको चाप बिचार गरी आवश्यकता अनुसार सार्वजनिक स्थानहरूमा सार्वजनिक शौचालयहरूको निर्माण गर्दै लगिने छ।<br>२.२.५ नगरपालिका भित्र फोहोर पानीको पुन प्रयोग सम्बन्धीत घर परिसर भित्रै भूमिगत सोचन वा अन्य प्रविधिबाट व्यवस्थापन गर्न अभिप्रेरित गरिने छ।<br>२.२.६ नगरपालिका भित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापनमा फोहोरमैलाको संकलन र पुन प्रयोगको सिद्धान्तलाई उपयोग गर्दै नीजि क्षेत्रको साझेदारीलाई अभिप्रेरित गरिने छ।<br>२.२.७ कुनै पनि व्यवसायिक क्षेत्रबाट उत्पादन हुने फोहोर पानी , रसायन एबं अन्य फोहोर मैलाको व्यवस्थापन प्रचलित कानून बमोजिम सम्बन्धीत निकायले अबलम्बन गर्न नियमन गरिने छ।<br>२.२.८ नीजि जग्गा र सार्वजनिक स्थानमा भएका पानीका स्रोतहरूलाई संरक्षण र सम्बर्द्धन गर्दै सुरक्षित खानेपानीको पहुँच नगरका सबै घर धुरीहरूमा विस्तार गर्दै लगिने छ। |

| | |
|---|---|
| | २.२.९ नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरूमा फोहोरमैला व्यस्थापनको लागि फोहोर संकलन गर्ने बाल्टिन, संक्रमण दुषणनिवारण र निर्मलीकरण गर्ने सम्बन्धी आवश्यक औ जार र सामग्रीहरू, प्लासेन्टापिट र फोहोर जलाउने खाडलको मापदण्ड अनुसार व्यवस्था गरिने छ।<br>२.२.१० नगरपालिका भित्रका सार्वजनिक स्थान वा जनसंख्याको बढी चाप भएको क्षेत्रमा फोहोर संकलन केन्ऽ स्थापना गरि उचित व्यवस्थापन गरिने छ।<br>२.२.११ नगरपालिका भित्रका सबै स्वास्थ्य संस्था एबं सार्वजनिक स्थलहरूमा फोहोरमैला व्यवस्थापन तथा संक्रमण नियन्त्रण सम्बन्धी कार्यलाई राष्ट्रिय मापदण्ड अनुरुप कार्यान्वयनमा ल्याइने छ।<br>२.२.१२ संक्रामक रोगहरूको रोकथाम, नियन्त्रण र निवारण गर्न हाल सञ्चालित क्षयरोग, कुष्ठरोग, एच.आई.भि.एड्स, किट्जन्य रोग सम्बन्धी कार्यक्रम कार्यान्वनयनको लागि सम्बन्धीत निकायसँगको समन्वयमा अनुगमन गरी सोको प्रभावकारी रुपमा सञ्चालन गरिने छ र आवश्यकता अनुसार परिमार्जित गरिने छ।<br>२.२.१३ नगरपालिका भित्रका सरकारी, गैरसरकारी र साझेदार संस्थाहरूको समन्वयमा विभिन्न सरुवा रोग बिरुद्धको अभियान र कार्यक्रमहरू सञ्चालन गरिने छ।<br>२.२.१४. नगरपालिका क्षेत्रभित्र सरसफाई सम्बन्धी बानी व्यवहार परिवर्तन जस्तैः साबुनपानीले हातधुने, शुद्ध पानी पिउने, चर्पिको प्रयोग गर्ने जस्ता व्यवहार परिवर्तनका क्रियाकलापलाई व्यवस्थित गरिने छ। |

### ५.३.७ कार्यक्रम तथा आयोजना

१. शुद्ध र पर्याप्त खानेपानी तथा सरसफाईका सेवामा नगरबासीको पहुँच स्थापित

२. ठुला तथा साना खानेपानी आयोजना निर्माण तथा मर्मत

३. खानेपानीको गुणस्तर सुधार

४. फोहोरमैला व्यवस्थापन पूर्वाधार विकास

५. फोहरमैला तथा सरसफाई व्यवस्थापन क्षमता विकास

६. फोहरमैलाबाट बायो ग्यास उत्पादन

७. स्मार्ट सार्वजनिक शौचालय निर्माण

८. अस्पतालजन्य फोहरमैला व्यवस्थापन

९. फोहोर तथा ढल व्यवस्थापन गुरुयोजना कार्यान्वयन गर्ने।

### ५.३.८ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आधारभूत खानेपानीको पहुँच हरेक टोलस्तरमा पुगेको हुनेछ। गुणस्तरीय खानेपानीको गुरूयोजना र ठूला आयोजना तयार भएको हुनेछ। नगरभित्र गुणस्तरीय खानेपानीको पहुँचमा क्रमिक विस्तार भएको हुनेछ। नगरको फोहरमैला व्यवस्थापनले वातावरणीय स्वच्छतामा सुधार भएको हुनेछ। नगर सरसफाई र सुन्दरताका लागि सार्वजनिक ठाउँमा फोहर राख्ने व्यवस्था गरी फोहरमुक्त नगरकोरूपमा विकास भएको हुने छ।

## नतिजा खाका

*तालिका १२ : खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापनको नतिजा खाका*

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष आ.व २०७९/८० | उपलब्धि (चाहेको अवस्था) आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान Assumptions |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | नगरपालिकाभित्र बसोबास गर्ने सबै नागरिकहरूलाई सफा, स्वच्छ र सुरक्षित खानेपानी उपलब्धता र फोहोर व्यवस्थापनको दिगो व्यवस्था भएको हुने | उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | ५७ | ६० | ६३ | ६६ | ६९ | ७२ | | |
| असर १ | शुद्ध, सफा र सुरक्षित खानेपानीको पहुँच शत प्रतिशत बनाई, स्वस्थता सुनिश्चित भएको हुने | सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति | संख्या | १ | १ | २ | २ | ३ | ४ | | |
| | | नीजि धारा उपलब्ध घर परिवार | संख्या | ४८ | ५३ | ५८ | ६३ | ६८ | ७३ | | |
| | | आधारभूत खानेपानीको सेवामा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ८२.४ | ८५ | ८८ | ९१ | ९४ | ९७ | | |
| | | खानेपानीको आवश्यकता पूर्ति | प्रतिशत | ८५ | ८८ | ९१ | ९४ | ९७ | ९९ | | |
| प्रतिफल १.१ | उपलब्ध पानीका स्रोतहरूको पहिचान गरी सहज विकल्प सतह, भूमिगत, लिफ्टको प्रयोग मार्फत खानेपानीको आवश्यकता पूर्ति भएको हुने | खानेपानीको आवश्यकता पूर्ति | प्रतिशत | ८५ | ८८ | ९१ | ९४ | ९७ | ९९ | | |
| प्रतिफल १.२ | एकीकृत खानेपानी व्यवस्थापन गुरुयोजना तयार पारी लाग भएको हुने | एकीकृत खानेपानी व्यवस्थापन गुरुयोजना | संख्या | १ | १ | १ | १ | १ | १ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.३ | खानेपानी वितरणमा पानी उपचार (ट्रिटमेण्ट प्रणाली) को निर्माण/व्यवस्था भएको हुने | ट्रिटमेण्ट प्रणाली | संख्या | १ | १ | २ | २ | ३ | ३ | | |
| प्रतिफल १.४ | अव्यवस्थित खानेपानीको पाइप लाइनलाई व्यवस्थित भएको हुने | खानेपानीको पाइप लाइन व्यवस्थापन | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | ९५ | | |
| प्रतिफल १.५ | खानेपानी आयोजना मर्मत सम्भार तथा दिगो व्यवस्थापनका लागि खानेपानी उपभोक्ता तथा समुदायको क्षमता तथा दक्षता वृद्धि भएको हुने | खानेपानी उपभोक्ता तथा समुदायको क्षमता तथा दक्षता वृद्धि | प्रतिशत | | **निरन्तर** | | | | | | |
| प्रतिफल १.६ | जलाधार क्षेत्र तथा मुहानहरूको पहिचान गरी समुदायलाई सुसूचित गरी संरक्षणका लागि उपभोक्ता तथा समुदाय परिचालन भएको हुने | उपभोक्ता तथा समुदाय परिचालन | प्रतिशत | | **निरन्तर** | | | | | | |
| प्रतिफल १.७ | खानेपानी आयोजनामा उपभोक्ताको लागत सहभागिता मार्फत् स्वामित्व लिन प्रोत्साहन भएको हुने | उपभोक्ताको लागत सहभागिता मार्फत् स्वामित्व लिन प्रोत्साहन | संख्या | १ | २ | ३ | ५ | ७ | १० | | |
| असर २ | फोहोरमैला व्यवस्थापनको दिगो उपायको खोजी गरी वैज्ञानिक व्यवस्थापन भएको हुने | शौचालय नभएका घरधुरी | संख्या | १२६ | ११० | १०० | ८० | ५० | ० | | |
| | | सार्वजनिक शौचालय | संख्या | २७ | २७ | २८ | २९ | ३० | ३२ | | |
| प्रतिफल २.१ | फोहोर तथा ढल व्यवस्थापन गुरुयोजना कार्यान्वयन भएको हुने | फोहोर तथा ढल व्यवस्थापन गुरुयोजना | प्रतिशत | ० | १ | १ | १ | १ | १ | | |
| प्रतिफल २.२ | शौचालय तथा घरका फाहोरहरू जम्मा गर्ने, प्रशोधन गर्ने तथा डिस्पोज गर्ने पूर्वाधार विस्तार भएको हुने | प्रशोधन तथा डिस्पोज पूर्वाधार विस्तार | प्रतिशत | ० | १ | १ | १ | २ | २ | | |
| प्रतिफल २.५ | सबै वडामा शौचालय सुधार र जुठेल्नो सुधार कार्यक्रम सञ्चालन भएको हुने | शौचालय सुधार र जुठेल्नो सुधार कार्यक्रम | प्रतिशत | २० | २५ | ३० | ३५ | ४० | ४५ | | |

#### ५.३.९ अनुमान तथा जोखिम पक्ष

जोखिम पक्ष तथा अनुमान माथि उल्लेखित कार्यक्रम कार्यान्वयनका लागि पर्याप्त बजेट व्यवस्था र अन्तर्गत निकायको संगठन संरचना सुदृढीकरण र जनशक्तिको क्षमता अभिवृद्धि नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ । जलाधार क्षेत्र तथा मुहानहरूको पहिचान र संरक्षण, (सतह, भूमिगत, लिफ्ट) को प्रयोग मार्फत खानेपानीको आवश्यकता पूर्ति र वैज्ञानिक फोहोरमैला व्यवस्थापन गर्न जोखिम रहन्छ।

## ५.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### ५.४.१ पृष्ठभूमि

शारदा नगरपालिका पर्यटन, शिक्षा र कृषिको उर्बरभूमिको रूपमा रहे पनि विगतमा केही सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसंख्यक वर्ग सामाजिक तथा आर्थिक रूपले पछाडि परेका छन् । सबै वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गीण विकास गर्ने लक्ष्य तथा उद्दे श्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई यस योजनाले समेट्ने छ।

### ५.४.२ समस्या तथा चुनौती

महिलामाथि हुने व्यवहारगत विभेद हट्न नसक्नु, अशिक्षा, विभेद तथा हिंसालाई बढावा दिने सामाजिक संरचना (सोच, मूल्य, मान्यता, प्रथा, परम्परा) कायम रहनु, महिला तथा बालबालिकाहरू माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान रहनु, हिंसा पीडित महिलालाई पूर्णरूपमा संरक्षण र पुनर्स्थापना गर्न नसक्नु, सशक्तीकरण र स्वावलम्बी बनाउन नसकिनु जस्ता समस्याहरू अझै पनि विद्यमान रहेका छन् । अझै पनि जेष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभव मुलुकले उपयोग र नयाँ पिँढिमा हस्तान्तरणको पहल हुन नसक्नु, बेवारिसे, असहाय, अशक्त, एकल जेष्ठ नागरिकहरूको उचित संरक्षण नहुनु, जेष्ठ नागरिकले उचित सम्मान पाउन नसक्नु जस्ता समस्याहरू जेष्ठ नागरिकका समस्याहरू हुन् । अपाङ्ग मैत्री शिक्षाको अभावका कारण अपाङ्गता भएका बालबालिकाहरू विद्यालय बाहिर रहनु, उनीहरूका लागि रोजगारी, सामाजिक सहभागिता र आयआर्जनका अवसरमा समान पहुँच नहुनु र विभिन्न अवरोध, विभेद र असमान व्यवहारको अवस्था विद्यमान हुनु जस्ता समस्याहरू रहेका छन् ।

सबै लिङ्ग र वर्ग समुदायको समतामूलक विकास गर्नु, राजनैतिक, आर्थिक तथा सामाजिक लगायतका सबै क्षेत्रमा समानुपातिक प्रतिनिधित्व गराउनु, लक्षित वर्ग र समुदायको अपेक्षित रूपमा क्षमता विकास गर्नु चुनौतीको रूपमा रहेका छन् ।

### ५.४.३ संभावना तथा अवसर

नगरपालिकामा महिला दलित जनप्रतिनिधिको उपस्थिति, महिलामैत्री कानून, महिला शिक्षक दरबन्दी, महिला सञ्जाल विकास एवं महिलाहरूद्वारा सहकारी संस्था सञ्चालन जस्ता पक्षहरू राम्रा छन् । त्यसैगरी विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, सुत्केरी जाँच व्यवस्था र वृद्धभत्ताको व्यवस्था गरिएको छ।

**५.४.४ लक्ष्यः** महिला तथा बालअधिकारको संरक्षण गर्दै समाजका हरेक क्षेत्रमा प्रतिनिधित्व सुनिश्चित गर्ने ।

**५.४.५ उद्देश्यः** लैससास अवधारणा अनुसार विकासका सवै अवसरहरूमा समतामुलक पहूँच र सहभागिता सुनिश्चित गर्नु।

### ५.४.६ रणनीति तथा कार्यनीति

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : लैससास अवधारणा अनुसार विकासका सबै अवसरहरूमा समतामुलक पहुँच र सहभागिता सुनिश्चित गर्नु** | |
| १.१ सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्य गर्न निरोधात्मक, संरक्षणात्मक उपाय अपनाई न्यायमा पहुँच अभिवृद्धि गर्ने | १.१.१ महिला माथि हुने सबै प्रकारका हिंसा अन्त्यका लागि लैङ्गिक हिंसा विरूद्धको कार्यक्रम वार्षिक रूपमा सञ्चालन गरिनेछ।<br>१.१.२ लैससास सम्बन्धी क्षेत्रगत नीति, कानून तथा कार्यक्रम तर्जुमा गरी लैङ्गिक उत्तरदायी बजेटलाई वृद्धि गर्दै लैङ्गिक लैससास परीक्षण पद्धति लागू गरिनेछ।<br>१.१.३ महिला, बालबालिका र किशोर किशोरी उपर हुने सबै प्रकारका भेदभाव, बालविवाह, शोषण, दुर्व्यवहार र हिंसा अन्त्यका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ।<br>१.१.४ बालमैत्री नगर निर्माणमा देखा परेका बालश्रमिक र सडक बालबालिकाको समस्यालाई बाल हेल्पलाइन मार्फत उद्धार गरी उनीहरूको शिक्षा र स्वास्थ्यको उचित प्रबन्ध मिलाइने छ।<br>१.१.५ फरक क्षमता भएका बालबालिकाको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ।<br>१.१.६ सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको सहकार्यमा दलित जनजाती र अपाङ्गअपाङ्गता भएका व्यक्तिहरूको पहिचान गरी उनीहरूको क्षमता विकास, आर्थिक, सामाजिक सशक्तीकरण र पुनर्स्थापना गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ।<br>१.१.७. ज्येष्ठ नागरिक तथा बालबालिकाहरूलाई सम्मानजनक ढंगले जीवनयापन गर्ने वातावरण सृजना गरिनेछ। |

### ५.४.७ कार्यक्रम तथा आयोजना

१. नगरका आर्थिक तथा सामाजिक पूर्वाधार तथा सेवाहरूमा महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, दलित, विपन्न वर्ग, लोपोन्मुख र सीमान्तीकृत समुदायको उचित पहुँच

२. लैङ्गिक समानता तथा महिला सशक्तीकरण

३. सामाजिक सुरक्षाका सेवाग्राहीहरूको व्यवस्थित अभिलेखीकरण

४. अन्तर पुस्ता सीप हस्तान्तरण

५. बालबालिकासँग मेयर संवाद

६. लक्षित समुहलाई शिक्षा, स्वास्थ्य, पोषण लगायत सुविधा सामाजिक सेवा बीमा कार्यक्रम सञ्चालन गर्ने।

७. घरेलु वा सामाजिक हिंसामा परेका महिला तथा बेसहारा बालबच्चा र बृद्वहरूका लागि सहारा केन्द्र स्थापना गर्ने।

८. विभिन्न आयआर्जनको सीपमूलक कार्यक्रम सञ्चालन गर्ने।

### ५.४.८ अपेक्षित उपलब्धि तथा नतिजा खाका

विभिन्न संघसंस्था तथा सार्वजनिक पदमा महिलाहरूको संख्यात्मक प्रतिनिधित्वमा वृद्धि भएको हुनेछ। नगर विकासमा महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, दलित, विपन्न वर्ग, लोपोन्मुख र सीमान्तकृत समुदायको उचित सहभागिता भएको हुनेछ। लैङ्गिक समानता तथा महिला एवं बालिकाहरूको सशक्तीकरणका साथै जोखिम अवस्थाका बालबालिका अपाङ्ग तथा ज्येष्ठ नागरिकहरूको उचित संरक्षण भएको हुनेछ। सामाजिक सुरक्षाका सेवाग्राहीहरूको अभिलेखीकरणको व्यवस्था भएको हुनेछ। महिला, दलित र विपन्न समुदायका वर्गको सामाजिक तथा सामुदायिक विकासमा सम्मानपूर्ण तथा न्यायोचित पहुँच र सहभागिता भएको हुनेछ। समुदायको सशक्तीकरण र चेतना अभिवृद्धि भएको हुनेछ।

## नतिजा खाका

*तालिका नं. १३ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नतिजा खाका*

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष आ.व २०७९/८० | उपलब्धि (चाहेको अवस्था) | | | | | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान Assumptions |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | | |
| प्रभाव | समाजका हरेक तह र तप्काका नागरिकको सम्मानजनक जिवनयापनको प्रत्याभूति भएको हुने । | पिछडिएका तथा सिमान्त कृत समुदायकोरोजगारीको अवस्था | प्रतिशत | | ५० | ६० | ७० | ७५ | ८० | | |
| असर १ | आर्थिक सम्पन्नता सहितको लैंगिक तथा जातिय समानता कायम गर्दै अपाङ्ग तथा विपन्नमैत्री शरदा भएको हुने | लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना (बार्षिक) | संख्या | ६० | ५० | ४० | ३० | २० | ० | | |
| | | सामाजिक सुरक्षाबाट लाभान्वित जनसंख्या | संख्या | ६३३४ | निरन्तर | | | | | | |
| | | अपाङ्गता मैत्री भौतिक संरचनाको अवस्था | प्रतिशत | १४ | १६ | १८ | २० | २२ | २४ | | |
| | | महिला, बालबालिका मैत्री भौतिक संरचनाको अवस्था | प्रतिशत | | १० | १५ | २० | २५ | ३० | | |
| प्रतिफल १.१ | लैङ्गिक समावेशीकरण नीति तर्जुमा भएको हुने | लैङ्गिक समावेशीकरण नीति | संख्या | १ | १ | १ | १ | १ | १ | | |
| प्रतिफल १.२ | महिला सशक्तीकरणलाई प्रभावकारी ढङ्गले सञ्चालन भएको हुने | महिला सशक्तीकरण | संख्या | ० | १ | १ | १ | १ | १ | | |
| प्रतिफल १.३ | महिलाहरूको हक अधिकारको संरक्षणको लागि लैङ्गिक हिंसा निवारण लगायत विभेदकारी कानूनहरूको परिमार्जन र प्रभावकारी कार्यान्वयन एवं सोको अनुगमन तथा मूल्याङ्कन भएको हुने | कानूनहरूको परिमार्जन र प्रभावकारी कार्यान्वयन एवं सोको अनुगमन तथा मूल्याङ्कन | प्रतिशत | ० | | १ | १ | १ | १ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.४ | लै.स.सा.स सम्बन्धी क्षमता अभिवृद्धि भएको हुने | क्षमता अभिवृद्धि | संख्या | | १ | २ | ३ | ४ | ५ | | |
| प्रतिफल १.५ | महिला लक्षित लोक सेवा तयारी कक्षा सञ्चालन भएको हुने | लोक सेवा तयारी कक्षा सञ्चालन | संख्या | | १ | २ | ३ | ४ | ५ | | |
| प्रतिफल १.६ | महिलाको हक हित तथा सामाजिक कुरुति तथा यौन शोषण सम्वन्धी सचेतना कार्यक्रम भएको हुने | सामाजिक कुरुती तथा यौन शोषण सम्वन्धि सचेतना कार्यक्रम | संख्या | | १ | २ | ३ | ४ | ५ | | |
| प्रतिफल १.८ | दलित, उत्पीडित, सिमान्तकृत, फरक क्षमतावान र विपन्न वर्गका समुदाय र क्षेत्रको न्यायोचित सहभागिता सुनिश्चित भएको हुने | सहभागिता सुनिश्चित | प्रतिशत | | ५० | ६० | ७० | ७५ | ८० | | |
| प्रतिफल १.९ | लक्षित समूहलाई शिक्षा, स्वास्थ्य, पोषण लगायत सुविधा सामाजिक सेवा बीमा कार्यक्रम भएको हुने | सामाजिक सेवा बीमा कार्यक्रम | प्रतिशत | ० | १ | २ | ३ | ४ | ५ | | |
| प्रतिफल १.११ | घरेलु वा सामाजिक हिंसामा परेका महिला तथा बेसहारा बालबच्चा र बृद्वहरूका लागि सहारा केन्द्र स्थापना भएको हुने | सहारा केन्द्र स्थापना | प्रतिशत | १ | १ | १ | १ | १ | १ | | |
| प्रतिफल १.१२ | दलित, उत्पीडित, सिमान्तकृत, भिन्न क्षमतावान र विपन्न वर्गका समुदायको उत्थानको लागि नीति नियम तर्जुमा भएको हुने | नीति नियम तर्जुमा | प्रतिशत | १ | १ | १ | १ | १ | १ | | |
| प्रतिफल १.१४ | विभिन्न आयआर्जनको सीपमूलक कार्यक्रम सञ्चालन भएको हुने | सीपमूलक कार्यक्रम | संख्या | | २ | ४ | ६ | ८ | १० | | |

#### ५.४.९ अनुमान तथा जोखिम पक्ष

जोखिम पक्ष तथा अनुमान महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक एवं यौनिक अल्पसंख्यकहरूको हक अधिकारको संरक्षण र सशक्तीकरणलाई प्राथमिकताका साथ कार्यक्रम सञ्चालनका लागि नीतिगत, कार्यक्रमगत तथा निकायगत समन्वय तथा सहकार्य गर्न, उपलब्ध भौतिक तथा वित्तीय श्रोत साधनको उच्चतम उपयोग, सशर्त अनुदानको प्राथमिकता तथा प्रभावकारिताका साथ कार्यान्वयन र कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन भएमा प्रस्तावित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन भई निर्धारित उपलब्धि प्राप्त हुनेछन्। सशर्त अनुदानको अपनत्व लिई कार्यान्वयनमा प्राथमिकता नदिएमा, तीनवटै तहबीच समन्वयमा कमजोरी भएमा, कानून र कार्यविधि तर्जुमामा ढिलाई भएमा संस्थागत संयन्त्र तथा कार्यक्रम सञ्चालनमा अवरोध खडा हुन सक्ने र नियमित सञ्चालन हुँदै आएका कार्यक्रम समेत प्रभावित भई अपेक्षित उपलब्धि प्राप्त नहुने जोखिम रहन सक्दछ।

### ५.५ युवा तथा खेलकुद

#### ५.५.१ पृष्ठभूमि

व्यक्तिको शारीरिक तन्दुरूस्ती, सामाजिक र मानसिक पक्षको सन्तुलित विकासका लागि खेलकुदले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनको माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरू हासिल गर्न नगर स्तरमा खेलकुदको संस्थागत विकास एवं पूर्वाधार निर्माण गरी "सबैका लागि खेलकुद" अभियानलाई व्यवहारमा उतार्न जरूरी छ। यस नगरपालिकाको कुल जनसंख्याको करिब ३५.७६ प्रतिशत जनसंख्या युवा र आर्थिक रूपले सक्रिय जनसंख्या रहेको छ। यस नगरपालिकाको क्षेत्रभित्र खेलकुद, मनोरञ्जन, प्रदर्शनी, पिकनिक, पार्क लगायतका स्थलहरू रहेका छन् । शारदा नगरपालिकाको स्वामित्वमा वडा नं. ६ मा करिब २० रोपनीमा खेल मैदान छ।

#### ५.५.२ समस्या तथा चुनौती

व्यवस्थित खेलकुद मैदान नभएकोले नगर स्तरीय खेलकुद कार्यक्रम राख्न सकिएको छैन। केहि विद्यालयहरूमा सानोतिनो खेलकुद कार्यक्रम हुने गरेको छ तर औपचारिक खेलकुद गतिविधिहरू सञ्चालन भएको छैन । व्यवस्थित खेलकुद मैदानको अभावमा चासो भएका खेलाडीहरूले राम्रो तालिम लिन पाएका छैनन् भने यस क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधार तथा खेल सामग्रीको कमी हुनु, भएका पूर्वाधारहरू पनि गुणस्तरयुक्त नहुनु, समय सापेक्ष आधुनिक र सुविधायुक्त नहुनु, खेलकुद जनशक्ति विकासमा लगानी नहुनु जस्ता जस्ता थुप्रै समस्याहरू रहेका छन्। अझै पनि युवा लक्षित नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, युवाहरूको विकासका लागि ठोस योजना नहुनु, युवासम्बन्धी तथ्याङ्क समेत अद्यावधिक हुन नसक्नु जस्ता समस्याहरू अझै पनि नगरपालिकाभित्र विद्यमान रहेका छन्। युवाहरूको विकासका लागि कार्यक्रम तथा बजेट विनियोजन गरी उनीहरूको शिक्षा, स्वास्थ्य र उद्यमशीलतामा सहयोग गर्नु जरूरी छ।

शिक्षित युवाहरू बसाइसराइ गरी प्रदेशको सदुरमुकाम सुर्खेत, राजधानी काठमाडौं र ठुला शहरहरू जस्तै नेपालगन्ज, दाङ लगायतका अन्य जिल्लाहरूमा बसाइसरी जाने क्रम बढ्दो छ । ठूलो संख्यामा वेरोजगार छन् जसका कारण वैदेशिक रोजगारीतर्फ आकर्षित हुदै त्यतैतर्फ पलायन भएका छन् । प्रतिभावान, सिर्जनात्मक युवाहरू पहिचान हुन सकेको छैन र तिनीहरूको विकास प्रवर्द्धनका लागि आवश्यक कार्यक्रमहरू पनि लागू भएको छैन । स्व–रोजगारीका लागि सीपमूलक तालिम, क्षमता अभिवृद्धि एवं प्राविधिक शिक्षा र ऋण सुविधा प्रदान हुन सकेको छैन। त्यसैगरी खेलकुदतर्फ आवश्यक पूर्वाधारहरू, खेल मैदान, खेल सामग्रीहरूको अभाव छ भने खेलकुदको विकासका लागि विद्यालय, वडा एवं नगर स्तरीय प्रतियोगिताहरू यथोचित र आवश्यकता अनुसार हुन सकिरहेको छैन।

### ५.५.३ संभावना तथा अवसर

शारदा नगरपालिकाले राष्ट्रिय स्तरमा आयोजना गर्ने गरेका नगर स्तरीय मेयर, उपमेयर कप फुटबल, क्रिकेट जस्ता कार्यक्रमले शारदाको पर्यटन एवं खेलकुद विकासमा थप टेवा पुगेको छ। व्यवस्थित खेलकुद मैदान निर्माण गरी राष्ट्रिय स्तरका क्रिकेट, फुटबल लगायतका खेलकुद कार्यक्रम सञ्चालन गरी युवाहरूमा क्रियाशीलता र सृजनशीलता अभिबृद्धि गर्न सकिने सम्भावना रहेको छ।

**५.५.४ लक्ष्यः** युवा लक्षित कार्यक्रमहरूको माध्यमबाट युवाहरूको सर्वाङ्गीण विकास गर्ने।

### ५.५.५ उद्देश्य

१. युवा प्रतिभा विकास तथा उद्यमशीलता एवम् स्वरोजगारका अवसर सिर्जना गर्नु।

२. सबैका लागि खेलकुदको अवधारणा अनुरुप खेलकुद क्षेत्रको विकासमा जोड दिनु।

### ५.५.६ रणनीति तथा कार्यनीति

युवा तथा खेलकुदको रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : युवा प्रतिभा विकास तथा उद्यमशीलता एवं स्वरोजगारका अवसर सिर्जना गर्नु।** | |
| १.१ युवा वर्गको संभावनाको आधारमा क्षमता, सीप, र दक्षताको विकास गर्ने। | १.१.१ औद्योगिक, कृषि तथा सामाजिक क्षेत्रको विकासका लागि युवाहरूलाई व्यवसायिक तालिम प्रदान गरिनेछ। |
| | १.१.२ "युवासँग स्थानीय सरकार विशेष कार्यक्रम" सञ्चालन गरिनेछ । |
| | १.१.३ प्राविधिक र व्यवसायिक सीपका माध्यमबाट युवा वर्गको क्षमता वृद्धि गरी उद्यमशील बनाइनेछ । |
| | १.१.४ आर्थिक सामाजिक-सांस्कृतिक एवं राजनैतिक क्षेत्रमा युवाको भूमिका अभिवृद्धि गरिनेछ । |
| | १.१.५ विदेशबाट फर्किएका युवालाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य २ : सबैका लागि खेलकुदको अवधारणा अनुरुप खेलकुद क्षेत्रको विकासमा जोड दिनु।** | |
| २.१ खेलकुदका पूर्वाधारको विकास गरी राष्ट्रिय स्तरका खेलाडीको उत्पादन गर्ने। | २.१.१ खेलमैदान निर्माण तथा स्तरोन्नति गरी खेल सामग्रीहरूको व्यवस्था गरिनेछ। |
| | २.१.२ खेलकुद प्रशिक्षण केन्द्र स्थापना गरिनेछ। |
| | २.१.३ खेलकुद क्षेत्र विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग सहयोग र सहकार्य गरिनेछ। |
| | २.१.४ आर्थिक र सामाजिक विकासका लागि विद्यालय स्तरमा खेलकुद कार्यक्रम सञ्चालन तथा प्रोत्साहन गरिनेछ। |
| २.२ सबै उमेर, वर्ग र समुदायको खेलकुदमा पहुँच वृद्धि गर्ने। | २.२.१ बाल, महिला तथा अपाङ्गमैत्री खेलकुद पूर्वाधार निर्माण गरिनेछ। |
| | २.२.२ विभिन्न वर्गलाई समेट्ने गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ। |

### ५.५.७ कार्यक्रम तथा आयोजना

१. युवाहरूको लागि नेतृत्व एवं उद्यमशीलताको विकास

२. खेलमैदान निर्माण तथा स्तरोन्नति गरी खेल सामग्रीहरूको व्यवस्था गर्ने।

३. लागु औषध प्रयोग गर्ने युवाहरूको पुनर्स्थापना

४. युवा समूह र क्लबहरूको सञ्जालको विकास, विस्तार, तथा क्षमता विकास

५. नगरस्तरीय खेलकुद प्रतियोगिता

६. मेयर उपमेयर कप खेलकुद प्रतियोगिता

७. खुल्ला म्याराथुन दौड प्रतियोगिता

८. औद्योगिक, कृषि तथा सामाजिक क्षेत्रको विकासका लागि युवाहरूलाई व्यवसायिक तालिम प्रदान गर्ने।

९. खेलकुद प्रशिक्षण केन्द्र स्थापना गर्ने।

### ५.५.८ अपेक्षित उपलब्धि तथा नतिजा खाका

युवाहरूको क्षमता अभिवृद्धि तथा उद्यमशीलता विकास भएको हुनेछ। विकास निर्माणमा युवाहरूको सहभागिता अभिवृद्धि भएको हुनेछ। युवा समूह, क्लब सञ्जालको विकास, विस्तार, सदृढीकरण क्षमता अभिवृद्धि गर्दै स्थानीय सरकार सञ्चालनको विभिन्न क्षेत्रमा युवाहरूको अर्थपूर्ण प्रतिनिधित्व एवं सहभागिता हुनेछ। लागु औषध प्रयोग गर्ने युवाहरूको पुनर्स्थापना गर्न परामर्श तथा पुनर्स्थापना केन्द्रहरू सञ्चालन भएको हुनेछ। खेलकुद विकासका लागि पूर्वाधार निर्माण र संस्थागत विकास भएको हुनेछ। युवाहरूको शारीरिक र मानसिक विकासका लागि सानो उमेरदेखि नै अभ्यस्त गराउदै खेल संस्कृतिको विकास हुनेछ। खेलकुद विकासका लागि आवश्यक पूर्वाधारहरू विद्यालय, बस्ती, वडाहरू र नगरस्तरमा निर्माण गरी खेलकुदको प्रवर्द्धन हुनेछ। खेलकुदमा महिला सहभागिता बढाउन उचित वातावरण सृजना भएको हुनेछ।

## नतिजा खाका

*तालिका नं.१४ : युवा तथा खेलकुदको नतिजा खाका*

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष आ.व २०७९/८० | उपलब्धि (चाहेको अवस्था) आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान Assumptions |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | खेलकुद तथा उद्यमशीलताका माध्यमबाट युवा वर्गको बहुआयामिक विकास भएको हुने | अन्तर्राष्ट्रिय स्तर खेलाडी | संख्या | १ | १ | १ | २ | ३ | ३ | | |
| | | प्रदेश तथा राष्ट्रिय स्तर खेलाडी | संख्या | | | २ | ३ | ४ | ४ | | |
| असर १ | खेलकुद, कृषि तथा औद्योगिक उद्यमशीलताका माध्यमवाट युवाको क्षमता अभिबृद्धि गर्दै रोजागारीका अवसरहरू सिर्जना भएको हुने | नगर युवा परिषद् | संख्या | १ | १ | १ | १ | १ | १ | | |
| | | कवर्ड हल | संख्या | १ | १ | २ | २ | २ | ३ | | |
| | | खेलकुद मैदान | संख्या | १ | १ | २ | २ | ३ | ३ | | |
| प्रतिफल १.१ | औद्योगिक, कृषि तथा सामाजिक क्षेत्रको विकासका लागि युवाहरूलाई व्यवसायिक तालिम प्रदान भएको हुने | व्यवसायिक तालिम | संख्या | | १ | २ | ३ | ४ | ५ | | |
| प्रतिफल १.४ | आर्थिक सामाजिक–साँस्कृतिक एवं राजनैतिक क्षेत्रमा युवाको भूमिका अभिवृद्धि भएको हुने | युवा भूमिका अभिवृद्धि | प्रतिशत | ० | निरन्तर | | | | | | |
| प्रतिफल १.५ | विदेशबाट फर्किएका युवालाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन भएको हुने | युवा लक्षित गरी विशेष कार्यक्रम | संख्या | | निरन्तर | | | | | | |
| प्रतिफल १.६ | खेलमैदान निर्माण तथा स्तरोन्नति गरी खेल सामग्रीहरूको व्यवस्था भएको हुने | खेलमैदान निर्माण तथा स्तरोन्नति | प्रतिशत | १० | निरन्तर | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.७ | खेलकुद प्रशिक्षण केन्द्र स्थापना भएको हुने | खेलकुद प्रशिक्षण केन्द्र | संख्या | ० | | | १ | १ | १ | | |
| प्रतिफल १.८ | खेलकुद क्षेत्र विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग सहयोग र सहकार्य भएको हुने | सरोकारवाला राष्ट्रिय तथा अन्तर ाष्ट्रिय संघसंस्थासँग सहयोग र सहकार्य | प्रतिशत | ० | | १ | १ | १ | १ | | |
| प्रतिफल १.११ | विभिन्न वर्गलाई समेट्ने गरी खेलकुद प्रतियोगिता सञ्चालन भएको हुने | खेलकुद प्रतियोगिता | संख्या/वर्ष | १ | २ | ३ | ४ | ५ | ६ | | |

### ५.५.९ अनुमान तथा जोखिम पक्ष

जोखिम पक्ष तथा अनुमान युवाको क्षमता अभिवृद्रि गरी विदेश पलायन हुने प्रवृत्ति रोक्न, सामाजिक र आर्थिक सेवामा युवाको पहुँच वृद्रि गर्न सक्ने अनुमान गरिएको छ। पर्याप्त खेलकुद तथा पूर्वाधारको विकास, निर्माण र स्तरोन्नति गरी खेलकुदलाई रोजगारमूलक व्यवसायको रूपमा स्थापित गर्न सक्ने अनुमान गरिएको छ। प्राविधिक र व्यवसायिक सीपलाई प्राथमिकता नदिएमा र युवामा खेलकुद मार्फत राष्ट्र निर्माणमा मूलप्रवाहीकरण गर्न सोच र इच्छा शक्ति नभएमा, खेलकुद क्षेत्र विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग सहयोग र सहकार्य नभएमा लक्षित नतिजा प्राप्त गर्न नसकिने देखिन्छ।

## ५.६ संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रवर्द्धन

### ५.६.१ पृष्ठभूमि

शारदा नगरपालिकामा बसोबास गर्ने विभिन्न जातजातिकाहरूको आफ्नै मौलिक संस्कृतिहरू छन्। सबै जातिहरूले आफ्नो संस्कृति अनुरूपका चाडपर्व निकै महत्व र उत्साहका साथ मनाउँदै आइरहेका छन्। विभिन्न जातजातिहरूको छुट्टै संस्कृतिहरू हुँदाहुँदै पनि एकअर्का प्रतिको धार्मिक तथा सांस्कृतिक सहिष्णुता यहाँको सुन्दर पक्ष हो। शारदा नगरपालिकामा पछिल्लो राष्ट्रिय जनगणना, २०७८ अनुसार कुल १९ भन्दा बढी किसिमका जातजातिको बसोबास रहेको छ। यस नगरपालिकामा विभिन्न जातजाति, समूह अनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी जाति क्षेत्री २०७४५ जना, दोस्रोमा सन्यासी दशनामी ४३४२ र तेस्रोमा कामी २७०३ रहेको छ। त्यसैगरी मगर १,९२७, मिजार १,०४७, नेवार ९०६ रहेका छन् भने ब्राह्मण पहाडी ८२३ रहेका छन्। त्यसैगरी नगरमा ठकुरी, दमाइ/ढोली, मुस्लिम, आदिवास जनजाति र दलित अन्य लगायतका जातजातिको बसोबास रहेको छ। यस नगरपालिकामा विशेष पर्यटकिय स्थलहरू नभएपनि नगरको सुन्दर हरियाली एवं प्राकृतिक मनोरम दृश्य तथा केही मठ मन्दिर तथा गुम्बाहरू साथै विभिन्न जातजातिहरूको संस्कृति पर्यटक आकर्षणको केन्द्रको रुपमा रहेको छ।

### ५.६.२ समस्या तथा चुनौती

प्राचीन तथा मौलिक कला र जातीय संस्कृतिको जगेर्ना हुन नसकेका कारण बाह्य संस्कृतिको प्रभाव र अतिक्रमणले परम्परागत चाडपर्वहरूले आफ्नो मौलिकता क्रमशः गुमाउदै गएको अवस्था छ। ऐतिहासिक मठ मन्दिरहरूको संरक्षण नहुनु, कलाकर्मीहरूको उचित सम्मान तथा संरक्षणमा कमी र ऐतिहासिक सम्पदा तथा पुरातात्विक महत्वका ठाउँ तथा वस्तुहरू र धार्मिक मठ मन्दिरहरूको उचित संरक्षण र सम्वर्धन हुन नसक्नु पनि समस्याको रूपमा देखिन्छ। विभिन्न जातजातिहरूको मातृभाषा लोप हुने खतरा देखिन्छ।

लोपोन्मुख जाति एवं पिछडिएका वर्गको भाषा, साहित्य र संस्कृतिको संरक्षण र प्रवर्द्धन गरी विभिन्न भाषा, कला, संस्कृति र सम्पदाहरूको मौलिकपना जोगाइराख्नु पर्ने देखिन्छ। अन्तरपुस्ता ज्ञान हस्तान्तरण कायम राख्नु, सांस्कृतिक सम्पदाहरूको अनुसन्धानमा विस्तार गर्नु, साँस्कृतिक सम्पदा र प्रचलनहरूको अध्ययन तथा अनुसन्धानको साथै संरक्षणको कार्य गर्नु पनि उत्तिकै चुनौतीपूर्ण देखिएका छन्। नगरक्षेत्र भित्रका प्राचिन पुरातात्विक तथा सांस्कृतिक सम्पदाको प्रचारप्रसार, खोजी तथा अभिलेखीकरण गर्नु जस्ता विषयहरूमा स्थानीयहरूको कम चासो देखिन्छ।

### ५.६.३ संभावना तथा अवसर

विभिन्न जातजाति, भाषाभाषीको मौलिक एवं परम्परागत संस्कृतिको जगेर्नाका साथै भावी पुस्तालाई समयानुकूल हस्तान्तरण गरी पुरातात्विक र ऐतिहासिक सम्पदाको संरक्षण तथा संवर्द्धन र पुननिर्माणको माध्यमबाट धार्मिक पर्यटन प्रवर्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुऱ्याउन सकिन्छ। संस्कृति संरक्षण र विकासलाई आयआर्जन र रोजगारीका अवसर हरूसँग जोडेर नगरको धार्मिक पर्यटन एवं आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउन सकिन्छ।

**५.६.४ लक्ष्यः** भाषा, कला तथा संस्कृतिको विविधीकरण सहितको सद्भावपूर्ण समाज निर्माण गर्ने।

५.६.५ **उद्देश्यः** भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण र विकास गर्नु।

### ५.६.६ रणनीति तथा कार्यनीति

भाषा, साहित्य र संस्कृतिको रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण र विकास गर्नु।** | |
| १.१ मूर्त तथा अमूर्त सम्पदा, भाषा, संस्कृति, कला, लिपिको संरक्षण गर्ने। | १.१.१ भाषा, कला र साहित्य, बहुसंस्कृतिको संरक्षण, संवर्द्धन र विकास गरिनेछ। |
| | १.१.२ प्रमुख जनजातिहरूको भाषा, लिपि र संस्कृतिको खोज, अनुसन्धान र प्रकाशनका साथै समय समयमा जात्रा, महोत्सव आदिको आयोजना गरिनेछ। |
| | १.१.३ धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासका लागि प्रचार प्रसार, उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको उचित सम्मान र उनीहरूको नामबाट निर्मित संरचनाहरूको नामकरण गरिनेछ। |
| २.१ भाषा, कला र साहित्य, बहुसँस्कृतिको संरक्षण, संवर्द्धन गरी पर्यटन विकास गर्ने। | २.१.१ अन्तरपालिका साहित्यिक तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गरिनेछ। |
| | २.१.२ विभिन्न जातजातिका कला र संग्रहालयहरू स्थापना गर्दै सञ्चालनमा भएका संग्रहालयको उचित व्यवस्थापन गरिनेछ। |
| | २.१.३ स्थानीय कला, भाषा, लिपि, लोक संस्कृतिको संरक्षणमा संवर्cन गर्न समुदायलाई उत्प्रेरित गर्न सहकार्य गरिनेछ। |
| | २.१.४ धार्मिक सम्पदाहरूलाई व्यवस्थापकीय सुधार गरी दिगो रूपमा सञ्चालन गरिनेछ। |
| | २.१.५ विभिन्न जातजातिसँग सम्बन्धीत मौलिक एवं स्थानीय सामग्रीहरू उत्पादन र प्रवर्द्धन गरिनेछ। |

### ५.६.७ कार्यक्रम तथा आयोजना

१ साँस्कृतिक, पुरातात्विक एवं धार्मिक महत्वका स्थलहरूको खोजी, अभिलेखीकरण, र संरक्षण

२ भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराहरूको प्रचार प्रसार

३ धार्मिक तथा साँस्कृतिक संस्था वा समूहहरूको संस्थागत विकास

४ साहित्यिक महोत्सव तथा प्रकाशन

५. ऐतिहासिक, प्राकृतिक एवम् पुरातात्विक सम्पदाहरूको मर्मत सम्भार तथा संरक्षण गर्ने।

### ५.६.८ अपेक्षित उपलब्धि तथा नतिजा खाका

नगरक्षेत्रको सांस्कृतिक, पुरातात्विक एवम् धार्मिक महत्वका स्थलहरूको खोजी, अभिलेखीकरण, संरक्षण, सम्वर्द्धन र विकास भएको हुनेछ। भाषा, कला, साहित्य र संस्कृति क्षेत्रका प्रतिष्ठानहरूको स्थापना भई क्रियाशील भएको हुनेछ। नगर क्षेत्रमा बहुसांस्कृतिक, जनजाती संग्रहालयको स्थापना र विकास भएको हुनेछ।

## नतिजा खाका

*तालिका १५ : भाषा, साहित्य र संस्कृतिको नतिजा खाका*

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष आ.व २०७९/८० | उपलब्धि (चाहेको अवस्था) आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | पुष्टयाईका आधारहरू | पूर्वानुमान Assumptions |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | नगरपालिका भित्रका भाषा, साहित्य, कला तथा संस्कृतिको संरक्षण तथा विकास भएको हुने | कला, संस्कृति, भाषा र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा | संख्या | १ | १ | २ | २ | ३ | ३ | | |
| | | स्तरोन्नति गरिएका पर्यटकीय सम्पदा | संख्या | ५ | ७ | ८ | ९ | १० | ११ | | |
| असर १ | स्थानीय भाषा, साहित्य तथा कलाको प्रवर्द्धन भएको हुने | स्थानीय सँस्कृति, कला, सम्पदा र साहित्य संबन्धी अध्ययन तथा अनुसन्धान | सख्या | ० | | | १ | १ | १ | | |
| | | स्थानीयकला, सँस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन | संख्या | ० | १ | १ | २ | २ | ३ | | |
| प्रतिफल १.१ | भाषा, कला र सँस्कृतिको संरक्षण र संवर्द्धन नीति तर्जुमा भएको हुने | संरक्षण र संवर्द्धन नीति | संख्या | ० | १ | १ | १ | १ | १ | | |
| प्रतिफल १.३ | ऐतिहासिक, प्राकृतिक एवं पुरातात्विक सम्पदाहरूको मर्मत सम्भार तथा संरक्षण भएको हुने | मर्मत सम्भार तथा संरक्षण | संख्या | ५ | ७ | ८ | ९ | १० | ११ | | |
| प्रतिफल १.४ | लोपोन्मुख हुन लागेका भाषाहरू संरक्षण गर्दै प्राथमिकीकरण भएको हुने | भाषाहरू संरक्षण गर्दै प्राथमिकीकरण | प्रतिशत | ० | ० | ० | १ | १ | १ | | |
| प्रतिफल १.५ | विभिन्न जातजाति र भाषाभाषीको मौलिक एवं परम्परागत धर्म, सँस्कृतिको संरक्षण र विकास गर्न खोज अन्वेषण भएको हुने | खोज अन्वेषण | संख्या | ३ | ३ | ३ | ३ | ४ | ४ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.६ | अन्तरपालिका साहित्यिक तथा साँस्कृतिक कार्यक्रम सञ्चालन भएको हुने | साहित्यिक तथा साँस्कृतिक कार्यक्रम | संख्या | १ | २ | २ | ३ | ३ | ४ | | |
| प्रतिफल १.७ | विभिन्न जातजातिका कला र सँग्रहालयहरू स्थापना गर्दै सञ्चालनमा भएका संग्रहालयको उचित व्यवस्थापन भएको हुने | संग्रहालयहरू स्थापना | संख्या | ० | १ | १ | १ | १ | १ | | |
| प्रतिफल १.८ | स्थानीय कला, भाषा, लिपि, लोक संस्कृतिको संरक्षणमा सम्बद्र समुदायलाई उत्प्रेरित गर्न सहकार्य भएको हुने | संरक्षणमा सम्बद्र समुदायलाई उत्प्रेरित | प्रतिशत | ० | १ | २ | २ | ३ | ३ | | |

### ५.५.९ अनुमान तथा जोखिम पक्ष

लोपोन्मुख अवस्थामा रहेका जातजातीको मौलिकता संरक्षण गर्ने, मूर्त र अमूर्त संस्कृति जोगाउने, विभिन्न विधामा दक्ष कलाकारको सम्मान गर्ने अनुमान गरिएको छ। यद्यपि भाषा, कला एवं सँस्कृतिको कृषि, पर्यटन लगायतका क्षेत्रसँग आबद्ध गर्नु, विभिन्न जातजाति र भाषाभाषीको मौलिक एवं परम्परागत धर्म, सँस्कृतिको संरक्षण र विकास गर्न खोज अन्वेषण गर्नु कठीन छ।

# परिच्छेद ६: भौतिक पूर्वाधार विकास

नगरको आर्थिक सामाजिक विकासमा पूर्वाधार विकास अपरिहार्य हुन्छ। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहमा सिर्जना गरिने स्थानीय भौतिक तथा सामाजिक पूर्वाधार जस्तै– स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र ती सडकमा पर्ने पुल, पुलेसा तथा झोलुंगे पुल, खानेपानी, सिंचाइ, वैकल्पिक ऊर्जा, १०० कि.वा. सम्मका लघु तथा साना जलविद्युत्, विद्यालय, स्वास्थ्य चौकी, केन्द्र, अस्पताल तथा सामुदायिक भवन, कार्यालय भवन र आवास तथा बस्ती विकास, हाटबजार जस्ता पूर्वाधारको निर्माणको कार्य जिम्मेवारी समेत प्रदान गरेको छ। यसले नगरको समग्र विकासलाई गतिशील बनाउनका साथै आर्थिक सामाजिक अवसरहरूलाई रूपान्तरण गर्दै समृद्धि हांसिल गर्न सहयोग पुऱ्याउँछ।

## ६.१ यातायात, सडक, पुल

### ६.१.१ पृष्ठभूमि

भौतिक पूर्वाधार विकासलाई शारदा नगरपालिकाको विकासको मेरुदण्डको रुपमा लिइएको छ। नगरपालिकाको आर्थिक एवं सामाजिक विकासको लागि यातायात पूर्वाधार निर्माण महत्वपूर्ण हुन्छ। सडक, पुल, केवलकार,  लगायतका यातायातका साधनहरूको व्यवस्थापनले नगरपालिकाको विकासमा टेवा पुऱ्याँउछ।

१९८.३४ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस पालिका हुँदै पूर्वी रुकुमको मुसिकोट जाने राप्ती राजमार्ग कोसेढुङ्गा नै साबित भएको छ। शारदा नगरपालिकामा भौगोलिक विकटता भएको हुनाले तदनुरुप यातायातका साधनहरूको विकास र विस्तार गर्नु पर्दछ। नगरपालिका केन्द्रदेखि सबै वडाका केन्द्रजोड्ने सडक कालोपत्रे तथा स्तरउन्नति गर्न संघीय र प्रदेश सरकारसँग समन्वय गरिनेछ। यसको साथै पर्यटकीय पदमार्गको सञ्चालन गरी पर्यटन व्यवसायको संभाव्यता अध्ययन गरी पर्यटन व्यवसाय मार्फत नगरपालिकामा रोजगार सिर्जना गरी आर्थिक गतिविधि बढाउनु पनि उत्तिकै जरुरी छ। विद्यमान सामुदायिक सडक कच्ची रहेकाले सडकहरूको स्तरउन्नति गरी कालोपत्रे गर्ने र कतिपय स्थानमा नयाँ ट्र्याक खोली पक्की पुल र कल्भर्ट निर्माण गरी यातायातलाई सुचारु र व्यवस्थित गर्नु नितान्त जरुरी छ। यहाँ हालसम्म राप्ती राजमार्गका सडकहरू मात्र कालोपत्रे भएका छन्।

यस शारदा नगरपालिकाका सबै क्षेत्रहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार हुन सकेको देखिँदैन। नगरपालिकामा उत्पादित विभिन्न कृषि उपजहरू जस्तै खाद्यान्न, तरकारी, तेलहन, दलहन, फलफूल, दुग्ध उत्पादनहरूलाई नगरपालिकाका सबै वडाहरूमा बाह्रै महिना सवारी साधन चल्ने सडकको सुविधा नभएकाले उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन कठिनाई भएको देखिन्छ। नगरपालिकाका सबै वडाहरूमा बाह्रै महिना सवारी साधन चल्ने सडकको विस्तार नभएकोले आन्तरिक यातायातको भरपर्दो सुविधा नभएको हुँदा नगरपालिका बासीहरूलाई समयमै आवश्यक उपचार तथा औषधिको सेवा र बजारमा पहुँच पुऱ्याउन सकिएको छैन। नगरपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। नगरपालिकामा ट्रेक्टर, जिप, बस, ट्रक, मोटरसाइकलहरूको समेत उपयोग गरिएको देखिन्छ। नगरपालिकाका सबै वडाहरूमा बाह्रै महिना सुचारु हुने गरी सडकमार्गहरूको स्तरउन्नति गर्नुपर्ने देखिन्छ।

सडक यातायताको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधन पार्किङ स्थल, बसस्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, सडक सङ्केतचिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ।

### ६.१.२ समस्या तथा चुनौती

सम्पूर्ण सडकहरू कच्ची र साँगुरा हुनु, सबै मुख्य र शाखा सडकहरू कच्ची र स्तर नाजुक रहेको, ससाना खोला तथा खोल्सी धेरै ठाउँमा रहेका तर पुल तथा कल्भर्ड अपर्याप्त, भैगोलिक अवस्थाको कारण वर्षातमा बस्ती डुबान, पहिरो तथा बाढीको समस्या, सडकहरू कालोपत्रे गर्न वित्तीय श्रोतको कमी हुनु, वातावरणीय पक्षलाई ध्यान नदिई सडक

विस्तार गर्नु, पर्यटकीय पदमार्गको विस्तार नहुनु, सडक यातायात बाहेक अन्य यातायातका साधनहरूको अभाव हुनु, सडक निर्माणमा बजेट विनियोजन र सञ्चालनमा कुशलताको अभाव र ठेक्कापट्टा व्यवस्थापनमा कमजोरी रहनु जस्ता समस्याहरू रहेका छन्।

नगरपालिकाका महत्वपूर्ण सडकहरूको स्तरउन्नति गरी कालोपत्रे गर्न प्राविधिक र वित्तीय व्यवस्थापन गर्न, वडा केन्द्रदेखि नगरपालिका केन्द्रसम्म जोड्ने सडकको विस्तार र कालोपत्रे गर्न, वातावरणीय पक्षलाई ध्यान दिई सडक विस्तार र स्तरउन्नति गर्न, मापदण्ड बिना आयोजना पहिचान तथा छनोट, सडकमा अव्यवस्थित विद्युत तथा सञ्चारका पोल राखिनु, बजेट विनियोजन तथा सञ्चालन फितलो, अव्यवस्थित रुपमा बस्ती बिकाश भएको हुनु, निर्माण सामग्रीको उपलब्धता र गुणस्तरमा कमि, नगरपालिकाका विभिन्न सबै वडालाई जोडेर रिङरोड निर्माण गर्न, यातायातका साधनलाई व्यवस्थित र भरपर्दो बनाउन उपयुक्त भाडादर कायम गर्न, यात्रु बीमा, चालक प्रशिक्षण तालिम र पुराना सवारी साधनहरू हटाउन जस्ता चुनौतीहरू रहेका छन्।

### ६.१.३ संभावना तथा अवसर

नगरपालिका केन्द्रदेखि वडा केन्द्रसम्म जोड्ने सडक निर्माणमा प्रदेश सरकारले आर्थिक सहयोग र समन्वयन गर्नु, नगरपालिकाका महत्वपूर्ण सडकहरू स्तरउन्नति र कालोपत्रे गर्न र पर्यटकीय पदमार्ग निर्माणमा संघीय सरकारको सहयोग हुनु, महत्वपूर्ण सडकहरू जोड्ने पक्कीपुल निर्माणमा प्रदेश र संघीय सरकारको समन्वय नहुनु, सडकको डिजाइन, निर्माण, मर्मत संम्भार तथा सडक सुरक्षाका लागि आधुनिक प्रविधिको प्रयोग गरी व्यवस्थित गर्न सकिने, नगरपालिकाको सबै वडा छुने ढाँचाको रिङरोड सम्भाव्यता अध्ययन, सडकमा अव्यवस्थित रुपमा रहेका विद्युत तथा सञ्चारका पोललाई व्यवस्थित गर्नु, हरेक सार्वजनिक क्षेत्रमा प्रतिक्षालय र सार्वजनिक सौचालयको निर्माण, ससाना खोला तथा खोल्सीहरूमा आवश्यता अनुसार पुल तथा कल्भर्ड निर्माण र जीर्ण अवस्थामा रहेका पुलको मर्मत सम्भार गर्नुजस्ता अवसरहरू रहेका छन्।

**६.१.४ सोचः** "गुणस्तरीय वातावरण मैत्री सडक पूर्वाधार, दिगो विकासको मुल आधार"

**६.१.५ लक्ष्यः** नगरपालिकाका सम्पूर्ण सडकहरूलाई गुणस्तरीय र वातावरणमैत्री बनाउने।

### ६.१.६ उद्देश्य

१. सडक सजाल नपुगेका ठाउँमा गुणस्तरीय, दिगो, सुरक्षित र वातावरणमैत्री यातायात संजाल विस्तार गर्नु।

२. नगरपालिकाको विद्यमान सडकहरूको स्तरउन्नति गर्नु।

### ६.१.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : सडक सञ्जाल नपुगेका ठाउँमा गुणस्तरीय, दिगो, सुरक्षित र वातावरणमैत्री यातायात सञ्जाल विस्तार गर्नु** | |
| १.१ राष्ट्रिय मापदण्डमा आधारित गुणस्तरीय, दिगो, सुरक्षित र वातावरणमैत्री सडक सञ्जालको निर्माण गर्ने। | १.१.१ मापदण्ड अनुसार पालिकाको आवश्यक स्थानमा बसपार्क र बसस्टपहरू निर्माण गरिनेछ। |
| | १.१.२ प्रदेश मार्गको ट्र्याक निर्माण गरी नगरपालिका केन्द्रलाई वडाको केन्द्रीय सडक सञ्जालमा जोडी कालोपत्रे र स्तरउन्नति गरिनेछ। |
| | १.१.३ सबै केन्द्रिय वडा सडकहरूलाई स्तर ख मा, उत्पादन केन्द्रहरू, नगर र प्रदेश राजमार्ग जोड्ने सडकलाई स्तर ग मा, त्यसैगरी बस्ती र वडा केन्द्रहरूलाई जोड्ने सडकलाई स्तर घ मा र बस्ती र बस्तीहरूलाई जोड्ने सडकहरूलाई स्तर ङ मा निर्माण गरिनेछ। |

| | |
|---|---|
| | १.१.४ राष्ट्रिय राजपथलाई व्यापारिक, औद्योगिक, ठूला अस्पताल तथा शैक्षिक संस्था त्यसैगरी रणनैतिक नगर सडकलाई मझौला व्यापारिक उद्योग, अस्पताल, शैक्षिक संस्था र नगर सडकलाई साना व्यापारिक, उद्योग, विद्यालयसँग जडान गरी सडक सञ्जाल निर्माण गरिनेछ |
| | १.१.५ सडक सङ्केत चिह्न, अपाङ्ग मैत्री फुटपाथ निर्माण गरिनेछ। |
| १.२ नगरपालिकाका महत्वपूर्ण क्षेत्रहरूमा पुल विस्तार गर्ने। | १.२.१ आवश्यकताको आधारमा सबै महत्वपूर्ण क्षेत्रहरूमा मोटर पुल तथा झोलुङ्गे पुल विस्तार गर्ने। |
| **उद्देश्य २ नगरपालिकाको विद्यमान सडकहरूको स्तरउन्नति गर्नु।** | |
| २.१ सबै वडाहरू सडक सञ्जालमा जडान गर्ने र विद्यमान सडकहरूको स्तर-उन्नति गरी सडक यातायात सहज बनाउने। | २.१.१ नगरपालिकाको सबै विद्यमान सडकको स्तर वृद्धि गरिनेछ। |
| | २.१.२ पर्यटक पदमार्ग सञ्चालन र रिङरोडको संभाव्यता अध्ययन गरिनेछ। |

### ६.१.८ कार्यक्रम तथा आयोजना

१. प्रत्येक वडाको केन्द्रसम्म जाने सडकहरू व्यवस्थित नाली निकास सहितका पक्की सडक निर्माण तथा सुधार गर्ने।

२. नगर भित्रको पर्यटकीय स्थल, धार्मिक स्थल, कृषि क्षेत्र, उद्योग क्षेत्र आदिसम्म पुग्ने सडकहरू व्यवस्थित नाली निकास सहितका पक्की सडक निर्माण तथा विस्तार गर्ने।

३. शारदा नगरपालिकाको यातायात चापको आधारमा विभिन्न स्थानहरूमा आधुनिक पार्किङको व्यवस्था गर्ने।

### ६.१.९ अपेक्षित उपलब्धि तथा नतिजा खाका

१. नगरपालिकाको सबै विद्यमान सडकको स्तर वृद्धि भएको हुनेछ।

२. आवश्यक स्थानमा बसपार्क र बसस्टपहरूको व्यवस्थापन भएको हुनेछ।

३. पर्यटक पदमार्ग सञ्चालन र रिङरोडको लगायतका यातायात गुरुयोजना निर्माण भएको हुनेछ।

४. राष्ट्रिय मापदण्डमा आधारित गुणस्तरीय, दिगो, सुरक्षित र वातावरणमैत्री सडक सञ्जालको भएको हुनेछ।

## नतिजा खाका

*तालिका १६ : यातायात, सडक, पुलको नतिजा खाका*

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष आ.व २०७९/८० | उपलब्धि (चाहेको अवस्था) आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | पुष्ट्याईका आधारहरू | पूर्वानुमान Assumptions |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | दिगो सडक सञ्जालको विस्तार गरी आर्थिक तथा सामाजिक अवसरहरूमा शारदा नगरवासीको पहुँच वृद्धि भएको हुने | कुल सडक | कि.मि. | ५०१ | ५०१ | ५०१ | ५०१ | ५०१ | ५०१ | | |
| | | यातायात सुचारु सडक लम्बाई | कि.मि. | ४०० | ४२० | ४३० | ४५० | ४७५ | ५०१ | | |
| असर १ | सडक तथा पुल लगायतका पूर्वाधारलाई दिगो, भरपर्दो तथा गुणस्तरीय भएको हुने । | कालोपत्रे सडक | कि.मि. | ४१ | ४७ | ६० | ८० | १०० | १२० | | |
| | | ग्राभेल सडक | कि.मि. | ४० | ५० | ६० | ७० | ८० | ९० | | |
| | | धुले सडक | कि.मि. | ४२० | ४०४ | ३८१ | ३५१ | ३२१ | २९१ | | |
| | | पक्की पुल | संख्या | २ | २ | ३ | ३ | ४ | ४ | | |
| | | व्यवस्थित ढल | कि.मि. | १५.६६ | २५ | ४० | ६० | ८० | १०० | | |
| प्रतिफल १.१ | नगर यातायात गुरुयोजना आवश्यकता अनुसार अद्यावधिक गरी सडकहरूको थप वर्गीकरण भएको हुने | यातायात गुरुयोजना आवश्यकता अनुसार अद्यावधिक | संख्या | ० | १ | १ | १ | १ | १ | | |
| प्रतिफल १.७ | व्यवस्थित यातायातको लागि रुट यवस्थापन, एकतर्फी यातायात, सडक फर्निचरहरू क्याट आई, सडक मार्किङ्ग/लाइनिङ्ग ट्राफिक चिन्ह/संकेत, ट्राफिक लाइट तथा पार्किङ्गको व्यवस्था भएको हुने | व्यवस्थित यातायातको व्यवस्था | प्रतिशत | ३० | ३५ | ४० | ४५ | ५० | ५५ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.८ | यातायात सेवा तथा नागरिकको सुरक्षाको निम्ति सि.सि. क्यामेरा लगायतका अन्य द्रुत प्रविधिको व्यवस्था भएको हुने | सि.सि. क्यामेरा लगायतका अन्य द्रुत प्रविधिको व्यवस्था | प्रतिशत | ५ | ६ | ७ | ८ | ९ | १० | | |
| प्रतिफल १.११ | शारदा नगरपालिकाको यातायात चापको आधारमा विभिन्न स्थानहरूमा आधुनिक पार्किङ्गको व्यवस्था भएको हुने | आधुनिक पार्किङ्ग | संख्या | ० | १ | १ | १ | १ | १ | | |
| प्रतिफल १.१२ | विद्युतीय सवारी साधनको प्रयोगका लागि नीतिगत व्यवस्था भएको हुने | विद्युतीय सवारी साधनको लागि नीति | संख्या | ० | १ | १ | १ | १ | १ | | |
| प्रतिफल १.१३ | सार्वजनिक यातायात सञ्चालनमा निजी क्षेत्र र सहकारीसँग सहकार्य भएको हुने | निजी क्षेत्र र सहकारीसँग सहकार्य | प्रतिशत | | | | १ | १ | १ | | |
| प्रतिफल १.१४ | सडक छेउछाउका पहिरो तथा भूक्षय नियन्त्रण गर्न भौतिक संरचनाका साथसाथै बायो ईन्जिनियरिङ लगायतका गैरसंरचनात्मक वातावरण मैत्री प्रविधिहरूको प्रयोग भएको हुने | बायो ईन्जिनियरिङ लगायतका गैर संरचनात्मक वातावरण मैत्री प्रविधि | कि.मि | ० | १ | ५ | १० | १५ | २० | | |

### ६.१.१० अनुमान तथा जोखिम पक्ष

सडकलाई प्राविधिक रुपले उचित बनाउने घुम्ती, मोड, उकालो र ओरालो मापदण्ड अनुरुप बनाउने र तिनलाई पक्की बनाउन सम्बन्धीत निकायलाई जिम्मेवार बनाउने कार्य, जनशक्तीका हिसाबले चनौतीपूर्ण छ। सडक तथा पुल पुलेसा निर्माणको लागि आवश्यक सामग्री गिट्टी, माटो, अलकत्राको प्रयोग प्राकृतिक श्रोत साधनको दिगो उपयोगको जोखिम रहन्छ। कार्यान्वयन व्यवस्थापन एवम् नवीन व्यवस्थापकीय उपकरणहरूको आन्तरिकीकरण हुन नसकेमा आयोजनाको समय र लागत बढ्ने जोखिम रहन्छ। शारदा नगरपालिकाको यातायात चापको आधारमा विभिन्न स्थानहरूमा आधुनिक पार्किङ्गको व्यवस्था, सुकिलुम्बा विमानस्थललाई भरपर्दो र गुणस्तरीय बनाउन जोखिम रहन्छ।

## ६.२ सिंचाई

### ६.२.१ पृष्ठभूमि

अधिकांश जनसंख्या कृषि पेसामा निर्भर रहेको यस नगरपालिकामा कृषिको उत्पादन, उत्पादकत्व वृद्धिदर बालीको विविधीकरण गर्न सिंचाई सुविधाले ठूलो महत्व राख्दछ। नयाँ खेतीको विधि तथा ढाँचाहरूको अभ्यास गर्ने र उत्पादकत्व बढाई खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुऱ्याउन सिँचाईको मुख्य भूमिका रहने हुँदा उच्च प्राथमिकताका साथ कार्य गर्ने आवश्यकता रहेको छ। आवश्यक स्रोतको व्यवस्था गर्नुपर्ने जरुरी छ। पक्की कुलाहरूको निर्माणको सुरुवात भइसकेको छ।

यस नगरपालिकाको प्राय वडाहरूमा व्यवस्थित तथा आधुनिक सिँचाई पूर्वाधारको सुविधा रहेको देखिदैन र हालसम्म पनि यहाँ बसोवास गर्ने वासिन्दाहरूले परम्परागत रुपमा नै पुराना राजकुलो, खोला, कुलकुलेसाहरूको सहायतावाट सिँचाई गरेको देखिन्छ। साथै तल्लो बेल्टमा बढ्दो जनसंख्यासँगै कृषियोग्य जमिन मासिँदै गएको अवस्थामा कृषियोग्य जमिनलाई बचाई राखी व्यवस्थित सिंचाईको प्रक्रियालाई अवलम्वन गरी भएका सिँचाईका स्रोतबाट आधुनिक सिँचाई प्रणाली अपनाउनु पर्ने आवश्यकता रहेको छ। यस नगरपालिकामा लिफ्ट सिँचाई योजनालाई प्राथमिकीकरण गरी सुख्खाग्रस्त क्षेत्रमा लिफ्ट सिँचाई, थोपा सिँचाई, फोहोरा सिँचाई, प्लाष्टिक सिँचाई, आकासेपानी संकलन र तालतलैया तथा पानीको श्रोत संरक्षणमार्फत सिँचाई व्यवस्थालाई उत्पादनमुखी बनाउन सहजीकरण गरिने छ।

### ६.२.२ समस्या तथा चुनौती

हिउँदमा सिँचाईको अभावले गर्दा व्यवसायिक कृषिमा असर, कृषिको मुख्य समस्या नै सिँचाईको अभाव हुनु, नहरहरूको राम्रो व्यवस्थापन हुन नसकेको, सिर्जनशील सिँचाई नहुनु, प्राकृतिक र पुराना ढाँचाका सिँचाई रहेकोले वर्षै भरी एकैनासको भरपर्दो सिँचाई उपलब्धता नहुनु, सिँचाई गर्न सम्भव योग्य भूमिको खण्डीकरण तथा अव्यवस्थित शहरीकरण, सबै मुख्य सिँचाईहरू कच्ची र स्तर नाजुक रहेको, परम्परगत सिँचाईमा निभर्रता अधिकतम, सिँचाईमा आधुनिकीकरण नहुनु, सिँचाई गुरुयोजना बनाई योजनाबद्ध विकास तथा व्यवस्थापन गर्न नसक्नु, दिगो सिँचाईको व्यवस्था गर्न नसक्दा उत्पादकत्व कम हुने र खाद्यान्न उत्पादन प्रति कृषक तथा समुदायको उत्साहजनक आकर्षण नहनु र बहुउद्देश्यीय सिँचाई आयोजनाहरू विस्तार गर्न नसक्नु, आदि सिंचाई क्षेत्रका समस्याहरू हुन्।

आकाशे सिँचाईमा निर्भर कृषि, भौगोलिक तथा आर्थिक जटिलता, विज्ञ प्रशिक्षक र तालिम प्राप्त सीपहरूको अभाव, लगानीमा कमी, सिँचाई सेवा शुल्क संकलन कार्य प्रभावकारी बनाई आयोजनाहरूको मर्मतसम्भार, सञ्चालन तथा व्यवस्थापनलाई दिगो बनाउनु, प्राकृतिक मुल तथा मुहान सुक्दै जानु, सतह सिँचाई तथा भूमिगत सिँचाईको संयोजनात्मक प्रयोग गर्न नसक्नु, उपलब्ध पानीको स्रोतमाथि चाप बढ्दै जानु, आधुनिक सिँचाईमा ध्यानाकर्षण तथा लगानी न्युन हुनु, नदीजन्य सामग्रीको अत्याधिक प्रयोग हुन गई नदीको बेड लेभल घट्दै जानु, सिँचाई आयोजना विकासप्रति समुदायको चासो वृद्धि गर्नु, आदि सिँचाई क्षेत्रका चुनौतीहरू हुन्।

### ६.२.३ अवसर र चुनौती

लिफ्ट सिचाईको सम्भावना, डिप बोरिङ्ग र वाटर पम्पिङको सम्भावना र अन्य विभिन्न नयाँ प्रविधिहरूको विकास हुँदै जानु, भूमिगत सिँचाइको बिस्तारसहित उपयोगमा जोड दिने, सिँचाईको सम्भाव्यता अध्ययन गरी गुरु योजनाहरू निर्माण गर्ने, पुराना सिँचाई मर्मत संम्भार तथा स्तरउन्नति गर्ने, सिँचाई पोखरी र सिँचाई ताल, निर्माण गर्न सकिने, वर्षामा आउने पानीलाई संकलन गरेर ड्याम बाँध्न सकिने, ठूला व्यावसायिक कृषि फार्म तथा आयोजनाहरू विकासतर्फ नीजि क्षेत्रको आकर्षण बढ्दै जाँदा सिँचाईको सुविधाको माग बढ्दो क्रममा रहनु, नयाँ प्रविधिमा आधारित सिँचाईको विकास गर्नुका साथै सिँचाईमा दक्षता वृद्धि हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन्।

६.२.४ **सोचः** दिगो सिंचाई सुविधा, खाद्यान्न उत्पादन र उत्पादकत्व वृद्धि।

६.२.५ **लक्ष्यः** आधुनिक सिँचाई प्रणालीको विकास र व्यवस्थापनद्वारा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

### ६.२.६ उद्देश्य

१. विद्यमान सिँचाई पूर्वाधारको मर्मत तथा पुनर्स्थापना गर्नु।

२. कृषि उत्पादकत्व वृद्धिको लागि जलाधारको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु।

### ६.२.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : विद्यमान सिँचाई पूर्वाधारको मर्मत तथा पुनर्स्थापना गर्नु** | |
| १.१ शारदा नगरपालिकाको सम्पूर्ण विद्यमान सिँचाईहरूको स्तरवृद्धि गर्ने। | १.१.१ परम्परागत सिंचाई प्रविधिहरूलाई बाहै महिना सिँचाई उपलब्ध हुन सक्ने गरि स्तरोन्नति गरिनेछ। |
| | १.१.२ सबै वडाका जीर्ण सिँचाईहरूको मर्मत संभार गरी नयाँ प्रविधियुक्त सिँचाईको सम्भाव्यता अध्ययन तथा कार्यान्वयन गरिनेछ। |
| **उद्देश्य २ : कृषि उत्पादकत्व वृद्धिको लागि जलाधारको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु।** | |
| २.१ सिँचाई प्रणालीको व्यवस्थापनको लागि संस्थागत संरचना सुदृढीकरण गर्ने। | २.१.१ सिँचाई उपभोक्ता संस्थाको संस्थागत क्षमता विकास गरिनेछ। |
| | २.१.२ सिँचाई योजनाको सञ्चालन र व्यवस्थापनलाई आत्मनिर्भर बनाउन सिंचाई सेवा शुल्क निर्धारण तथा संकलन गर्ने र नीतिगत कानून तर्जुमा गरिनेछ |
| | २.१.३ सिंचाई आयोजनाहरूको मुहान र तालतलैया संरक्षण तथा पोखरी निर्माण गरिनेछ। |
| २.२ खेतीयोग्य जमिनहरूमा नयाँ प्रविधियुक्त सिँचाई सुविधा उपलब्ध गराउने। | २.२.१ भूमि प्रयोग नक्सा, खेती अनुसार पानीको आवश्यकता र स्रोत पहिचान र सम्भावित सिँचाई योजनाका आधारमा सिँचाई गुरुयोजना तयार गरिनेछ। |
| | २.२.२ सुख्खाग्रस्त क्षेत्र, कृषि पकेट क्षेत्र तथा कृषि फार्महरूमा आवश्यकता पहिचान गरी सिंचाईको व्यवस्था गरिनेछ। |

### २.२.८ कार्यक्रम तथा आयोजना

१. भूमि प्रयोग नक्सा, खेती अनुसार पानीको आवश्यकता र श्रोत पहिचान गरी सिँचाईको दीर्घकालीन गुरुयोजना निर्माण गर्ने।

२. सिँचाई आयोजनाहरूको मुहान तथा तालतलैया र पोखरीको संरक्षण गर्ने।

३. वैकल्पिक सिंचाई (आकाशे पानी संकलन, थोपा सिंचाई, लिफ्टिङ्ग सिँचाई) व्यवस्थापन गर्ने।

### ६.२.९ अपेक्षित उपलब्धि तथा नतिजा खाका

१. खेतीयोग्य जमिनहरूमा प्रविधियुक्त दिगो सिंचाई सुविधा उपलब्ध भएको हुनेछ।

२. भूमि प्रयोग नक्सा, खेती अनुसार पानीको आवश्यकता र स्रोत पहिचान र सम्भावित सिँचाई योजनाका परिदृश्यहरू समेत प्रतिविम्बित हुने गरी विस्तृत सिँचाई गुरुयोजना तयार भएको हुनेछ

३. सिँचाई आयोजनाहरूको मुहान संरक्षण भएको हुनेछ।

४. विद्यमान सिँचाइको मर्मत संभार र स्तरोन्नति कार्यक्रम भएको हुनेछ।

## नतिजा खाका

*तालिका १७ : सिँचाइको नतिजा खाका*

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष आ.व २०७९/८० | उपलब्धि (चाहेको अवस्था) | | | | | पुष्ट्याइँका आधारहरू | पूर्वानुमान Assumptions |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | | |
| प्रभाव | सिँचित क्षेत्रको विस्तारसँगै खाद्य पर्याप्तता सुनिश्चित गरि निर्यातमुखी भई आयमा वृद्धि भएको हुने | १२ महिना सिँचाई हुने क्षेत्र | प्रतिशत | ११ | १२ | १३ | १४ | १५ | १६ | | |
| असर १ | कृषि क्षेत्रको उत्पादकत्व बृद्धि गर्न भरपर्दो आधुनिक सिँचाई सुविधा उपलब्ध भएको हुने | १२ महिना सिँचाई हुने क्षेत्र | प्रतिशत | ११ | १२ | १३ | १४ | १५ | १६ | | |
| प्रतिफल १.२ | सबै जीर्ण सिंचाईहरूको मर्मत संम्भार गरी नयाँ प्रविधियुक्त सिँचाईको सम्भाव्यता अध्ययन तथा कार्यान्वयन भएको हुने | अध्ययन | संख्या | ० | ५ | १० | १५ | २० | २५ | | |
| प्रतिफल १.३ | सिंचाई आयोजनाहरूको मुहान तथा तालतलैया र पोखरीको संरक्षण भएको हुने | मुहान, पोखरीको संरक्षण | प्रतिशत | | १० | २० | २५ | ३० | ३५ | | |
| प्रतिफल १.४ | सिंचाई उपभोक्ता संस्थाको संस्थागत क्षमता विकास भएको हुने | क्षमता विकास | संख्या | ० | १ | २ | ३ | ४ | ५ | | |
| प्रतिफल १.५ | सिंचाई योजनाको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन नीतिगत कानून तर्जुमा भएको हुने | नीति | संख्या | ० | १ | १ | १ | १ | १ | | |
| प्रतिफल १.६ | भूमि प्रयोग नक्सा, खेती अनुसार पानीको आवश्यकता र श्रोत पहिचान गरी सिंचाईको दीर्घकालीन गुरुयोजना निर्माण भएको हुने। | दीर्घकालीन सिंचाई गुरुयोजना निर्माण | संख्या | ० | ० | ० | ० | ० | १ | | |
| प्रतिफल १.७ | वैकल्पिक सिंचाई (आकाशे पानी संकलन, लिफ्टिं सिंचाई) व्यवस्थापन भएको हुने। | वैकल्पिक सिंचाई | संख्या | १२ | १५ | १८ | २२ | २७ | ३३ | | |

### ६.२.१० अनुमान तथा जोखिम पक्ष

सिँचाई पानीको श्रोत वरपर भौतिक संरचना निर्माण गर्नाले असर पर्न गई पानीको मात्रा र गुणस्तरमा कमी हुन सक्नु र कार्यक्रम व्यवस्थापकको सेवा निरन्तरता हुन नसक्ने जस्ता पक्षलाई अपेक्षित उपलिब्ध हासिल गर्नमा व्यवधान पुऱ्याउने जोखिमका रूपमा आकलन गरिएको छ। सो नभएमा वा प्राकृतिक विपद् एवं अन्य विविध कारणले आयोजनागत लागत वृद्धि भएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ। सिँचाईका निमित्त वैकल्पिक सिंचाई (आकाशे पानी संकलन, थोपा सिंचाई, लिफ्टिङ्ग सिंचाईको व्यवस्थापन सुरु भएको हुने, साथै पोखरीको संरक्षण भएको हुने अनुमान गरिएको छ।

## ६.३ भवन तथा सहरी विकास

### ६.३.१ पृष्ठभूमि

सरकारी र सामुदायिक भवन जनताका आवास र बस्ती सुरक्षित स्वस्थ्यकर, वातावरणमैत्री, भूकम्प प्रतिरोधी र किफायती हुनु पर्दछ। विभन्न ठाउँमा छरिएर रहेका बस्ती तथा घरहरूलाई एकीकृत रुपमा समुचित सेवा सुविधा उपलब्ध गराउन कठिन हुन्छ। जोखिममा रहेका परिवारहरूलाई बसोबास गराउँदा समुचित र व्यवस्थित बसोबासका माध्यमबाट बस्ती विकास गर्नुपर्ने हुन आउँछ। यसका लागि भूमि व्यवस्थापन र एकीकृत नगरविकास योजनाका आधारमा नगरमा व्यवस्थित बस्ती विकास गर्नु आवश्यक हुन्छ। नगरपालिकाले राष्ट्रिय भवन निर्माण संहितालाई ध्यानमा राखेर भवन निर्माण कार्यविधि निर्माण गरी कार्यन्वयन गर्नु पर्दछ। छरिएर रहेका घर बस्ती, बाढी पहिरो र भू–क्षयको जोखिममा रहेका बस्तीहरूलाई स्थानान्तरण गरी एकीकृत बस्ती निर्माण गर्न नगरपालिकाले जोड दिनु पर्दछ।

यस शारदा नगरपालिकामा परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमा माटोको जोडाइ ईँटा तथा ढुंगाबाट बनेका गारोको सबैभन्दा धैरै घरधुरी संख्या ७१९१ (८०.८ प्रतिशत) छ भने सबैभन्दा कम काँचो इट्टाबाट बनेका गारो भएको घरधुरी संख्या १ (०.०१ प्रतिशत) रहेको छ। यसैगरी सिमेन्टको जोडाई भएको ईटा ढुङ्गाबाट बनेको गारोको घरधुरी संख्या १६७९(१८.९ प्रतिशत), काठ फल्याकबाट बनेको घरधुरी संख्या ०.१ प्रतिशत बाँसजन्य सामग्रीबाट बनेको घरधुरी संख्या ०.१ प्रतिशत रहेको छ भने उल्लेख नगरिएको ०.०२ प्रतिशत घरधुरी संख्या रहेको देखिन्छ। मुख्य सहरी क्षेत्रमा परम्परागत बजारका रूपमा सानो सहरी बस्तीहरूको विकास भएका छन्। नगरपालिकाका हालसम्म भू–उपयोग योजना निर्माण भई नसकेकोले भूउपयोग योजना अनुसार र एकीकृत सहरी विकास एवं व्यवस्थित बस्ती विकासका लागि निश्चित क्षेत्र समेत निर्धारण हुन सकेको छैन। यस नगरपालिकामा जमिनको उत्पादकत्वमा आएको ह्रास र कृषि परम्परागत प्रविधिमा आधारित भएकाले तथा सिँचाई समस्याले गर्दा जग्गा बाँझो राख्ने कार्य वृद्रि भएको देखिन्छ। त्यस्तैगरी शहरीकरण र बस्ती विकास बढेसँगै कतिपय कृषि योग्य जमिनहरू गैरकृषि कार्यमा प्रयोग हुँदै आइरहेको छ।

### ६.३.२ समस्या तथा चुनौती

सुरक्षित सहरी विकासको बारेमा जनचेतनाको कमी हुनु, भवन निर्माण गर्न रोजगारको अवसर प्रदान गर्न नसक्नु, राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यान्वयन नहुनु, भवन निर्माण गर्ने कामदारमा प्राविधिक क्षमता र दक्षतामा कमी हुनु, गुणस्तरीय निर्माणको सामग्री अभाव, भवन निर्माण किफायती नभई महँगो हुन जानु, भवन निर्माणमा प्राविधिकको रेखदेख, निरीक्षण र अनुगमनको कमी, सुरक्षित, स्थ्यकर, सुविधायुक्त र वातावरणमैत्री आवास निर्माण नहुनु, सामुदायिक आवास निर्माणमा जनचासो कम हुनु, जोखिमयुक्त बस्तीहरू स्थानान्तरण गरी एकीकृत बस्ती निर्माणको अवधारणा विकासमा कम ज्ञान हुनु आदि यस क्षेत्रका समस्याहरू हुन्।

बस्ती विकास गर्दा नगरवासीहरू सर्न नमान्ने, सरकारी र सामुदायिक भवन बनाउन असहज, लालपूर्जा नभएका जग्गाहरू धैरै संख्यामा रहेको, राष्ट्रिय भवन निर्माण आचारसंहिता अनुरुप भवन निर्माण मापदण्ड तयार गरी कार्यन्वयन गर्न, सुरक्षित, स्वास्थ्यकर, सुविधायुक्त, कम खचिलो, भूकम्प प्रतिरोधी, वातावरण मैत्री भवन निर्माण गर्न, दक्ष कामदार,

प्राविधिक र गुणस्तरीय निर्माण सामग्री उपलब्ध गराई भवन तथा आवास निर्माण गर्न, जोखिमयुक्त र छरिएका बस्तीहरूलाई स्थानान्तरण गराई एकीकृत बस्ती निर्माण गर्न जस्ता चुनौतीहरू छन्।

### ६.३.३ संभावना तथा अवसर

सुकुम्बासी बस्ती र र अन्य एक्लो बस्तीहरूको पहिचान गरी उपयुक्त ठाउँमा बिस्तार गर्न सकिने, चोकमा प्रतिक्षालय विस्तार गर्ने तथा व्यवस्थित बनाउने, स्ट्रीट लाइटको संख्या बढाउन सक्ने, सरकारी र सामुदायिक भवन निर्माणमा प्रदेश सरकारसँग समन्वय हुनु, स्थानीय क्षेत्रमा उपलब्ध सामग्री, नगरपालिकामा कार्यरत प्राविधिक र स्थानीय कामदारद्वारा कम खर्चमा भवन तथा आवास निर्माण गर्न, भवन तथा आवास निर्माणसंवन्धी ज्ञानको क्रमशः अभिवृद्धि हुँदै जानु, जोखिमयुक्त बस्तीको विषयमा जनतामा जानकारी प्राप्त हुनु जस्ता अवसरहरू छन्।

**६.३.४ सोचः** सुरक्षित भवनको चाहना, स्थानीय मापदण्डको पालना

**६.३.५ लक्ष्यः** वातावरण मैत्री, प्रविधियुक्त, सुरक्षित, सुविधायुक्त बस्ती विकास र व्यवस्थित सहरीकरण सुनिश्चित गर्ने

### ६.३.६ उद्देश्य

१. राष्ट्रिय भवन संहिता र स्थानीय भवन मापदण्ड अनुसार सुरक्षित, वातावरणमैत्री र किफायती भवन निर्माण गर्नु।

२. अव्यवस्थित बसोबास व्यवस्थित गरी सहरीकरण गर्नु।

### ६.३.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : राष्ट्रिय भवन संहिता र स्थानीय भवन मापदण्ड अनुसार सुरक्षित, वातावरणमैत्री र किफायती भवन निर्माण गर्नु।** | |
| १.१ राष्ट्रिय भवन संहिता र स्थानीय भवन मापदण्ड कार्यन्वयन गरी सुरक्षित र वाातावरण मैत्री भवन निर्माणमा जोड दिने। | १.१.१ व्यवस्थित बस्ती विकासको लागि चक्लावन्दी कार्यक्रम सञ्चालन गरिनेछ। |
| | १.१.२ राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यान्वयन गरिनेछ। |
| | १.१.३ स्थानीय भू–उपयोग योजना निर्माण गरी वातावरणमैत्री भवनहरू प्राविधिकको डिजाइन र सुपेरिवेक्षणमा निर्माण गरिनेछ। |
| | १.१.४ जमिनको वर्गीकरण गर्ने सम्बन्धी नीति र कानून निर्माण गरिनेछ |
| | १.१.५ एक वडा एक विशेष मौलिक पहिचान सहितको नगर विकास गरिनेछ |
| **उद्देश्य २ अव्यवस्थित बसोबास व्यवस्थित गरी सहरीकरण गर्नु।** | |
| २.१ जोखिमयुक्त र छरिएर रहेका बस्तीहरूलाई स्थानान्तरण गरी वस्ती विकास तथा शहरीकरणका लागि जमिनको एकिकरण गर्ने। | २.१.१ शहरीकरण र बस्ती विकासको क्षेत्र निर्धारण गरिनेछ र Smart City planning को लागि गुरुयोजना निर्माण तथा म्एच तयार गरिनेछ। |
| | २.१.२ जोखिमयुक्त र छरिएर रहेका घर बस्तीहरूको पहिचान गरी संरक्षण गरिनेछ। |
| | २.१.३ एकीकृत बस्तीको लागि उपयुक्त जग्गाको खोजी गरी बस्तीको विकास गरिनेछ। |

### ६.३.८ कार्यक्रम तथा आयोजना

१. व्यवस्थित एकीकृत बस्ती विकास गर्ने।

२. सुरक्षा संवेदनशील स्थान, मुख्य सहर, कार्यक्रम स्थल, पार्किङ्ग क्षेत्र र बढी भिडभाड हुने क्षेत्रमा स्मार्ट सिसिटिभी जडान गर्ने।

३. सार्वजनिक निर्माण, व्यवसायिक क्षेत्रलाई बाल, महिला, जेष्ठ नागरिक तथा अपाङ्गमैत्री गर्ने।

४. श्रीनगर बजारलाई स्मार्ट सिटीको रुपमा प्लान तयार गर्ने।

### ६.३.९ अपेक्षित उपलब्धि तथा नतिजा खाका

१. राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यान्वयन गरी आवास तथा बस्ती विकास भएको हुनेछ।

२. जोखिमयुक्त र छरिएर रहेका घर बस्तीहरूको पहिचान भई संरक्षण भएको हुनेछ।

३. शहरीकरण र बस्ती विकासको क्षेत्र निर्धारण भएको हुनेछ र Smart City planning को लागि गुरुयोजना निर्माण तथा DPR तयार भएको हुनेछ।

४. एकीकृत बस्ती संवन्धी जनचेतना अभिवृद्धि गरी जनमत तयार भएको हुनेछ।

## नतिजा खाका

*तालिका १८ : भवन तथा सहरी विकासको नतिजा खाका*

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष आ.व २०७९/८० | उपलब्धि (चाहेको अवस्था) आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | पुष्ट्याईँका आधारहरू | पूर्वानुमान Assumptions |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | भू उपयोग योजना बमोजिम सुरक्षित, सभ्य, समावेशी तथा हरियाली बस्ती तथा आवासको निर्माण भएको हुने | प्रवर्तित, व्यवस्थित तथा सुरक्षित आवास क्षेत्र | प्रतिशत | | ३० | ४० | ५० | ६० | ७० | | |
| असर १ | नगरपालिका क्षेत्र भित्रका सार्वजनिक निर्माण, आवास तथा शहरी विकासलाई समावेशीतामैत्री, वातावरण अनुकुल तथा सुरक्षित भएको हुने | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका नयाँ सार्वजनिक भवन तथा संरचना | संख्या | | ३ | ४ | ५ | ६ | ८ | | |
| | | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका नयाँ आवास घर | प्रतिशत | १ | २ | ३ | ४ | ५ | ६ | | |
| प्रतिफल १.१ | आवास तथा भूमि व्यवस्थापन सम्वन्धि नीति लागू भएको हुने | नीति लागू | प्रतिशत | १ | १ | १ | १ | १ | १ | | |
| प्रतिफल १.२ | व्यवस्थित एकीकृत बस्ती विकास भएको हुने | एकीकृत बस्ती विकास | प्रतिशत | | | | | | १ | | |
| प्रतिफल १.३ | नीजि क्षेत्रबाट भइरहेको घडेरी तथा आवास विकास कार्यलाई उचित मापदण्डका आधारमा नियमन तथा प्रवर्द्धन भएको हुने | मापदण्डका आधारमा नियमन तथा प्रवर्द्धन | प्रतिशत | | ५० | ५५ | ६० | ६५ | ७० | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.४ | विपन्न वर्गलाई आवास निर्माणको कार्यमा अनुदान तथा सहयोग भएको हुने | अनुदान तथा सहयोग | प्रतिशत | | ५० | ५० | ५० | ५० | ५० | | |
| प्रतिफल १.६ | ८ आना भन्दा कमको जग्गा खण्डीकरण रोकिएको हुने | नीतिगत व्यवस्था | संख्या | ० | १ | १ | १ | १ | १ | | |
| प्रतिफल १.११ | सरकारी भवनहरू निर्माण गर्दा वातावरणमैत्री, किफायती रस्थानीय निर्माण प्रविधि एवं र वास्तुकला समेतको जगेर्ना हुने गरी निर्माण भएको हुने | परम्परागत निर्माण प्रविधि एवं र वास्तुकला समेतको जगेर्ना | प्रतिशत | ० | ५० | ५० | ५० | ५० | ५० | | |

### ६.३.१० अनुमान तथा जोखिम पक्ष

आवास, बस्ती तथा शहरी विकासको कार्यमा उपयुक्त प्रविधिको उपयोग र जग्गा प्राप्तिमा सहजता, आवश्यक बजेटको सुनिश्चितता भएमा, नदीजन्य निर्माण सामग्रीको उपलब्धता, नगरवासीको सहभागिता र जनशक्ति उपलब्ध हुने अनुमान छ। भवनहरू भुकम्प प्रतिरोधि र ग्रामीण सडकहरू दिगो तवरले निर्माण भएको हुनेछ। सुरक्षा संवेदनशील स्थान, मुख्य सहर, कार्यक्रम स्थल, पार्किङ्ग क्षेत्रहरूको पनि सँगसँगै विकास गरिएको हुनेछ। यस अवधि भित्र निर्माणको लागि आवश्यक पर्ने श्रोत सहज रूपमा प्राप्त हुन नसकेमा, बस्ती निर्माण सम्बन्धी विवाद रहेमा लक्षित उपलब्धि समयमै हासिल हुन नसक्ने जोखिम समेत देखिन्छ।

## ६.४ विद्युत तथा ऊर्जा

### ६.४.१ पृष्ठभूमि

नवीकरणीय ऊर्जाको विकास नभएको यस नगरपालिकामा जलविद्युत शक्ति नै ऊर्जा को महत्वपूर्ण श्रोत हो। नगरको आधुनिकीकरण, पूर्वाधार विकास तथा उद्यम व्यवसायको विस्तारमा ऊर्जाको महत्वपूर्ण भूमिका रहन्छ। यसमा ऊर्जाका सम्भाव्य विभिन्न स्रोतहरू जस्तै–बायोग्यास, सौर्य ऊर्जा, लघु जलविद्युत् तथा राष्ट्रिय ग्रिड प्रणाली रहेका छन्। नगरमा विद्युत ऊर्जाको आपूर्तिद्वारा उद्योग व्यापार, व्यवसाय प्रवर्द्धनका साथै दैनिक जनजीवनलाई सहज बनाउन सहयोग पुग्दछ। ऊर्जाको सहज उपलब्धता र प्रयोगले दाउरा र ग्यासको बचत हुनगई वातावरणीय योगदान पुऱ्याउनका साथै आयात प्रतिस्थापन गर्नसमेत मद्दत पुग्ने हुन्छ।

यस नगरपालिकाको विद्यमान अवस्था हेर्दा ग्रामीण विद्युतीकरणमा व्यापक विकास नभई विद्युत सेवाको पहुँच नपुगेका परिवारहरू धेरै रहेको देखिन्छ। यहाँ बत्तीको लागि बिजुली प्रयोग गर्ने परिवार ५१.०६ प्रतिशत, बत्तीको लागि मट्टितेल प्रयोग गर्ने परिवार २६.८६ प्रतिशत, बत्तीको लागि शौर्य ऊर्जा प्रयोग गर्ने परिवार ७.४८ प्रतिशत रहेका छन्। यस नगरपालिकामा बसोवास गर्ने नागरिकहरूले बढि मात्रामा मट्टितेल र सोलारमार्फत विद्युतको सेवा उपभोग गर्दै आएका छन्, भने कतिपय क्षेत्रमा भने विद्युत् सेवा अझै पनि नपुगेको देखिन्छ र त्यस्ता क्षेत्रहरूमा विद्युत विस्तार हुनु जरूरी छ। माथि उल्लेखित सबै प्रकारका ऊर्जा को उत्पादन मार्फत रोजगारी सिर्जना गरी आगामि ५ वर्षभित्र नगरपालिकालाई उज्यालो नगरपालिकाको रुपमा घोषणा गरी आर्थिक रुपमा सम्पन्न र समृद्ध नगरपालिकाको रुपमा विकसित गर्नु पर्दछ। संघ र प्रदेशसँग समन्वय गरी लघुजल विद्युत आयोजनालाई राष्ट्रिय प्रशारण लाइनमा जोडी समग्र नगरपालिकामा बिस्तार गर्ने कार्यमा जोड दिन जरुरी देखिन्छ।

### ६.४.२ समस्या तथा चुनौती

भौगोलिक विकटताले गर्दा सबै बस्तीमा विद्युत सेवा उपलब्ध नरहेको, केन्द्रिय प्रशारण लाइनको पँहुच नपुगेको, सोलारमा जनजीवनको निर्भरता हुनु, धेरै ठाउँहरूमा अझै पनि अव्यवस्थित काठे विद्युतका पोलहरू र नाङ्गा विद्युतका तारहरू रहनु, सबै घरहरूमा विद्युत पहुँच पुग्न नसक्नु, हावा पानी जस्ता प्राकृतिक विपत्तीको कारणले हप्ता दिनसम्म विद्युत नआउने हुनाले प्राविधिको व्यवस्था गर्नुपर्ने, विभिन्न वैकल्पिक ऊर्जा प्रयोगमा संघ, प्रदेश र स्थानीय तहले लगानी गर्नुपर्ने, भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध नहुनु, वैकल्पिक ऊर्जाको श्रोत भएको ठाउँ भए पनि प्रयोगमा खासै आउन नसक्नु, वैकल्पिक ऊर्जाको योगदानको स्पष्ट लक्ष्य निधारण हुन नसक्नु, सडक बत्तिहरूको अभाव, नवीकरणीय ऊर्जा को उत्पादन नहुनु, ऊर्जा उत्पादनमा प्राविधिक र वित्तीय श्रोतको अभाव आदि यस क्षेत्रका समस्याहरू हुन्।

वैकल्पिक ऊर्जा सम्बन्धी जनचेतनाको कमी, जलविद्युत उत्पादनमा पर्याप्त मात्रामा विदेशी तथा नीजि क्षेत्रको लगानी आकर्षित गर्न नसक्नु, जिल्ला, प्रदेश र संघीय समन्वय गर्न अप्ठ्यारो रहेको, भौगोलिक विकटताले गर्दा समयमै विद्युतीय समस्या समाधान हुन नसक्नु, वैकल्पिक ऊर्जा उत्पादन गर्नका लागि दक्ष प्राविधिक उत्पादन गर्न नगरपालिका र अन्य निकायको चासो कम, वैकल्पिक ऊर्जाको क्षेत्रमा प्रविधि प्रवर्द्धन तथा प्रयोगमा क्षमताको कमि र विद्युत सम्बन्धी प्राविधिक शिक्षाको अभाव, प्राविधिक र वित्तीय अभावले गर्दा फलाम र स्टीलका पोलहरू व्यवस्थापन गर्न, नवीकरणीय ऊर्जा उत्पादन सम्वन्धी नीति निर्माण गरी कार्यान्वयन गर्ने जस्ता चुनौतीहरू छन्।

### ६.४.३ संभावना तथा अवसर

राष्ट्रिय प्रसारण प्रणालीको पहुँच दिगो, भरपर्दो र वातावरणमैत्री रुपमा सबै पालिकाको सबै घरमा सुनिश्चित गर्ने, जीर्ण र नाजुक स्थितिमा रहेका सबै साना तथा लघु जलविद्युतको उचित संरक्षण, व्यवस्थापन तथा स्तरउन्नति गर्ने, जलविद्युत उत्पादनमा पर्याप्त मात्रामा विदेशी तथा नीजि क्षेत्राको लगानी आकर्षण गर्न लगानीमैत्री र प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्न सकिने, कृषि तथा पशुपन्छी पालनमा संलग्न कृषक, फर्म, व्यवसायिक समुह, कृषि सहकारी आदिको सहकार्यमा ठुलो क्षमताको बायोग्यास प्लान्ट स्थापना गरी बायोग्यास तथा प्राङ्गारिक मल उत्पादन गर्न सकिने,

सौर्य ऊर्जा  को क्षेत्रलाई विस्तार गरि विभिन्न क्रियाकलाप सञ्चालन गर्ने, नगरपालिका साझेदारीमा घरघरमा सौर्य बत्ती उपलब्ध गराई उज्यालो नगरपालिका कार्यक्रममा सहयोग पुऱ्याउनु जस्ता अवसरहरू छन्।

**६.४.४ सोचः** शारदावासीको रहर, झिलिमिली नगर र घर

**६.४.५ लक्ष्यः** नगरपालिकाका सम्पूर्ण ठाउँमा २४ सै घण्टा र बाह्रै महिना गुणस्तरीय विद्युत सेवा विस्तार गर्ने

### ६.४.६ उद्देश्य

१. वैकल्पिक ऊर्जा  को विकास गर्नु।

२. शारदाका प्रत्येक घरमा राष्ट्रिय प्रसारणको विद्युत पुऱ्याउनु।

### ६.४.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : वैकल्पिक ऊर्जा  को विकास गर्नु** | |
| १.१ विद्युत तथा वैकल्पिक ऊर्जा  लाई नगरपालिकाको कृषि, औद्योगिक उत्पादन तथा रोजगारीसँग जोड्ने। | १.१.१ सबै नगरमा सौर्य ऊर्जा को क्षेत्रलाई विस्तार गरि विभिन्न क्रियाकलाप सञ्चालन गरिनेछ। |
| | १.१.२ नगरपालिका केन्द्र, वडा केन्द्र, विद्यालय, स्वास्थ्य चौकी र मुख्य मुख्य बजार केन्द्रमा सौर्य वत्ती जडान गरिनेछ। |
| | १.१.३ लघु जलविद्युत आयोजनाको संभाव्यता अध्ययन गरी विद्युत आयोजनामा स्थानीय जनताको लगानी सुनिश्चत गरिनेछ। |
| | १.१.४ कृषि सहकारी आदिको सहकार्यमा ठुलो क्षमताको बायोग्यास प्लान्ट स्थापना गरी बायोग्यास तथा प्राङ्गारिक मल उत्पादन मार्फत कृषि तथा औद्योगिक क्षेत्रलाई प्रविधिमैत्री बनाई रोजगारी सिर्जना गरिनेछ। |
| **उद्देश्य २ : शारदाका प्रत्येक घरमा राष्ट्रिय प्रसारणको विद्युत पुऱ्याउनु।** | |
| २.१ राष्ट्रिय प्रसारणको विद्युत सेवालाई व्यवस्थापन गर्ने। | २.१.१ संघीय र प्रदेश सरकारको समन्वयमा भरपर्दो विद्युत पोलहरू र सव स्टेसनहरूको निर्माण गरिनेछ। |
| | २.१.२ राष्ट्रिय प्रसारण विद्युत सेवाको पहुँच विस्तार गरी सबै नगर र टोलमा बाह्रै महिना विद्युत सुनिश्चित गरिनेछ। |
| | २.१.३ विद्युत प्राविधिक र वित्तीय व्यवस्थापन सुनिश्चित गरिनेछ। |

### ६.४.८ कार्यक्रम तथा आयोजना

१. संघीय र प्रदेश सरकारसँग सहकार्य गरी यातायात, कृषि तथा उद्योगको आधुनिकीकरणमा विद्युतको उपयोग गर्ने नीतिगत व्यवस्था गर्ने।

२. शहरी क्षेत्रमा रहेका थ्रि फेजका तारहरूलाई भूमिगत/आर्मर वा इन्सुलेटेड तारले विस्थापन गर्ने।

३. आवश्यक स्थानहरूमा दिगो सडक बत्तिको व्यवस्था गर्ने।

### ६.४.९ अपेक्षित उपलब्धि तथा नतिजा खाका

१. नगरपालिकाका सम्पूर्ण ठाउँमा २४ सै घण्टा र बाह्रै महिना गुणस्तरीय विद्युत सेवा व्यवस्था उपलव्ध भएको हुनेछ।

२. राष्ट्रिय प्रसारण विद्युत सेवाको पहुँच लाई सबै नगर र टोलमा सुनिश्चित भएको हुनेछ।

३. कृषि सहकारी आदिको सहकार्यमा ठुलो क्षमताको बायोग्यास प्लान्ट स्थापना गरी बायोग्यास तथा प्राङ्गारिक मल उत्पादन मार्फत कृषि तथा औद्योगिक क्षेत्रलाई प्रविधिमैत्री बनाई रोजगारी सिर्जना भएको हुनेछ।

## नतिजा खाका

*तालिका १९ : विद्युत तथा ऊर्जाको नतिजा खाका*

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष आ.व २०७९/८० | उपलब्धि (चाहेको अवस्था) | | | | | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान Assumptions |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | | |
| प्रभाव | विद्युत खपत तथा पहुँचको वृद्धि गर्दै गुणस्तरीय विद्युत सेवा सुनिश्चित भएको हुने। | विद्युत सेवा पुगेका घरपरिवार | प्रतिशत | ८६.२ | ८८ | ९० | ९२ | ९६ | ९९ | | |
| असर १ | वैकल्पिक ऊर्जा को विकास र सत प्रतिशत विद्युतीय पहुँच सगैं कृषि तथा औद्योगिक अभ्यासहरू प्रविधिमैत्री तथा मितव्ययी भएको हुने। | खाना पकाउन विद्युतिय ऊर्जाको प्रयोग गर्ने परिवार | प्रतिशत | ०.०२ | ०.१ | १ | २ | ३ | ५ | | |
| | | भूमिगत विद्युतिय तार | प्रतिशत | ० | ० | ० | ० | ० | ० | | |
| प्रतिफल १.१ | संघीय र प्रदेश सरकारसँग सहकार्य गरी यातायात, कृषि तथा उद्योगको आधुनिकीकरणमा विद्युतको उपयोग गर्ने नीतिगत व्यवस्था भएको हुने। | नीतिगत व्यवस्था | संख्या | ० | ० | ० | ० | ० | १ | | |
| प्रतिफल १.३ | अव्यवस्थित/असुरक्षित विद्युत पोलहरूलाई व्यवस्थित भएको हुने | विद्युत पोल व्यवस्थित | प्रतिशत | ० | ५ | १० | १५ | २० | २५ | | |
| प्रतिफल १.४ | शहरी क्षेत्रमा रहेका थ्रि फेजका तारहरूलाई भुमिगत/आर्मर वा इन्सुलेटेड तारले विस्थापन भएको हुने | भूमिगत/आर्मर वा इन्सुलेटेड तार | प्रतिशत | ० | ० | ० | ० | ० | ० | | |
| प्रतिफल १.५ | आवश्यक स्थानहरूमा दिगो सडक बत्तिको व्यवस्था भएको हुने | दिगो सडक बत्ति | संख्या | २ | ५ | १० | २० | ३० | ४० | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.६ | वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा भएको हुने | नीति, कानून तथा मापदण्ड तर्जुमा | संख्या | ० | | | | १ | १ | | |
| प्रतिफल १.७ | नगरका ग्रामीण स्थानहरूमा वायोग्यास/सुधारिएको चुल्हो लगायत प्रोत्साहन गरिइएको हुने | वायोग्यास/सुधारिएको चुल्हो | प्रतिशत | ०.१ | ०.१ | १ | १.१ | १.३ | १.५ | | |
| प्रतिफल १.९ | स्थानीय उद्योगमा प्रयोग हुने ऊर्जा लाई विद्युतीय तथा वैकल्पिक ऊर्जा प्रयोगमा प्रोत्साहन भएको हुने। | विद्युतीय तथा वैकल्पिक ऊर्जा प्रयोगमा प्रोत्साहन | प्रतिशत | ०.०२ | ०.१ | १ | ४ | ८ | १० | | |
| प्रतिफल १.१० | जडान भएका सौर्य सडक बत्तिहरूको नियमित मर्मत सम्भार भएको हुने | सौर्य सडक बत्तिहरूको नियमित मर्मत सम्भार | प्रतिशत | ४० | ५० | ६० | ७० | ८० | १०० | | |

### ६.४.१० अनुमान तथा जोखिम पक्ष

दिगो विद्युत सेवा उपलब्ध गराउनका लागि पर्याप्त पूर्वाधारको सुनिश्चितता रहने, आयोजना निर्माण कार्य, प्रसारण तथा वितरण लाइन निर्माण गर्ने कार्य समयमै सम्पन्न हुने र सम्बन्धीत निकाय, सरोकारवाला तथा जनता बीच प्रभावकारी समन्वय कायम भएको हुने, आवश्यक स्थानहरूमा दिगो सडक बत्तिको व्यवस्था भएको हुनेछ। उक्त कार्यहरू उचित समयमा व्यवस्थापन गर्न नसकिएमा, साथै विद्युतको उपयोग वृद्रि गरी अन्य ऊर्जा को सामग्रीको प्रतिस्थापन नभएमा अपेक्षित उपलब्धि हासिल हुन नसक्ने जोखिम रहनेछ।

## ६.५ सूचना तथा सञ्चार प्रविधि पूर्वाधार

### ६.५.१ पृष्ठभूमि

एक्काइसौँ शताब्दीको भूमण्डलीकृत समाज सूचना र सञ्चारको युगमा छ। सूचना र सञ्चारको क्षेत्रमा आएको क्रान्तिलाई नेपालको शहरी क्षेत्रले लगभग आत्मसात गरिसकेको भए पनि ग्रामीण क्षेत्रमा टेलिभिजन, पत्रपत्रिका, ईन्टरनेट, टेलिफोन, मोबाइल र कुरियर सेवा विस्तार हुन बाँकी छ। शारदा नगरपालिकामा एफ.एम र रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरू जिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएको सुन्न सकिन्छ। नगरपालिकामा नेपाल टेलिकम र एनसेल दुवैको 4G Network सेवा नगरपालिका सबै वडाहरूमा उपलब्ध हुन सकेको छैन। सञ्चार र प्रविधिका यी माध्यमहरूको पूर्णरुपले विकास गरी ग्रामीण जनतालाई सूचना र सञ्चारको दुनियाँमा प्रवेश गराउनु चुनौतिपूर्ण रहेको छ। नेपालको संविधानले जनताको सूचनाको हकलाई मौलिक हकको रुपमा परिभाषित गरेको छ। २०७८ मा ७३.४ प्रतिशत नागरिकसँग स्मार्ट मोबाइल फोन भएको पाइन्छ भने ४१.६ प्रतिशतसँग इन्टरनेट पहुँच भएको पाइन्छ। यस नगरपालिकामा नयाँ प्रविधि र टेक्नोलोजीको आयाम बढेसँगै नगरपालिकामा मोबाइल र ईन्टरनेट प्रयोगकर्ताको संख्या उल्लेखलिय रुपले वृद्रि भइरहेको छ। मोबाइल प्रयोगकर्तालाई सबै खाले संचारका सुविधा जस्तै श्रव्य, दृष्य, सूचना, गीत, खबर आदान प्रदान लगायतका धेरै काम गर्न सहज हुने भएकोले टेलिभिजन, रेडियो प्रयोगकर्ताको संख्या पछिल्लो समयमा इन्टरनेट तथा मोबाइल फोनको प्रयोग बढ्दै जाँदा न्यून हुँदै जाने देखिन्छ।

### ६.५.२ समस्या तथा चुनौती

टावर संख्या कम रहेको तथा क्षमता कम भएको, सबै स्थानमा मोवाइल सेवा सुचारु नभएको, मोवाइल टावरमा व्याकअप सुविधा नभएको, कम्प्युटर तथा इन्टरनेटको व्यवस्था अपर्याप्त हुनु, NTC, NCELL का टावरहरू पर्याप्त नहुनु, सूचना तथा सञ्चारको पोल तथा तारहरू अव्यवस्थित हुनु, सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट रोजगारी सिर्जना गर्न नसकेको, नगरपालिका एवं यसका शाखाहरू र वडा कार्यालयका कामलाई डिजिटल रुपमा सञ्चालन गर्न नगर कार्यपालिका, वडा कार्यालयहरूमा इन्टरनेटको क्षमता कमजोर रहेको, नगरपालिका, वडा, विद्यालय, स्वास्थ्य संस्था र अन्य सामाजिक संघ संस्थामा इन्टरनेट पूर्वाधारको कमीले छिटो छरितो ढंगले काम नहुनु, आवश्यक मात्रामा टेलीफोन टावर स्थापना नहुनु आदि यस क्षेत्रका समस्याहरू हुन्।

इन्टरनेट सेवाप्रदायक संस्थाहरूको संख्या वृद्धि हुँदै जाँदा सूचना प्रविधिको विकास र साइबर सुरक्षाको लागि पर्याप्त व्यवस्थाको कमि हुनु, सूचना सञ्चार तथा प्रविधि विकास सम्बन्धी तालीम प्राप्त व्यक्तिको अभाव, परम्परागत हुलाक सेवालाई विविधीकरण गर्न नसकेको, सामाजिक सञ्जालको प्रयोग बढेसँगै यसको दुरुपयोग बढ्दै जानु, सेवा प्रवाहको लागि बस्ती छरिएर रहनु, सूचना तथा सञ्चार सम्वन्धी नीति नियम निर्माणमा प्रदेश र संघीय सरकार क्रियाशील हुनु दुरसञ्चार सेवामा सबै नागरिकको पहुँच पुग्न नसकेको, विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक कार्यालय जस्ता ठाउँहरूमा फोन, नगरपालिका भित्र सञ्चालित कार्यक्रमहरूलाई रेडियो, एफ.एम. लगायत अन्य सञ्चार माध्यमद्वारा प्रचार प्रसार गराउन जस्ता चुनौतीहरू छन्।

### ६.५.३ अवसर र चुनौती

नगरपालिकाका सम्पूर्ण विद्यालयहरूमा इन्टरनेट सुविधा उपलब्ध गराई प्रविधिमैत्री शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न र प्रविधिमैत्री स्वास्थ्योपचार सुविधा उपलब्ध गराउनु, सञ्चार क्षेत्रको विकासका लागि प्रदेश सरकारसँग समन्वय नहुनु, विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक कार्यालय जस्ता ठाउँहरूमा फोन, कम्प्युटर तथा इन्टरनेटको सुविधा पर्याप्त मात्रामा प्रवाह गर्ने, WIFI free zone हरूको लागि सहजीकरण गर्न सकिने, पालिकाको सबै घरमा सूचना र सञ्चार प्रविधिको पहुँच तथा उपयोग वृद्रि गर्ने, परम्परागत हुलाक सेवालाई पुनर्संरचना गरी प्रतिस्पर्धी र व्यवसायिक बनाउने, दुरसञ्चार सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने, नगरपालिकाका कामहरू डिजिटल रुपमा व्यवस्थित हुँदै जानु, जनतामा डिजिटल साक्षरता क्रमशः बढ्दै जानु जस्ता अवसरहरू छन्।

**६.५.४ सोचः** डिजिटल नगर, सूचना तथा सञ्चार प्रविधिमैत्री बनाऔं

**६.५.५ लक्ष्यः** नवीन, गुणस्तरीय र दिगो सूचना प्रविधि प्रणालीको निर्माण गरी गुणस्तरीय नागरिक सेवा प्रदान गर्ने।

### ६.५.६ उद्देश्य

१. सूचना तथा सञ्चार प्रविधिलाई सुरक्षित, भरपर्दो र पूर्ण रुपले डिजिटल मैत्री वनाउनु।

२. सूचना तथा सञ्चार माध्यमलाई व्यावसायिक बनाउँदै नगरपालिका भित्र सञ्चारको पहुँच वृद्धि गर्नु।

### ६.५.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : सूचना तथा सञ्चार प्रविधिलाई सुरक्षित, भरपर्दो र पूर्ण रुपले डिजिटल मैत्री वनाउनु।** | |
| १.१ सूचना र सञ्चार क्षेत्रको पूर्वाधार तयार र प्राविधिक जनशक्ति विकास गर्ने। | १.१.१ नगरपालिकाको आवश्यकता अनुरुप सूचना तथा सञ्चार नीति तर्जुमा गरिनेछ। |
| | १.१.२ आम जनतामा Digital Literacy बढाउन वडाहरूसँग सहकार्य मार्फत तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। |
| | १.१.३ हरेक सरकारी कार्यालयहरूमा र सामुदायिक भवनहरूमा सूचना प्रविधि पूर्वाधार विकास गरिने छ। |
| | १.१.४ सबै भेगमा मोवाइल डाटलाई ५ जी इन्टरनेट विस्तार र गुणस्तर बृद्धिका लागि आवश्यक पूर्वाधार विकास गरिने छ। |
| | १.१.५ सुविधायुक्त टेलिसेन्टरहरूको विकास गरिने छ। |
| | १.१.६ सूचना प्रविधिसँग सम्बन्धीत प्राविधिक जनशक्तिलाई तालिम गराई उनीहरूको क्षमता अभिवृद्धि गरिने छ। |
| | १.१.७ शारदा नगर एफ.एम सञ्चालनको लागि आवश्यक व्यवस्था गरिनेछ। |
| **उद्देश्य २ : सूचना तथा सञ्चार माध्यमलाई व्यावसायिक बनाउँदै नगरपालिकाभित्र सञ्चारको पहुँच वृद्धि गर्नु।** | |
| २.१ नगरपालिकाभित्र सबै नगरवासीमा सञ्चारको पहुँच विस्तार गर्ने। | २.१.१ सूचना तथा सञ्चार माध्यमहरूको सघन व्यवस्थापन गर्ने र त्यस्ता माध्यमहरूलाई प्रोत्साहित गरिने छ। |
| | २.१.२ सबै विद्यालयहरूमा आधुनिक सूचना प्रविधि अध्ययन कक्षा स्थापना गरिने छ। |

### ६.५.८ कार्यक्रम तथा आयोजना

१. सबै विद्यालयहरूमा आधुनिक सूचना प्रविधि अध्ययन कक्षा स्थापना गर्ने।

२. स्थानीय तहमा युवा स्वरोजगार लक्षित सूचना प्रविधि सम्बन्धी तालिम र दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।

३. आवश्यक स्थानमा Free WiFi Zone को स्थापना गर्ने।

### ६.५.९ अपेक्षित उपलब्धि

१. हरेक सरकारी कार्यालयहरूमा र सामुदायिक भवनहरूमा सूचना प्रविधि पूर्वाधार विकास भएको हुनेछ।

२. एफ.एम सञ्चालनको लागि आवश्यक व्यवस्था भएको हुनेछ।

३. नगरपालिकावासीमा सूचना तथा सञ्चार प्रविधिको पहुँच सहज र सरल भएको हुनेछ।

४. आम जनतामा Digital Literacy बढाउन वडाहरूसँग सहकार्य मार्फत तालिम तथा कार्यक्रम सञ्चालन भएको हुनेछ।

## नतिजा खाका

*तालिका २० : सूचना तथा सञ्चार प्रविधि पूर्वाधारको नतिजा खाका*

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष आ.व २०७९/८० | उपलब्धि (चाहेको अवस्था) | | | | | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान Assumptions |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | | |
| प्रभाव | भरपर्दो, विश्वसनीय एवं गुणस्तरीय सूचना तथा सञ्चार सेवाको विकास र विस्तार भएको हुने | सञ्चारका कुनै एक साधन उपलब्ध परिवार | प्रतिशत | ९६.१ | ९६.५ | ९७ | ९७.५ | ९८ | ९९ | | |
| | | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ६० | ६५ | ७५ | ८० | ८५ | ९० | | |
| असर १ | नगरपालिकावासीमा सूचना तथा सञ्चार प्रविधिको पहुँचलाई सहज र सरल भएको हुने | मोबाइल बैकिङको सुविधा लिने जनसंख्या | प्रतिशत | ४५ | ५० | ५५ | ६० | ६५ | ७० | | |
| | | टेलिभिजन प्रयोग गर्ने | जना | ४० | ४२ | ४५ | ५० | ५५ | ६० | | |
| प्रतिफल १.२ | सबै विद्यालयहरूमा आधुनिक सूचना प्रविधि अध्ययन कक्षा स्थापना भएको हुने | सूचना प्रविधि अध्ययन कक्ष स्थापना | संख्या | ० | ५ | १० | १५ | २० | २५ | | |
| प्रतिफल १.३ | सार्वजनिक स्थलहरूमा डिजिटल बोर्डको स्थापना भएको हुने | डिजिटल बोर्ड | संख्या | १ | १ | २ | ३ | ४ | ५ | | |
| प्रतिफल १.४ | स्थानीय तहमा युवा स्वरोजगार लक्षित सूचना प्रविधि सम्बन्धी तालिम र दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन भएको हुने | सूचना प्रविधि सम्बन्धी तालिम र दक्षता अभिवृद्धि कार्यक्रम | संख्या | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| प्रतिफल १.५ | सञ्चार क्षेत्रको विकासका लागि स्थानीय सरकारले सहयोग गर्ने नीति निर्माण भएको हुने | नीति | संख्या | ० | ० | ० | ० | १ | १ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.६ | आधुनिक सञ्चारका (टेलिफोन, मोबाइल, इन्टरनेट लगायत) सुविधा आम नागरिकको पहुँचमा पुगेको हुने | आधुनिक सञ्चार सुविधा स्मार्ट मोबाईल | प्रतिशत | ७३.४ | ७५ | ८० | ८५ | ९० | ९५ | | |
| प्रतिफल १.८ | प्रत्येक वडाका सेवा केन्द्रहरूमा गुणस्तरीय नागरिक सेवा प्रदान गर्न उच्च गुणस्तर तथा दिगो इन्टरनेटको व्यवस्थाको लागि पर्याप्त पूर्वाधारहरू (विटिएस, पोल र तार सहितको प्रणाली) को विस्तार भएको हुने | उच्च गुणस्तर तथा दिगो इन्टरनेट पूर्वाधारहरू | प्रतिशत | ० | १५ | १५ | १५ | १५ | १५ | | |
| प्रतिफल १.९ | धेरै भन्दा धेरै सेवा अनलाईन प्रणालीमार्फत प्रदान भएको हुने | अनलाईन सेवा प्रणाली | प्रतिशत | ४० | ४२ | ४४ | ४६ | ४८ | ५० | | |

### ६.५.१० अनुमान तथा जोखिम पक्ष

सञ्चार तथा सूचना प्रविधि क्षेत्रको विकास र विस्तारका लागि ठूलो मात्रामा आर्थिक साधन श्रोतको आवश्यकता रहेको छ। उक्त श्रोतको व्यवस्थापन प्रभावकारी तथा पर्याप्त व्यवस्थापन तथा डिजिटल शारदा नगरपालिकाले तय गरेका उद्देश्य प्राप्तिका लागि नीजि क्षेत्रको सहयोग र सहकार्य हुन नितान्त आवश्यक तथा अपरिहार्य रहेको छ। सो अवस्थाको सुनिश्चितता नहुनु साथै सूचना प्रविधिका क्षेत्रमा सार्वजनिक नीजि साझेदारी प्रवर्द्धन गर्दै शारदा नगरपालिकाले अपनत्व र स्वामित्व स्थापित गर्न यस क्षेत्रको प्रमुख जोखिमको रुपमा रहेको छ।

# परिच्छेद ७ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

नेपाल समग्रमा जलवायु परिवर्तनको प्रभावको हिसावले विश्वको चौथो स्थानमा रहेको छ भने विपद् जोखिमको हिसावले २० औं स्थानमा, बाढी र पहिरोबाट ३० औं स्थानमा रहेको छ। जलवायुजन्य परिवतर्नका कारण पर्ने प्रतिकुल प्रभावबाट नेपाल संवेदनशील अवस्थामा रहेको छ। नेपालमा वर्षेनी बाढी, पहिरो, हावाहुरी, असिना, सुख्खा, खडेरी, तातो हावाका लहरहरू जस्ता घटनाहरू बढी मात्रामा दोहोरिरहेका छन्। यसको प्रभाव प्रत्यक्ष रूपमा जीविकोपार्जन, प्राकृतिक स्रोत, कृषि तथा खाद्य सुरक्षा, जलस्रोत तथा ऊर्जा, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, ग्रामीण बसोवास तथा पोषण तथा सरसफाई भौतिक पूर्वाधारको क्षेत्रमा देखा पर्न थालेको छ। जलवायु परिवर्तनका नकारात्मक असरबाट विशेषगरी गर्भवती महिला, अपाङ्ग, गरीब, विपन्न, एकल महिला, बालबालिका, वृद्धवृद्धाहरू, पछाडि पारिएको वर्ग, साधन स्रोतमा कम पहुँच भएका घरधुरी साथै प्राकृतिक स्रोतमा आश्रित समुदायहरू बढी प्रभावित हुन्छन्। नेपालको राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा), २०६६ अनुसार यस सल्यान जिल्ला समग्र जलवायु परिवर्तनको जोखिमताको हिसावले २६ औँ स्थानमा, पहिरोको हिसावले १५ औँ र सुख्खा खडेरीको हिसावले १६ औँ स्थानमा रहेको छ। शारदा नगपालिकामा शारदा नदी लगायत साना मझौला खोलाहरूको कारण कृषि खेतीयोग्य जमीन कटान गर्ने, सुख्खाखडेरीको कारण पानीका मुहानहरू सुक्नाले खेतवारीमा उत्पादनमा कमी आउने गरेको छ। तापक्रम वृद्धिसँगै खेतवारी तथा वनजंगलमा मिचाह प्रजातीको प्रकोप बढेको, कृषि र पशु रोगमा वृद्धि भएको, झाडापखाला लगायत मानव स्वास्थ्यमा असर पार्ने विभिन्न रोगहरूको पनि वृद्धि भएको, असिनापानीले बालीनालीमा असर पुर्‍याएको छ।

विगतमा नेपालमा आएका र आइरहने विनाशकारी भुकम्पले ठुलो क्षति हुने गरेको छ। भुकम्पबाट बच्नको लागि हाम्रा संरचनाहरू कमजोर छन्। भवनसंहिता, भुकम्प प्रतिरोधात्मक भवन बन्न नसक्नु, पूर्वतयारीमा कमी तथा सचेतना अभियानमा कमीको कारण भुकम्पको असरको सामना गरिरहनु परेको छ। यस शारदा नगरपालिकाको पार्श्वचित्रमा उल्लेख भएबमोजिम पालिकाभरीमा जम्मा ५२ वटा मात्र भूकम्प प्रतिरोधी भवन रहेका छन्। यसको लागि पालिकामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गर्नु जरुरी देखिन्छ।

पालिकाका प्रायजसो वडामा फोहरमैला संकलन र व्यवस्थापनमा पनि कमी देखिन्छ। खोला, खोल्साका वरिपरी र किनारमा अव्यवस्थित फोहर थुपारिएको, प्लाष्टिकहरू जथाभावी फ्याँकिएका छन्। खोला नदीको छेउछाउ र किनारमा तट्बन्धन नभएकोले खोला नदीले विस्तारै कृषिभूमि कटान गरिरहेको देखिन्छ। बाटो, बजारक्षेत्र र जनघनत्व भएको क्षेत्रमा ढल व्यवस्थापन, ढलनिकास तथा कुहिने र नकुहिने फोहर फाल्न कन्टेनरको कमी देखिन्छ।

नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनी मौलिक हकको रुपमा उल्लेख गरिएको छ। साथै दिगो विकास लक्ष्य, पन्ध्रौं पञ्चवर्षीय योजना, वातावरणमैत्री स्थानीय शासन प्रारुप तयार भई कार्यान्वयन भइरहेको अवस्थामा यस पालिकाले पनि बन, वातावरण तथा विपद् व्यवस्थापनका कार्यहरूलाई आवधिक योजनामा समायोजन गरिएको छ।

जल तथा मौसम विज्ञान विभागको तथ्यांक अनुसार विगत सन् १९८५ देखि २०१४ सम्मको सल्यान जिल्लाको औषत तापक्रमको विश्लेषण गर्दा तापक्रम बढेको देखिन्छ। साथै ३० वर्षको वर्षाको प्रवृत्ति हेर्दा वर्षाको मात्रा घटेको देखिन्छ तर थोरै समयको वर्षा भए पनि त्यसको असर भने नकारात्मक देखिएको छ। जलवायु परिवर्तनको कारण बाढी पहिरो र खडेरीको मात्रा बढेको देखिन्छ।




## ७.१. बन तथा जैविक विविधता

### ७.१.१ समस्या तथा चुनौती

वनजंगलहरूमा चरम आगलागी तथा वनमा आगलागी भएपछि वन्यजीवजन्तु र वनस्पतिहरू विनास हुन्छन् भन्ने चेतनास्तरको अभाव, छाडा गाई भैंसी तथा बाख्रा छोड्ने प्रवृत्ति र खुल्ला चरिचरण हुनेगरेका, वर्षेनी बाढी पहिरोको प्रकोपले जोखिम बढ्दै गएको, अनधीकृत रुपमा बाटोघाटो निर्माण भइरहेकोले बाढीपहिरोको जोखिम बढ्दै गएको छ। खालीपाखा र खेर गइरहेको क्षेत्रमा रुखविरुवा रोप्ने कुनै योजना नभएको देखिन्छ। पारिस्थितीकिय प्रणाली र जैविक विविधता संरक्षणमा कमी देखिन्छ। वन स्रोतहरूको संरक्षण, उपयोग तथा उपभोगमा दिगो व्यवस्थापन नदेखिएको। वनमा आश्रित वर्ग समुदायमा सीपमुलक तालिमको कमी,जीविकोपार्जन सुधार योजना तथा कार्यक्रमको कमी जस्ता समस्याहरू रहेका छन्।

छाडा गाईवस्तुको व्यवस्थापन गर्न, अनधीकृतरुपमा बाटोघाटो निर्माण कार्य बन्द गर्न, आगलागी नियन्त्रण गर्न जैविक विविधताको संरक्षण गर्नको लागि उपभोक्ता समुहभित्र अपनत्व र जिम्मेवारी दायित्वबोध गराउनु पर्ने प्रमुख चुनौती हुन्।

### ७.१.२ संभावना तथा अवसर

वन जगंल संरक्षण गर्न वन हेरालु वा घरलौरो पालोपहराको व्यवस्था मिलाउने, वनमा आगलागीको क्षति कम गर्न अग्निरेखा बनाउने, वनमा साना तथा महत्वपूर्ण प्रजातीका रुखविरुवाको संरक्षण गर्ने। खालीपर्ति जग्गामा नयाँ र बहुउद्देशीय रुख विरुवा रोप्ने, वन संरक्षण, सम्वर्धन र सदुपयोगका लागि झाडी सरसफाई, हाँगाबिँगा छटनी, सुकेका, ढलेका, रोगी, बुढो र बाङ्गाटिंा रुखहरू हटाउने कार्य गर्ने, चरिचरणका लागि सकभर बँधुवापालन गर्ने र वनक्षेत्रबाट घाँस डालेघाँस ल्याउने गर्ने र सम्भव नभए घुम्ती चरिचरणको व्यवस्था मिलाउने। खोरिया फँडानी र वनक्षेत्र अतिक्रमणमा पूर्णरुपमा रोक लगाउने। जैविक विविधतालाई संरक्षण गर्ने उपायको खोजी तथा कार्यान्वयन गर्ने, विपन्न वर्गका उपभोक्ताहरूलाई सीपमुलक तथा जीविकोपार्जन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने जस्ता अवसरहरू रहेका छन्।

**७.१.३ सोचः** "शारदा नगरपालिकाको शान, स्वच्छ, सफा र हरियाली वन"

**७.१.४ लक्ष्यः** "बन तथा जैविक विविधताको संरक्षण र हरियाली वातावरण कायम गर्ने"

### ७.१.५ उद्देश्य

१. सामुदायिक वनहरूको दिगो रुपमा संरक्षण, संवर्धन र सदुपयोग गर्ने

२. वन पैदावारमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने

### ७.१.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १.सामुदायिक वनहरूको दिगो रुपमा संरक्षण, संवर्द्धन र सदुपयोग गर्ने** | |
| १.१ वनलाई संरक्षणमुखी र उत्पादनमुखी व्यवस्थापनको माध्यमद्वारा वन तथा जैविक विविधताको दिगो उपयोग गर्ने। | १.१.१ वनमा रहेका प्राणी र वनस्पति, तिनको वासस्थानको उचित संरक्षण र व्यवस्थापन गरिनेछ। |
| | १.१.२. वनप्रजाती र पारिस्थितिकीय प्रणाली कायम गर्ने |
| | १.१.३ महत्वपूर्ण गैरकाष्ठ वनपैदावार र जडिबुटीको पहिचान, संरक्षण र विस्तार गरिनेछ। |
| | १.१.४ बन प्राविधिकको सहयोगमा सामुदायिक वनबाट सुकेका, ढलेका, मरेका, कुहिएका, क्षतिग्रस्त तथा रोगग्रस्त रुखहरू र रुखका हाँगाहरू प्रुनिङ गरी जङ्गलबाट हटाउने छ। |
| | १.१.५ वनक्षेत्रभित्र रहेका खाली पर्ति जग्गामा मुल्यवान रुखप्रजाती र लघु वनपैदावारका प्रजातीको बृक्षारोपण गरिनेछ |
| **उद्देश्य २ : वन पैदावारमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने** | |
| २.१ वन पैदावरमा आत्मनिर्भरता वृद्रि गर्दै आर्थिक समृद्धि हासिल गर्ने। | २.१.१ दिगो वन व्यवस्थापनबाट उत्पादित वनजन्य वस्तु र जडीबुटीको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण ल्याई उत्पादन र रोजगारी सिर्जना गरिने छ। |
| | २.१.२ जडीबुटी प्रशोधन केन्द्र स्थापना गरी वनसमुह भित्रका अति विपन्न वर्गका समुदायका मानिसहरूलाई संलग्न गराई जीविकोपार्जनमा सहयोग गरिने छ। |
| | २.१.३ गैरकाष्ठ तथा लघुवन पैदावारको उत्पादन विस्तार, व्यवसायीकरण तथा बजारीकरण गरिने छ। |

### ७.१.७ कार्यक्रम तथा आयोजना

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय निकाय | नीजि स्रोत | गै.स.स. तथा अन्य क्षेत्र | |
| १ | वन प्रजाती तथा जैविक विविधताको संरक्षण र व्यवस्थापन | | | √ | √ | √ | सामुदायिक वन उपभोक्ता समुह (सावउस) |
| २ | पारिस्थितिकीय प्रणालीको संरक्षण र व्यवस्थापन गर्ने | | | √ | √ | √ | सावउस |
| ३ | गैरकाष्ठ वनपैदावार र जडिबुटीको संरक्षण र व्यवस्थापन | | | √ | √ | √ | सावउस |
| ४ | बन संवर्द्धनका कार्यहरू गर्ने (हाँगा, रुख छटनी, झाडी सफाई) | | | √ | √ | √ | सावउस |
| ५ | घर तथा वन क्षेत्रमा बहुउद्देशीय रुखविरुवा लगाउने | | | √ | √ | √ | सावउस |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | विपन्न वर्गको रोजगारको लागि लघुवन पैदावार र जडीबुटीको उत्पादन, प्रशोधन र व्यवसाय गराउने | | | √ | √ | √ | सावउस र न.पा. |
| ७ | जडीबुटी प्रशोधन केन्द्र स्थापना | | | √ | √ | √ | सावउस र न.पा.' |

### ७.१.८ अपेक्षित उपलब्धि तथा नतिजा खाका

१. विशेष संरक्षण क्षेत्र छुट्याई महत्वपूर्ण पारिस्थितिकीय प्रणालीहरूको संरक्षण भएको हुने छ।

२. वन्य जीवजन्तु, वनस्पति र तिनको वासस्थानको संरक्षण भई जैविक विविधताको संरक्षण र वातावरणीय सन्तुलन कायम हुने छ।

३. वन तथा जैविक स्रोतहरूको उत्पादकत्वमा वृद्धि भएको हुने छ।

४. गैरकाष्ठ आत्मनिर्भरता वृद्रि गर्दै आर्थिक समृद्धि हासिल भएको हुने छ।

५. वन व्यवस्थापनको लागि आवश्यक भौतिक पूर्वाधारमा विकास भएको हुने छ।

## नतिजा खाका

*तालिका २१ : बन तथा जैविक विविधताको नतिजा खाका*

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष आ.व २०७९/८० | उपलब्धि (चाहेको अवस्था) आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | योजना अवधिको जम्मा उपलब्धी | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान Assumptions |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | वन प्रजाती तथा जैविक विविधताको संरक्षण र व्यवस्थापन भएको हुने | वनमा विभिन्न रुख र जीवजन्तु प्रजातीको वृद्धि | प्रतिशत | सामान्य | १५ | १५ | १५ | १५ | १५ | ७५ | नपा | |
| असर १ | संरक्षणमुखी र उत्पादनमुखी व्यवस्थापनको माध्यमद्वारा वन तथा जैविक विविधताको दिगो उपयोग हुने | संरक्षण र उत्पादनमुखी वन क्षेत्र | प्रतिशत | | ५० | ६० | ७० | ८० | ९० | ९० | " | |
| प्रतिफल १.१ | वन प्रजाती तथा जैविक विविधताको संरक्षण र व्यवस्थापन भएको हुने | संरक्षण र व्यवस्थापन | संख्या | | | १ | १ | १ | १ | १ | " | |
| प्रतिफल १.२ | पारिस्थितिकीय प्रणालीको संरक्षण र व्यवस्थापन हुने | विशेष संरक्षण क्षेत्र | संख्या | | | १ | १ | १ | १ | १ | " | |
| प्रतिफल १.३ | गैरकाष्ठ वनपैदावार र जडिबुटीको संरक्षण र व्यवस्थापन हुने | जडिबुटी रोपण संरक्षण र सम्वर्धन | पटक | | १ | १ | १ | १ | १ | ५ | " | |
| प्रतिफल १.४ | बन संवर्द्धनका कार्यहरू गर्ने (हाँगा, रुख छटनी, झाडी सफाई) | राम्रो र उत्पादनमुलक रुखको संख्या | ५ | | १ | १ | १ | १ | १ | ५ | | |
| प्रतिफल १.५ | घर तथा वन क्षेत्रमा बहुउद्देशीय रुखविरुवा लगाउने | रुखको संख्यामा वृद्धि | संख्या | ५००० | १००० | १००० | १००० | १००० | १००० | ५००० | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर२** | वन पैदावरमा आत्मनिर्भरता वृद्रि गर्दै आर्थिक समृद्धि हासिल भएको हुने | आर्थिक समृद्धि | प्रतिशत | | | | | | | १०० | " | |
| **प्रतिफल २.१** | विपन्न वर्गको रोजगारको लागि लघु वनपैदावार र जडीबुटीको उत्पादन, प्रशोधन र व्यवसाय गराउने | वनमा आधारित व्यवसाय र रोजगारीमा वृद्धि | संख्या | | २ | २ | २ | २ | २ | १० | " | |
| **प्रतिफल २.२** | जडीबुटी प्रशोधन केन्द्र स्थापना | जडीबुटी प्रशोधन केन्द्र | संख्या | | | १ | | | | १ | " | |

### ७.१.९ अनुमान तथा जोखिम पक्ष

वन क्षेत्रको विस्तार गरी शारदा नगरपालिका हरित शहरको रुपमा विकास भएको हुने, वन पैदावारमा आधारित उद्यम र पर्यापर्यटन प्रवर्द्रन भएको हुने छ। साथै प्राकृतिक रमणीयता र वातावरण एवं जैविक विविधताको संरक्षण गर्दै जडीबुटी खेती विकास भएको हुने अनुमान छ। यद्यपि विकास निर्माणबाट हुने वन, नदी, खोला किनारा अतिक्रमण रोक्न, भूक्षय, पहिरो, वातावरण प्रदूषण रोक्न, वनको वैज्ञानिक र व्यावसायिक उपयोग गर्न प्रमुख कठिन छ।

## ७.२ जलाधार संरक्षण

### ७.२.१ समस्या तथा चुनौती

सुख्खा खडेरीले पानीका मुहानहरू सुक्दै जानु र खानेपानी तथा सिँचाईमा कमी हुँदै जानु, जलवायु परिवर्तन सम्बन्धी सचेतना कार्यक्रम संञ्चालन नहुनु, वनजंगलको विनाशसँगै तापक्रम बढ्नु, कृषि, जैविक विविधता र ऊर्जा लगायतका क्षेत्रहरू एवम् जीविकोपार्जनमा समेत प्रतिकुल प्रभाव पर्नु, अन्तरनिकाय समन्वय नहुनु तथा नीति तथा कार्यक्रमहरूमा जलवायुको मुद्दा मूलप्रवाहीकरण तथा आन्तरिकीकरण नहुनु यस क्षेत्रका प्रमुख समस्या हुन्।

विकास आयोजनाले वातावरणमा पारेको असरको अनुगमन गरी नियमन गर्नु तथा जलवायु परिवर्तनका प्रतिकुल प्रभावहरू न्यून गरी अनुकूलन क्षमता बृद्धि गर्नु, आवश्यक पर्ने जनशक्ति, सीप, दक्षताको अभाव तत्काल पूरा गरी प्रभावकारी तुल्याउनु, संवेदनशील र कमजोर भू–बनोट भएका क्षेत्रको संरक्षण गर्नु चुनौतीपूर्ण रहेको छ। साथै विपन्न वर्गहरूलाई समेट्न चुनौतीपूर्ण देखिन्छ।

### ७.२.२ संभावना तथा अवसर

ज्लवायु परिवर्तन सम्बन्धी जनचेतना अभिबृद्धि गरी अनुकूलन कार्यक्रम सञ्चालन गर्नु, जलवायु परिवर्तनका कार्यक्रम मार्फत् विपन्न वर्गको आर्थिक स्तरमा सुधार, जलवायु परिवर्तनका असरहरू न्यूनीकरण र अनुकूलनका कार्यक्रम सञ्चालनबाट दिगो विकास लक्ष्य हासिल हुनुका साथै अन्तर्राष्ट्रिय वित्तीय सहयोग प्राप्त गर्न सकिने यसका अवसरहरू रहेका छन्।

**७.२.३ सोचः** जलवायु उत्थानशील समाजका लागि दिगो जल स्रोतको व्यवस्थापन

**७.२.४ लक्ष्यः** जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणद्वारा जलाधार क्षेत्रको दिगो संरक्षण र व्यवस्थापन गर्ने

### ७.२.५ उद्देश्य

१. जलवायु परिर्वतनका प्रतिकुल प्रभावलाई न्युनीकरण गर्ने र जलाधारको अनकुल क्षमता अभिवृद्धि गर्ने

२. जलउत्पन्न विपदको व्यवस्थापन गरी जलाधारको समुचित उपभोग गर्ने

### ७.२.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : जलवायु परिर्वतनका प्रतिकुल प्रभावलाई न्युनीकरण गर्ने र जलाधारको अनकुल क्षमता अभिवृद्धि गर्नु।** | |
| १.१ जलवायु परिवर्तनका प्रभावलाई न्युनीकरण गरी जलाधार क्षेत्रको व्यवस्थापन र सदुपयोग गर्ने। | १.१.१ जलवायु परिवर्तनका असर र प्रभावको पहिचान गरी व्यवस्थापन योजना बनाई कार्यान्वयन गरिनेछ। |
| | १.१.२ जलवायु परिवर्तन सम्वन्धी सन्देशमूलक, सूचनामूलक र सचेतनामूलक कार्यक्रम सञ्चालन गरी जनसमुदायलाई सुसूचित गरिने छ। |
| | १.१.३ समुदायको व्यापक सहभागितामा पानीका मुहान, मुल, पोखरी, खोला, सिमसार तथा नदीको संरक्षण र व्यवस्थापन गरी कृषिमा दिगो सिँचाईको उपलब्धता गराइने छ। |
| **उद्देश्य २ : जलउत्पन्न विपदको व्यवस्थापन गरी जलाधारको समुचित उपभोग गर्ने** | |

| | |
|---|---|
| २.१ जोखिममा रहेका जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन गर्ने। | २.१.१ जलवायु अनुकूलन कार्य योजना तथा जलाधार व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयन गरिने छ। |
| | २.१.२ जलवायु उत्पन्न प्रकोप व्यवस्थापन गर्न पूर्वसूचना प्रणाली तयार गरिनेछ र सर्वसाधारणका लागि सचेतीकरण कार्य गरिनेछ। |
| | २.१.३ बाढी पहिरो जोखिम क्षेत्रमा वायोईन्जिनियरिङ वा तटबन्धन निर्माण, सुख्खाग्रस्त क्षेत्रमा लघुसिँचाई जस्ता कार्यहरू गरिने छ। |

### ७.२.७ कार्यक्रम तथा आयोजना

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | न.पा. | नीजि स्रोत | गै.स.स. तथा अन्य क्षेत्र | |
| १ | जलवायु अनुकूलन योजनाको निर्माण र कार्यान्वयन | | | √ | √ | √ | न.पा. |
| २ | जलवायु परिवर्तन सम्बन्धी सन्देशमूलक, सूचनामूलक र सचेतनामूलक कार्यक्रम सञ्चालन | | | √ | √ | √ | " |
| ३ | समुदायमा पानीका मुहान, मुल, पोखरी, खोला, सिमसार तथा नदीको संरक्षण र सदुपयोग | | | √ | √ | √ | " |
| ४ | जलवायु उत्पन्न प्रकोप व्यवस्थापन पूर्वसूचना प्रणाली तयार र सञ्चालन | | | √ | √ | √ | " |
| ५ | बाढी पहिरो जोखिम क्षेत्रमा वायोईन्जिनियरिङ वा तटबन्धन निर्माण र सुख्खाग्रस्त क्षेत्रमा लघुसिँचाई सञ्चालन | | | √ | √ | √ | " |

### ७.२.८ अपेक्षित उपलब्धि तथा नतिजा खाका

१. जलवायु अनुकूलनका कार्यहरूको कार्यान्वयनद्वारा जलाधार क्षेत्रको उचित संरक्षण, सदुपयोग र व्यवस्थापन भएको हुने छ।

२. समुदायहरूको जलवायु अनुकूलन क्षमतामा वृद्धि भएको हुने छ।

३. जलउत्पन्न प्रकोप व्यवस्थापनमा समुदाय सुसूचित हुने छन्।

४. जलाधार तथा पारिस्थितिकीय प्रणालीको संरक्षण तथा दिगो व्यवस्थापन भएको हुने छ।

## नतिजा खाका

*तालिका १९ : जलाधार संरक्षणको नतिजा खाका*

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष आ.व २०७९/८० | उपलब्धि (चाहेको अवस्था) | | | | | योजना अवधिको जम्मा उपलब्धी | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान Assumptions |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | | | |
| प्रभाव | जलवायु अनुकूलनका कार्यहरूको कार्यान्वयनद्वारा जलाधार क्षेत्रको उचित संरक्षण, सदुपयोग र व्यवस्थापन भएको हुनेछ। | अनुकूलन योजना र जलाधार संरक्षण योजना निर्माण र ार्यान्वयन | संख्या | योजना नभएको | निरन्तर | | | | | १ | नपा | |
| | | सबै प्रकारका पानीका स्रोतहरूको संरक्षण | पटक | केही शुरुवात | निरन्तर | | | | | ५ | " | |
| | | सुख्खा सहने र सुख्खामा हुने तथा बढी पानी सहन सक्ने कृषि बालीको प्रबर्द्धन | पटक | नभएको | निरन्तर | | | | | ५ | " | |
| असर १ | जलवायु परिवर्तनका प्रभावलाई न्युनीकरण गरी जलाधार क्षेत्रको व्यवस्थापन र सदुपयोग हुने | जलवायु उत्थानशीलता सचेतना अभिवृद्धिजलाधार संरक्षण एकीकृत कार्यक्रम सञ्चालन | पटक | अव्यवस्थित | निरन्तर | | | | | ५ | " | |
| प्रतिफल १.१ | जलवायु अनुकूलन योजनाको निर्माण र कार्यान्वयन | लापा बनेको र कार्यान्वयनमा रहेको | संख्या | संशोधनमा रहेको | १ | | | | | १ | " | |
| प्रतिफल १.२ | ज्लवायु परिवर्तन सम्वन्धी सन्देशमूलक, सूचनामूलक र सचेतनामूलक कार्यक्रम सञ्चालन | समुदाय सचेत भई अनुकूलनका कार्यहरू गर्न थालेको | पटक | जानकारी कम | ५ | ५ | ५ | ५ | ५ | १५ | नपा | |
| प्रतिफल १.३ | समुदायमा पानीका मुहान, मुल, पोखरी, खोला, सिमसार तथा नदीको संरक्षण र सदुपयोग | पानीको मुल, कुवाको मर्मत र संरक्षण भएको सिमसारको तारबार, सरसफाई भएको, नदी किनारमा तटबन्धन निर्माण भएको | संख्या | अव्यवस्थित | ५ | ५ | ५ | ५ | ५ | १५ | नपा | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर२** | जोखिममा रहेका जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन भएको | तटबन्धन, संरक्षण योजना, यवस्थापन | | | | | | | | | नपा | |
| **प्रतिफल** २.१ | जलवायु उत्पन्न प्रकोप व्यवस्थापन पूर्वसूचना प्रणाली तयार र सञ्चालन | पूर्वसूचना प्रणालीको व्यवस्था भएको, सरोकारवालाहरूको जानकारी अध्यावधिक भएको, दक्ष जनशक्ति, फ्लडगेजको स्थापना | संख्या | नभएको | १ | १ | | | | २ सारदा नदीमा राख्ने | नपा | |

## ७.२.९ अनुमान तथा जोखिम पक्ष

नगरपालिका क्षेत्रभित्र रहेका जलाधार क्षेत्रहरू पहिचान र नक्सांकन भएको हुने, नगरक्षेत्रका सिमसार तथा पोखरीको संरक्षण तथा उचित उपयोग गर्न सुरुवात भएको हुने, हरित पार्क निर्माण तथा व्यवस्थापन भएको हुनेछ। तर जलश्रोत सम्बन्धी अध्ययन, अनुसन्धान, अन्वेषण, प्रविधि विकास तथा विस्तार सम्बन्धी कार्यक्रम, नवीनतम नमुना प्रविधि विकास गर्ने क्रममा लागत बढ्न सक्ने जोखिम रहेको छ।

## ७.३ विपद व्यवस्थापन

### ७.३.१ समस्या तथा चुनौती

विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनेको तर धेरैलाई जानकारी नभएको, योजनाको प्रभावकारी कार्यान्वयन नभएको, आपत्कालिन कार्यसञ्चालन केन्द्र र सामग्रीको व्यवस्था नभएको, सरोकारवाला निकायको विस्तृत जानकारी अध्यावधिक नभएको, पूर्वसूचना प्रणालीको अभाव, आकस्मिक विपद् कोषको स्थापना नभएको।

विपद् व्यवस्थापन सम्बन्धी पूर्वसूचना प्रणालीको व्यवस्था गरी जनतालाई सचेत गराउने, विपद् व्यवस्थापनको लागि जनशक्ति, उद्धारसामग्री, प्रविधि संयन्त्र र कोषको व्यवस्थापन गरी राहत, उद्धार र पुनर्स्थापन गर्न, विपद् व्यवस्थापनमा सरकारी, गैरसरकारी र नीजि क्षेत्रको संलग्नतामा एकीकृत कार्यक्रम सञ्चालन गर्न चुनौति रहेका छन्।

### ७.३.२ संभावना तथा अवसर

बनेको योजनाको बारेमा नव निर्वाचित सदस्यहरूलाई अभिमुखीकरण र महशुसीकरण गराउने, प्रदेश र जिल्लासँग समन्वय गरी आपत्कालिन कार्यसञ्चालन केन्द्र र सामग्रीको व्यवस्था गराउने, आकस्मिक विपद् कोषको स्थापना गराउने, स्वास्थ्य संस्था तथा प्रहरी चौकी रहेको, पर्याप्त खुला क्षेत्र भएको, मानव संशाधन भएको अवसरहरू छन्।

**७.३.३ साँचः** "शारदाको सपना विपद् जोखिमबाट सुरक्षित, अनुकूलित र उत्थानशील समाजको स्थापना"

**७.३.४ लक्ष्यः** विपद् उत्थानशीलताको माध्यमद्वारा विपद् जोखिमको क्षतिमा कमी ल्याउने

### ७.३.५ उद्देश्य

१. विपद् जोखिम न्यूनीकरणका लागि भरपर्दो सूचना प्रणाली र संयन्त्रको निर्माण गर्ने।

२. विपद् जोखिममा परेका घरबस्तीलाई संरक्षण र व्यवस्थापन गर्ने।

३. विपद् पूर्व र विपद् पश्चात्को कार्यलाई प्रभावकारी, उत्थानशील कृयाशील बनाउने।

### ७.३.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : जोखिम न्यूनीकरण लागि भरपर्दो सूचना प्रणाली र संयन्त्रको निर्माण गर्ने** | |
| १.१ दक्ष जनशक्ति र आवश्यक श्रोतसाधनको व्यवस्थापन गरी विपद्को व्यवस्थापन गर्ने। | १.१.१ विपद् जोखिम पूर्वतयारी र प्रतिकार्य सम्बन्धी पूर्वाधार, दक्ष जनशक्ति उत्पादन र सूचना प्रणालीको विकास गरिनेछ। |
| | १.१.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयन गरिनेछ |
| | १.१.३ जोखिम क्षेत्र र सुरक्षित स्थानको पहिचान र व्यवस्थापन गरिनेछ। |
| | १.१.४ आकस्मिक विपद् कोषको स्थापना र कार्यान्वयन गरिनेछ। |
| | १.१.५ भुकम्प प्रतिरोधात्मक भवन निर्माण, भवन आचारसंहिता निर्माण गर्ने |
| **उद्देश्य २ विपद् जोखिममा परेका घरबस्तीलाई संरक्षण र व्यवस्थापन गर्ने** | |
| २.१ बाढी, पहिरो, भुकम्प, भूक्षय र खोला कटानको जोखिममा रहेका बस्तीहरूको संरक्षण गर्ने। | २.१.१ जोखिममा रहेका बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने सम्वन्धी कार्ययोजना निर्माण गरिनेछ। |
| | २.१.२ भूउपयोग नीति निर्माण गरी जोखिम क्षेत्रको पहिचान गरिनेछ। |
| | २.१.३ बाढी, पहिरो, भूक्षय र खोला कटान नियन्त्रण गरिनेछ |

| उद्देश्य ३ : विपद् पूर्व र विपद् पश्चात्को कार्यलाई प्रभावकारी, उत्थानशील र कृयाशील बनाउने | |
|---|---|
| ३.१. विपद् पूर्वतयारीका कार्यहरू गर्ने | ३.१.१. पूर्वसूचना प्रणाली कार्यदल, प्राथमिक उपचार कार्यदल, खोज तथा उद्धार कार्यदलहरूको निर्माण र परिचालन गरिनेछ। |
| | ३.१.२. आपत्कालिन कार्य सञ्चालन केन्द्र (EOC) को स्थापना र सञ्चालन गरिनेछ। |
| ३.२ विपद् पश्चात्को पुनर्स्थापनाको व्यवस्थापन गर्ने | ३.२.१ विपद्पछिको पुनर्स्थापनाको लागि उद्धारसामग्री, कोष, उद्धार संयन्त्र र प्रविधिको विकास गरिनेछ। |

### ७.३.७ कार्यक्रम तथा आयोजना

| क्र.सं. | कार्यक्रम | सहकार्य गर्ने निकाय | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | न.पा. | नीजि स्रोत | गै.स.स. तथा अन्य क्षेत्र | |
| १ | विपद् जोखिम पूर्वतयारी र प्रतिकार्य सम्वन्धी पूर्वाधार, दक्ष जनशक्ति उत्पादन र सूचना प्रणालीको विकास | | | √ | | | नपा |
| २ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयन | | | √ | | | ,, |
| ३ | जोखिम क्षेत्र र सुरक्षित स्थानको पहिचान र व्यवस्थापन | | | √ | | | ,, |
| ४ | आकस्मिक विपद् कोषको स्थापना र कार्यान्वयन | | | √ | | | ,, |
| ५ | भुकम्प प्रतिरोधात्मक भवन निर्माण, भवन आचारसंहिता निर्माण | | | √ | | | ,, |
| ६ | जोखिममा रहेका बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने सम्वन्धी कार्ययोजना निर्माण | | | √ | | | ,, |
| ७ | भूउपयोग नीति निर्माण गरी जोखिम क्षेत्रको पहिचान | | | √ | | | ,, |
| ८ | बाढी, पहिरो, भूक्षय र खोला कटान नियन्त्रण गर्ने | | | √ | | | ,, |
| ९ | पूर्वसूचना प्रणाली कार्यदल, प्राथमिक उपचार कार्यदल, खोज तथा उद्धार कार्यदलहरूको निर्माण र परिचालन | | | √ | | | ,, |
| १० | आपत्कालिन कार्य सञ्चालन केन्द्र (EOC) को स्थापना र सञ्चालन | | √ | √ | | | ,, |
| ११ | विपद्पछिको पुनर्स्थापनाको लागि उद्धारसामग्री, कोष, उद्धार संयन्त्र र प्रविधिको विकास | | √ | √ | √ | √ | ,, |

### ७.३.८ अपेक्षित उपलब्धि तथा नतिजा खाका

१. नगरपालिकामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन भएको हुनेछ।

२. नगरपालिकामा आपत्कालिन कार्यसञ्चालन केन्द्रको स्थापना भई सञ्चालनमा आएको हुनेछ।

३. पूर्वसूचना प्रणाली, प्राथमिक उपचार र खोज तथा उद्धार कार्यदलहरू निर्माण भई कृयाशील हुनेछन्।

## नतिजा खाका

*तालिका २२ : विपद व्यवस्थापनको नतिजा खाका*

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष आ.व २०७९/८० | उपलब्धि (चाहेको अवस्था) | | | | | योजना अवधिको जम्मा उपलब्धी | पुष्ट्याईका आधारहरू | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | | | |
| प्रभाव | प्राकृतिक तथा गैरप्राकृतिक विपद् तथा जोखिम न्यूनीकरण गर्दै विपद् उत्थानशील समाजको निर्माण भएको हुनेछ | विपद्का घटनाहरू बाट मृत्यु र घाइते हुनेको संख्या घटेको | प्रतिसत | | ३५ | ४५ | ५५ | ६५ | ७५ | ७५ | नपा | नपा |
| असर१ | दक्ष जनशक्ति र आवश्यक श्रोतसाधनको व्यवस्थापन गरी विपद्को व्यवस्थापन भएको हुनेछ। | जनशक्ति उत्पादन | प्रतिसत | | ३५ | ४५ | ५५ | ६५ | ७५ | ७५ | ,, | ,, |
| प्रतिफल १.१ | विपद् पूर्वतयारी र प्रतिकार्य सम्वन्धी पूर्वधार, दक्ष जनशक्ति उत्पादन र सूचना प्रणालीको विकास | खोज, उद्धार, प्राथामिक उपचार, पूर्वसूचनामा दक्ष जनशक्ति | संख्या | | ३ | ३ | ३ | ३ | ३ | १५ | ,, | ,, |
| प्रतिफल १.२ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयन | योजना निर्माण र कार्यान्वयन | संख्या | | १ | | | | | १ | ,, | ,, |
| १.३ | जोखिम क्षेत्र र सुरक्षित स्थानको पहिचान र व्यवस्थापन गरिनेछ। | जोखिम क्षेत्र र सुरक्षित क्षेत्रको नक्शाङकन | पटक | | १ | १ | | | | २ | ,, | ,, |
| १.४ | आकस्मिक विपद् कोषको स्थापना र कार्यान्वयन गरिनेछ। | विपदमा कोषको परिचालन | पटक | | १ | १ | १ | १ | १ | ५ | ,, | ,, |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.५ | भुकम्प प्रतिरोधात्मक भवन निर्माण, भवन आचारसंहिता निर्माण हुने | आचारसंहिता अनुसारको भवन निर्माण | संख्या | कम | २० | २० | २० | २० | २० | १०० | ,, | ,, |
| **असर२** | बाढी, पहिरो, भुकम्प, भूक्षय र खोला कटानको जोखिममा रहेका बस्तीहरूको संरक्षण हुने | जोखिम न्यूनीकरण | प्रतिशत | कम | | | | | | १०० | ,, | ,, |
| **प्रतिफल** २.१ | भूउपयोग नीति निर्माण गरी जोखिम क्षेत्रको पहिचान भएको हुने | नीति निर्माण जोखिम क्षेत्र पहिचान | संख्या | कम | १ | | | | | १ | .. | .. |
| **प्रतिफल** २.२ | बाढी, पहिरो, भूक्षय र खोला कटान नियन्त्रण भएको हुने | तटबन्धन निर्माण | संख्या | कम | २ | २ | २ | २ | २ | १० | ,, | ,, |
| **असर ३** | विपद् पूर्व र विपद पश्चात्को पुनर्स्थापनाको व्यवस्थापन हुने | विपद व्यवस्थापन | प्रतिसत | नभएको | | | | | | ८० | ,, | ,, |
| **प्रतिफल** ३.१ | पूर्वसूचना प्रणाली कार्यदल, प्राथामिक उपचार कार्यदल, खोज तथा उद्धार कार्यदलहरूको निर्माण र परिचालन हुने | कार्यदलहरूको निर्माण र सञ्चालन | संख्या | नभएको | ३ | | | | | ३ | ,, | ,, |
| **प्रतिफल** ३.२ | आपत्कालिन कार्य सञ्चालन केन्द्र (EOC) को स्थापना र सञ्चालनहुने | कार्यसञ्चालन केन्द्रबाट विपदको बेलामा सेवा प्रवाह | संख्या | नभएको | १ | | | | | १ | ,, | ,, |
| **प्रतिफल** ३.३ | विपद पछिको पुनर्स्थापनाको लागि उद्धार सामग्री, कोष, उद्धार संयन्त्र र प्रविधिको विकास भएको हुने | राहत, उद्धारको संयन्त्र विकास | पटक | नभएको | १ | १ | १ | १ | १ | ५ | ,, | ,, |

# परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन क्षेत्र

संघीय व्यवस्था अनुसार स्थानीय सरकार जनताको नजिकको सरकारको रूपमा स्थापित गरिएको छ । लामो समयदेखि जनप्रतिनिधि विहिन भए पश्चात निर्वाचित स्थानीय सरकारसँग नागरिकले ठूलो अपेक्षा राखेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख गरिएका अधिकारको प्रयोग गर्दै स्थानीय सरकारले प्रदान गर्ने सेवाको प्रवाह र पूर्वाधार विकासका योजनाको जिम्मेवारीलाई विधिसम्मत प्रक्रियाबाट जनअपेक्षा अनुसार कुशल, पारदर्शी, र जवाफदेही ढंगले सम्पादन गर्न आवश्यक छ।

बदलिँदो परिस्थितिमा स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्र, र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि चुलिएको छ। यसरी चुलिएको जनआकांक्षालाई सम्बोधन गर्नको लागि सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र प्रभावकारी उपायहरू अवलम्बन गर्न जरूरी छ। दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत महत्व दिएको छ। दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य-१६ (शान्ति, न्याय र सुदृढ संस्थाहरू) र लक्ष्य-१७ (लक्ष्यहरूका निम्ति साझेदारी) यस क्षेत्रसँग जोडिएका लक्ष्यहरू हुन् । सुशासन तथा संस्थागत विकास योजना अन्तर्गत कानून, नीति र सुशासन, संगठन तथा क्षमता विकास, जवाफदेहिता, राजस्व तथा श्रोत ब्यवस्थापनका क्षेत्र पर्दछन् ।

## ८.१ सुशासन तथा ऐन कानून

### ८.१.१ पृष्ठभूमि

नगरको नीतिगत व्यवस्थालाई कार्यदिशा दिन र प्रभावकारी कार्यान्वयनका लागि सघीय र प्रदेशको कानूनको अधिनमा रही ५ वटा विषयगत विकास समितिहरू र विधायन, नगर शिक्षा समिति, स्वास्थ्य तथा पोषण समिति, स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति, नगर स्तरीय विपद् व्यवस्थापन, बजार अनुगमन सम्बन्धी स्थानीय समिति र सल्लाहकार समिति लगायतका ३ वटा समितिहरूले कार्यसम्पादन गर्दै आएका छन् । सहज र सरल रूपमा स्थानीय स्तरमा नै न्याय सम्पादनका लागि एक न्यायिक समितिले कार्य सम्पादन गर्दै आएको छ।

नगरपालिकाले नगर कार्यपालिकाबाट हालसम्म २९ वटा विभिन्न ऐन, नियमहरू तयार गरिसकेको छ, जसअन्तर्गत शारदा नगरपालिकाको सहकारी ऐन, शिक्षा ऐन, कृषि बजार प्रवर्द्धन ऐन, स्वास्थ्य ऐन, अपाङ्गता परिचयपत्र वितरण, राजस्व परिचालन, पूर्वाधार विकास, महिला, बालबालिका र सशक्तीकरण लगायतका विषयमा ऐन, नियम, कार्यविधि र मापदण्ड तर्जुमा गरिएका छन् । नगरका दैनिक क्रियाकलाप र विकास गतिविधिलाई सञ्चालन गर्नका लागि १४ वटा शाखा, २ वटा उप-शाखा, १ वटा इकाई तथा १५ वटा वडा कार्यालय रहेका छन् ।

### ८.१.२ समस्या तथा चुनौती

आवश्यक सबै ऐन, कानून  र कार्यविधि तर्जुमा पूर्ण रूपमा भई नसक्नु, सेवा प्रवाहमा प्रविधि प्रयोगको कमी हुनु, सेवा प्रवाह सरल, सहज, निष्पक्ष, पारदर्शी र जनमुखी हुन नसक्नु, समायोजन प्रकृयाले कर्मचारी स्थायित्व कायम हुन नसक्नु, आवश्यक संख्यामा दक्ष कर्मचारीको अभाव हुनु, जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास तालिम नहुनु, क्षतिपूर्ति सहितको नागरिक वडापत्र कार्यन्वयन नहुनु, कर्मचारीहरूको कार्यविवरण पूर्ण रूपमा कार्यान्वयन नहुनु, केही वडा कार्यालयहरूको सुविधा सम्पन्न आवश्यक पूर्वाधार निर्माण नहुनु, तथ्याङ्कीय आधार तयार नहुनु, योजनाका आधारमा बजेट नभई बजेटका आधारमा योजना बन्नु, र टुक्रे योजना उल्लेख्य हुनु आदि प्रमुख समस्या हुन् ।

परम्परागत शासनमुखी कार्य प्रवृत्तिलाई सेवामुखी तथा सेवाग्राहीप्रति उत्तरदायी प्रशासनिक संरचनामा बदल्नु, क्षमतावान् र गुणस्तरीय कर्मचारीको पदपूर्ति गर्नु, शासकीय प्रणालीमा पारदर्शिता तथा जवाफदेहिता सुनिश्चित गर्नु, सार्वजनिक क्षेत्रमा सदाचार पद्धतिको विकास गर्नु, विकास निर्माणका कार्यहरू समयमै गुणस्तरीय ढङ्गले सम्पन्न गरी आम नागरिकको स्थानीय सरकारप्रति विश्वास आर्जन गर्नु नगरपालिकाका चुनौती हुन् ।

### ८.१.३ संभावना तथा अवसर

नगरपालिकालाई सुशासन सम्बन्धी आवश्यक कानून बनाउने अधिकार हुनु, नेपाल सरकारको सेवा प्रवाह सम्बन्धी मापदण्ड हुनु, सुशासन नगपालिकाको प्राथमिकतामा पर्नु, यातायात र प्रविधिको सुविधाले सेवा प्रवाहमा सहजता हुनु, गैसस, नागरिक समाज र स्थानीय समूहको सहयोग प्राप्त हुने अवस्था हुनु, भ्रष्टाचारमुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गएकोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई थप सेवाग्राही मैत्री बनाउन सकिन्छ।

नगरपालिकामा रहेका आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण संरक्षण एवं संस्थागत विकास र सुशासन समितिहरूका क्रियाशीलताले दिगो विकास लक्ष्यको स्थानीयकरण गर्न योगदान पुऱ्याउँछ। नेपालको संविधान २०७२ ले स्थानीय तहलाई विकासका यी पाँचै क्षेत्रमा प्रष्ट अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ।

### ८.१.४ लक्ष्य:

"समृद्ध शारदा, खुसी र आत्मनिर्भर शारदाबासी" विकासको सोचका निम्ति सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरूको स्थापना गर्ने।

### ८.१.५ उद्देश्य :

सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय प्रभावकारी बनाउदै पारदर्शी शासन व्यवस्था, उत्तरदायी प्रशासनयन्त्र, सहभागितामूलक पद्धति र निर्वाध रूपमा सूचनाको पहुँच प्रत्याभूति गर्न सक्ने प्रदेशकै अग्रणी स्थानीय तह बनाउने।

### ८.१.६ रणनीति तथा कार्यनीति

*तालिका २१ : सुशासन तथा ऐन कानूनको रणनीति तथा कार्यनीतिहरू*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : सेवा प्रवाहमा प्रभावकारिता एवं सुशासन अभिवृद्धि गर्नु।** | |
| १.१ कार्यसम्पादन र सेवा प्रवाहलाई स्थानीय कानून, नीति/नियम अनुसार पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने। | १.१.१ सेवाग्राहीसँग नगरपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादनको प्रभावकारिताको बारेमा पृष्ठपोषण र सुझाव प्राप्त गरिने छ।<br>१.१.२ आम सञ्चारका माध्यमबाट नगरको कानूनलाई नगरवासीको घर घरमा पुऱ्याउन कानूनी साक्षरता अभियान सञ्चालन गरिने छ।<br>१.१.३ विधायन समितिलाई कृयाशील बनाई आवश्यक नीति, नियम, निर्देशिका तथा कानूनहरूको निर्माण गरिने छ।<br>१.१.४ सूचना प्रविधिको प्रयोग गरी नगरका गतिविधिहरूलाई पारदर्शी बनाइनेछ।<br>१.१.५ प्रत्येक वडामा मेलमिलाप समिति गठन गर्ने र उक्त समितिले समाधान गर्न नसकेका विवाद मात्र न्यायिक समितिले हेर्ने व्यवस्था मिलाइने छ।<br>१.१.६ न्यायिक समितिबाट न्याय सम्पादन छिटो, छरितो र निशपक्ष गर्ने।<br>१.१.७ नगर प्रहरी सञ्चालन, नियमन तथा व्यवस्थापन प्रभावकारी र कुशल बनाउने। |

| रणनीति | कार्यनीति |
|---|---|
| १.२ तथ्य र तथ्याङ्कमा आधारित योजना प्रणाली स्थापित गर्ने। | २.१.१ वस्तुगत विवरण तयार गर्दा प्राकृतिक श्रोत र सेवा सुविधाहरूको पहुँच सहितको श्रोत नक्साहरू तयार गरी वार्षिक रुपमा अध्यावधिक गरिनेछ। |
| | २.१.२ वस्तुगत विवरण र श्रोत नक्साहरूलाई विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ। |
| | २.१.३ नगरपालिकामा सूचना तथा अभिलेख केन्द्र स्थापना गरिनेछ। |
| | २.१.४ भौगोलिक, सामाजिक, आर्थिक, संस्थागत, लैङिक लगायतका विषय क्षेत्रका खण्डीकृत तथ्याङ्क सहितको वस्तुगत विवरण तयार गरिनेछ। |
| १.३ स्थानीय तहबाट सञ्चालित योजना तथा सेवा प्रवाहको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने। | १.३.१ समावेशी तथा सहभागितामूलक योजना तर्जुमा, बजेट तर्जुमा तथा कार्यान्वयन प्रक्रियाहरू सुनिश्चित गर्ने।<br>१.३.२ स्वीकृत गरिएका नीति तथा कार्यक्रमहरूको अर्धवार्षिक एवं वार्षिक रूपमा समीक्षा गरिने छ।<br>१.३.३ पूर्वाधार विकास निर्माणका योजनाहरू तोकिएको समयमा निर्धारित मापदण्ड र गुणस्तर बमोजिम सम्पन्न गर्न प्रभावकारी अनुगमन तथा मूल्याङ्गनको प्रबन्ध गरिने छ। |

### ८.१.७ कार्यक्रम तथा आयोजना

१. आवश्यक नीति तथा कानून तर्जुमा
२. क्षतिपूर्ति सहितको नागरिक वडापत्र
३. सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण
४. सार्वजनिक सेवामा आम नागरिकको पहुँच र सेवाको गुणस्तरमा सुधार कार्यक्रम
४. अनलाइन प्रतिवेदन प्रणाली स्थापना
५. सेवाग्राही सन्तुष्टि सर्वेक्षण, प्रस्तुतीकरण तथा प्रकाशन।
६. नगर प्रहरी सञ्चालन, नियमन तथा व्यवस्थापन प्रभावकारी र कुशल बनाउने।
७. वडा कार्यालय भवनहरूको मर्मत सम्भार तथा स्तरोन्नति गर्ने।
८. कर्मचारी र पदाधिकारीहरूको क्षमता विकास गर्ने।
९. नगरपालिकामा सूचना तथा अभिलेख केन्द्र स्थापना गर्ने।

### ८.१.८ अपेक्षित उपलब्धि तथा नतिजा खाका

नगरको सार्वजनिक सेवा प्रवाहको गुणस्तरमा सुधार र सार्वजनिक सेवामा आम नागरिकको पहुँचमा अभिवृद्धि भएको हुनेछ। नगरपालिकाको सुशासनमा आधारित नतिजामुखी प्रशासन सूचकाङ्कमा सुधार आएको हुनेछ। नगर पालिकालाई आवश्यक सबै नीति तथा कानून पारित भएको हुनेछ। सबै वडाहरूमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागु भएको हुनेछ। सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नियमित र अनिवार्य भएको हुनेछ। सरकारी तथा गैरसरकारी संस्थाहरूबाट कार्यान्वयन हुने कार्यक्रम र प्रवाह हुने सेवा सुविधामा पारदर्शिता कायम भई सर्वसाधारण जनता सुसूचित भएको हुनेछ।

## नतिजा खाका

*तालिका नं. २२ : संस्थागत विकास तथा सुशासन क्षेत्र नतिजा खाका*

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष आ.व २०७९/८० | उपलब्धि (चाहेको अवस्था) | | | | | पुष्ट्याईंका आधारहरू | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | | |
| प्रभाव | स्थानीय स्तरमा सार्वजनिक सेवा प्रवाह गर्ने तह एवं कार्यालयहरूको क्षमता विकास, प्रभावकारी एवं गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता र जवाफदेहिता अभिवृद्धि गर्दै स्थानीय संघ संस्थाहरू गैसस, नीजि, सहकारी, एवं गै. स. हरूको प्रवर्द्धनका साथै पारदर्शिता र सुशासन अभिवृद्धि भएको हुने | नगरपालिका तथा वडा कार्यालय भवन | संख्या | १५ | १५ | १६ | १७ | १७ | १७ | | |
| | | नगरपालिकामा कार्यरत प्राविधिक जनशक्ति | संख्या | १८४ | १८५ | १८८ | १९० | १९२ | १९४ | | |
| | | नगरपालिकामा कार्यरत संघ संस्थाहरु | संख्या | | | | | | | | |
| असर १ | संघीय, प्रादेशिक तथा स्थानीय ऐन, कानून को परिपालनाबाट सेवाप्रवाहमा प्रभावकारिता एवं सुशासन अभिवृद्धि भएको हुने | क्रियाशील नीतिगत समिति तथा संयन्त्र विधायन, सुशासन, लेखा, राजस्व, योजना तथा बजेट तर्जुमा, अनुगमन आदि) | संख्या | १४ | १५ | १६ | १७ | १७ | १७ | | |
| | | स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन | प्रतिशत | ७७.३६ | ८० | ८२ | ८५ | ८७ | ८८ | | |
| | | नगरपालिका पेश भएका सरकार संचालन तथा सेवा प्रवाह सम्बन्धी गुनासो सुनुवाई तथा सम्बोधन | संख्या/ प्रतिशत | १७/ १०० | १०० % | १०० % | १०० % | १०० % | १०० % | | |
| | | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन | प्रतिशत | ६८ | ७२ | ७४ | ७६ | ७८ | ८० | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.१ | वडा कार्यालय भवनहरूको मर्मत संभार तथा स्तरोन्नति भएको हुने | मर्मत संभार तथा स्तरोन्नति | प्रतिशत | १३ | १४ | १५ | १६ | १७ | १८ | | |
| प्रतिफल १.२ | विधि र कानून हरूको निर्माण गरी संस्थागत कार्यप्रणालीको स्थापना भएको हुने | स्वीकृत नीति दस्तावेज –ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका | संख्या | २९ | ३२ | ३५ | ४० | ४५ | ५० | | |
| | संगठन तथा व्यवस्थापन अध्ययन गरी संगठनात्मक पुर्नसंरचना भएको हुने | संगठनात्मक पुर्नसंरचना | पटक | १ | १ | १ | १ | १ | १ | | |
| प्रतिफल १.३ | दरबन्दी अनुसार कर्मचारीहरूको पद पूर्ति भएको हुने | दरबन्दी अनुसार पद पूर्ति | प्रतिशत | ९० | ९० | ९५ | ९६ | ९७ | ९८ | | |
| प्रतिफल १.४ | कर्मचारी र पदाधिकारीहरूको क्षमता विकास भएको हुने | क्षमता विकास | प्रतिशत | | **निरन्तर** | | | | | | |
| प्रतिफल १.८ | वस्तुगत विवरण तयार गर्दा प्राकृतिक श्रोत र सेवा सुविधाहरूको पहुँच सहितको श्रोत नक्साहरू तयार गरी वार्षिक रुपमा अध्यावधिक भएको हुने | श्रोत नक्साहरू तयार गरी वार्षिक रुपमा अध्यावधिक | प्रतिशत | | २० | ३० | ४० | ५० | ६० | | |
| प्रतिफल १.९ | वस्तुगत विवरण र श्रोत नक्साहरूलाई विद्युतीय प्रणालीमा आबद्ध भएको हुने | वस्तुगत विवरण र श्रोत नक्साहरूलाई विद्युतीय प्रणालीमा आबद्ध | प्रतिशत | १ | १ | १ | १ | १ | १ | | |
| प्रतिफल १.१० | नगरपालिकामा सूचना तथा अभिलेख केन्द्र स्थापना भएको हुने | सूचना तथा अभिलेख केन्द्र | संख्या | ० | १ | १ | १ | १ | १ | | |
| प्रतिफल १.११ | भौगोलिक, सामाजिक, आर्थिक, संस्थागत, लैंËक लगायतका विषय क्षेत्रका खण्डीकृत तथ्याङ्क सहितको वस्तुगत विवरण तयार भएको हुने | वस्तुगत विवरण | संख्या | २ | ३ | ३ | ४ | ४ | ५ | | |

### ८.१.९ अनुमान तथा जोखिम पक्ष

संघीय प्रशासनिक पुनर्संरचना अनुसार प्रशासनिक संरचना, कार्यालय एवम् कमर्चारीको व्यवस्थापन हुन नसकेमा आयोजना सञ्चालनमा समस्या उत्पन्न हुन सक्ने, संघ, प्रदेश र स्थानीय तहमा अधिकारको बाँडफाँट सम्बन्धमा देखिएको समस्याले योजनाको कार्यान्वयनमा ढिलाइ हुन सक्ने जोखिम देखिन्छ। साथै कानूनी तथा नीतिगत सुधार हुन नसकेमा कुनै पनि आयोजनाले अपेक्षित गति लिन नसक्ने देखिन्छ।

## ८.२ वित्तीय सुशासन

### ८.२.१ पृष्ठभूमि

सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरूपता कायम गरी प्रभावकारी बनाउँदै लैजानको लागि सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको विकासमा जोड दिँदै एकल खाता कोष प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीको विकासको आवश्यकता छ। सार्वजनिक स्रोतको मितव्ययी र अधिकतम परिचालन, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत् वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी नागरिकलाई वित्तीय सुशासनको प्रत्याभूति दिनु नगरपालिकाको दायित्व हो। सार्वजनिक खर्चको पारदर्शिता अभिवृद्धि गर्न नगरपालिकाका कार्यक्रम तथा खर्चलाई सार्वजनिकीकरण गर्ने पद्धतिको थप विकास गर्न जरूरी छ।

### ८.२.२ समस्या तथा चुनौती

वेरूजुको मात्रामा वृद्धि हुँदै जानु, आर्थिक उत्तरदायित्व तथा जवाफदेहिताको अवस्था बलियो भई नसकेको, विकास खर्च अपेक्षित गति र परिमाणमा नहुनु र चालु खर्चमा भएको बढोत्तरीसँगै वित्तीय सुशासनको स्थितिमा सुधार हुन नसकेको जस्ता समस्या विद्यमान छन्।

सङ्घीय वित्तीय ढाँचा अनुरूप संघीय तथा प्रदेश सरकारबाट प्राप्त गर्ने अनुदान समय मै प्राप्त गर्नु समय मै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना तयार गर्नु, समयमा ठेक्का बन्दोबस्त गर्नु, पुँजीगत खर्चको प्रगतिमा अपेक्षित बृद्धि गर्नु, आन्तरिक लेखापरीक्षण तथा नियन्त्रण प्रणाली सुदृढीकरण गर्नु अनुगमन कार्यक्रमलाई प्रभावकारी बनाउनु खरिद कार्यलाई सार्वजनिक खरिद ऐनको मर्मअनुरूप मितव्ययी तथा प्रतिस्पर्धी बनाउनु, र आर्थिक वर्षको अन्त्यमा मात्र अत्यधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउनु चुनौतीपूर्ण छन्।

### ८.२.३ संभावना तथा अवसर

राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ १० भित्र नगरसभामा पेश गर्ने व्यवस्था रहेको छ। नगरपालिकाको लेखा प्रणालीलाई सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापन प्रणाली, सार्वजनिक सेवा लेखामान तयार गरी सो अनुसार प्रतिवेदन प्रणाली विकास गर्न सकिन्छ।

### ८.२.४ उद्देश्य

१. लेखाका कारोबार तथा वित्तीय व्यवस्थापनमा मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता, नियमितता कायम गर्नु।

२. स्थानीय योजना तर्जुमा एवं कार्यान्वयनमा व्यापक जनसहभागिता र अनुगमन नतिजामूलक र प्रभावकारी बनाउनु।

३. दिगो तथा नियमित र अधिकतम उपलब्ध हुने वित्तीय श्रोतको पहिचान गर्नु।

### ८.२.५ रणनीति र कार्यनीति

वित्तीय सुशासनको रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : लेखाका कारोबार तथा वित्तीय व्यवस्थापनमा मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता, नियमितता कायम गर्नु ।** | |
| १.१ लेखाका कारोबार तथा वित्तीय व्यवस्थापन प्रणाली सुदृढ बनाई आन्तरिक नियन्त्रण प्रणाली सबलीकरण गर्ने । | १.१.१ लेखा परीक्षण र वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजस्व परिचालनको क्षमता वृद्धि गरिनेछ ।<br>१.१.२ बेरुजुलाई सार्वजनिक गरिनुका साथै बेरुजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ ।<br>१.१.३ शून्य वेरुजु कायम गर्न आवश्यक ऐन, नियम निर्माण गरिनेछ ।<br>१.१.४ आन्तरिक आयको श्रोत पहिचान र श्रोतको बढोत्तरी गरिनेछ ।<br>१.१.५ नागरिकलाई कर तिरेको प्रत्याभूति गराई नागरिकलाई करको दायरामा ल्याउने कार्य गरिनेछ ।<br>१.१.६ कार्यक्रमगत बजेट, कार्ययोजना, आवधिक प्रगति र जनसरोकारका निर्णयहरू वेबसाइट मार्फत नियमित रुपमा सार्वजनिक गरिनेछ । |
| **उद्देश्य २ : स्थानीय योजना तर्जुमा एवं कार्यान्वयनमा व्यापक जनसहभागिता र अनुगमन नतिजामूलक र प्रभावकारी बनाउनु ।** | |
| २.१ योजना तर्जुमा प्रक्रियामा समावेशी सहभागिता तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन संयन्त्र विस्तार गर्ने । | २.१.१ उपभोक्ता समितिमार्फत गर्ने भनी खरिद विधि छनौट भएका योजनाहरूको कार्यान्वयनका लागि प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र प्रचलित कानून बमोजिम उपभोक्ता समिति गठन गरिनेछ ।<br>२.१.२ भगिनी सम्बन्ध भएका नगरपालिका र सिमाना जोडिएका नगरपालिकासँग सहकार्य योजना कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य ३ : दिगो तथा नियमित र अधिकतम उपलव्ध हुने वित्तीय श्रोतको पहिचान गर्नु ।** | |
| ३.१ आन्तरिक राजस्व प्रणालीलाई पारदर्शी र सुदृढ बनाउने । | ३.१.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना निर्माण गरिनेछ ।<br>३.१.२ राजस्व अभिवृद्धि गर्न राजस्व अनुसन्धानको व्यवस्था गरिनेछ ।<br>३.१.३ SUTRA प्रणालीमा आवद्ध रहेको नगरपालिकाको वित्तीय कारोबारलाई व्यवस्थित गरिनेछ ।<br>३.१.४ राजस्वको दायरालाई बढाउने र दरलाई न्यूनीकरण गर्ने नीति निर्माण गरिनेछ । |
| ३.२ नगरपालिकाको आन्तरिक स्रोत परिचालन क्षमता वढाउन सार्वजनिक, नीजि सहकारी मोडललाई रणनीतिक रुपमा प्रयोग गर्ने । | ३.२.१ नगरपालिकाको स्रोत परिचालन विकास योजना वार्षिक रुपमा तयार गरी कार्यान्वयन गरिनेछ ।<br>३.२.२ नगरपालिकाको आर्थिक विकासमा टेवा पुग्ने नाफामुलक क्षेत्रमा नीजि क्षेत्रलाई आकर्षण गरिनेछ । |

| | |
|---|---|
| | ३.२.३ अनौपचारिक मौद्रिक गतिविधिलाई नगरपालिकाको दायरामा ल्याइनेछ।<br>३.२.४ पुँजी निर्माणको सम्भावना भएका क्षेत्रमा लगानी गर्न सहकारीसँग सहकार्यमा गरिनेछ। |
| ३.३ पर्यटन क्षेत्रमा दिगो स्रोत परिचालन गर्ने। | ३.३.१ पर्यटकीय गतिविधिको विकाससँगै नगरपालिकाको आन्तरिक आय अभिबृद्धिको व्यवस्था गरिनेछ। |

